# सामाजिक अध्ययन र जनसख्या शिक्षा

## कक्षा ७

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

# सामाजिक अध्ययन र जनसङ्ख्या शिक्षा

## कक्षा ७

लेखक
विष्णुप्रसाद अधिकारी

Curriculum Development Centre

प्रकाशक
नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

प्रकाशक : नेपाल सरकार
शिक्षा मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर

ISBN:

© प्रकाशकमा

प्रथम संस्करण : वि.सं. २०७१

Curriculum Development Centre

पाठ्यक्रम विकास केन्द्रको लिखित स्वीकृतिबिना व्यापारिक प्रयोजनका लागि यसको पुरै वा आंशिक भाग हुबहु प्रकाशन गर्न, परिवर्तन गरेर प्रकाशन गर्न, कुनै विद्युतीय साधन वा अन्य प्रविधिबाट अभिलेखबद्ध गर्न र प्रतिलिपि निकाल्न पाइने छैन ।

# हाम्रो भनाइ

शिक्षालाई उद्देश्यमूलक, व्यावहारिक, समसामयिक र रोजगारमूलक बनाउन विभिन्न समयमा पाठ्यक्रम, पाठ्य पुस्तक विकास तथा परिमार्जन गर्ने कार्यलाई निरन्तरता दिइँदै आएको छ । विद्यार्थीमा राष्ट्र, राष्ट्रिय एकता र लोकतान्त्रिक संस्कारको भावना पैदा गराई नैतिकता, अनुशासन र स्वावलम्बन जस्ता सामाजिक एवम् चारित्रिक गुण तथा आधारभूत भाषिक तथा गणितीय सिपका साथै विज्ञान, पेसा, व्यवसाय, सूचना तथा सञ्चार प्रविधि, वातावरण र स्वास्थ्य सम्बन्धी आधारभूत ज्ञान र जीवनोपयोगी सिपको विकास गराउनु जरुरी छ । त्यसै गरी उनीहरूमा कला र सौन्दर्यप्रति अभिरुचि जगाउनु, मानवीय मूल्य मान्यता, आदर्श र वैशिष्ट्यहरूको संरक्षण, संवर्धन गराउनु, सिर्जनशील सिपको विकास गराउनु र विभिन्न जातजाति, लिङ्ग, अपाङ्गता, भाषा, धर्म, संस्कृति र क्षेत्रप्रति समभाव जगाई समावेशी समाजको निर्माणमा सहयोग पुर्‍याउनु र मानव अधिकार तथा सामाजिक मूल्य मान्यताप्रति सचेत भई जिम्मेवारीपूर्ण आचरण विकास गराउनु पनि आजको आवश्यकता बनेको छ । यही आवश्यकता पूर्तिका लागि शिक्षा सम्बन्धी विभिन्न आयोगका सुझाव, शिक्षक, विद्यार्थी तथा अभिभावकलगायत शिक्षासँग सम्बद्ध विभिन्न व्यक्ति सम्मिलित गोष्ठी र अन्तरक्रियाका निष्कर्षबाट विकास गरिएको आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६-८), २०६९ अनुसार देशका विभिन्न विद्यालयमा परीक्षण गरी प्राप्त पृष्ठपोषणका आधारमा देशभर पठन पाठन गर्ने उद्देश्यले यो पाठ्य पुस्तक तयार पारिएको हो ।

पाठ्य पुस्तकलाई यस स्वरूपमा ल्याउने कार्यमा पाठ्यक्रम विकास केन्द्रका कार्यकारी निर्देशक दिवाकर ढुङ्गेल तथा डा. राजाराम सुवेदी, डा. जीवनाथ धिताल, डा. विनय कुसियत, लक्ष्मी माली, कमालदिन मिया, देवेन्द्र महर्जन, दिनानाथ गौतम, दिनेश खनाल, डिकबहादुर राई, हेमराज खतिवडा, कमला भण्डारी, मित्रप्रसाद काफ्लेको विशेष योगदान रहेको छ । यसको भाषा सम्पादन हरिप्रसाद निरौला, कला सम्पादन श्रीहरि श्रेष्ठ, लेआउट डिजाइन नविन्द्रमान राजभण्डारीबाट तथा चित्राङ्कन सुनिल रञ्जित र गौतम मानन्धरबाट भएको हो । यस पाठ्य पुस्तकको विकास तथा परिमार्जन कार्यमा संलग्न सबैप्रति पाठ्यक्रम विकास केन्द्र धन्यवाद प्रकट गर्दछ ।

पाठ्य पुस्तकलाई शिक्षण सिकाइको महत्त्वपूर्ण साधनका रूपमा लिइन्छ । यसबाट विद्यार्थीलाई पाठ्यक्रमद्वारा लक्षित सक्षमता हासिल गर्न मद्दत पुग्ने अपेक्षा गरिएको छ । यस पाठ्य पुस्तकलाई सकेसम्म क्रियाकलापमुखी र रुचिकर बनाउने प्रयत्न गरिएको छ । पाठ्य पुस्तकलाई अझै परिष्कृत पार्नका लागि शिक्षक, विद्यार्थी, अभिभावक, बुद्धिजीवी एवम् सम्पूर्ण पाठकहरूको समेत महत्त्वपूर्ण भूमिका रहने हुँदा सम्बद्ध सबैको रचनात्मक सुझावका लागि पाठ्यक्रम विकास केन्द्र हार्दिक अनुरोध गर्दछ ।

नेपाल सरकार
शिक्षा मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**

वि.सं. २०७१

Curriculum Development Centre

# विषय सूची


| क्र.स. | शीर्षक | पृष्ठ सङ्ख्या |
|---|---|---|
| **एकाइ १ : हामी र हाम्रो समाज** | | |
| पाठ १ | समाजको उत्पत्ति र आवश्यकता | २ |
| पाठ २ | समाजको विकास क्रम | ४ |
| पाठ ३ | सामाजिकीकरण | ६ |
| पाठ ४ | सामाजिकीकरणका माध्यम | ८ |
| पाठ ५ | स्थानीय सरकारका रूपमा जिल्ला विकास समिति | १० |
| पाठ ६ | जिल्ला विकास समितिका कार्यहरू | १२ |
| पाठ ७ | जिल्लाका विकास कार्यहरू | १४ |
| | पुनरावलोकन अभ्यास | १६ |
| **एकाइ २ : हाम्रो सामाजिक मूल्य र मान्यता** | | |
| पाठ १ | हाम्रो धार्मिक संस्कार | १८ |
| पाठ २ | हाम्रो सामाजिक संस्कार | २० |
| पाठ ३ | केही जातिगत संस्कार | २२ |
| पाठ ४ | राष्ट्रको सम्मान र राष्ट्रियताको जगेर्ना | २४ |
| पाठ ५ | हाम्रो रीतिरिवाजका केही प्रमुख पक्ष | २६ |
| पाठ ६ | हाम्रो लोक संस्कृति | २८ |
| पाठ ७ | नेपालको प्रथम वैज्ञानिक गेहेन्द्रसमसेर | ३० |
| पाठ ८ | केही ऐतिहासिक व्यक्तित्व | ३२ |
| | पुनरावलोकन अभ्यास | ३४ |
| **एकाइ ३ : सामाजिक समस्या र समाधान** | | |
| पाठ १ | सामाजिक समस्या र विकृति | ३६ |
| पाठ २ | सामाजिक समस्या र विकृतिका कारण | ३८ |
| पाठ ३ | मानव बेचबिखन | ४० |
| पाठ ४ | सामाजिक समस्या समाधानका उपाय | ४२ |


Curriculum Development Centre

| | | |
|---|---|---|
| पाठ ५ | सामाजिक समस्या समाधानमा विद्यालय र राष्ट्रिय सङ्घ संस्थाको भूमिका | ४४ |
| पाठ ६ | द्वन्द्व व्यवस्थापन | ४६ |
| पाठ ७ | गलत सञ्चार र त्यसको प्रभाव | ४८ |
| पाठ ८ | शान्ति र यसको आवश्यकता | ५० |
| | पुनरावलोकन अभ्यास | ५२ |

**एकाइ ४ : नागरिक चेतना**

| | | |
|---|---|---|
| पाठ १ | राज्यका आधारभूत तत्त्व : भूमि र जनसङ्ख्या | ५४ |
| पाठ २ | राज्यका आधारभूत तत्त्व : सरकार, सार्वभौमसत्ता र संविधान | ५६ |
| पाठ ३ | मौलिक हक | ५८ |
| पाठ ४ | बाल अधिकार | ६० |
| पाठ ५ | बाल अधिकार संरक्षणका प्रयास | ६२ |
| पाठ ६ | लोकतान्त्रिक संस्कार | ६४ |
| पाठ ७ | समान व्यवहार | ६६ |
| पाठ ८ | सामाजिक नियम | ६८ |
| पाठ ९ | सामाजिक नियम पालनाको प्रभाव | ७० |
| | पुनरावलोकन अभ्यास | ७२ |

**एकाइ ५ : हाम्रो पृथ्वी**

| | | |
|---|---|---|
| पाठ १ | अक्षांश र देशान्तरको परिचय | ७४ |
| पाठ २ | धरातलीय स्वरूप | ७६ |
| पाठ ३ | नेपालको भौगोलिक अवस्था | ७८ |
| पाठ ४ | विविधताको सङ्गम नेपाल | ८० |
| पाठ ५ | नक्सा कार्य | ८२ |
| पाठ ६ | युरोप महादेशको भौतिक, आर्थिक र सामाजिक जनजीवन | ८४ |
| पाठ ७ | अस्ट्रेलिया महादेशको भौतिक, आर्थिक र सामाजिक जनजीवन | ८६ |
| पाठ ८ | जलवायु परिवर्तन | ८८ |
| पाठ ९ | जलवायु परिवर्तनको प्रभाव | ९० |


Curriculum Development Centre

| | | |
|---|---|---|
| पाठ १० | विपत् व्यवस्थापन | ९२ |
| पाठ ११ | विपत् व्यवस्थापनमा पूर्व सावधानीको महत्त्व | ९४ |
| | पुनरावलोकन अभ्यास | ९६ |
| **एकाइ ६ : हाम्रो विगत** | | |
| पाठ १ | मध्यकालीन नेपालको परिचय | ९८ |
| पाठ २ | मध्यकालीन नेपालको राजनीतिक अवस्था | १०० |
| पाठ ३ | मध्यकालीन नेपालको सामाजिक अवस्था | १०२ |
| पाठ ४ | मध्यकालीन नेपालको आर्थिक अवस्था | १०४ |
| पाठ ५ | मध्यकालीन नेपालको कला र संस्कृति | १०६ |
| पाठ ६ | ह्वाङ्हो उपत्यकाको सभ्यता | १०८ |
| पाठ ७ | मेसोपोटामियाको सभ्यता | ११० |
| | पुनरावलोकन अभ्यास | ११२ |
| **एकाइ ७ : हाम्रो आर्थिक क्रियाकलाप** | | |
| पाठ १ | नेपालका प्राकृतिक स्रोत साधन र तिनको उपयोग | ११४ |
| पाठ २ | प्राकृतिक स्रोत साधनका रूपमा वन र खनिज | ११६ |
| पाठ ३ | औद्योगिक क्रियाकलाप | ११८ |
| पाठ ४ | कृषि र उद्योगबिच सम्बन्ध | १२० |
| पाठ ५ | व्यापारिक क्रियाकलाप | १२२ |
| | पुनरावलोकन अभ्यास | १२४ |
| **एकाइ ८ : हाम्रो अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोग** | | |
| पाठ १ | सार्क गतिविधि | १२६ |
| पाठ २ | सार्कमा नेपालको भूमिका | १२८ |
| पाठ ३ | भूपरिवेष्टित देशको परिचय | १३० |
| पाठ ४ | भूपरिवेष्टित देशका समस्या तथा समाधानका उपाय | १३२ |
| पाठ ५ | विश्वका समसामयिक गतिविधि | १३४ |
| | पुनरावलोकन अभ्यास | १३६ |


Curriculum Development Centre

| | | |
|---|---|---|
| **एकाइ ९ : जनसङ्ख्या शिक्षाको परिचय र जनसाङ्ख्यिक अवस्था** | | |
| पाठ १ | जनसङ्ख्या शिक्षाको परिचय | १३८ |
| पाठ २ | जनसङ्ख्या शिक्षाको क्षेत्र | १४० |
| पाठ ३ | जनसङ्ख्या शिक्षाको विकास क्रम | १४२ |
| पाठ ४ | जनसङ्ख्या तथ्याङ्कका स्रोत | १४४ |
| पाठ ५ | जनसङ्ख्या तथ्याङ्कका स्रोतका रूपमा पञ्जीकरण | १४६ |
| पाठ ६ | नेपालको जनसङ्ख्या वृद्धिको प्रवृत्ति | १४८ |
| पाठ ७ | जनसङ्ख्याको बनोट (उमेर, लिङ्ग र धर्मअनुसार) | १५० |
| पाठ ८ | जनसङ्ख्याको बनोट (भाषा, जातजाति र पेसाअनुसार) | १५२ |
| पाठ ९ | भौगालिक क्षेत्रअनुसार नेपालको जनसङ्ख्या वितरण | १५४ |
| | पुनरावलोकन अभ्यास | १५६ |
| **एकाइ १० : जनसङ्ख्या वृद्धि र व्यवस्थापन** | | |
| पाठ १ | नेपालमा जनसङ्ख्या वृद्धिको अवस्था | १५८ |
| पाठ २ | तीव्र जनसङ्ख्या वृद्धिका कारण र असर | १६० |
| पाठ ३ | जनसङ्ख्या व्यवस्थापन र गुणस्तरीय जीवन | १६२ |
| पाठ ४ | जनसङ्ख्या व्यवस्थापनका उपाय | १६४ |
| पाठ ५ | गुणस्तरीय जीवनका उपाय | १६६ |
| पाठ ६ | पारिवारिक जीवन शिक्षा | १६८ |
| पाठ ७ | जनसङ्ख्या व्यवस्थापनमा संलग्न निकायको भूमिका | १७० |
| | पुनरावलोकन अभ्यास | १७२ |


Curriculum Development Centre

Curriculum Development Centre

एकाइ १

# हामी र हाम्रो समाज



Curriculum Development Centre

## सिकाइ उपलब्धि

- समाजको उत्पत्ति र विकास क्रमका बारेमा परिचित हुन
- सामाजिकीकरण प्रक्रियामा संलग्न हुन
- जिविसको गठन प्रक्रिया र कार्यहरू बताउन
- जिल्लामा भएका विकास कार्यहरूको अवस्था पत्ता लगाउन
- विकासका पूर्वाधारका रूपमा यातायात र सञ्चारको महत्त्व र विकासको अवस्था बताउन

# पाठ : १ समाजको उत्पत्ति र आवश्यकता

आदर्श सामुदायिक विद्या मन्दिर

ढिकुरपोखरी, कास्की

२०७०/०१/०५

प्रिय साथी अस्मिता, नमस्कार !

तिम्रो पत्र पाएर ज्यादै खुसी लाग्यो । यस पत्रमा कक्षा सातको पहिलो घन्टीको अनुभव तिमीसँग बाँड्दै छु । त्यस दिन समाजको उत्पत्ति र आवश्यकता भन्ने पाठ पढाइ भएको थियो । सुरुमा शिक्षकले कक्षा छमा पढिसकेको समाजको परिचय र समाज उत्पत्तिको आधार भन्ने विषयमा छोटकरीमा बताइदिनुभयो । त्यसपछि शिक्षकले हामीलाई समूहमा बाँड्नुभयो । समूहमा छलफल गर्न केही पत्रिका र पुस्तक पनि दिइएको थियो । समूहमा छलफल गर्न निम्न लिखित प्रश्नहरू तोकिएका थिए :

- समाजको उत्पत्ति कसरी भयो ?
- समाज किन आवश्यक भएको होला ?

उक्त प्रश्नहरूका बारेमा आफूभन्दा जान्ने व्यक्तिलाई पनि सोध्न भन्नुभएको थियो । हामी १ बजेको छुट्टीमा विद्यालय नजिकैका एक जना समाजसेवीकहाँ गयौँ । उहाँसँग छलफल पनि गर्‍यौँ । शिक्षकले  दिएका पुस्तक पनि पढ्यौँ । त्यसपछि समूहको प्रस्तुतिका लागि यस्तो टिपोट गर्‍यौँ :

**समाजको उत्पत्ति**

आदिम कालमा मानिस अरू प्राणीसँग जङ्गली क्षेत्रमा बस्थे । जङ्गली युगमा पनि मानिसहरू जङ्गलमा नै एक्लाएक्लै बस्थे । जङ्गली जनावरसँग लड्दै भिड्दै दु:खपूर्ण जीवन बिताउँथे । त्यसैले पनि जङ्गली युगका मानिसहरू क्रमश: घना जङ्गली क्षेत्रबाट नदी किनारतिर निस्किन थाले । नदी किनारमा  पानीको सुविधा र बगरको ढुङ्गाबाट हतियार बनाउन सजिलो भयो । त्यस्तै ढुङ्गा घर्षण गरेर आगो निकाल्ने उपाय पत्ता लागेपछि मानिसहरू समूहमा बस्न थाले ।

---

***शिक्षण सुझाव***

*समाजको उत्पत्ति कसरी भएको होला भन्ने बारेमा आफूभन्दा पाका मानिससँग सोधेर कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् । साथै समाजबाट भएका फाइदाका माध्यमबाट समाजको आवश्यकता बोध हुने क्रियाकलाप गराउनुहोस् ।*



Curriculum Development Centre

एक ठाउँमा भेला भएपछि आपसका भावना साटासाट र दुःखसुख बाँड्ने कार्य सुरु भयो । यसरी आपसी सहयोग र जङ्गली जनावरको आक्रमणबाट बँच्ने उपाय खोज्ने क्रममा समाजको उत्पत्ति भयो । अफ्रिका महादेशको नाइल नदीको किनारलाई समाज उत्पत्तिको एउटा उदाहरण स्थलका रूपमा लिन सकिन्छ ।

**समाजको आवश्यकता**

- सुरक्षित भई एकअर्काका आवश्यकता पुरा गर्न
- व्यक्तिगत र सामूहिक हितका कार्य गर्न
- परम्परा र मूल्यको रक्षा गर्न
- नयाँ पुस्तामा सामाजिक मूल्य मान्यता हस्तान्तरण गर्न
- सामूहिक रूपमा सक्रिय रही उद्देश्य प्राप्त गर्न
- सामूहिक भावनाको विकास, सहकार्य र अन्तरसम्बन्धको विकास गर्न
- सामाजिक न्याय प्रदान गर्न

तिमी पनि कक्षा सातमा पढ्ने भएकाले तिमीलाई माथिका कुराहरू उपयोगी हुन्छन् भन्ने विश्वास छ । ल त साथी चिठी लामो भयो । अर्को चिठीमा पछि थप कुरा गरौँला । आवश्यक परे फोनमा कुराकानी पनि गरौँला । तिम्रा अनुभव पनि बाँड्दै गर्नू ल !

उही तिम्रो साथी

निमु गुरुङ

**क्रियाकलाप**

समाज विकास नभएको भए हामी कस्तो अवस्थामा हुन्थ्यौँ ? छलफल गरी कक्षामा सुनाऊ ।

**अभ्यास**

१. **तलका प्रश्नको छोटो उत्तर लेख :**

(क) समाजको उत्पत्ति कसरी भयो ?

(ख) समाज किन आवश्यक भएको हो ? आफ्नो विचार लेख ।

(ग) समाजबाट हामीलाई के के फाइदा भएका छन् ? लेख ।

**सामुदायिक कार्य**

माथि चिठीमा लेखिएका समाजको आवश्यकताका बुँदाहरू तिम्रो समाजमा भएका छन् वा छैनन्, बुँदागत रूपमा छलफल गर । यदि पुरा नभएको भए पुरा गर्न के के गर्नुपर्ला, लेख ।

Curriculum Development Centre

पाठ : २

# समाजको विकास क्रम

हामीले अघिल्लो पाठमा समाजको उत्पत्ति र यसको आवश्यकता किन पर्छ भन्ने बारेमा अध्ययन गऱ्यौँ । त्यसका आधारमा तलका बुँदाका बारेमा छलफल गर है त !

१. समाजको उत्पत्ति कसरी भयो भन्ने बारेमा विभिन्न विद्वान्का भनाइ भिन्न भिन्न रहेको
२. मानव समाज तथा संस्कृतिको इतिहास लाखौँ वर्ष पुरानो रहेको
३. मानव समाज आजको समयसम्म आइपुग्दा विभिन्न काल र चरण पार गरिसकेको
४. समाज शास्त्री टेलरले जङ्गली युग, बर्बर युग हुँदै सभ्य युगतर्फ विकसित भएको तर्क दिएका

समग्रमा मानव समाजको विकास क्रमका चरण यस प्रकार छन् :

(क) प्रारम्भिक चरण (जङ्गली वा ढुङ्गे युग)

- जङ्गलमा जनावर सरह नै बस्ने, कन्दमूल खाने, खानाका लागि जङ्गल जङ्गल डुल्ने
- ढुङ्गाको हतियार प्रयोग गर्ने, समूहमा बस्ने, कन्दमूल सङ्कलन गर्ने र सिकार गर्ने संस्कृति विकास



- ढुङ्गामा ढुङ्गा रगडेर आगो निकाल्न सफल
- गुफा, ओडारमा ससानो समूहमा बसोबास
- पशुको छालालाई लुगाका रूपमा प्रयोग
- सिकार खेल्ने, माछा मार्ने, फलफुल सङ्कलन
- चित्रकला, मूर्तिकलाको सुरुआत र आफ्ना क्षेत्रमा कब्जा जमाउने प्रवृत्तिमा वृद्धि
- हतियारका रूपमा पशुका हड्डी, दाँत, धनुकाण, बल्छी आदिको प्रयोग
- क्रमशः चुलोको प्रयोग गर्दै मासु पोल्ने र खाना पकाउने कार्य

---

*शिक्षण सुझाव*

*समाज विकास क्रमका बारेमा समाजमा प्रचलित भनाइ वा कथाहरू सुनाउनुहोस् । त्यस सम्बन्धी विभिन्न सन्दर्भ सामग्री अध्ययन गर्न लगाउनुहोस् ।*



Curriculum Development Centre

(ख) मध्य चरण (बर्बर युग)

- स्थायी बसोबासको सुरुआत
- पशुपालन र कृषिको विकास
- भाषा, कला र नाता सम्बन्धको विकास
- फलामे हतियार, माटाका भाँडाकुँडा प्रयोग
- मृत्यु संस्कार, ईश्वरीय शक्तिमा विश्वास

(ग) आधुनिक चरण (सभ्य युग)

- मानिस, समाज र संस्कृतिको उच्चतम विकास
- वैज्ञानिक आविष्कार, भाषा साहित्य, सङ्गीत कला, सामाजिक संस्थाको विकास
- उद्योग, व्यापार, सूचना प्रविधिमा विकास, आधुनिक कृषि प्रणालीको विकास
- वर्तमान समाजलाई यसको उदाहरणका रूपमा लिन सकिने

**क्रियाकलाप**

१. समाज विकासका प्रमुख चरणहरूलाई छोटकरीमा लेख ।

२. तिम्रो समाजमा भएका राम्रा र सुधारात्मक कुराहरू समूहमा छलफल गरी तालिकामा प्रस्तुत गर ।

**अभ्यास**

१. तलका प्रश्नको छोटो उत्तर लेख :

(क) हाम्रो समाज कसरी विकसित हुँदै आएको छ ? पाँच वाक्यमा लेख ।

(ख) समाजको जङ्गली युग र बर्बर युगबिचका कुनै तिन भिन्नता लेख ।

(ग) वर्तमान समाजका पाँच ओटा विशेषता लेख ।

(घ) तिम्रो समाजबाट तिमीलाई के के फाइदा हुन गएको छ ? सूची बनाऊ ।

२. ठिक वा बेठिक छुट्याऊ :

(क) जङ्गल नै आदिम मानिसको मुख्य बसोबासको केन्द्र थियो ।

(ख) चेतनाको विकासले मानिस जङ्गली युगबाट आधुनिक युगमा आएको हो ।

(ग) जङ्गली युगमा आफ्नो क्षेत्रमा कब्जा जमाउने प्रवृत्ति थिएन ।

(घ) मध्य युगदेखि नै मानिसले ईश्वरीय शक्तिमा विश्वास गर्थे ।



Curriculum Development Centre

## पाठ : ३ सामाजिकीकरण



यस पाठमा हामीले सामाजिकीकरणका बारेमा छलफल गर्ने छौँ । आफ्नो अनुभवका साथै अघिल्ला पाठहरूमा पढेका आधारमा सामाजिकीकरण भनेको के होला, समूहमा छलफल गरी कालोपाटीमा एक जना साथीले टिपोट गर । तलका बुँदामा आधारित रही छलफल गर है त !

**सामाजिकीकरण भनेको,**

- समाजमा रहेका मूल्य मान्यता, चालचलन, नीति नियम बुझ्ने बुझाउने, सिक्ने सिकाउने प्रक्रिया हो ।
- व्यक्तिले अनुकरण, सल्लाह सुझाव र भाषाका माध्यमबाट समूहको मूल्य मान्यता, व्यवहार, जीवन शैली, परम्परा, विचार तथा सामाजिक व्यवहार सिक्ने प्रक्रिया हो ।

मानिस जन्मेदेखि नमरुन्जेलसम्म समाजका विभिन्न गतिविधि र कार्यमा संलग्न हुन्छ । यस क्रममा उसले समाजले अपनाएका नीति नियम पालना गर्ने र सोअनुसार व्यवहार गर्ने कार्य सामाजिकीकरण हो । त्यस्तै समाज अनुकूल अनुशासनमा रही सामाजिक उद्देश्य प्राप्तिमा सक्रिय हुने कार्यलाई पनि सामाजिकीकरण भनिन्छ । सामाजिकीकरणले व्यक्तिलाई विभिन्न सामाजिक ज्ञान, सिप, शील, स्वभाव सिकाएर समाजयोग्य बनाउँछ । सामाजिकीकरणले नै व्यक्तिलाई सामाजिक वातावरणमा घुलमिल गराउँछ । क्रमश: ऊ समाजको असल र कुशल नागरिक बन्छ ।

### क्रियाकलाप

(क) के तिमीहरू पनि माथि उल्लेख गरे झैँ सामाजिकीकृत भएका छौ त ? सामाजिकीकृत भए नभएको बारेमा छलफल गरी आफ्नो निष्कर्ष पनि निकाल ।

सामाजिकीकृत भए नभएको छुट्याउन सामाजिकीकरणका विशेषता पनि थाहा पाउन आवश्यक हुँदो रहेछ । अब, सामाजिकीकरणका विशेषता पहिचान गरौँ है त !

---

*शिक्षण सुझाव*

*विद्यार्थीलाई कक्षा, घर, परिवार र समुदायमा घुलमिल भई सामाजिकीकृत हुन सहयोग पुग्ने क्रियाकलाप र छलफलमा सहभागी गराउनुहोस् ।*

Curriculum Development Centre

**सामाजिकीकरणका विशेषता**

- सामाजिकीकरण व्यक्तिलाई असल र व्यावहारिक बनाउने जीवनभर चल्ने प्रक्रिया हो ।
- प्रक्रिया र स्थानअनुसार सामाजिकीकरण फरक फरक तरिकाको हुन्छ ।
- सामाजिकीकरण सांस्कृतिक हस्तान्तरण तथा सांस्कृतिक आत्मसात् गर्ने प्रक्रिया हो ।
- सामाजिकीकरण सामाजिक सदस्य बनाउने र आत्मविश्वास बढाउने प्रक्रिया हो ।

तिमीहरूले सामाजिकीकरण हुन सके नसकेका बारेमा निकालेको निष्कर्ष शिक्षकलाई सुनाऊ ।

(ख) आफू सामाजिकीकरण भए नभएको थाहा पाउने तरिका के के हुन सक्छन्, समूहमा छलफल गरी कक्षामा प्रस्तुत गर ।

(ग) के तिम्रो कक्षामा भएका सबै साथी तिम्रो कक्षा वातावरणमा सजिलै घुलमिल हुन सकेका छन् त ? छन् भने कसरी र छैनन् भने किन घुलमिल हुन नसकेका होलान् ? साथीसँग छलफल गर ।

(घ) समाजको असल र कुशल नागरिक कसरी बनिन्छ होला ? समूहमा छलफल गरी निष्कर्ष सुनाऊ ।

## अभ्यास

१. **तलका प्रश्नको उत्तर देऊ :**

(क) सामाजिकीकरण भनेको के हो ?

(ख) सामाजिकीकरण भएको व्यक्ति कस्तो हुन्छ ?

(ग) सामाजिकीकरणको विशेषताहरूलाई तालिकामा प्रस्तुत गर ।

२. **तल दिइएका शब्दका अर्थ मिल्ने गरी खाली ठाउँमा भर :**

(क्रियाकलाप, आत्मसात्, सामाजिकीकरण, अनौपचारिक, आत्म विकास, औपचारिक, हस्तान्तरण)

(क) ............. - समाजमा घुलमिल हुन सक्ने, समाजमा भिज्न सक्ने कार्य

(ख) ............. - एउटा पुस्ताबाट अर्को पुस्तामा सार्नु

(ग) ............. - स्वीकार गर्ने वा अरूको विचारलाई स्वीकार गर्ने कार्य

(घ) ............. - आफ्नो आन्तरिक विकास

Curriculum Development Centre

पाठ : ४

# सामाजिकीकरणका माध्यम



व्यक्तिलाई सामाजिक हुन सहयोग पुऱ्याउने व्यवहार, चालचलन र कार्यलाई सामाजिकीकरणका माध्यम भनिन्छ ।

सामाजिकीकरणका माध्यम निम्नानुसार हुन सक्छन् :

**(क) प्राथमिक माध्यम (Primary Agents)**

व्यक्तिलाई अनौपचारिक रूपमा सामाजिकीकरण हुन सहयोग पुऱ्याउने साधन वा माध्यम नै सामाजिकीकरणका प्राथमिक माध्यम हुन् । ती माध्यम यस प्रकार छन् :

- परिवार र मित्र साथी समूह
- छिमेकी र नातेदार समूह
- विवाह, हाट, पर्व, मेला आदि

**(ख) द्वितीय माध्यम (Secondary Agents)**

व्यक्तिलाई औपचारिक रूपमा सामाजिकीकरण हुन सहयोग पुऱ्याउने माध्यम नै सामाजिकीकरणका द्वितीय माध्यम हुन् । ती माध्यम यस प्रकार छन् :

- शैक्षिक संस्था वा विद्यालय
- सामाजिक सङ्घ संस्था, जस्तै : आमा समूह, टोल सुधार समूह, क्लबहरू आदि
- राजनीतिक संस्था, जस्तै : विभिन्न पार्टीहरू
- व्यावसायिक समूह, जस्तै : व्यापार व्यवसाय गर्ने समूहहरू
- आर्थिक संस्था, जस्तै : बैङ्क, सहकारी
- धार्मिक एवम् सांस्कृतिक संस्थाहरू, जस्तै : मठ मन्दिर, गुम्बा, विहार, मस्जिद, माङखिम आदि ।

यसरी मानिसहरू विभिन्न माध्यमबाट सामाजिक बन्दै जान्छन् । हाम्रा घर, परिवार, छरछिमेक, कामकाज, मेलापातलगायत विभिन्न पेसा व्यवसायले मानिसलाई सामाजिक बनाउँछ ।

मानिस सामाजिक प्राणी हो । सामाजिक आवश्यकता पुरा गर्न र समाजको विकास गर्न त्यस समाजका सबै सदस्यहरू मिल्नुपर्छ । यस कार्यलाई सामाजिक सहभागिता पनि भनिन्छ । सामाजिक सहभागिता सामाजिकीकरणको मेरुदण्ड हो । अत: सामाजिकीकरण समाज विकास र रूपान्तरणको प्रमुख आधार हो ।

---

***शिक्षण सुझाव***

*पाठमा प्रस्तुत भएका बाहेक स्थानीय समाजमा प्रचलित सामाजिकीकरणका अन्य साधन वा माध्यमका बारेमा कक्षामा छलफल गर्न लगाउनुहोस् ।*

Curriculum Development Centre

## क्रियाकलाप

तिमीहरूले अघिल्लो पाठमा सामाजिकीकरणको परिचयका बारेमा छलफल गरिसकेका छौ । व्यक्तिलाई सामाजिकीकरण गर्ने माध्यम के के हुन सक्लान् ? छलफल गरी टिपोट गर ।

## अभ्यास

१. तलका प्रश्नका छोटो उत्तर लेख :

(क) सामाजिकीकरणका माध्यम भनेको के हो ?

(ख) सामाजिकीकरणका द्वितीय माध्यमका रूपमा विद्यालयलाई किन लिइन्छ ?

(ग) सामाजिकीकरणका पाँच ओटा द्वितीय माध्यम लेख ।

२. जोडा मिलाऊ :

| समूह 'क' | समूह 'ख' |
|---|---|
| सामाजिकीकरण | सामाजिकीकरणको साधन |
| साथी समूह | सामाजिकीकरणको द्वितीय माध्यम |
| विद्यालय | सामाजिक प्राणी |
| कुशल नागरिक | किरातहरूको धार्मिक स्थल |
| मानिस | समाजमा नीतिनियम सिक्ने र सिकाउने प्रक्रिया |
| माङखिम | समाज विकास र रूपान्तरणको आधार |
| | सामाजिकीकरणको प्राथमिक माध्यम |

३. मिल्दो शब्द छानी खाली ठाउँ पुरा गर :

(क) समाजले अपनाएका नीति नियम पालना गर्ने र सोअनुसार व्यवहार गर्ने कार्य .......... हो । (समाज, सामाजिकीकरण, सामाजिक नियम)

(ख) सामाजिकीकरण समाज विकास र .......... को प्रमुख आधार हो । (रूपान्तरण, सुधार, सहयोग)

(ग) सामाजिकीकरण जीवनभर सिक्ने ................हो । (प्रक्रिया, नियम, कार्य)

(घ) व्यक्तिलाई औपचारिक रूपमा सामाजिकीकरण हुन सहयोग पुऱ्याउने माध्यम नै .......... माध्यम हुन् । (प्राथमिक, द्वितीय, अनौपचारिक)

## सामुदायिक कार्य

तिम्रो समुदायमा सामाजिकीकरण सम्बन्धी के कस्ता समस्या छन् ? ती समस्याका समाधान कसरी होला ? समुदायका जान्ने तथा बुझ्ने व्यक्तिको सहयोग लिई उत्तर तयार गर ।

Curriculum Development Centre

पाठ : ५

# स्थानीय सरकारका रूपमा जिल्ला विकास समिति



विकासमा जनताको सहभागिता अनिवार्य मानिन्छ । विकास कार्यलगायत जनतालाई दिने सेवा प्रवाहमा केन्द्रीय सरकारले मात्र कार्य गर्न सम्भव हुँदैन । त्यसैले जनताले आफ्ना लागि शासन गर्ने व्यक्तिहरू आफैँ छान्न पाउँछन् । जनताकै प्रतिनिधिबाट सञ्चालन गरेको शासन व्यवस्थालाई जनताको शासन भनिन्छ । जनताद्धारा चुनिएका प्रतिनिधिबाट शासन सञ्चालन, नीति निर्माण र विकासका कार्य हुने पद्धतिलाई लोकतन्त्र भनिन्छ । लोकतन्त्रको यही अभ्यासलाई तल्लो तहसम्म पुऱ्याउन स्थानीय सरकारको व्यवस्था गरिएको हुन्छ । यसरी नेपालमा स्थानीय सरकारका रूपमा गाउँ विकास समिति, नगरपालिका र जिल्ला विकास समिति रहेका हुन्छन् ।

लोकतन्त्र व्यापक जनसमर्थन प्राप्त गरेको सरकारको स्वरूप हो । लोकतन्त्रमा जनताको इच्छाअनुसार शासन सञ्चालन हुन्छ । जनताले आफैँ आफ्ना प्रतिनिधिहरू निर्वाचन गर्छन् । यिनै प्रतिनिधिहरूबाट सरकारको गठन हुन्छ । हाम्रो स्थानीय सरकारको रूपमा रहेको जिल्ला विकास समितिको गठन कसरी हुन्छ त ?

हाम्रो देशलाई ७५ जिल्लामा विभाजन गरिएको छ । यिनै ७५ जिल्लामा एक एक जिल्ला विकास समिति (जिविस) रहने व्यवस्था छ । प्रत्येक जिल्लालाई कम्तीमा नौ र बढीमा १७ इलाकामा विभाजन गरिएको छ । जिल्ला विकास समितिको गठनका बारेमा स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले व्यवस्था गरेको छ । उक्त ऐनले जिल्ला विकास समितिमा यस प्रकार प्रतिनिधित्व हुने व्यवस्था गरेको छ :

१. जिल्लाका प्रत्येक इलाकाभित्रका गाउँ परिषद् र नगर परिषद्का निर्वाचित सदस्यहरूले आफूमध्येबाट एक जनाका दरले निर्वाचित इलाका सदस्यहरू
२. जिल्लाका प्रत्येक गाउँ र नगर परिषद्का निर्वाचित सदस्यले आफूहरूमध्येबाट निर्वाचित सभापति र उपसभापति
३. जिल्लाभित्रका व्यवस्थापिका संसद्का सदस्यहरू पदेन सदस्य
४. जिल्ला परिषद् सदस्यहरूमध्येबाट एक जना महिलासहित जिविसद्वारा मनोनीत दुई जना सदस्य

---

*शिक्षण सुझाव*

*स्थानीय सरकार र सङ्घीयताका विशेषताका बारेमा विभिन्न व्यावहारिक उदाहरण दिँदै स्थानीय स्वायत्त शासन ऐन र नियमावलीमा भएका व्यवस्थाका बारेमा छलफल गराउनुहोस् ।*

Curriculum Development Centre

यसरी सभापति, उपसभापति, जिल्लाका सांसद्हरू र जिल्लाका प्रत्येक इलाकाबाट निर्वाचित र मनोनीत सदस्यहरू मिलेर जिल्ला विकास समितिको गठन हुन्छ । यो समितिको पदावधि पाँच वर्षको हुन्छ ।

### क्रियाकलाप

१. तिम्रो कक्षालाई नमुना आधार मानी नमुना जि.वि.स. गठनको अभ्यास गर ।

२. तलको अनुच्छेद पढी दिइएका प्रश्नको उत्तर लेख :

लोकतन्त्रमा जनताको इच्छाअनुसार शासन सञ्चालन हुन्छ । जनताले आफैँ आफ्ना प्रतिनिधि छान्छन् । यिनै प्रतिनिधिबाट सरकारको गठन हुन्छ । जिल्ला विकास समिति, नगरपालिका र गाविस स्थानीय सरकारका संस्था हुन् । यस्ता सरकारबाट शासनमा जनताको सहभागिता बढ्छ । नीति नियम बनाउने कार्यमा समेत उनीहरू संलग्न हुन्छन् । यस्ता कार्यमा विभिन्न जनजाति, भाषा, धर्म, वर्ण, क्षेत्र, लिङ्ग र समुदायका व्यक्तिहरूमा समान रूपमा स्वशासनको अवसर प्राप्त हुन्छन् । यस्तो अभ्यासलाई स्वायत्त शासन भनिन्छ । सङ्घीयता भनेको पनि यसकै एउटा स्वरूप हो । लोकतन्त्र हुन निम्न लिखित सर्तहरू पुरा हुनुपर्छ :

- राम्रो शिक्षा पद्धति
- राजनीतिक जागरण
- समानता
- स्वस्थ दलीय प्रतिस्पर्धा
- सहयोगी भावना
- सचेत नागरिक
- स्वतन्त्रता
- उच्च नैतिकता
- शान्ति र सुव्यवस्था
- स्वतन्त्र र निष्पक्ष आवधिक निर्वाचन

(क) माथिको अनुच्छेदमा उल्लेख भएबमोजिम तिमी रहेको ठाउँको स्थानीय सरकारले काम गरेको छ त ?

(ख) तिम्रो स्थानीय सरकारले माथि लेखे जस्तै सर्तहरू पुरा गरेको छ कि छैन ? छलफल गर ।

(ग) तिमी कस्तो स्थानीय सरकार चाहन्छौ ? एक अनुच्छेद लेख ।

### अभ्यास

१. तलका प्रश्नको छोटो उत्तर लेख :

(क) लोकतन्त्र भनेको के हो ? यसका दुई विशेषता लेख ।

(ख) स्थानीय सरकार किन आवश्यक परेको हो ? दुई ओटा कारण लेख ।

(ग) जिल्ला विकास समितिको संरचना कस्तो रहने व्यवस्था गरेको छ ? लेख ।

(घ) निर्वाचित स्थानीय सरकार नहुँदा पर्ने अप्ठ्याराहरू वा समस्याहरू के के हुन् ? सूची तयार पार ।

Curriculum Development Centre

पाठ : ६

# जिल्ला विकास समितिका कार्यहरू

श्री जिल्ला विकास समितिको कार्यालय
सल्लेरी, सोलुखुम्बु

श्री जिल्ला विकास समितिका सदस्यज्यूहरू — मिति : २०७०/०९/१५
सबै इलाका, सोलुखुम्बु

यस जिल्लाको जिल्ला परिषद्को बैठक २०७० फागुन १५ गते बस्दै छ । आगामी वर्षका योजना तथा कार्यक्रम उक्त परिषद्बाट स्वीकृत गर्ने कार्यक्रम रहेको छ । त्यसैले सबै सदस्यहरूले माघ १५ गतेभित्र आआफ्नो इलाकाका योजना तथा कार्यक्रम तयार गरी पेस गर्नुहुन अनुरोध छ । योजना तथा कार्यक्रम छान्दा निम्न लिखित प्रक्रिया पुरा गर्नुपर्ने छ :

१. योजना तथा कार्यक्रम छनोट गर्दा वडा भेला र गाउँ परिषद्बाट पास गर्ने
२. सर्वसाधारण जनतालाई प्रत्यक्ष फाइदा हुने कार्यक्रम छनोट गर्ने
३. रोजगारी सिर्जना हुने कार्यक्रम छनोट गर्ने
४. स्थानीय उत्पादन वृद्धि गर्न सघाउ पुग्ने कार्यक्रम छनोट गर्ने
५. स्थानीय साधन स्रोत, सिप, क्षमताबाट सञ्चालन हुन सक्ने कार्यक्रम छनोट गर्ने
६. वातावरण संरक्षणमा सघाउ पुऱ्याउने कार्यक्रम छनोट गर्ने
७. पिछडिएका र गरिब वर्गका जनताको लागि राहत पुग्ने कार्यक्रम छनोट गर्ने

कार्यक्रम तथा योजनाका क्षेत्रहरू यस प्रकार छन् :

| | | |
|---|---|---|
| (क) कृषि सम्बन्धी | (ख) खानेपानी र बस्ती विकास | (ग) जल विद्युत् |
| (घ) निर्माण तथा यातायात | (ङ) भूमि सुधार | (च) महिला विकास |
| (छ) वन तथा वातावरण | (ज) शिक्षा तथा खेलकुद | (झ) रोजगार सम्बन्धी |
| (ञ) सिँचाइ र भूसंरक्षण | (ट) भाषा र संस्कृति | (ठ) घरेलु उद्योग |
| (ड) स्वास्थ्य | (ढ) पर्यटन विकास | (ण) विविध |

जिविस सभापति

Curriculum Development Centre

### *शिक्षण सुझाव*

*पाठमा प्रस्तुत पत्रले जिविसको योजना प्रक्रिया, योजनाका क्षेत्र र जिविसका मुख्य कार्यहरूका बारेमा स्पष्ट गरेको छ । पत्रलाई आधार मानी स्थानीय स्वायत्त शासन ऐन नियमका बारेमा छलफल गराउनुहोस् ।*

**क्रियाकलाप**

(क) माथिको पत्रका आधारमा जिविसले गर्ने काम के के रहेछन् ? समूह बनाई शिक्षकसँग छलफल गर । छलफलमा आएका कुरालाई बुँदागत रूपमा टिपोट गर ।

तिमीहरूले टिपे जस्तै जिल्लाको समग्र विकासका लागि जिविसले निम्न लिखित कार्यहरू गर्छ :

१. विभिन्न नीति नियम बनाई लागु गर्ने

२. योजना तथा कार्यक्रम तयार गरी कार्य सम्पादन गर्ने

३. सञ्चालित कार्यक्रमको निरीक्षण गर्ने

४. विभिन्न प्रकारका सेवा सुविधा उपलब्ध गराउने

५. जिविसको आम्दानीका लागि कर, दस्तुर, शुल्क आदि लगाउने

६. केन्द्रीय सरकारले पठाएका विकास कार्यक्रम कार्यान्वयन गर्ने आदि ।

(ख) तिम्रो विद्यालयको विकासका लागि गाविस, नगरपालिका वा जिविसबाट भएका कार्यहरू शिक्षकसँग सोधेर सूची बनाऊ ।

(ग) तिमी जिविसको पदाधिकारी भएको भए के कस्ता योजना तथा कार्यक्रम गर्थ्यौ होला ? नमुना योजना बनाऊ ।

**अभ्यास**

१. तलका प्रश्नको छोटो उत्तर लेख :

(क) चिठीमा योजना छान्दा कसरी छनोट हुने व्यवस्था देखिन्छ ?

(ख) योजना तथा कार्यक्रम छान्दा कस्ता कुरालाई विशेष ध्यान दिइने रहेछ ?

(ग) जिल्ला विकास समितिले गर्ने जिल्ला विकास सम्बन्धी प्रमुख कार्यक्षेत्र के के रहेछन् ?

(घ) वडा भेला र गाउँ परिषदबाट किन योजना पारित गर्नुपरेको होला ?

२. जोडा मिलाऊ :

| समूह 'क' | समूह 'ख' |
|---|---|
| जिविसको आम्दानी | स्थानीय सरकारको एउटा स्वरूप |
| स्थानीय स्वायत्त शासन ऐन | वडा भेलाबाट पास हुनुपर्ने |
| योजना तथा कार्यक्रम | २०५५ |
| जिविस | जिल्लाभित्रको विकास गर्नु |
| जिविसको कार्य | कर, दस्तुर, शुल्क |
| | भाषा र संस्कृति |

Curriculum Development Centre

पाठ : ७

# जिल्लाका विकास कार्यहरू

ओखलढुङ्गा

२०७०/०२/०७

आदरणीय मामा,

नमस्कार !

मामा, यहाँ हामी सन्चै छौँ । तपाईंले सम्पर्क नगरेको धेरै समय भयो । हुन त जिविसको सभापति भएर पनि व्यस्त हुनुभएको हो कि ? घरमा सबैले तपाईंको जिल्लामा भएका धेरै विकास कार्यका बारेमा सुन्ने गरेका छौँ । मैले हाम्रो जिल्लामा भएका विकास कार्य लेखेर पठाएको छु । तपाईंको जिल्ला जस्तै बनाउन हामीले अब के के गर्नुपर्ला ? लेखी पठाउनुहोला ।

तपाईंहरू बसाइँ सरी विराटनगर गएको १५ वर्षमा यहाँ धेरै परिवर्तन भए जस्तो लागेको छ । हुन त तपाईंको जिल्लामा ठुलो परिवर्तन भइरहेको होला । यहाँ पनि धेरै विकास कार्य भएका र हुनेवाला छन् । पहिले जस्तो सबै कुरामा गारो छैन । खानेपानीका धारा त प्रत्येक घर घरमा आइसके । हाम्रो छिमेकी गाविसमा क्याम्पस खुल्यो । अब हामीले उच्च शिक्षाका निमित्त सहर जानु परेन । हाम्रै गाविसमा पनि चार ओटा अरू आधारभूत विद्यालय स्थापना भए र हामी पढ्ने विद्यालय अहिले उच्च माध्यमिक विद्यालय भयो । अब एक प्राविधिक शिक्षालय हाम्रो जिल्ला सदरमुकाममा खुलाउन प्रयास भइरहेको छ ।




तपाईंहरू विराटनगर जाँदा दुई तिन दिन हिँडेर जानुभएको थियो रे । अहिले हाम्रै घरको माथिको डाँडामा मोटर आइसक्यो । दसैँको बिदामा म पनि मोटर चढेर मामाघर आउने छु । हाम्रो बेँसी छेउबाट बग्ने मोलुङ खोलामा झोलुङ्गे पुल बन्दै छ । पुल बनेपछि मलाई विद्यालय जान धेरै नजिक पर्ने भयो । अब त हाम्रो खेतमा कुलो आउने भयो रे । हाम्रो जिल्ला विकास समितिले आर्थिक सहयोग दिएर सो कुलो खनाउन लागेको भन्ने सुनेको छु । सिँचाइको सुविधा भएपछि त त्यहाँ प्रशस्तै अन्न र

---

*शिक्षण सुझाव*

*स्थानीय रूपमा भएका विकास कार्यका उदाहरणका माध्यमबाट जिल्लामा हुने विकास कार्यका बारेमा जानकारी दिनुहोस् । साथै विकास कार्य हुन नसकेका भए त्यसका कारण खोजी समाधानका उपाय पहिल्याउन लगाउनुहोस् ।*

Curriculum Development Centre

नगदे बाली उब्जने भयो । यहाँको उब्जनी मोटरमा लगी सहरसम्म पुऱ्याउन सकिने भएको छ । सहरमा लगी बेच्दा राम्रो आम्दानी हुँदो रहेछ । यहाँका मानिसले बचत गर्ने बानीको विकास गरेका छन् । बचतलाई नजिकैको सहकारीमा जम्मा गर्छन् । त्यसले आर्थिक लेनदेनमा सहज भएको छ ।

मामा, अब त हाम्रो गाउँमा पनि टेलिफोन सुविधा हुने भयो । यहीँबाट तपाईँसँग कुरा गर्न सक्छु । दक्षिण कोरियामा रहेका हाम्रा काकासँग पनि यहीँबाट कुरा गर्न सकिन्छ । संविधान दिवसका दिन सबैको घरमा बिजुली बत्ती बल्दै छ । हाम्रो घरमा पनि तार जोडेर ठिक पारेका छौँ । हाम्रो गाउँको पूर्वपट्टिको डाँडामा तपाईँहरू जानुभन्दा दुई वर्षपछि गरिएको वृक्षरोपणबाट त्यहाँ ज्यादै राम्रो हरियाली बनेको छ । धेरै राम्रोसँग बिरुवा हुर्किँदै छन् ।

हाम्रो गाविस र जिविस मिलेर जलजलेश्वर महादेवको मन्दिर क्षेत्रलाई पर्यटन क्षेत्रका रूपमा विकास गर्न भनी काम हुँदै छ । त्यहाँ आयुर्वेदिक स्वास्थ्य चौकी बनाउने कार्य हुँदै छ । धर्म, संस्कृति र मूल्य मान्यताको जगेर्ना गर्न गुरुकुल विद्याश्रम खुलेको छ । मैले सुनेअनुसार हाम्रो जिल्लामा एक जडीबुटी प्रशोधन गर्ने कारखाना पनि स्थापना हुँदै छ रे ।

हवस् त मामा, आजलाई बिदा पाऊँ । यहाँको विकास हेर्न तपाईँलाई निमन्त्रणा गर्दछु । तपाईँले गर्नुभएको विकासका कार्य उल्लेख गरी पत्र लेख्न नबिर्सनुहोला र फुर्सद मिलाएर आउनुहोला ।

तपाईँकी भान्जी

फुलकुमारी

## क्रियाकलाप

१. कोष्ठमा दिइएका बुँदाहरूसमेतलाई ध्यानमा राखी फुलकुमारीले आफ्नो मामालाई लेखेको पत्रका आधारमा ओखलढुङ्गा जिल्ला विकास समितिले गरेका मुख्य मुख्य विकास कार्यहरूको साथीसँग छलफल गरी सूची बनाऊ । (शिक्षा र स्वास्थ्य, कृषि र सिँचाइ, यातायात र सञ्चार, खानेपानी, वन संरक्षण, धर्म, संस्कृति, उद्योग र व्यापार)

२. जिल्लामा विकास कार्य सञ्चालन गर्न के कस्ता समस्या आइपर्छन् ? आपसमा छलफल गरी ती समस्यालाई सूचीकृत गर ।

३. स्थानीय निकायको रूपमा जिविसबाट तिम्रो समुदायमा उपलब्ध भएका सेवा र विकास कार्य तथा भावी दिनमा गर्नुपर्ने कार्यको सूची बनाऊ ।

## अभ्यास

तलका प्रश्नको छोटो उत्तर देऊ :

(क) फुलकुमारीले लेखेको पत्रका आधारमा ओखलढुङ्गा जिल्लाको पहिलाको अवस्था कस्तो रहेको पायौ ?

(ख) के कारणले गर्दा ओखलढुङ्गामा विकास हुँदै गएको होला ? आफ्नो भनाइ लेख ।

(ग) हामीलाई विकास किन चाहिन्छ ?

(घ) 'हाम्रो विकास हामी आफैँले गर्नुपर्छ ।' यस भनाइलाई पुष्टि गर ।

(ङ) विकासका पूर्वाधारका रूपमा यातायात र सञ्चारको भूमिका लेख ।

Curriculum Development Centre

## पुनरावलोकन अभ्यास

**परियोजना कार्य**

तिम्रो स्थानीय समुदायमा यातायात र सञ्चारको विकासका लागि के कस्ता समस्या छन् ? ती समस्या समाधान गर्न निम्न लिखित कार्य गर :

(क) तिमीहरूले गर्न सक्ने कार्यको सूची बनाऊ ।

(ख) तिम्रो स्थानीय समुदायले गर्न सक्ने कार्यहरूको विवरण तयार गर ।

(ग) समुदाय आफैँले गर्न नसक्ने कार्यहरूमध्ये कुन कुन कार्य गाविस वा नगरपालिका र जिविसले गर्न सक्छ ? लेख ।

(घ) गाविस वा नगरपालिका र जिविसले गर्ने कार्यहरूको विस्तृत विवरण बनाई योजनामा पारिदिन अनुरोध गरी एउटा पत्र लेख र प्रधानाध्यापक वा विद्यालय व्यवस्थापन समितिमार्फत पठाउने व्यवस्था मिलाऊ ।

## क्रियाकलाप

१. कक्षाका सबै साथीहरू मिलेर निर्वाचनको अभ्यास गर । यसका लागि तिम्रो समुदायको नमुना स्थानीय सरकारको गठन गर । यसमा एक जना नेता, एक जना उपनेता र तिन जना सदस्य छान । निर्वाचन गर्न शिक्षकको सहयोग पनि लेऊ । साथै कक्षामा सक्रिय रहने तथा विभिन्न क्षेत्र, भाषा, जाति, छात्रछात्राको प्रतिनिधित्व नभएमा तिनको पनि प्रतिनिधित्व हुने गरी दुई जना मनोनीत गर । यसले गर्ने कामको सूची पनि बनाऊ, जस्तै :

   - समुदायमा पालना गर्नुपर्ने विद्यार्थी आचार संहिता तयार गर्ने
   - आचार संहिता लागु भए नभएको हेर्ने
   - विविध समूह निर्माण गरी कार्य जिम्मा दिने, जस्तै : सरसफाइ समूह, खानेपानी व्यवस्थापन समूह, सांस्कृतिक क्रियाकलाप सञ्चालन समूह, साहित्यिक समूह आदि
   - समुदायको हकहितका बारेमा छलफल गर्ने
   - आपसी हकहितलाई ख्याल राख्ने
   - अनुशासित र नमुना व्यवहार प्रदर्शन गर्न सहयोग पुऱ्याउने आदि

२. उक्त नमुना सरकारको बैठक बसी कक्षा व्यवस्थापन र कक्षामा हुने शिक्षण कार्यलाई प्रभावकारी बनाउन विभिन्न निर्णय गरी सबैको हस्ताक्षर गर ।

३. स्थानीय समुदायमा कुनै सेवामूलक कार्य गरेर उदाहरण देखाऊ ।

Curriculum Development Centre

एकाइ २

# हाम्रो सामाजिक मूल्य र मान्यता



## सिकाइ उपलब्धि

- विभिन्न धर्मअनुसार गरिने संस्कारहरूको खोजी गर्न
- विभिन्न जातिअनुसार गरिने सामाजिक संस्कार पहिचान र संरक्षणमा सहयोग गर्न
- राष्ट्रियताको जगेर्ना गर्दै यसको संवर्धन हुने क्रियाकलापमा संलग्न हुन
- नेपाली लोक गीत, लोक नृत्य र लोक बाजाहरूको महत्त्व बोध गर्न
- स्थानीय ठाउँमा पाइने लोक गीत, लोक नृत्य र लोक बाजाको संरक्षण कार्यमा सहयोग गर्न
- स्थानीय ठाउँको गरगहना र पहिरनको खोजी गरी तिनीहरूको संरक्षण कार्यमा सहयोग गर्न
- ऐतिहासिक व्यक्तित्वको कामबाट प्रेरणा लिन
- स्थानीय समुदायमा आविष्कार गर्ने वा विज्ञान सम्बन्धी कार्य गरेको व्यक्तित्वको खोजी गर्न
- वैज्ञानिक व्यक्तित्वको कामबाट प्रेरणा लिन
- स्थानीय समुदायका ऐतिहासिक व्यक्तित्वको खोजी गर्न र योगदान बताउन

Curriculum Development Centre

पाठ : १

# हाम्रो धार्मिक संस्कार



हाम्रो देशमा हिन्दु, बौद्ध, इस्लाम, किरात, जैन, सिख, इसाइ, वोन, प्रकृति, बहाइलगायतका धर्म मानिन्छन् । यहाँ विभिन्न धर्मावलम्बीहरूका बिचमा गहिरो एकता रहेको छ । हाम्रो समाजमा यी धर्मअनुसारका विभिन्न संस्कार प्रचलित छन् । त्यसैले हाम्रो देशमा सबै धर्मसँग सम्बन्धित पर्वहरूमा राष्ट्रिय बिदा दिने चलन छ । जस्तै : हिन्दु धर्मसँग सम्बन्धित दसैँ, तिहार, छठ, महाशिवरात्रि जस्ता पर्वहरू पर्छन् । बौद्ध धर्मसँग सम्बन्धित बुद्ध जयन्ती, ल्होसार आदि पर्वहरू तथा किरात धर्मसँग सम्बन्धित उधौली, उभौली पर्वहरू छन् । त्यस्तै इस्लामसँग सम्बन्धित इद, बकर इद तथा इसाइसँग सम्बन्धित क्रिसमस आदि पर्व पर्छन् । यस्ता पर्वहरू कहिले कहिले पर्ने रहेछन्, भित्ते पत्रिका हेर ।

हिन्दु धर्मावलम्बीले वेद, उपनिषद्, धर्मशास्त्र, पुराण, गीता, ज्योतिष शास्त्र जस्ता शास्त्रीय ग्रन्थ पढ्छन् । ती ग्रन्थले बताएअनुसार विधि र संस्कार पालना गर्छन् । हिन्दुले ब्रह्मा, विष्णु, शिव, दुर्गा, सरस्वती, लक्ष्मी, गणेश, सूर्य, चन्द्रमा आदिलाई ईश्वरको रूपमा पुज्छन् । यिनीहरूको मूर्ति, तस्बिर आदिको पूजा गर्छन् । नित्यकर्म गर्न मन पराउँछन् । पञ्चोपचार, दशोपचार, षोडशोपचार जस्ता पूजा विधिहरू प्रयोग गर्छन् । विभिन्न तिथि, बार आदिमा व्रत बस्छन् । स्तोत्र पाठ गरी इष्टदेवताको आराधना गर्छन् । दीनदुःखी, असहाय, अशक्त, गरिब, बालक, वृद्ध वृद्धाका सेवा गर्छन् । हिन्दुहरू दान गर्न रुचाउँछन् ।

बौद्धमार्गीले गौतम बुद्धको मूर्ति तथा तस्बिरमा आफूले चाहेको ईश्वरका रूपमा पाउँछन् । उनीहरू गौतम बुद्धको नाममा प्रार्थना गर्छन् । ध्यान गर्छन् । बौद्ध धर्मका केन्द्रका रूपमा गुम्बा बनाउँछन् र त्यहीँ पूजापाठ पनि गर्छन् । गौतम बुद्धको नाममा ध्यान गरेपछि आफूलाई पनि शान्ति प्राप्त भएको महसुस गर्छन् । यस धर्मका जातक कथा र त्रिपिटक प्रमुख ग्रन्थ हुन् । सत्य र अहिंसा बौद्ध धर्मको मूल मन्त्र हो भने दान गर्नु अर्को प्रमुख विशेषता हो ।

---

***शिक्षण सुझाव***

*स्थानीय समुदायमा प्रचलित धार्मिक संस्कारका बारेमा छलफल गर्न लगाउनुहोस् ।*



Curriculum Development Centre

इस्लामीहरूको धर्म ग्रन्थ कुरआन हो । यस धर्ममा मूर्ति पूजा हुँदैन । उनीहरू नमाज पढेर अल्लाहको भक्ति वा प्रार्थना गर्छन् । यिनीहरूको मुख्य चाड इद हो । यिनीहरू दान गर्नमा विश्वास गर्छन् । यसरी गरिएको दानलाई फित्र भनिन्छ ।

किरातले रुख, जङ्गल, खोला, ढुङ्गा, नदी, पहाड, हिमाल आदिमा आफूले चाहेको ईश्वरको रूप देख्छन् र तिनै प्रकृतिको पूजा गर्छन् । तिनै वस्तुमा पारुहाङ, सुम्निमा र माङहाङको प्रतीक मानी पूजा गर्छन् । यिनीहरू प्रकृतिको पूजा गरेमा ईश्वर प्राप्त हुन्छन् भन्ने विश्वास राख्छन् । किरातको मुख्य धार्मिक ग्रन्थ मुन्धुम हो ।

इसाइ धर्मावलम्बीहरू जिसस क्राइस्टलाई आफ्नो धर्मका प्रवर्तक मान्छन् । इसाइहरूको धर्मग्रन्थ बाइबल हो । यही ग्रन्थका आधारमा इसाइहरूले आआफ्नो परम्परा र संस्कृतिको पालना गर्छन् । आपसमा शुभ कामना व्यक्त गर्छन् । जिसस क्राइस्टका नाममा चर्च बनाउँछन् र त्यहीँ गएर प्रार्थना गर्छन् । क्राइस्टका नाममा प्रार्थना गर्दा ईश्वरसँग साक्षात्कार हुने कुरामा विश्वास गर्छन् ।

जैन धर्मावलम्बीहरू तिर्थङ्कर (गुरु) मा ईश्वरको रूप देख्छन् । महावीरलाई आदर्श पुरुष ठान्छन् । तिनीहरू ईश्वरको नाममा दान, सेवा आदि कार्य गर्छन् । यसो गर्दा आफूलाई सुखशान्ति प्राप्त भएको महसुस गर्छन् । सिख धर्मावलम्बीहरू गुरु नानकलाई ईश्वरको रूप ठान्छन् । श्री गुरुग्रन्थ साहिब पाठ गर्छन् । गुरुद्वारालाई पवित्र स्थल ठान्छन् । त्यहीँ गएर पूजापाठ गर्छन् । यसो गर्दा उनीहरू ईश्वर प्राप्त हुने कुरामा विश्वास गर्छन् । यस्तै अन्य धर्म सम्प्रदायले आआफ्नो धार्मिक मान्यताअनुसार विभिन्न धार्मिक गतिविधि गर्छन् ।

### क्रियाकलाप

१. तिमी अध्ययन गर्ने कक्षामा कुन कुन धर्मसँग सम्बन्धित साथीहरू छन् ? सोधेर लेख ।

२. धार्मिक सहिष्णुता भनेको के हो ? यसले समाजलाई एकताबद्ध र समुन्नत कसरी बनाउँछ ? कक्षामा छलफल गरी लेख ।

### अभ्यास

१. जोडा मिलाऊ :

| समूह 'क' | समूह 'ख' |
|---|---|
| कुमारी | विद्याकी देवी |
| सरस्वती | इस्लाम धर्मावलम्बीहरूको धर्मग्रन्थ |
| कुरआन | बौद्ध धर्मको प्रमुख ग्रन्थ |
| तिर्थङ्कर | किरात धर्मावलम्बीहरूका देवी |
| सुम्निमा | जैन धर्मावलम्बीहरूका देवता |
| त्रिपिटक | हिन्दुहरूकी जीवित देवी |

३. तलका प्रश्नको उत्तर लेख :

(क) तिमीले मनाउने धार्मिक संस्कारका बारेमा एक अनुच्छेद लेख ।

(ख) मूर्ति वा तस्बिर पूजा गर्ने र नगर्ने धर्महरूको सूची अलग अलग बनाएर देखाऊ ।

(ग) किरात धर्मावलम्बीहरूले ईश्वरको आराधना गर्ने तरिका लेख ।

Curriculum Development Centre

पाठ २

# हाम्रो सामाजिक संस्कार



एउटा निश्चित क्षेत्रभित्र बसोबास गर्ने व्यक्तिहरूको समूहलाई समाज भनिन्छ । समाजलाई चिनाउने एउटा मुख्य आधार सामाजिक संस्कार पनि हो । नेपालीहरूका आआफ्ना धार्मिक, सांस्कृतिक तथा सामाजिक परम्परा छन् । ती परम्परामा आधारित रीतिस्थिति, मूल्य र मान्यता पनि फरक फरक छन् । तिनै रीतिस्थिति, मूल्य र मान्यतामा आधारित भएर हामी नेपाली विभिन्न धर्महरू मान्छौँ । आआफूले मानिआएका धार्मिक प्रक्रिया र तरिकाहरू पनि भिन्नाभिन्नै रहेका छन् । यस्ता प्रक्रिया र तरिकालाई हाम्रो समाजमा संस्कार भन्ने चलन छ । सामान्यतया मानसिक र शारीरिक शुद्धताका लागि गरिने धार्मिक कार्यहरू नै संस्कार हुन् । यी संस्कार जातिअनुसार भिन्न भिन्न रूपमा पाइन्छन् ।

कुनै पनि समुदाय, जाति वा देशलाई चिनाउने मौलिक पक्ष संस्कृति हो । संस्कृतिलाई संस्कारले पनि प्रतिनिधित्व गरेको हुन्छ । विभिन्न जातिहरूलाई एकबाट अर्कोसँग छुट्याउने विशिष्ट कुराहरू संस्कारमा रहेका हुन्छन् । कतिपय यस्ता संस्कारहरूमा समानता पनि पाइन्छ । जन्म, विवाह, मृत्युलगायतका विभिन्न कार्यमा भिन्न संस्कार र परम्पराले हरेक समाजको विशेषता झल्काउँछ । त्यस्तै नेपालको भौगोलिक बनावट र जलवायुले पनि केही न केही रूपमा सामाजिक संस्कारमा छुट्टै पहिचान दिने गरेको पाइन्छ । हिमालमा बस्ने मानिसको संस्कार र तराई वा पहाडमा बस्ने मानिसको संस्कारमा फरकपन पाइन्छ । जन्मनु अघिदेखि मृत्युपश्चात्सम्म गरिने संस्कारहरूमा विविधता पाइन्छ । मूलतः जन्म संस्कार, बाल्यकालका संस्कार, शैक्षिक संस्कार, विवाह संस्कार, मृत्यु संस्कार, आदि हाम्रा संस्कृतका प्रमुख पक्ष हुन् ।

हाम्रो राष्ट्र विभिन्न जातजाति, भाषा, संस्कृति र सभ्यताको साझा फुलबारी हो । यहाँ सबै धर्मावलम्बीहरू एक आपसमा मिलेर बसेका छन् । आआफ्नो धर्मअनुसारका संस्कार मानिआएका छन् । हाम्रो देशको संविधानमा पनि यस्तो व्यवस्था गरिएको छ : "प्रत्येक व्यक्तिलाई प्रचलित सामाजिक एवम् सांस्कृतिक परम्पराको मर्यादा राखी परापूर्वदेखि चलिआएको आफ्नो धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्ने हक हुनेछ । तर कसैले कसैको धर्म परिवर्तन गराउन पाउने छैन र एक अर्काको धर्ममा खलल पार्ने गरी कुनै काम, व्यवहार गर्न पाइने छैन । प्रत्येक धार्मिक सम्प्रदायलाई कानुनबमोजिम

***शिक्षण सुझाव***

*विद्यार्थीहरूको समुदायमा प्रचलित सामाजिक संस्कारमा केन्द्रित भई त्यस्ता संस्कारका उदाहरणका आधारमा शिक्षण गर्नुहोस् ।*



Curriculum Development Centre

आफ्नो  स्वतन्त्र अस्तित्व कायम राखी आफ्नो धार्मिक स्थल र धार्मिक गुठीको सञ्चालन र संरक्षण गर्ने हक हुने छ ।" यही कानुनको परिधिभित्र रही हाम्रो देशमा आआफ्ना सामाजिक परम्परा र संस्कारहरू प्रचलनमा रहिआएका छन् ।

नेपालीहरूमा धर्म वा संस्कारका नाममा झैझगडा गर्दैनन् । एक धर्मका मानिस अर्को धर्मका धार्मिक स्थलमा जान्छन् । धार्मिक समारोह, चाडपर्व, जात्रा, पूजाआजामा सहभागी हुन्छन् । धार्मिक सहिष्णुता यहाँको आदर्श र अनुकरणीय उदाहरण हो । तर पनि हाम्रा सामाजिक संस्कारमा केही विकृति वा अन्धविश्वास रहेको पाइन्छ । हाम्रो समाजमा छुवाछुत, जातिगत रूपमा भेदभाव, लैङ्गिक भेदभाव जस्ता संस्कारगत समस्या रहेका छन् । विभिन्न संस्कारका काम गर्दा अनावश्यक खर्च गर्ने, भोजभतेर गर्ने, पशुपक्षीको बलि दिने आदि जस्ता विकृति रहेका छन् । यस्ता विकृति क्रमशः कम गर्दै आफ्नो संस्कारको संरक्षण र संवर्धन गर्नु हामी सबैको कर्तव्य हो ।

### क्रियाकलाप

साथीको घरमा प्रचलनमा रहेको संस्कारका बारेमा सोधेर लेख र कक्षामा प्रस्तुत गर ।

### अभ्यास

१. **तलका प्रश्नको उत्तर लेख :**

(क) संस्कार भनेको के हो ?

(ख) हाम्रा सामाजिक संस्कारका प्रमुख तिन विशेषता लेख ।

(ग) "हाम्रो देश नेपाल विभिन्न जात, जाति, भाषा, संस्कृति र सभ्यताको साझा फुलबारी हो ।" यस भनाइको छोटकरीमा व्याख्या गर ।

(घ) हाम्रो देशको संविधानमा धर्म संस्कृतिका बारेमा के कस्तो व्यवस्था रहेको छ ? लेख ।

(ङ) हाम्रा संस्कारका विकृति वा समस्याको सूची बनाई समाधानका उपाय पनि लेख ।

### सामुदायिक कार्य

तल दिइएका विभिन्न पक्षमा आधारित भई तिम्रो समुदायमा प्रचलित सामाजिक संस्कारहरू सङ्कलन गरी कक्षामा प्रस्तुत गर :

(क) जन्म संस्कार, छैटी, न्वारान, पास्नी, चूडाकर्म, छेवर वा अन्य संस्कार

(ख) विवाह संस्कार

(ग) मृत्यु संस्कार

(घ) खानपान, पहिरन सम्बन्धी संस्कार

(ङ) चाडपर्व सम्बन्धी संस्कार

(च) मुख्य धार्मिक संस्कार

(छ) पाहुना सम्बन्धी संस्कार

Curriculum Development Centre

पाठ ३

# केही जातिगत संस्कार

तलको तालिकाका बारेमा कक्षामा सामूहिक छलफल गर :

| जाति | जन्म संस्कार | विवाह संस्कार | मृत्यु संस्कार | प्रमुख चाडपर्व |
|---|---|---|---|---|
| शेर्पा | बौद्ध परम्परामा पाँचदेखि ११ दिनमा लामाद्वारा न्वारान | मागी, चोरी, जारी र प्रेम विवाह | बौद्ध परम्परामा तेस्रो, सातौँ र एघारौँ दिनमा नापुर कर्म | ग्याल्वो ल्होसार, दुम्जी, ओसो आदि |
| तामाङ | तिन दिनपछि न्वारान छोरीको पाँच र छोराको छ महिनामा पास्नी | मागी र चोरी विवाह | शवलाई गाड्ने तिन दिन जुठो बार्ने र घेवा गर्ने | सोनाम ल्होसार, बुद्ध जयन्ती |
| राई | तिनदेखि छ दिनमा न्वारान | मागी र प्रेम विवाह | शवलाई गाड्ने, शव यात्रामा बन्दुक पड्काउने | साकेला वा साकेवा न्वागी, वाडाङ्मेट |
| लिम्बु | बच्चा जन्मिएपछि छोरी भए तिन दिन र छोरा भए चार दिनमा न्वारान | मागी र चोरी विवाह | मरेको शवलाई प्रचलित मसान घाटमा लगेर गाड्ने | प्रकृति पूजा, वर्षको दुई पटक उधौली र उभौली पूजा चामाचासोक |
| मगर | ११ देखि १५ दिनसम्ममा न्वारान | मामा चेली फुपू चेलोसँग विवाह मागी र जारी विवाह | १० देखि १३ दिन भित्रमा काजकिरिया | नाग पूजा, लुतो फाल्ने |
| गुरुङ | पहिलो सन्तानमा विशेष उत्सव मनाउने र पुटपुटे नाच नाच्ने | मागी र प्रेम विवाह | १३ दिनसम्म जुठो बार्ने शव गाड्ने वा जलाउने अर्घौं | पितृकार्य (अर्घ दिने) घाटु र सोरठी नाच तमु ल्होसार |
| बाहुन वा क्षेत्री | हिन्दु परम्पराअनुसार ११ दिन सम्ममा न्वारन, पाँच वा छ महिनामा पास्नी र सात वर्षपछि व्रतबन्ध | आफ्नो गोत्र छलेर मागी र प्रेम विवाह | हिन्दु परम्पराअनुसार शव जलाउने, १३ दिन जुठो बार्ने | दसैँ, तिहार, तीज, जनै पूर्णिमा, आमाबुबाको मुख हेर्ने, राम नवमी, कृष्ण जन्माष्टमी, श्रीपञ्चमी, माघे सङ्क्रान्ति, तीज, फागु पूर्णिमा आदि |

***शिक्षण सुझाव***

*स्थानीय समुदायमा रहेका जातिगत संस्कारको सोधखोज गरी छलफल गराउनुहोस् ।*



Curriculum Development Centre

| जाति | जन्म संस्कार | विवाह संस्कार | मृत्यु संस्कार | प्रमुख चाडपर्व |
|---|---|---|---|---|
| धिमाल | बच्चा जन्मिएपछि छोरी भए तिन दिन र छोरा भए चार दिनमा चोख्याउने | मागी र चोरी विवाह जारी विवाह, विधवा विवाह, प्रेम विवाह, सुपारी विवाह | मरेको शवलाई तोकिएको मसान घाटमा लगेर गाड्ने | प्रकृति पूजा, वर्षको दुई पटक उधौली र उभौली पूजा |
| थारू | बच्चा जन्मेको छ देखि नौ दिनमा न्वारान | मागी, जारी र प्रेम विवाहको प्रचलन | शवलाई गाड्ने वा जलाउने | माघी (नयाँ वर्षका रूपमा) फागु आदि |
| नेवार | बच्चा जन्मेको चार देखि ११ दिनसम्ममा न्वारान | इही (बेल विवाह), मागी र प्रेम विवाह | आफ्नो धर्मअनुसार मृत्यु संस्कार (हिन्दु वा बौद्ध) | विभिन्न जात्राहरू, तिहारमा म्हपूजा आदि |

**क्रियाकलाप**

माथिको तालिकामा जस्तै आआफ्नो समुदायमा प्रचलित जातजातिका संस्कारका बारेमा सोधखोज गरी छलफल गर र लेख ।

**अभ्यास**

१. **खाली ठाउँ भर :**

(क) नेवार जातिले मागी, .......... र .......... विवाह गर्छन् ।

(ख) प्रकृतिको पूजा गर्ने जाति .......... हो ।

(ग) सोरठी र घाटु नाच .......... जातिले मनाउँछन् ।

२. **जोडा मिलाऊ :**

| | |
|---|---|
| म्हपूजा | थारू |
| नागपूजा | मगर |
| न्वागी | राई |
| तीज | शेर्पा |
| दुम्जी | हिन्दु |
| | नेवार |

३. **तलका प्रश्नको उत्तर लेख :**

(क) आफ्नो जातिमा रहेको कुनै एक संस्कारका बारेमा अभिभावकसँग सोधी एक अनुच्छेद लेख ।

(ख) स्थानीय समुदायका संस्कारको संरक्षण गर्न के के गर्नुपर्ला ?

(ग) स्थानीय समुदायका संस्कारको संरक्षण गर्दा हुने कुनै पाँच ओटा फाइदा लेख ।

Curriculum Development Centre

पाठ : ४

# राष्ट्रको सम्मान र राष्ट्रियताको जगेर्ना

किरण, हसिना, पेम्बा र रामदयाल कक्षा सातमा पढ्ने साथीहरू हुन् । उनीहरूले फुर्सदको समयमा गरेको छलफल यस प्रकार छ :

किरण : हसिना, तिमीले देशको भलाइ हुने कुनै काम गरे जस्तो लाग्छ ?

हसिना : अहिले त म विद्यार्थी नै छु । मिहिनेत गरेर पढ्छु । सार्वजनिक धारा, पौवा, बाटो, पुल, मठ, मन्दिर, मस्जिद आदिको संरक्षण गर्न सहयोग गर्छु । सामाजिक तथा विकासका काममा सहयोग गर्छु । अनुशासनमा बस्छु । अरूलाई अनुशासित बन्न प्रेरित गर्छु । विकृति, भ्रष्टाचार र दुराचारका विरुद्ध चेतना फैलाउने काम गर्छु । यी कामले पनि देशको भलाइ हुन्छ, होइन र ?

पेम्बा : हसिनाको जस्तै गर्न सके त देशको सेवाका साथै आफूलाई पनि आत्म सम्मान मिल्छ ।

रामदयाल : हो, हाम्रो देश विविधतायुक्त देश हो । यहाँ विभिन्न जाति, भेषभूषा, भाषा र संस्कृति छ । भौगोलिक विविधता छ । यही विविधताको सम्मान नै राष्ट्रको सम्मान हो । हामीमा मेलमिलापको भावना छ । जातीय र सांस्कृतिक एकता छ । हामी सबै एकले अर्काको सम्मान गर्छौं । यसले गर्दा हाम्रो देशको सम्मान बढेको छ । त्यसैले होला हाम्रो देशलाई अनेकतामा एकता भएको देश पनि भनिन्छ नि ।



पेम्बा : किरण, तिमी भन त हाम्रो देशमा गौरव गर्ने कुरा के के छन् ?

किरण : ल सुन, विश्वको सर्वोच्च शिखर सगरमाथा, शान्तिदूत गौतम बुद्ध र उनको जन्मस्थल लुम्बिनी आदिले हाम्रो जन्मभूमिलाई चिनाइराखेका छन् । यो देश वीर गोर्खालीको देश भनेर पनि परिचित छ । यो देशको राष्ट्रिय झन्डा, राष्ट्रिय गान, निशान छाप, राष्ट्रिय फुल र राष्ट्रिय चरा हाम्रो देशमा गौरव गर्ने कुरा हुन् । अरू के के होलान्, हसिना ?

---

*शिक्षण सुझाव*

*स्थानीय समुदायमा प्रचलित गौरव गर्न लायकका कुराहरूका बारेमा छलफल गराउनुहोस् ।*



Curriculum Development Centre

हसिना : अरनिकोले हाम्रो देशमा प्रचलित कलालाई चिनमा लगी नाम कमाएका थिए । भृकुटीले अन्तर्राष्ट्रिय रूपमा मैत्री सम्बन्ध स्थापना गर्न सहयोग गरेकी थिइन् । यिनीहरूले विश्वसामु नेपाललाई चिनाउन सहयोग गरेका छन् ।

रामदयाल : हाम्रो देश आजसम्म कसैको उपनिवेश बनेको छैन । हामी नेपालीले स्वाभिमानी भई बाँच्नुपर्छ भन्ने कुरा पुर्खाले सिकाएका छन् । यसतर्फ हामी सबैको ध्यान जानुपर्छ ।

पेम्बा : ए साथी हो ! हिजो शिक्षकले भनेको बिर्सिएका छौ कि क्या हो ?

किरण : के कुरा हो, कुन्नि ?

पेम्बा : शुक्रबार हुने विद्यालय स्तरीय गीत गायन प्रतियोगिताका लागि तयारी हुँदै छ त ?

हसिना : सरले गीत खोजेर ल्याइदिन्छु भन्नुभएको थियो । दिनुभयो त ?

पेम्बा : ल्याइदिनुभएको छ । सुन्ने हो ?

किरण : म त त्यस दिन दौरा सुरुवाल लगाउँछु है ।

हसिना : म त गुनिउँ चोलो लगाउँछु । तिमी नि रामदयाल ?

रामदयाल : म कुर्ता सुरुवाल लगाउँछु ।

(यत्तिकैमा शिक्षकले ल्याएर दिएको गीत सामूहिक रूपमा गाउने प्रयास गर्छन् ।)

> नेपाल हो हाम्रो देश नेपाली हौँ हामी
> विश्वमा नै नेपालीहरू बनेका छन् नामी
>
> नेपालका जातजाति भाषाभाषी सबै नेपाली
> सबै धर्म, संस्कृति, वर्ण र वेषभूषा नेपाली ।
>
> हिमाल, पहाड, तराई, मधेस सबै हाम्रो नेपाल
> भेद हैन, द्वन्द्व हैन, समतामूलक नेपाल ।
>
> सहिष्णुता, सद्भावसाथ कायम छ राष्ट्र एकता
> आत्म सम्मान, स्वाभिमान राखी गरौँ मित्रता
>
> यता हिमाल उता पहाड समथर तराई
> नेपाली छन् सबै यहाँ कोही छैनन् पराई ।

### क्रियाकलाप

१. तिम्रो विद्यालय वा समुदायमा राष्ट्रियताको जगेर्ना गर्ने खालका कार्यक्रम भएका छन् कि छैनन् ? यदि छन् भने अनुभवी व्यक्तिको विचार सङ्कलन गरी कक्षामा सुनाऊ । यदि छैनन् भने विद्यालय वा समुदायलाई कार्यक्रम आयोजना गर्न प्रेरित गर र आफू पनि सहभागी होऊ ।

२. राष्ट्रियता र राष्ट्रिय गौरव झल्कने गीत, कथा, कविता आदि तयार गरी कक्षामा प्रस्तुत गर ।

### अभ्यास

१. तलका प्रश्नका उत्तर लेख :

(क) राष्ट्रप्रति हाम्रो के कस्ता दायित्वहरू रहन्छन् ?

(ख) 'राष्ट्रहितलाई सर्वोपरि राख्नु नेपालीको कर्तव्य हो ।' यस भनाइका बारेमा आफ्नो तर्क प्रस्तुत गर ।

(ग) स्वाभिमानी भएर बाँच्न के के गर्नुपर्छ ?

(घ) के के गऱ्यो भने देशको सम्मान हुन्छ ?

Curriculum Development Centre

पाठ : ५

# हाम्रो रीतिरिवाजका केही प्रमुख पक्ष



परम्परादेखि चलिआएको व्यवहार, चालचलन, प्रचलन, रीतिथितिको समष्टि रूप रीतिरिवाज हो । यसमा जन्म, मृत्यु र विवाह संस्कारका साथै चाडपर्वलगायतका विविध पक्षहरू पर्छन् । मौलिक पेसा, भाषा, धर्म, संस्कृति, वेषभूषा पहिरन, खानपान आदि सम्बन्धी कुराहरू पनि रीतिरिवाजमा पर्छन् ।

नेपाल बहु जातीय, बहु धार्मिक तथा बहु भाषिक देश हो । यहाँ विभिन्न धर्म, सम्प्रदाय, जातजातिका मानिसको बसोबास छ । हरेक धर्म, सम्प्रदाय, जातजाति र क्षेत्रका आआफ्ना विशिष्ट मूल्य र मान्यता छन् । नेपाली समाजमा पाहुनालाई सत्कार गरिन्छ । आमाबाबु, वृद्धवृद्धा र आफ्नो उमेरभन्दा पाकालाई मानसम्मान र सेवा गरिन्छ । बटुवाका आरामका लागि चौतारो, पाटीपौवा बनाउने चलन छ । धारा, कुवा बनाउने र तिर्खाएकालाई पानी दिँदा धर्म हुने विश्वास छ । धार्मिक स्थल, पानीघाट, बाटो, सडक आदि ठाउँमा वर, पीपल र अन्य बोट बिरुवा लगाउने गरिन्छ । मर्दापर्दा एकले अर्कालाई सकेको सहयोग गर्ने प्रचलन छ । कुनै एउटा परिवारले गर्नुपर्ने सामाजिक तथा सांस्कृतिक कार्य सम्पन्न गर्न सबै जना एकजुट हुन्छन् । पैँचो, सापटी, पर्म जस्ता माध्यमबाट आपसमा सहयोग गर्ने गाउँघरका विशेषता नै हुन् । सामुदायिक हितका लागि विभिन्न समुदायमा गुठी, क्लब, आमा समूह, महिला समूह, धार्मिक समूह जस्ता सामाजिक सङ्गठनले काम गरेका छन् । विभिन्न समुदायका चाडबाडले नेपाली समाजलाई बर्सैभरि उल्लासमय बनाएका छन् । विभिन्न सङ्गीत र नाचगानले नेपाल विश्वभरि परिचित छ । यहाँका विशिष्ट पहिरनले यस देशलाई सांस्कृतिक

---

*शिक्षण सुझाव*

*स्थानीय तहमा प्रचलित रीतिरिवाजका बारेमा कक्षाका सबै विद्यार्थीलाई सहभागी गराई छलफल गराउनुहोस् ।*



Curriculum Development Centre

रङ्गभूमि जस्तै बनाएको छ । नेपालका केही सांस्कृतिक रीतिरिवाजलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

### विशेष पहिरन

बढी प्रचलित पहिरनभन्दा फरक मौलिक प्रकृतिका पोसाक, लुगाफाटालाई विशेष पहिरन भनिन्छ । नेपालको भौगोलिक क्षेत्र, लिङ्ग, जातिविशेषअनुसार विभिन्न प्रकारका विशेष पहिरन प्रचलित छन् । पहाडी मूलका महिलाले लगाउने विशेष पहिरनमा सारी/गुनिउँ, चोलो, फरिया, पछ्यौरा, पटुका, धोती, जामा आदि हुन् । पहाडी मूलका विभिन्न समुदायका पुरुषले लगाउने पहिरनमा दौरा/भोटो, सुरुवाल, जवारीकोट, इस्टकोट र टोपी आदि हुन् । त्यस्तै तराई क्षेत्रका पुरुषले लगाउने विशेष पहिरनमा कुर्ता, कमिज, पाइजामा, धोती, गम्छा, पगरी आदि पर्छन् । हिमाली क्षेत्रका महिलाले पाङ्देन (कम्मरभन्दा तल झुन्ड्याएर) लगाउँछन् । मुसलमान महिलाको शिर ढाक्ने सल/स्कार्फ तथा गुरुङ र मगर जातिका पुरुषले लगाउने भाङ्ग्राको गादो पनि विशेष पहिरनमा पर्छन् । घलेक, टिकिया (कम्मरको पछाडि लगाउने) गुरुङ, मगर र तामाङ जातिका महिलाले लगाउने विशेष पहिरन हुन् । बख्खु शेर्पा, तामाङ, गुरुङ समुदायका पुरुषले लगाउने विशेष पहिरन हो । यसरी नेपालमा विभिन्न जात, लिङ्ग, धर्म, क्षेत्रअनुसार विभिन्न पहिरन लगाइन्छ ।

### गरगहना

मानिसले आफ्नो नाक, कान, घाँटी, हात, खुट्टा आदिमा लगाउने शृङ्गारका साधनलाई गरगहना भनिन्छ । नेपालीका गरगहनाले नेपाली रीतिरिवाजको पनि प्रतिनिधत्व गर्छन् । भौगोलिक क्षेत्र, जाति, लिङ्ग आदिका आधारमा गरगहनामा पनि विविधता पाइन्छ । गहनाहरू सुन, चाँदी, हिरा मोती जस्ता धातु र पत्थरबाट बनाइन्छ । यस्ता गहनाहरू शरीरका विभिन्न अङ्गमा लगाइन्छ । औँठी, सिक्री, बाला जस्ता गहना देशभरकै महिला पुरुषमा प्रचलित रहेका छन् । सिरबन्दी ढुङ्ग्री फुली, बुलाकी, तिलहरी, नौगेडी जस्ता गहना बाहुन, क्षेत्री, गुरुङ, मगर, राई, लिम्बु आदि जातिले लगाउँछन् । घाँटीमा लगाइने हँसुली तराईमा प्रचलित छ । कानमा लगाइने माकसी नेवार जातिमा प्रचलित छ । घाँटीमा लगाउने ताय पनि नेवारीमा प्रचलित छ । चुरा, पोते, धागो, काँटा, टीका आदि प्राय सबै जात जातिले लगाउँछन् ।

### क्रियाकलाप

१. स्थानीय ठाउँमा पाइने पाँच ओटा गरगहनाको चित्र बनाऊ ।
२. तिम्रो परिवार तथा छिमेकका मानिसले लगाउने लुगा र गरगहनाको नाम सङ्कलन गर र जातिअनुसारका पहिरन तथा गरगहना वर्गीकरण गर ।

### अभ्यास

१. तलका प्रश्नको छोटो उत्तर लेख :

(क) नेपाली समाजका रीतिरिवाजका तिन ओटा विशेषता लेख ।
(ख) "विशिष्ट पहिरनले हाम्रो देशलाई सांस्कृतिक रङ्गभूमि बनाएको छ" यस भनाइको व्याख्या गर ।

Curriculum Development Centre

पाठ : ६

# हाम्रो लोक संस्कृति

लोक जीवनमा व्यवहारमा आएको संस्कृति नै लोक संस्कृति हो । यो समाजमा परम्परादेखि एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुँदै आएको हुन्छ । लोक संस्कृतिमा विभिन्न गीत, कथा, कला, शिल्प र दैनिक जीवनका व्यवहारहरू पर्छन् । यसमा लोक जीवनसँग सम्बन्धित विभिन्न प्रथा, परम्परा, विश्वास, धर्म, संस्कार, र विचार पर्छन् । यस पाठमा हामी लोक संस्कृतिअन्तर्गत लोक गीत, लोक बाजा, लोक धुन र लोक नृत्यका बारेमा छलफल गर्ने छौँ ।



**लोक गीत**

मौखिक रूपमा लोक जीवनमा प्रचलित गीतहरू नै लोक गीत हुन् । यस्ता गीतमा दु:खसुख, चालचलन, व्यवहार, विश्वास आदिको चित्रण गरिएको हुन्छ । कठोर हृदयलाई पगाल्नु लोक गीतको विशेषता हो । यस्ता गीतले आफ्ना दु:ख कष्टलाई बिर्साउँछ । भोक र रोग भुलाउँछ । केही लोक गीतका उदारणहरू यसप्रकार छन् – प्रार्थना गीत : मागल, चुड्किला, भजन आदि; संस्कार गीत : रत्यौली, जन्ममृत्युसँग सम्बन्धित गीत आदि; पर्व गीत : तीज, गौरा, भैलो देउसी आदि । हिजोआज प्रचलित लोक गीतमा झ्याउरे, कौरा, मारुनी, सोरठी, देउडा आदि पर्छन् ।

**लोक बाजा**

लोक जीवनमा प्रचलित परम्परागत बाजाहरूलाई लोक बाजा भनिन्छ । हाम्रो समाजमा प्रचलित प्रमुख लोक बाजामा पञ्चैबाजा, मादल, सारङ्गी, बिनायो, मुर्चुङ्गा आदि पर्छन् ।

**लोक धुन**

विभिन्न लोक जीवनमा प्रचलित गीत, सङ्गीत र नृत्यमा प्रयोग हुने परम्परागत धुनलाई लोक धुन भनिन्छ, जस्तै :मालश्री, चाँचरी, सोरठी, बृजभार आदि नेपालका मौलिक लोक धुन हुन् ।

---

***शिक्षण सुझाव***

*स्थानीय तहमा प्रचलित लोक संस्कृतिका बारेमा छलफल गराउनुहोस् ।*

Curriculum Development Centre

#### लोक नृत्य

स्थानीय समुदायमा परम्परादेखि प्रचलित नृत्यलाई लोक नृत्य भनिन्छ, जस्तै : देउसी भैलो, देउडा, बालन, सँगिनी, मारुनी, कौडा, घाटु, ख्याली, सेलो, साकेला, झिझिया, नवदुर्गा नाच, कात्तिके नाच, बाघभैरव नाच, लामा नाच, धान नाच, लाखे नाच, झाँगड नाच, सतार नाच, हुड्के नाच, बारमासे गीत, घरगीत, वसन्त, सवाई, भैली आदि हाम्रा प्रचलित लोक नृत्य हुन् ।

#### क्रियाकलाप

१. नेपाली लोक बाजा, लोक गीत, लोक नृत्य, लोक धुन आदिको संरक्षणका लागि तिमी के के गर्न सक्छौ ? एउटा छोटो योजना बनाऊ ।

२. स्थानीय ठाउँमा प्रचलित लोक गीत कक्षामा प्रस्तुत गर । कसले गाएको ठिक छ ? मूल्याङ्कन समिति बनाई मूल्याङ्कन गर्ने व्यवस्थासमेत गर ।

#### अभ्यास

**तलका प्रश्नको छोटो उत्तर लेख :**

(क) लोक गीत भनेका कस्ता गीत हुन् ? यसका तिन ओटा विशेषता लेख ।

(ख) सात ओटा लोक बाजाहरूको नाम लेख र कुनै दुई ओटाको चित्र बनाऊ ।

(ग) लोक धुन भनेको के हो ? स्थानीय तहमा प्रचलित तिन ओटा लोक धुनको नाम लेख ।

(घ) मालसिरी लोक धुन कुन चाड विशेषमा बनाउने प्रचलन छ ?

(ङ) देउडा गीत कुन क्षेत्रमा प्रचलित छ ?

#### सामुदायिक कार्य

(१) तिम्रो समुदायमा प्रचलित लोक गीतको वर्तमान अवस्था र तिनको संरक्षणका उपाय सम्बन्धमा समुदायमा छलफल गरी कक्षामा प्रस्तुत गर ।

(२) तिम्रो समुदायमा प्रचलित कुनै एउटा लोक गीत सङ्कलन गर र कक्षामा प्रस्तुत गर ।

Curriculum Development Centre

पाठ : ७

# नेपालको प्रथम वैज्ञानिक गेहेन्द्रसमसेर



जनरल गेहेन्द्रसमसेरको जन्म वि. सं. १९२८ को पौष महिनामा भएको थियो । सानैदेखि उनको स्वभाव चञ्चल, तार्किक, लहडी र आफूलाई लागेको काम गरी छाड्ने किसिमको थियो । उनी शारीरिक व्यायाम, खेलकुद, सङ्गीत र नयाँ नयाँ आविष्कारमा रुचि राख्थे । उनलाई केही न केही नौलो र अरूको भन्दा पृथक् काम गरेर देखाउने इच्छा हुन्थ्यो । उनको स्वभावअनुसार बाबु वीरसमसेरले सेनामा भर्ती गरेका थिए । सेनामा रहँदा उनले नेपाली सेनाको हातहतियार, गोलीगट्ठा, बारुद, पटका बनाउने जिम्मा पाएका थिए । त्यस कामका लागि चाहिने साधन स्रोत उनको सिफारिसमा प्राप्त हुने व्यवस्था थियो ।

वि. सं. १९४२ मा वीरसमसेर नेपालका श्री ३ महाराज र प्रधान मन्त्री भए । त्यसपछि गेहेन्द्रसमसेरलाई पनि मन फुकाएर काम गर्ने र धक फुकाएर खर्च गर्ने मौका मिल्यो । उनले नेपाली सेनाका लागि नभई नहुने हातहतियार, गोलीगट्ठा, जुत्ता, बिजुली, धान कुट्ने कल, वायुकल आदि बनाउन थाले । त्यसका लागि उनले जमल, (सेतो दरबार), सुन्दरीजल, बालाजु र ठोसे (रामेछाप) जस्ता ठाउँमा कारखाना खडा गरे । नेपालमा हतियार बनाउनलाई कोइला र फलाम बाहिरबाट ल्याउनुपर्थ्यो । त्यो देखेर उनले नेपालको फलाम र कोइलाको प्रयोग गरेका थिए ।

वि. सं. १९५६ को अन्त्यतिर गेहेन्द्रसमसेरले बेलायतको फोर्ड कम्पनीबाट मोटर झिकाए । त्यो मोटरका एक एक पुर्जा फुकालेर उनले नयाँ बनाउने प्रयास गरे । तर राजा पृथ्वीवीरविक्रम शाहले त्यो मोटर चढ्ने इच्छा गरे । यस कारण उनको प्रयत्न बिचैमा स्थगित भयो ।

गेहेन्द्रसमसेरले आफ्नो निवास सेतो दरबार प्राङ्गणमा धान कुट्ने कल स्थापना गरे । त्यसै गरी हावाकल (wind motor) जडान गरी जमिनभित्रको पानी तान्ने प्रविधिको विकासका साथसाथै छाला प्रशोधन गर्ने कारखाना समेत स्वदेशमै खोले । त्यस कारखानालाई बालाजु छाला कारखाना भनिन्थ्यो । जुन बेलासम्म नेपालीहरूले बिजुली कस्तो हुन्छ भन्ने देखेका थिएनन्, त्यही बेलामा गेहेन्द्रसमसेरले नेपालमा पहिलो पटक बिजुली बालेर देखाइदिएका थिए । उनले पानीभित्र पनि बिजुली बत्ती बाल्न सकिन्छ भनी प्रदर्शनसमेत गरेका थिए । उनले नेपालमा पहिलो पटक बन्दुक बनाएका थिए । यसरी हाम्रो देशमा पहिलो पटक वैज्ञानिक कार्यको प्रारम्भ गरेकाले उनलाई नेपालको पहिलो वैज्ञानिक पनि भनिन्छ । अद्भूत कलाका धनी वैज्ञानिक गेहेन्द्रसमसेरको मृत्यु ३५ वर्षको उमेरमा वि. सं. १९६३ मा भयो ।

---

*शिक्षण सुझाव*

*स्थानीय समुदायमा रही कुनै महत्त्वपूर्ण कार्य गरेका व्यक्तिहरूको योगदानका बारेमा पनि छलफल गराउनुहोस् ।*



Curriculum Development Centre

## क्रियाकलाप

१. विभिन्न समयमा प्रकाशित पत्रपत्रिकाको सहयोगमा वा समाचार सुनेको आधारमा नेपालमा वैज्ञानिक आविष्कार गर्ने वा त्यस क्षेत्रमा काम गर्ने व्यक्तिहरूको नाम र उनीहरूको कामको विवरण तयार पारी कक्षामा प्रस्तुत गर ।

२. तिम्रो समुदायमा भएका आविष्कार र वैज्ञानिकको खोज गरी कक्षामा प्रस्तुत गर ।

## अभ्यास

१. खाली ठाउँ भर :

(क) गेहेन्द्रसमसेरको जन्म .......... मा भएको थियो ।

(ख) गेहेन्द्रसमसेरले बेलायतको .......... बाट मोटर झिकाए ।

(ग) गेहेन्द्रसमसेर ....................... का छोरा थिए ।

२. तलका बुँदाका आधारमा एक अनुच्छेद लेख :

गेहेन्द्रसमसेर

जन्म : वि. सं. १९२८ पौष

मृत्यु : वि. सं. १९६३

- हात हतियार, गोलीगठ्ठा, जुत्ता, बिजुली, धान कुट्ने कल, वायुकल आदि बनाउन कारखाना स्थापना
- सेतो दरबार प्राङ्गणमा वायुकल जडान
- छाला प्रशोधन गर्ने कारखाना स्थापना

३. तलका प्रश्नको उत्तर लेख :

(क) गेहेन्द्रसमसेरले आविष्कार गरेका वस्तुको सूची बनाऊ ।

(ख) तिमीले पछि गएर के के काम गर्ने विचार गरेका छौ ?

(ग) तिम्रो समुदायमा योगदान गर्ने कुनै एक व्यक्तिको नाम र काम लेख ।

(घ) गेहेन्द्रसमसेरको जीवनीबाट तिमीले के के शिक्षा पायौ ?

Curriculum Development Centre

पाठ : ८

# केही ऐतिहासिक व्यक्तित्व

हरेक देशको इतिहास निर्माण गर्ने काममा महत्त्वपूर्ण योगदान पुऱ्याउने व्यक्तिलाई ऐतिहासिक व्यक्तित्व भनिन्छ। नेपालको इतिहास निर्माणका क्रममा प्राचीन कालदेखि आजसम्म धेरै व्यक्तित्वको योगदान रहेको छ । आधुनिक नेपालको इतिहास निर्माणलाई विभिन्न कालखण्ड र चरणमा हेर्न सकिन्छ। यस समयका केही प्रमुख चरण वा मोडका ऐतिहासिक व्यक्तित्वको विवरण तल प्रस्तुत गरिएको छ :

| क्र. स. | नाम | कार्य वा योगदान |
|---|---|---|
| १. | प्रमुख चार सहिद : शुक्रराज शास्त्री, धर्मभक्त माथेमा, गङ्गालाल श्रेष्ठ, दशरथ चन्द | २००७ सालको क्रान्तिको पृष्ठभूमिमा राणा शासनको विरोध र प्रजातन्त्रको स्थापनाका लागि जीवन समर्पण |
| २. | विश्वेश्वरप्रसाद कोइराला | - प्रजातान्त्रिक विचारधाराको नेतृत्व<br>- प्रथम जननिर्वाचित प्रधान मन्त्री<br>- २०३६ सालको आन्दोलनका साथै जनमत सङ्ग्रहमा बहुदलीय व्यवस्थाको पक्षमा वकालत र नेतृत्व |
| ३. | पुष्पलाल श्रेष्ठ | - नेपालमा कम्युनिस्ट पार्टीको स्थापना<br>- कम्युनिस्ट विचारधाराको अगुवाइ |
| ४. | गणेशमान सिंह | - २०४६ को जनआन्दोलनको नेतृत्व<br>- बहुदलीय व्यवस्थाको पुन:स्थापनामा योगदान |
| ५. | कृष्णप्रसाद भट्टराई | - २०४७ सालको अन्तरिम सरकारको प्रधान मन्त्री<br>- नेपाल राज्यको संविधान २०४७ निर्माणमा सक्रिय योगदान |
| ६. | मनमोहन अधिकारी | - नेपालका प्रथम वामपन्थी प्रधान मन्त्री |

***शिक्षण सुझाव***

*स्थानीय तहमा रहेका ऐतिहासिक व्यक्तित्व वा समुदायका हितमा महत्त्वपूर्ण कार्य गरेका व्यक्तित्वका बारेमा छलफल गराउनुहोस्।*



Curriculum Development Centre

| | | |
|---|---|---|
| ७. | गिरिजाप्रसाद कोइराला | - विस्तृत शान्ति सम्झौताको नेतृत्व<br>- नेपालको अन्तरिम संविधान, २०६३ निर्माण र लोकतान्त्रिक गणतन्त्र घोषणा गर्ने कार्यको अगुवाइ |
| ८. | गजेन्द्रनारायण सिंह | - तराई मधेस क्षेत्रको राजनीतिक, सामाजिक, सांस्कृतिक जागरण अभियानका प्रणेता |
| ९. | मङ्गलादेवी श्रेष्ठ | - महिला आन्दोलनकी अगुवा |
| १०. | द्वारिकादेवी ठकुरानी | - नेपालकी प्रथम महिला मन्त्री |
| ११. | रामराजाप्रसाद सिंह | - गणतन्त्रवादी नेता |

**क्रियाकलाप**

पाठमा उल्लिखित व्यक्तित्वबाहेक नेपालको इतिहास निर्माणमा धेरै सहिद, राजनीतिक नेता र व्यक्तित्वको अमूल्य योगदान रहेको छ । विभिन्न पुस्तक अध्ययन गरी राष्ट्रिय, स्थानीय व्यक्तित्वको खोजी गर । त्यस्ता व्यक्तित्वको सूची बनाई कक्षामा टाँस ।

**अभ्यास**

१. तलका प्रश्नको उत्तर लेख :

(क) कस्ता व्यक्तिलाई ऐतिहासिक व्यक्तित्व भनिन्छ ?

(ख) नेपालको आधुनिक इतिहासमा महत्त्वपूर्ण भूमिका खेल्ने कुनै एक व्यक्तित्वको योगदानको छोटो चर्चा गर ।

(ग) देश निर्माणमा सहिदको योगदान सबैभन्दा महत्त्वपूर्ण मानिन्छ । किन ?

२. तिमीले भविष्यमा राष्ट्रका लागि कस्तो योगदान गर्ने विचार गरेका छौ ? छोटकरीमा लेख ।

**सामुदायिक कार्य**

स्थानीय समुदायमा रहेका जान्ने बुझ्ने मानिसलाई सोधेर तिम्रो समाजमा सेवा गर्ने व्यक्तिले गरेका कामको विवरण लेख ।

Curriculum Development Centre

## पुनरावलोकन अभ्यास

### क्रियाकलाप

१. तिमी कुनै पनि धार्मिक संस्कार सम्बद्ध क्रियाकलापमा सहभागी भएका छौ ? छौ भने तिम्रो अनुभव लेख । यदि सहभागी भएका छैनौ भने त्यस्ता कार्यमा संलग्न हुने कुनै व्यक्तिसँग उसका अनुभव टिपोट गर र कक्षामा सुनाऊ ।

२. तिमीले मान्दै आएको कुनै एक धार्मिक संस्कारका बारेमा निम्नानुसारका व्यक्तिहरूको विचार सङ्कलन गरी तालिकामा प्रस्तुत गर :

(क) तिम्रो परिवारको एक जना सदस्यको विचार
(ख) कुनै एक जना शिक्षकको विचार
(ग) कुनै एक जना साथीको विचार
(घ) कुनै एक जना वृद्ध व्यक्तिको विचार
(ङ) आफ्नो विचार

| विचार दिने व्यक्ति | संस्कारमा नगरी नहुने कार्य | विचार | |
|---|---|---|---|
| | | असल पक्ष | सुधार गर्नुपर्ने पक्ष |
| | | | |

३. तिम्रो समुदायमा कुन कुन धर्म मान्ने मानिसहरूको बसोबास छ, पत्ता लगाऊ । धार्मिक परम्परा र संस्कार उपयोग गर्दा आइपर्ने समस्याहरू के के छन्, सूची बनाऊ र तिनका समाधानका उपायहरू कस्ता हुन सक्छन् ? आफ्नो विचार तालिका बनाएर कक्षामा प्रस्तुत गर ।

४. तिम्रो समुदायमा प्रचलित लोक गीत, लोक बाजा, लोक नृत्यहरूका बारेमा आफूभन्दा जान्ने बुझ्ने व्यक्तिसँग सोधपुछ गर । यस्ता लोक संस्कृतिको संरक्षण र संवर्धनका लागि आफ्नो तर्फबाट गर्न सकिने कार्यहरू समावेश गरी एउटा कार्य योजना तयार गर ।

५. तिम्रो समुदायमा रहेका राष्ट्रिय महत्त्वका वस्तुहरू खोजी गर । ती वस्तुको कसरी संरक्षण र उपयोग गर्न सकिन्छ ? बुँदागत टिपोट गर र कक्षामा प्रस्तुत गर ।

© Curriculum Development Centre

एकाइ ३

# सामाजिक समस्या र समाधान




## सिकाइ उपलब्धि

- सामाजिक समस्या र विकृतिको पहिचान गर्न
- अन्धविश्वासबाट उत्पन्न हुने समस्या पहिचान गर्न
- सामाजिक संस्कार विवाह, ब्रतबन्ध, चाडपर्व आदिमा गरिने फजुल खर्चविरुद्धको क्रियाकलापमा सहभागी हुन
- मानव बेचबिखन विरुद्ध चेतना जगाउन र रोकथाममा सहभागी हुन
- सामाजिक समस्या समाधानमा सचेत रही राष्ट्रिय स्तरका सङ्घ संस्था र विद्यालयले गर्ने क्रियाकलापमा सहभागी हुन
- परिवार र छरछिमेकमा हुने द्वन्द्व व्यवस्थापनमा सहयोग गर्न
- द्वन्द्व व्यवस्थापनमा सञ्चारको प्रभावकारी भूमिका उल्लेख गर्न
- दिगो शान्ति स्थापना गर्ने उपायहरूको उपयोग गर्न

Curriculum Development Centre

पाठ : १

# सामाजिक समस्या र विकृति



Curriculum Development Centre

आफ्नो समाजमा भएका सामाजिक समस्या र विकृतिका बारेमा छलफल गर । अनि तलको घटना अध्ययन गरी सामाजिक समस्या र विकृति पहिचान गर है त ! तिमीहरूले खोजे जस्तै आजको एक अखबारमा सामाजिक विकृतिलाई यसरी प्रस्तुत गरिएको छ ।

मणिपुर गाउँमा एक कृषक परिवार छ। त्यो परिवारमा दस वर्षकी छोरी छिन्। उनी घरमै काम गर्छिन्। कृषकको १५ वर्षको छोरो पनि छ। उनी नजिकैको विद्यालयमा नौ कक्षामा पढ्छन्। कृषकले छोरीको विवाह गर्न लाग्दै छन्। तपाईंले किन यति सानै उमेरमा छोरीको विवाह गर्न लागेको भन्दा कृषक भन्छन्, "हाम्रो चलन नै यस्तै छ। छोरीलाई ठुलो भइन्जेल राख्यो भने परिवारको बदनाम हुन्छ। पछि विवाह गर्न पनि कठिन हुन्छ। सानै उमेरमा विवाह गरे पुण्य मिल्छ भन्ने चलन पनि छ। त्यसैले सानै उमेरमा विवाह गर्नुपरेको हो।" कृषक थप्छन्, "छोरी विवाह गर्दा केटा पक्षबाट दाइजो मागिन्छ। छोरीलाई जति धेरै पढायो, उति नै पढेका ज्वाइँ चाहिन्छ। अनि किन झमेलामा पर्ने नि ?"

कृषक आफू खेतबारीमा काम कम गर्छन्। विभिन्न बहाना गरी दिनभर जुवा तासमा रम्ने गर्छन्। उनी जाँड रक्सी पनि सेवन गर्छन्। सकी नसकी भए पनि भोजभतेर चाडपर्व मनाउँदा पूजाआजा, दान धर्म गर्दा आफ्नो क्षमताभन्दा बढी नै खर्च गर्छन्। घर परिवारमा कोही बिरामी परे धामी झाँक्रीकहाँ लैजान्छन्। कसैले अरूलाई बोक्सीको आरोप लगाए पनि पत्याउँछन्।

---

***शिक्षण सुझाव***

*आफ्नो समुदायमा प्रचलित सामाजिक, विकृति, कुरीति र अन्धविश्वासका बारेमा केन्द्रित भई छलफल गराउनुहोस्।*

तिमीहरूले पहिचान गरे जस्तै घटनाबाट निम्नानुसारका सामाजिक समस्या र विकृति पहिचान गर्न सकिन्छ :

- छोरा र छोरीबिच भेदभाव गर्ने
- बाल विवाह गर्ने
- दाइजो प्रथालाई प्रश्रय दिने
- फजुल खर्च गर्ने
- अन्धविश्वास (बोक्सी, धामी झाँक्री आदि) मान्ने
- जुवा तास खेल्ने
- जाँड रक्सी सेवन गर्ने आदि ।

**क्रियाकलाप**

कक्षाका साथी हरेकले आआफ्नो समुदायमा रहेका एक एक ओटा समस्या भन । साथीले भनेका समस्याको सूची बनाऊ । ती समस्या समाधानका एक एक उपायसमेत सङ्कलन गर ।

**अभ्यास**

१. ठिक बेठिक छुट्याऊ :

(क) छोरीलाई दाइजो दिनुभन्दा शिक्षा दिनु राम्रो हो ।

(ख) छोरीको उमेर नपुग्दै विवाह गरे पुण्य मिल्छ ।

(ग) फुर्सदको उपयोग गर्न कहिलेकाहीँ जुवा तास खेल्नु ठिक हो ।

(घ) अन्धविश्वास फजुल खर्च र दाइजो प्रथा समाजबाट उन्मूलन गर्नुपर्छ ।

(ङ) जाँड रक्सी सेवन गर्नु स्वास्थ्यका लागि हानिकारक हुन्छ ।

२. तलका प्रश्नको उत्तर लेख :

(क) तिम्रो समुदायमा कस्ता समस्याहरू छन् ? प्राथमिकताका आधारमा लेख ।

(ख) सामाजिक समस्या र विकृति के कारणले उत्पन्न हुन्छन् ?

(ग) सामाजिक समस्या र विकृति कसरी कम गर्न सकिन्छ ?

**सामुदायिक कार्य**

१. आफ्नो समुदायमा गई त्यहाँ भएका सामाजिक समस्या र विकृतिहरू सङ्कलन गर र तिनको सूची बनाऊ । समुदायका वृद्धवृद्धासँग उक्त समस्या र विकृति समाधानका उपायका बारेमा छलफल गर ।

२. तिम्रो समुदायमा सामाजिक विकृतिबाट पीडित परिवारसँग भेटेर त्यसबाट बच्ने उपायबारे खोजी सोको आधारमा अनुच्छेद तयार पारी अभिभावकलाई सुनाऊ ।

Curriculum Development Centre

पाठ : २

# सामाजिक समस्या र विकृतिका कारण

हाम्रो समाजमा रुढिवादी परम्परा र अन्धविश्वास रहेका छन् । यसले गर्दा समाजको सन्तुलित विकासमा बाधा परिरहेको छ । यस्ता विकृति आउनाको कारण पत्ता लगाई समाधानका उपायहरूको खोजी गर्नु आवश्यक छ । हाम्रा समाजमा रहेका केही मुख्य समस्या र विकृतिका कारण र समाधानका उपायहरूलाई यसरी तालिकामा प्रस्तुत गर्न सकिन्छ :

| समस्या र विकृति | कारण | समाधानका उपायहरू |
|---|---|---|
| १. बाल विवाह | - रुढिवादी परम्परा<br>- गरिबी<br>- धर्मका नाममा गरिएको कुप्रचार | - चेतनामूलक अभियान सञ्चालन गर्ने<br>- रोजगारमूलक कार्यप्रति सबैलाई आकर्षित गर्ने<br>- कानुनी प्रावधानको जानकारी दिने |
| २. छोरा र छोरीबिच भेदभाव | - परम्परागत सोच<br>- पैतृक सम्पत्तिप्रतिको हक<br>- रुढिवादी प्रचलन | - समान हक र अवसर प्रदान<br>- आफ्नो हक, अधिकार र र अवसर प्राप्तिका लागि प्रोत्साहित गर्ने |
| ३. दाइजो प्रथालाई प्रश्रय | - चेतनाको अभाव<br>- कुप्रथाको निरन्तरता<br>- देखासिकी | - दाइजो लिन र दिन बन्देज गर्ने<br>- सामाजिक बहिष्कार गर्ने<br>- शिक्षाको अवसर दिने |
| ४. अन्धविश्वास (बोक्सी, धामी, झाँक्री आदि) | - आडम्बर र लोभी प्रवृत्ति<br>- अशिक्षा<br>- रुढिवादी सामाजिक चिन्तन | - सामाजिक सङ्घ संस्थामार्फत् जनचेतना फैलाउने<br>- यस्ता कार्य गर्नेलाई सामाजिक बहिष्कार गर्ने र कानुनी कारबाहीका लागि सहयोग गर्ने |
| ५. फजुल खर्च | - भड्किलो सोच<br>- देखासिकी | - फजुल खर्च गर्नेलाई सम्झाउने<br>- मितव्ययी भई व्यवहार प्रदर्शन गर्ने |

***शिक्षण सुझाव***

*आफ्नो समाजमा प्रचलित सामाजिक समस्या र विकृतिका कारण र तिनबाट बच्ने उपाय तथा समस्या समाधानका तरिकाका बारेमा केन्द्रित भई छलफल गराउनुहोस् ।*



Curriculum Development Centre

| समस्या र विकृति | कारण | समाधानका उपायहरू |
|---|---|---|
| ६. जुवा तास र मादक पदार्थ सेवन | - परम्पराका नाममा भित्रिएको कुसंस्कार<br>- बेरोजगारी, अल्छीपना, नराम्रो सङ्गत, महिलाहरूको अन्याय पनि सहने बानी, कानुनको कार्यान्वयन नहुनु आदि | - महिला समूह गठन गरी यस्ता कार्यलाई पूर्ण रूपमा बन्देज गर्नुपर्ने<br>- सामाजिक बहिष्कार गर्ने<br>- रोजगारीका क्षेत्रहरू बढाउने<br>- यस्ता व्यक्तिको सङ्गत हटाउने<br>- कानुनी कारबाही गर्ने |

**क्रियाकलाप**

**तलको अनुच्छेद पढी सामाजिक समस्या पत्ता लगाई समाधानको उपाय खोजी गर :**

प्रभुनारायणले आफ्नै छोरी सोनवाको पढाइ छुटाइदिए । भरखर १५ वर्ष पुगेकी सोनवा पढ्न पाइनँ भनेर झगडा गर्न सक्ने अवस्थामा थिइनन् । अहिले उनी पूर्ण गृहिणी भएर बसेकी छन् । घर बाहिर उनी आफ्नै खेतबारी र करेसाबारीसम्म जान्छिन् । परिवारसँग भन्दा बाहिर जाने अनुमति सोनवालाई छैन । अनि कक्षा पाँचमा पढ्दै गरेकी छोरीको पढाइ छुटाउँदा सोनवाका पिता प्रभुनारायणलाई पनि कुनै पछुतो छैन । उल्टै भोलि छोरी नबिक्ली र समाजले पानी बार्ला भन्ने चिन्तामा थिए, प्रभुनारायण ।

किन छोरीहरूमाथि यसरी भेदभाव भइरहेको छ त ? भन्ने प्रश्नमा स्थानीय अर्का समाज सेवी योगन्द्रप्रसाद यादव थप्छन्, छोरी विवाह गर्दा केटा पक्षबाट दाइजो मागिन्छ जति धेरै छोरीलाई पढायो, त्यस्तै ज्वाइँ पनि शिक्षित चाहिन्छ, दाइजो पनि बढी चाहिन्छ । अशिक्षित समाजमा धेरै पढेका छोरीलाई कसले पो विवाह गर्छ र ? यसै सम्बन्धमा समाज सेवी यादव भन्छन्, 'हामीसँग सम्पन्नता र सुलभता छ तर छोरीहरूका बारेमा बोल्न सक्दैनौँ । बन्देजमा राख्छौँ । यस्तो कुसंस्कारविरुद्ध छोरीको पक्षमा बोलेर किन समाजबाट बहिष्कार भइरहने, हैन र हजुर ?'

*साभार : नेपाल समाचारपत्र*

दाइजो प्रथालगायत माथि उल्लिखित सामाजिक समस्या र विकृतिका असरका बारेमा परिवारका मान्यजनलाई सोधी टिपोट तयार पार । उक्त टिपोट साथीभाइसँग छलफल गरी सुधार गर र कक्षामा सुनाऊ ।

**अभ्यास**

**तलका प्रश्नको उत्तर लेख :**

(क) 'चाडपर्वमा बढी खर्च गर्ने चलनले गरिबी बढाएको छ ।' यो भनाइलाई पुष्टि गर ।
(ख) 'जातीय आधारमा छुवाछुत गरिने हुनाले समाजमा समस्या उत्पन्न भएको छ ।' यस भनाइबारे आफ्नो तर्क प्रस्तुत गर ।
(ग) सामाजिक समस्या र विकृति समाधान गर्न तत्काल र दीर्घकालमा के कस्ता उपाय अपनाउनुपर्ला ?



Curriculum Development Centre

पाठ : ३

# मानव बेचबिखन

(रातको ११ बजिसकेको छ । निद्रा लागेको छैन, पानमाया निदाउन बल गर्छिन्, उनको मनमा धेरै कुरा खेलिरहेका छन् ।)

(बेचिएर विदेश पुगेर फर्किएकी पानमाया आफ्नो विगत सम्झँदै ओच्छ्यानमा पल्टिरहेकी छिन् ।)

उफ् ! जति बिर्सिन खोज्यो, उति गाढा भएर आउँछन्, ती घटनाहरू ।

आफ्नै बुद्धि र गरिबीले नै त हो, यस अवस्थामा पुऱ्याएको । मैले पनि सानैदेखि विद्यालय गएर पढ्ने अवसर पाएको भए...! अनि घरमा गरिबी नहुँदो हो त, म पनि आज विद्यालयमा शिक्षक हुन्थेँ होला । यसरी विदेशी सहरमा बेचिनुपर्ने थिएन होला । पढाउने काम मलाई साह्रै मन पर्थ्यो ।

मलाई बरबाद गर्नेलाई म पानीमुनि गए पनि छोड्दिनँ । त्यसलाई पक्रेर कानुनी कारबाही नगराएसम्म त्यस्ता अपराधीहरूको मनोबल अझै बढ्छ र म जस्ता सोझा चेलीले बेचिइरहनुपर्छ ।

चिन्दै नचिनेकाले "म तिमीलाई माया गर्छु, विवाह गर्छु" भन्दा छिट्टै विश्वास गरिहाल्ने म पनि कति बुद्धू र सोझी रहेछु । उसैले आफन्त भेट्न जाने भनेर विदेशमा लगेर बेच्यो ।

मेरै परिवारमा मात्र किन समस्या आइरहन्छन् होला ! कान्छो भाइ पनि गाउँमा खेतीपाती गर्न जाँगर नगरेर सहर पस्यो । होटेलमा भाँडा माझ्ने बालश्रम गर्न बाध्य भयो । होटेल मालिकको दुर्व्यवहार सहन नसकी रिन गरेर विदेश जाने रहर गऱ्यो । दलालको जालमा परेर पैसा पनि डुबायो । अहिले नक्कली पासपोर्टको कारण विदेशको जेलमा परेर धेरै दुःख पाएको छ अरे । यी मानव तस्करलाई कसले कारबाही गर्ने ? मेरो भाइ जस्ता सोझाको गरिबीको फाइदा उठाएर मानव बेचबिखन गर्नेविरुद्ध कहिले कारबाही होला ? जिम्मेवार निकायले यसलाई व्यवस्थित गर्न सके यस्ता विकृतिहरूमा सुधार आउन सक्थ्यो कि ! ऊ पनि त बुझेर गएको भए त्यस्तो हुन्नथ्यो होला नि श्रम स्वीकृति छ कि छैन, कस्तो वैदेसिक रोजगार कम्पनी हो, कति पैसा लाग्ने हो, के काम गर्ने हो, कामका लागि तालिम लिनुपर्ने नपर्ने, तालिम कहाँ लिने जस्ता कुरा नबुझी विदेशमा त पैसैपैसा बर्सिने जस्तो गरी गयो । आखिर दुःख पायो । (पानमाया उठेर पानी खान्छिन् अनि ओछ्यानमा पल्टिन्छिन् ।)

धन्य ! बेचिएका चेलीको उद्धारमा कार्यरत संस्थाको पहलमा समयमै म त्यस नरकबाट बाहिर आउन पाएँ । आज एउटा पुनःस्थापना केन्द्रमा तालिम र पढाइलाई अघि बढाइरहँदा केही गर्ने आँट बढेर आएको छ ।

अब मैले चार ओटा कुरा गर्नेपर्छ ।

Curriculum Development Centre

पहिलो, मलाई फसाउने दलाललाई पक्रेर प्रहरी प्रशासनको जिम्मा लगाउने; दोस्रो, आफू संरक्षित संस्था मार्फत आफ्नो गाउँमा साक्षरता र चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने; तेस्रो, विदेशमा आफू जस्तै बेचिएका चेलीहरूको उद्धार कार्यमा संलग्न रहने; चौथो, भाइ जस्ता ठगिएकालाई कारबाही गर्न प्रहरी प्रशासनमा उजुरी गरी न्याय प्रदान गर्न लागिपर्ने ।

(यी कुराहरू सोच्दै जाँदा उनका मनमा दु:ख पाएका चेलीबेटीको उद्धारमा संलग्न अग्रणी महिलाहरूको याद आउँछ । यिनै याद सँगाल्दै उनी निदाउँछिन् ।)

## क्रियाकलाप

१. विभिन्न पत्रिकामा प्रकाशित मानव बेचबिखनसँग सम्बन्धित समाचारहरू सङ्कलन गरी कक्षामा प्रस्तुत गर र उत्कृष्ट समाचारलाई विद्यालयको सूचना पाटीमा टाँस ।

२. चेलीबेटी बेचबिखन सम्बन्धी चेतनामूलक गीत, कविता, कथा वा नाटक तयार पार र कक्षामा प्रस्तुत गर ।

३. 'मानव बेचबिखन जघन्य अपराध हो' भन्ने विषयमा आफ्नो भनाइ राख ।

४. सामाजिक विकृति र समस्या पहिचान गर्न साथीसँग छलफल गर ।

५. पानमायालाई परेका जस्तै समस्याहरू तिम्रो समुदायमा कसैलाई परेको छ ? समुदायमा कार्यरत सामाजिक संस्था वा व्यक्तिलाई भेटेर सोधपुछ गरी जानकारी लेऊ र कक्षामा प्रस्तुत गर ।

## अभ्यास

तलका प्रश्नको उत्तर लेख :

(क) सामाजिक विकृति भन्नाले के बुझिन्छ ?

(ख) सामाजिक विकृतिको मुख्य कारण गरिबी र अशिक्षा हो । यस भनाइप्रति आफ्ना सहमति वा असहमतिका बुँदाहरू प्रस्तुत गर ।

(ग) तिम्रो समुदायमा भएका सामाजिक विकृतिहरूको सूची तयार पार ।

(घ) पानमायाले गर्ने भनेका चार कुरामध्ये तिमीलाई मन परेको कुनै एउटा कुरा लेखी मन पर्नाको कारण समेत लेख ।

पाठ : ४

# सामाजिक समस्या समाधानका उपाय

**अघिल्लो पाठको प्रसङ्ग र समाजमा रहेका अन्य विकृति तथा समस्यामा आधारित भई तयार पारेको तलको प्रतिवेदन अध्ययन गर :**

**सामुदायिक कार्यको प्रतिवेदन**

**हाम्रो समुदायका सामाजिक समस्या र विकृति**

(क) परिचय

नेपाल विभिन्न जातजाति, वर्ग, समुदाय मिलेर बनेको देश हो । त्यसैले यहाँ विभिन्न प्रकारका रीतिरिवाज, धर्म संस्कृति, चालचलन, बानी बेहोरा आदि रहेका छन् । मानिसहरूले आआफ्नै प्रकारका पेसा, व्यवसाय गरी जीवन निर्वाह गरिरहेको पाइन्छ । हाम्रो समुदाय पनि यस्तै समाजको एउटा उदाहरण हो । हाम्रो समुदायमा विभिन्न प्रकारका सामाजिक मूल्य, मान्यताहरू प्रचलित छन् । यस्ता मूल्य मान्यतामा कतिपय राम्रा पक्षहरू छन् । एकले अर्कोलाई सहयोग गर्ने, मिलेर बस्ने, धार्मिक सहिष्णुता कायम राख्ने, अतिथि सत्कार गर्ने जस्ता राम्रा पक्षहरू पनि छन् । त्यस्तै हाम्रो समुदायमा केही सामाजिक विकृति र समस्याले पनि सताइरहेको अवस्था छ । त्यस्ता विकृति र समस्याको अध्ययन गर्न सामुदायिक कार्यअन्तर्गत यो प्रतिवेदन तयार गरिएको हो ।

(ख) सामुदायिक कार्यको उद्देश्य

१. समुदायमा भएका सामाजिक विकृति र समस्या पहिचान गर्नु

२. त्यस्ता सामाजिक विकृति र समस्या समाधानका उपायका बारेमा सुझाव सङ्कलन गर्नु

(ग) सामुदायिक कार्यको विधि

१. समूह विभाजन गरी प्रश्नावली तयार गर्ने र प्रश्नावलीका आधारमा समुदायमा सोधपुछ गर्ने

२. समूहबाट जानकारी सङ्कलन गरी सामाजिक विकृति र समस्याको अन्तिम सूची तयार गर्ने

३. समस्या समाधानका उपायसहितको सामुदायिक कार्यको छोटो प्रतिवेदन तयार गर्ने र कक्षामा प्रस्तुत गर्ने

(घ) सामुदायिक कार्यबाट प्राप्त सूचना तथा जानकारी

सामुदायिक कार्यअन्तर्गत कक्षाका सबै विद्यार्थी मिलाएर बनाइएका तिन ओटा समूहबाट ल्याएका सूचना तथा जानकारीमा विविधता पाइयो । सबै समस्यालाई एकीकृत गरी प्रस्तुत गरिएको छ :

समूह कार्यबाट प्राप्त सामाजिक विकृति र समस्याहरूमा परम्परागत रुढिवाद र अन्धविश्वास, यौन दुराचार, देह व्यापार, श्रम शोषण, मद्यपान, मादक पदार्थ सेवन, बाल श्रम शोषण, लागु पदार्थ दुर्व्यसनी, फजुल खर्च, लागु पदार्थ ओसारपसार र बिक्री वितरण, महिला पुरुष र छोराछोरीबिच भेदभाव, चुरोट, खैनी, सूर्ती, तमाखु सेवन, धनी र गरिबबिच भेदभाव,अशक्त, असहाय र अपाङ्गप्रति अपहेलना, मानव अपहरण तथा हत्या, दाइजो प्रथा, चन्दा आतङ्क, जुवा, तास, मानव अङ्ग बिक्री, चोरी, डकैती, हलिया, गोठाला कमैया प्रथा, दासदासी, कमारा कमारी प्रथा, अवैध धन्दा, मानव बेचबिखन, छुवाछुत आदि रहेका छन् ।

### *शिक्षण सुझाव*

*स्थानीय समुदायमा समस्याका रूपमा रहेको कुनै एक समस्या वा विकृतिमा आधारित भई कुनै एक सामुदायिक कार्यको प्रतिवेदन तयार गर्न लगाउनुहोस् र कक्षामा छलफल गराउनुहोस् ।*

Curriculum Development Centre

(ङ) **समस्याका कारण**

समस्या समाधानका लागि सर्वप्रथम समस्याको कारण पहिचान गरी त्यसको समाधान गर्नुपर्ने सुझाव प्राप्त भएका थिए । हाम्रो समुदायका सामाजिक विकृति र समस्याका कारण यस प्रकार पाइए :

१. रुढिवादी परम्परा, सामाजिक बन्धन र अन्धविश्वास
२. चरम गरिबी र आर्थिक समस्या
३. अनियन्त्रित जनसङ्ख्या र बसाइँ सराइ
४. शिक्षाको पहुँच र अवसरको कमी
५. वर्गीय, जातीय र क्षेत्रीय भेदभाव
६. दण्डहीनता

(च) **समाधानका उपाय**

१. शिक्षाको अवसर र पहुँचमा वृद्धि गर्नुपर्ने
२. चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने
३. गरिबी निवारणका कार्यक्रम सञ्चालन गर्ने
४. रोजगारीको व्यवस्था गर्ने
५. जनसङ्ख्या नियन्त्रण र व्यवस्थापन गर्ने
६. राष्ट्रिय आय र बजेटको समतामूलक वितरण गर्ने
७. स्थानीय ज्ञान, सिप र प्रविधिको विकास गर्ने
८. दण्डहीनताको अन्त्य गर्ने

**अनुसूची**

**समूह कार्यका लागि प्रश्नावली**

१. हाम्रो समुदायमा कस्ता कस्ता सामाजिक विकृति र समस्याहरू रहेको महसुस गर्नुभएको छ ? ती के के हुन् ?
२. यस्ता सामाजिक विकृति र समस्याका कारण के हुन् र तिनको समाधान कसरी गर्न सकिएला ? कुनै उपाय देख्नुभएको छ ?
३. यसबारेमा तपाईंको थप केही भन्नु छ कि ?

उत्तरदाताको नाम : .......................... उमेर : ........... लिङ्ग : ...............

यसरी माथिका सुझाव सरकार, स्थानीय समुदाय, सङ्घ संस्था र नागरिक समुदायलगायत सबै मिलेर कार्यान्वयनमा ल्याउनुपर्छ । यसका लागि विद्यालय र राष्ट्रिय सामाजिक सङ्घ संस्थाहरूले चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, आयआर्जन र स्वरोजगारका कार्यक्रम सञ्चालन गर्ने जस्ता कार्य गर्न सक्छन् ।

## अभ्यास

१. **उत्तर भन :**

(क) पाठमा केका बारेमा प्रतिवेदन तयार पारिएको छ ?

(ख) प्रतिवेदनको उद्देश्य के रहेछ ?

(ग) सामुदायिक कार्य गर्न कस्तो विधि अपनाइएको छ ?

(घ) तिमीले समाधानका उपायहरू बनाउनु परे के के लेख्छौ ?

२ **तलका प्रश्नको उत्तर लेख :**

(क) तिम्रो समुदायमा भएका सामाजिक समस्या र विकृतिको सूची तयार पार ।

(ख) सामाजिक समस्या र विकृतिका मुख्य पाँच कारण लेख ।

(ग) सामाजिक समस्या र विकृति समाधानका के कस्ता उपाय हुन सक्छन् ? सूची बनाऊ ।

Curriculum Development Centre

पाठ : ५

# सामाजिक समस्या समाधानमा विद्यालय र राष्ट्रिय सङ्घ संस्थाको भूमिका

हाम्रो समाजमा विभिन्न सामाजिक समस्या छन् । तिनको समाधानमा विद्यालय र राष्ट्रिय सङ्घ संस्थाको भूमिकाबारे तिम्रो छिमेकी विद्यालयका साथीहरूले गरेको संवाद यस प्रकार छ :

विमला : निङ्मा ! हाम्रो समाजमा भएका मुख्य सामाजिक समस्याका बारेमा अघिल्ला कक्षामा छलफल गऱ्यौँ । ती समस्या समाधानमा हामी र हाम्रो विद्यालयले कस्तो भूमिका निर्वाह गर्नुपर्ला ?

निङ्मा : विद्यालय सामाजिक सभ्यताको प्रतीक हो । चरित्र निर्माणमा विद्यालयको ठुलो भूमिका रहेको हुन्छ । स्वावलम्बनको पाठ सिक्नु, अनुशासनमा रहनु, आफ्नो परम्परा र रीतिस्थितिको ज्ञान पाउनु पनि विद्यालयमा दिइने असल शिक्षाका उदाहरण हुन् । खर्चिलो रहनसहनबाट समाजमा पर्न सक्ने कुप्रभावप्रति सजगता अपनाउन पनि असल शिक्षा नै चाहिन्छ ।

विमला : तिमीलाई त धेरै थाहा रहेछ । विद्यालयमा गरिने अतिरिक्त क्रियाकलाप र रचनात्मक गतिविधिको माध्यमबाट पनि आपसमा मेलमिलापको भावना जागृत हुन्छ । साथै आपसी छलफलबाट सामूहिक काम गर्ने बानीको विकास हुन्छ । यसबाट समानताको भावना जागृत भई सामाजिक विकृति सिर्जना हुन दिँदैन ।

निङ्मा : विद्यालय शिक्षाको केन्द्र हो । विद्यालयका शिक्षक र विद्यार्थीको आनीबानी र अनुशासन अनुकरणीय भएमा यसको प्रभाव समाजमा पर्छ । त्यसैले विद्यालयको त महत्त्वपूर्ण भूमिका रहन्छ हैन र ?

विमला : हो त, विद्यालयले उत्पादन गरेको जनशक्तिले नै पछि गएर समाजको नेतृत्व गर्ने हुँदा विद्यालयले चरित्र विकासमा विशेष नमुना देखाउनुपर्छ । कसो निङ्मा ?

निङ्मा : अनि सामाजिक समस्या समाधानमा राष्ट्रिय सङ्घ संस्थाको भूमिका नि ?

विमला : सामाजिक समस्या र विकृति समाधान गर्ने उद्देश्यले धेरै सङ्घ संस्था कार्यरत छन् । कोही अन्तर्राष्ट्रिय, कोही राष्ट्रिय र कोही स्थानीय रूपमा कार्यरत छन् । तीमध्ये राष्ट्रिय

---

*शिक्षण सुझाव*

*स्थानीय समुदायमा रहेका विभिन्न सङ्घ संस्था र विद्यालयले गरेका कामहरूका माध्यमबाट सामाजिक समस्या समाधानमा तिनको भूमिकाका बारेमा छलफल गराउनुहोस् ।*



Curriculum Development Centre

रूपमा कार्यरत धार्मिक, सामाजिक र संस्कृतिक सङ्घ संस्थालाई प्रमुख मानिन्छ । यस्ता सङ्घ संस्थाहरूको गुठी, मठ, मन्दिर, चैत्य, गुम्बा, विहार, मस्जिद, क्लबसँग प्रत्यक्ष सम्बन्ध रहेको हुन्छ । यिनीहरू दैनिक रूपमा समाजका विभिन्न तहका मानिससँग पुग्छन् । सेवाको भावनाले काम गर्छन् । अत: यस्ता सङ्घ संस्थाले आफ्नो गतिविधि र क्रियाकलापको मूल्याङ्कन गरी सही सूचना उपलब्ध गराउनुपर्छ । यसले सबैलाई सहयोग पुऱ्याउँछ ।

निङ्मा : पेसागत सङ्घ सङ्गठनले पनि गरिबी निवारण, शिक्षाको विकास, जनसङ्ख्या नियन्त्रण जस्ता कार्यहरूमा सहयोग गर्न सक्छन् । यिनीहरूले समाजमा हुने र भइरहेका सामाजिक विकृतिहरू हटाउन विभिन्न चेतनामूलक तथा सन्देशमूलक कार्यक्रम गर्छन् । यसले पनि सहयोग पुऱ्याउँछ, होइन र ?

विमला : हो, निङ्मा । त्यसै गरी उद्योगी व्यवसायीहरूको संस्था तथा सिविन, माइती नेपाल जस्ता गैरसरकारी संस्थाहरूले सामाजिक विकृति हटाउन विभिन्न कार्यक्रम सञ्चालन गर्छन् । त्यस्तै सुझाव, सल्लाह र निर्देशनका साथ स्रोत र साधन दिई सहयोग पनि गर्छन् ।

निङ्मा : हो, हामीले पढे जस्तै अनुशासनमा बस्ने, आदर सत्कारलाई आफ्नो अनिवार्य कर्तव्य ठान्नुपर्छ । त्यस्तै आफूखुसी नगर्ने र सबैप्रति सद्भाव जगाउने बानीको विकास गर्नुपर्छ । बाहिरी संस्कृतिको प्रभावमा परेर आफ्नो मौलिक शैलीलाई छाड्न हुँदैन । यसले हामी सबैको मौलिक पहिचान दर्साउँछ ।

विमला : लौ त आज धेरै छलफल भयो । आजलाई छुट्टिऔँ । भोलि पनि थप छलफल गरौँला ।

### क्रियाकलाप

१. तिम्रो समुदायमा रहेका सामाजिक समस्या र विकृति विरुद्ध कार्य गर्ने व्यक्तिलाई विद्यालयको तर्फबाट दिइने प्रशंसा पत्रको नमुना तयार पार ।

२. सामाजिक समस्या समाधानमा विद्यालयको भूमिकाबारे छलफल गरी प्रतिवेदन प्रस्तुत गर ।

### अभ्यास

तलका प्रश्नका उत्तर लेख :

(क) तिम्रो समाजमा कार्यरत सङ्घ संस्थाहरूको सूची बनाऊ ।

(ख) तिम्रो समाजमा भइरहेका राम्रा र नराम्रा कामहरू टिपोट गर ।

(ग) "विद्यालय सामाजिक सभ्यताको प्रतीक हो" यस भनाइलाई पुष्टि गर ।

(घ) विद्यालयले के कसरी सामाजिक समस्या समाधानमा सहयोग पुऱ्याउँछ ? लेख ।

(ङ) सामाजिक समस्या समाधानका लागि राष्ट्रिय सङ्घ संस्थाको भूमिकाबारे एक अनुच्छेद लेख ।

### सामुदायिक कार्य

तिम्रो विद्यालय वरपर वा समुदायमा भएका सङ्घ संस्थामा सम्पर्क राखी सामाजिक समस्या समाधान गर्न भएका प्रयासहरू सङ्कलन गरी कक्षामा प्रस्तुत गर ।



Curriculum Development Centre

पाठ : ६

# द्वन्द्व व्यवस्थापन

**पढ र छलफल गर :**

**द्वन्द्व के हो ?**

(क) द्वन्द्व भनेको मानिस वा समूह वा विचारका बिचमा विवादको अवस्था हो ।

(ख) सही सूचना आदान प्रदान नहुँदा वा गलत समाचार प्रसारणले पनि द्वन्द्व सिर्जना गर्छ ।

**परिवार तथा छरछिमेकमा द्वन्द्व हुनुका मुख्य कारणहरू**

(क) गलत सूचना वा सन्देश प्रवाह हुनु

(ख) वास्तविकता थाहा नभई गलत सन्देश बाहिर जानु

(ग) परिवार वा छरछिमेकमा विवाद हुन जानु

(घ) एकले अर्कोलाई सम्मान नगर्नु वा हेप्न खोज्नु

(ङ) सूचनामा अवरोध वा गलत बुझ्नु

(च) स्वार्थ बाझिनु

(छ) जिम्मेवारी पुरा नगर्नु

(ज) पक्षपातपूर्ण व्यवहार

(झ) बल प्रयोग

(ञ) सामाजिक असमानता

(ट) सकारात्मक सोचको अभाव

(ठ) असल राजनीतिक संस्कारको अभाव

**परिवार तथा छरछिमेकमा द्वन्द्व समाधानका उपाय**

द्वन्द्व सिर्जना भएपछि त्यसको त्यसको समाधान गरिएन भने त्यसले दुष्परिणाम ल्याउँछ । त्यसैले समयमै द्वन्द्व समाधान गर्नुपर्छ । द्वन्द्व हुनुको खास कारण पहिल्याई द्वन्द्व कम गर्ने वातावरण सिर्जना गर्नुपर्छ । द्वन्द्व समाधानका केही उपाय यस प्रकार छन् :

---

*शिक्षण सुझाव*

*यस पाठको मुख्य उद्देश्य द्वन्द्व व्यवस्थापन सम्बन्धी ज्ञान सिप प्रदान गर्नुभएकाले विभिन्न व्यावहारिक समस्या प्रस्तुत गरी समाधानका लागि छलफल गराउनुहोस् ।*



Curriculum Development Centre

(क) सम्मानपूर्वक समान व्यवहार गर्ने
(ख) अरूको कुरा ध्यानपूर्वक सुन्ने
(ग) स्पष्ट भाषा र अभिव्यक्तिको प्रयोग गर्ने
(घ) आवश्यकता, चाहना बुझ्ने
(ङ) समान अवसर र सहभागिता सुनिश्चित गर्ने
(क) आपसमा सुमधुर सम्बन्ध कायम गर्ने
(ख) पारदर्शी व्यवहार गर्ने
(ग) द्वन्द्व सिर्जना भएमा छलफल गरी द्वन्द्व हटाउने
(घ) सकारात्मक सञ्चार गर्ने
(ङ) स्पष्ट बुझिने र प्रभावकारी रूपमा जानकारी र सूचना प्रसार गर्ने

**क्रियाकलाप**

१. तिम्रो कक्षामा शिक्षक र विद्यार्थी तथा विद्यार्थी विद्यार्थीबिच मनमुटाव वा द्वन्द्व सिर्जना भयो भने त्यसको समाधान कसरी गर्न सकिन्छ ? छलफल गरी उपाय निकाल ।

२. परिवार र छरछिमेकमा द्वन्द्व सिर्जना भएमा त्यसबाट पर्ने प्रभावको सूची तयार गरी प्रभावकारी द्वन्द्व व्यवस्थापनका उपाय प्रस्तुत गर ।

**अभ्यास**

१. तलका प्रश्नको उत्तर लेख :

(क) द्वन्द्व भनेको के हो ? द्वन्द्वले कस्तो समस्या ल्याउँछ ?
(ख) द्वन्द्व सिर्जना हुनुको तिन कारण लेख ।
(ग) द्वन्द्व सिर्जना हुन नदिन के गर्नुपर्छ ?
(घ) द्वन्द्व सिर्जना भयो भने कसरी समाधान गर्नुपर्छ ?
(ङ) तिमी र साथीबिच द्वन्द्व सिर्जना भयो भने तिमी के गर्छौ ?

२. खाली ठाउँ भरी वाक्य पुरा गर :

(क) मानिस वा समूह वा विचार विचारबिचमा विवादको अवस्था ................. हो ।
(ख) ................. कारणले द्वन्द्व सिर्जना हुन जान्छ ।
(ग) द्वन्द्व सकारात्मक र .......... गरी दुई प्रकारका हुन्छन् ।
(घ) द्वन्द्वको खास कारण पहिचान भएमा द्वन्द्व .......... गर्न सजिलो हुन्छ ।

Curriculum Development Centre

पाठ : ७

# गलत सञ्चार र त्यसको प्रभाव

**तलको घटना अध्ययन गर :**

आदर्श माध्यमिक विद्यालय आफ्नो क्षेत्रकै राम्रो विद्यालय मानिन्थ्यो । त्यस विद्यालयको व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक र विद्यार्थीबिच राम्रो सम्बन्ध थियो । सबैले विद्यालयको शैक्षिक विकासमा सक्दो सहयोग गर्दथे तर अघिल्लो वर्षको जिल्ला स्तरीय परीक्षामा कक्षाको पहिलो भएको विद्यार्थीलगायत सात जना असफल भए । सबैलाई गणित विषय लागेछ तर अरू विद्यार्थीले गणित विषयमा उत्कृष्ट अङ्क ल्याएका थिए । गणित शिक्षकले आधुनिक तरिकाले पढाउँथे । सबै विद्यार्थी पनि सन्तुष्ट थिए । तर विद्यालयको गुणस्तर खस्केको भनेर जताततै चर्चा चल्यो । स्थानीय एउटा पत्रिकाले गणित शिक्षक कमजोर भएकाले गणित विषयमा विद्यार्थी असफल भएको कुरालाई समाचार बनाएछ । त्यस्तै स्थानीय रेडियो र टिभीले पनि घटनालाई उचाले । यसले गर्दा अभिभावक पनि गणित शिक्षकसँग रिसाए । त्यस्तै व्यवस्थापन समिति र प्रधानाध्यापक पनि रिसाए । उनलाई विद्यालयबाट विद्यार्थी असफल भएकोमा स्पष्टीकरण सोधियो । यसबाट गणित शिक्षक धेरै हतोत्साही भए । त्यसपछि उनको व्यवस्थापन समिति, प्रधानाध्यापकसँग राम्रो बोलचाल पनि भएन । गणित शिक्षकले पहिलेकै जस्तो मिहिनेत पनि गर्न छोडे । कहिल्यै विद्यार्थी नपिट्ने गणित शिक्षकले विद्यार्थी पनि पिट्न थाले । विद्यार्थी पनि उनीसँग बोल्न छाडे । यस परिस्थितिमा अरू वर्षको नतिजामा झन् आधा विद्यार्थी असफल भए । यसले प्रधानाध्यापकलाई बेस्सरी चिन्तित तुल्यायो । त्यसपछि उनले यसको कारणको खोजी गर्न कार्यमूलक अनुसन्धान गरे । कार्यमूलक अनुसन्धान गर्दा निम्न लिखित तथ्य फेला पर्‍यो :

१. पहिलो वर्ष गणित विषयमा असफल भएका विद्यार्थी गणित परीक्षाको दिन गाउँमा आएको झाडा पखालाको कारण बिरामी भएछन् । त्यसैले उनीहरू गणितको परीक्षाका दिन लेख्न नसकेका कारण असफल भएका रहेछन् ।

२. वास्तविक कारण थाहै नपाई पत्रपत्रिका, रेडियो, टिभीले खास समाचार प्रसारण गरेको कारणले शिक्षकको मनोबल खस्केको रहेछ ।

३. समाचार माध्यमहरूमा जताततै समाचार आएको कारण व्यवस्थापन समिति र प्रधानाध्यापकले खास कारण पहिचान नगरी शिक्षकलाई कारबाही गर्न खोज्दा त्यसको प्रभाव झन् उल्टो पर्न गएछ ।

४. शिक्षक र प्रधानाध्यापकबिच मनमुटाव हुँदा त्यसको असर विद्यालयमा पर्न गएछ ।

५. शिक्षक र विद्यार्थीबिच पनि बोलचाल नहुने र शिक्षकले विद्यार्थी पिट्नाले पढाइमा झन् नकारात्मक असर परेको रहेछ ।

---

***शिक्षण सुझाव***

*विद्यालय र स्थानीय समुदायका उदाहरणका माध्यमबाट द्वन्द्व व्यवस्थापनमा सञ्चारको भूमिका स्पष्ट पार्नुहोस् ।*



Curriculum Development Centre

उपर्युक्त कारण पत्ता लागेपछि यो कुरा सबै समाचार माध्यमबाट सुधार गरी प्रसारण भयो । त्यस्तै व्यवस्थापन समिति प्रधानाध्यापक, शिक्षक, विद्यार्थीबिच पनि सम्बन्ध सुध्रियो । यसको प्रभाव पुन: पहिलेकै जस्तै भयो । सबै विद्यार्थीले गणित विषयमा पनि उत्कृष्ट नतिजा ल्याउन सफल भए ।

### क्रियाकलाप

**माथिका घटनाका आधारमा तलका प्रश्नको उत्तर खोज :**

(क) के कारणले गणितमा सात जना विद्यार्थी असफल भएका थिए ?

(ख) पत्रिका, रेडियो टिभीले सही सूचना प्रसारण नगर्दा त्यसको प्रभाव कस्तो पर्‍यो ?

(ग) दोस्रो वर्ष पनि गणितमा आधा विद्यार्थी असफल हुनुको कारण के थियो ?

(घ) यस घटनामा व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक तथा शिक्षक विद्यार्थीबिच द्वन्द्व बढ्नुको कारण के थियो ?

(ङ) द्वन्द्व समाधान कसरी हुन गयो ?

### अभ्यास

**तलका प्रश्नको उत्तर लेख :**

(क) पाठमा प्रस्तुत घटनामा आन्तरिक द्वन्द्व देखाउने तिन ओटा घटना लेख ।

(ख) साथी साथीबिच बोलचाल नहुनु द्वन्द्वको कारण हो ? स्पष्ट गर ।

(ग) 'आन्तरिक द्वन्द्व समयमै समाधान गर्न सकेमा व्यक्ति वा संस्थाबिचको सम्बन्ध सुमधुर रहन्छ ।' यस भनाइको पुष्टि गर ।

**परियोजना कार्य**

तिम्रो समुदायमा गलत सञ्चारको कारणले द्वन्द्व भएको हुनसक्छ । त्यस्ता द्वन्द पहिचान गरी कारण समेत पत्ता लगाऊ र सो द्वन्द्व समाधानका उपायसहितको विवरण तयार पारी कक्षामा प्रस्तुत गर ।

Curriculum Development Centre

पाठ : ८

# शान्ति र यसको आवश्यकता

शान्तिको अर्थ र महत्त्वका बारेमा शान्ति स्वयम् एक पात्र र विद्यार्थीबिच भएका वार्तालाप पढ र छलफल गर ।

विद्यार्थी : शान्ति तिमी को हौ ? तिमीलाई हामीले को भनेर बुझ्ने त ?

शान्ति : मेरो व्यापक अर्थ छ । 'म' भनेको त्रास र भयरहित स्वस्थ मानसिक र शारीरिक स्थिति हुँ । व्यक्तिले स्वतन्त्र र आनन्दपूर्वक आफ्ना क्रियाकलाप सञ्चालन गर्न मेरो खोजी गरिन्छ । सामान्य अर्थमा 'म' को हुँ भन्ने कुरा निम्न लिखित अवस्थाले स्पष्ट गर्छ :

- आनन्दमा रहनु, रमाउनु
- अरूलाई बाधा नपुऱ्याई चाहेको कुरा पुरा गर्नु
- न्याय पाउनु
- माया र ममता पाउनु
- आपसमा सम्मान गर्नु
- अन्याय, डर, हिंसा, युद्ध वा लडाइँको स्थिति नहुनु
- हिंसाको अवशेष नरहनु
- सामाजिक न्याय विद्यमान रहनु

विद्यार्थी : अहो, शान्ति भनेको त वास्तवमै मानव जीवनका लागि नभई नहुने कुरा रहेछ । सामाजिक न्यायसहितको शान्तिलाई सकारात्मक शान्तिका रूपमा बुझ्न सकिने रहेछ । त्यसो भए तिमीलाई पाउन (शान्ति पाउन) का लागि आवश्यक तत्त्वहरू के के हुन् त ?

शान्ति : 'म' अर्थात् शान्तिका लागि आवश्यक तत्त्वको सूची लामो हुन सक्छ । म मुख्य तत्त्वका बारेमा बताउँछु :

- सबैको सहभागिता
- साझा बुझाइ
- सहयोग
- सक्रिय सुनाइ
- विधिको शासन
- आदर र सम्मान
- समता र समानता
- सामाजिक न्याय
- पारदर्शिता
- मेलमिलाप
- सकारात्मक सोचाइ
- सुरक्षा
- लोकतान्त्रिक संस्कार
- सहनशीलता
- आधारभूत आवश्यकता पूर्ति

विद्यार्थी : अहो, समाजमा तिम्रो ठुलो महत्त्व रहेछ । समाजलाई शान्तिको आवश्यकता र महत्त्व के छ त ?

---

***शिक्षण सुझाव***

*शान्तिको अवधारणा, यसको आवश्यकता र महत्त्वका बारेमा विद्यार्थीलाई विभिन्न समूह बनाई छलफल गराउनुहोस् । साथै समूहको प्रस्तुतिका सम्बन्धमा आवश्यक सुझाव पनि दिनुहोस् ।*



Curriculum Development Centre

शान्ति : मानिसले मलाई कहीँ खोज्नुपर्दैन । आन्तरिक रूपमा शान्त हुन सक्नुपर्छ । सबै व्यक्ति शान्त रहन सके समाजमा मेरो प्राप्ति हुन्छ । त्यसपछि मलाई प्रभाव पार्ने जिम्मेवार तत्त्व मानव समुदाय हो । त्यस्तै मेरा लागि सामाजिक न्यायको पनि उत्तिकै आवश्यकता पर्छ । सामाजिक न्यायको अभावमा समाजभित्र अप्रत्यक्ष रूपमा हिंसा मौलाउन पुग्छ । आत्म सम्मान गर्ने, अरूलाई सम्मान गर्ने, पारदर्शी हुने, असल सोच, भाव र व्यवहार गर्ने जस्ता कुराले मेरो प्राप्ति हुन्छ । मुखले शान्ति शान्ति भन्दै हिँड्ने तर व्यवहारमा त्यसो नगर्दा मेरो उपस्थिति हुँदैन । अरूलाई बाधा नपुऱ्याउनु, अरूको आत्म सम्मानमा ठेस नपुऱ्याउनु र समाजको अहित हुने कार्य नगर्नु नै मेरो उपस्थितिका मार्ग हुन् ।

विद्यार्थी : विद्यालयलाई शान्ति क्षेत्र बनाउन के गर्नुपर्ला त ?

शान्ति : विद्यालयमा मेरो उपस्थिति चाहन्छौ भने विद्यालयमा निम्न लिखित कार्य गर्नुपर्दछ :

- विद्यालयमा भयमुक्त वातावरण सिर्जना गर्ने
- भेदभावरहित वातावरण बनाउने
- विद्यालयमा सबै समान सहभागी हुने वातावरण बनाउने
- समावेशी वातावरण बनाउने
- अनुशासनको पालना गर्ने
- नम्र बोली र असल व्यवहार गर्ने
- हिंसात्मक गतिविधि सञ्चालन नगर्ने
- समस्या शान्तिपूर्ण तरिकाले समाधान गर्ने
- सबैलाई आदर, सम्मान र माया गर्ने
- बालमैत्री शिक्षण क्रियाकलाप सञ्चालन गर्ने

यसरी व्यक्ति, घर परिवार, समुदाय र विद्यालयले मलाई पाउन सक्छन् ।

विद्यार्थी : आजैदेखि हाम्रो विद्यालयलाई शान्ति क्षेत्र बनाउन हामी सहयोग गर्छौं । शान्तिको आवश्यकता बताउनुभएकामा धन्यवाद !

**क्रियाकलाप**

१. सिकाइका लागि उपयुक्त वातावरण भएको शान्त विद्यालय बनाउन विद्यार्थीले गर्नुपर्ने दस ओटा कार्यहरूको सूची बनाऊ र कक्षामा छलफल गरेर अन्तिम रूप देऊ, जस्तै :

- साथीहरूसँग मिलेर बस्ने
- नम्र बोली र असल व्यवहार गर्ने आदि

२. 'शान्ति विकासको आधार' शीर्षकमा वक्तृत्व कला कार्यक्रम सञ्चालन गर ।

Curriculum Development Centre

## अभ्यास

(क) शान्ति भनेको के हो ? शान्ति स्थापना गर्न अपनाउनुपर्ने तिन उपाय लेख ।

(ख) शान्तिका आवश्यकता र महत्त्व बुझाउने पाँच वाक्य लेख ।

(ग) विद्यालयलाई शान्ति क्षेत्र बनाउन के के गर्नुपर्ला ?

## पुनरावलोकन अभ्यास

### क्रियाकलाप

१. 'महिला र पुरुष एक रथका दुई पाङ्ग्रा हुन्', के तिम्रो समाजमा यो तथ्य पुरा भएको छ ?

२. तिम्रो समुदायमा सामाजिक विकृति र समस्या हटाउन के के प्रयास भएका छन् ? सोधपुछ गरी लेख ।

३. सामाजिक विकृति र समस्याका बारेमा छलफल गर । विभिन्न उदाहरणका माध्यमबाट सामाजिक विकृति र समस्याबिचको भिन्नता पहिल्याऊ ।

४. विभिन्न पत्रपत्रिका, समाचारपत्र आदिमा सामाजिक विकृति र समस्याका सम्बन्धमा प्रकाशित लेख तथा समाचारहरू अध्ययन गर र समाधानका उपाय पहिचान गरी कक्षामा प्रस्तुत गर ।

५. सामाजिक विकृति र समस्या समाधानमा विद्यालय र राष्ट्रिय सामाजिक सङ्घ संस्थाहरूले खेल्न सक्ने भूमिकाका बारेमा छलफल गर र निष्कर्ष निकाली शिक्षकलाई सुनाऊ ।

### सामुदायिक कार्य

तिम्रो समुदायमा पनि विभिन्न प्रकारका सामाजिक विकृति र समस्या होलान् । आफ्नो कक्षामा भएका सबै विद्यार्थी सङ्ख्याअनुसार साथीहरूलाई शिक्षकको सहयोगले तिनदेखि पाँच समूहमा विभाजन गर । त्यसपछि हरेक समूह आआफ्नो समुदायमा गई तलका प्रश्नका आधारमा आफ्नो समुदायमा भएका सामाजिक विकृति र समस्याका बारेमा खोजी गर :

(क) तिम्रो समुदायमा कस्ता कस्ता सामाजिक विकृति रहेको महसुस गरेका छौ ?

(ख) तिम्रो समुदायमा के कस्ता सामाजिक समस्या छन् ?

(ग) सामाजिक समस्या र विकृतिका कारण के के हुन्छन् ?

(घ) यस्ता सामाजिक समस्या र विकृति कसरी समाधान गर्न सकिन्छ ?

(ङ) विद्यालय र राष्ट्रिय सामाजिक सङ्घ संस्थाहरूले खेल्न सक्ने भूमिका के के होलान् ? आवश्यकताअनुसार अरू प्रश्न पनि गर्न सकिन्छ । यी प्रश्नका आधारमा आएका उत्तरलाई सबै समूहले छुट्टाछुट्टै सूची बनाई कक्षामा सुनाऊ र तिन ओटै समूहबाट प्राप्त जानकारीलाई मिलाएर एउटा प्रतिवेदन तयार पार ।

Curriculum Development Centre

एकाइ ४

# नागरिक चेतना




Curriculum Development Centre

## सिकाइ उपलब्धि

- राज्यका आधारभूत तत्त्वको सङ्क्षिप्त परिचय दिन
- संविधानमा रहेका मौलिक हकहरू बताउन
- बाल अधिकारको अर्थ र महत्त्व बताउन
- बाल अधिकार संरक्षणमा भएका प्रयासहरूको सूची बनाउन
- नागरिक अधिकार संरक्षण सम्बन्धी कार्यमा सहभागी भई लोकतान्त्रिक संस्कार प्रदर्शन गर्न
- साथी, घरपरिवार, टोल छिमेक र समुदायमा सबैप्रति समान व्यवहार गर्न
- सामाजिक नियमको जानकारी लिई पालना गर्न

पाठ : १

# राज्यका आधारभूत तत्त्व : भूमि र जनसङ्ख्या

## राज्यको परिचय

राज्य भनेको समुदायहरूको पनि समुदाय हो । यसलाई राजनीतिक समुदाय पनि भनिन्छ । निश्चित सिमानाभित्र बसोबास गर्ने मानिसको समुदायलाई राज्य मान्ने गरिन्छ । यस्तो राज्यभित्र विभिन्न जातजाति, वर्ग, लिङ्ग र समुदायका मानिसहरूको बसोबास रहेको हुन्छ । राज्य मानिसको हितका लागि विकसित भएको हो ।

राज्यको उत्पत्ति मानिसको उत्पत्तिसँग भएको मानिन्छ । अरस्तु भन्ने दार्शनिक भन्छन्, "राज्यको उत्पत्ति मानवीय राजनीतिक एवम् सामाजिक आवश्यकता पुरा गर्न भएको हो ।" राज्य मानिसको चाहना परिपूर्ति गर्नका लागि स्थापना भएको प्राकृतिक संस्था हो । राज्य सरकारभन्दा फरक हुन्छ । राज्यको एउटा पक्ष मात्र सरकार हो । राज्यको प्रतिनिधिका रूपमा सरकार रहेको हुन्छ । राज्य स्थायी स्वभावको हुन्छ भने सरकार परिवर्तनशील हुन्छ । राज्यसँग मौलिक अधिकार र शक्ति हुन्छ भने सरकारसँग संविधानद्वारा दिइएको अधिकार र शक्ति मात्र हुन्छ ।

## राज्यका आधारभूत तत्त्व

भाइ बहिनीहरू, तिमीहरूले पढेकै छौ, हाइड्रोजन र अक्सिजन ग्यास मिलेर पानी बनेको हुन्छ । हाम्रो शरीर पनि हाड, मासु, पानी आदि विभिन्न तत्त्वले बनेको छ । एउटा घर बनाउँदा पनि विभिन्न तत्त्वको आवश्यकता पर्छ । त्यस्तै एउटा राज्य हुनका लागि विभिन्न आधारभूत तत्त्व आवश्यक हुन्छन् । यस्ता तत्त्वको अभावमा राज्य हुन सक्दैन । राज्यका आधारभूत तत्त्वहरूमा भूमि, जनसङ्ख्या, सरकार, सार्वभौमसत्ता र संविधान रहेका हुन्छन् । यी तत्त्वमध्ये यस पाठमा भूमि र जनसङ्ख्याका बारेमा तल छोटो परिचय प्रस्तुत गरिएको छ ।

## भूमि

भूमिलाई जमिन वा भूभाग पनि भन्ने गरिन्छ । भूमि नभएको राज्य हुन सक्दैन । हरेक राज्यको निश्चित भूमि हुन्छ । भूमि राज्यको शरीर जस्तै हो । शरीरबिना मानिसको जीवनको कल्पना गर्न नसकिए जस्तै भूमिबिनाको राज्य बन्न सक्दैन । भूमिलाई राज्यको भौतिक आधार पनि भनिन्छ । राज्य बन्नका लागि स्थायी रूपमा जनता बस्ने निश्चित भूमि चाहिन्छ । भूमिभित्र सिमा क्षेत्र, वायुमण्डल, खनिज पदार्थ, वन जङ्गल नदी नाला, समुद्री तट आदि पर्छन् ।

---

*शिक्षण सुझाव*

*राज्यका आधारभूत तत्त्वका रूपमा भूमि र जनसङ्ख्या सम्बन्धी विभिन्न स्रोत सामग्री अध्ययन गरी विद्यार्थीहरूलाई स्पष्ट पारिदिनुहोस् ।*

Curriculum Development Centre

**जनसङ्ख्या**



कुनै निश्चित भौगोलिक क्षेत्रभित्र बसोबास गर्ने सम्पूर्ण मानिसको समूहलाई जनसङ्ख्या भनिन्छ । जनसङ्ख्या पनि राज्यका लागि नभई नहुने अनिवार्य तत्त्व हो । कतिपयले यसलाई प्रथम अनिवार्य तत्त्व मानेका छन् । जनसङ्ख्या राज्यको गतिशील तत्त्व हो । राज्यका लागि कति जनसङ्ख्या चाहिन्छ भन्ने निश्चित छैन । अरस्तु भन्ने दार्शनिकले असल नागरिक भएमा राज्य पनि असल हुन्छ भनेका छन् । राज्यमा विभिन्न भाषा, धर्म, संस्कृति रहेको पाइन्छ । राज्यको प्रगति त्यहाँ बस्ने जनसङ्ख्याको गुण र क्षमतामा भर पर्छ ।

यसरी राज्यका आधारभूत तत्त्वका रूपमा भूमि र जनसङ्ख्या प्रमुख तत्त्वका रूपमा रहेका हुन्छन् ।

**क्रियाकलाप**

तिम्रो विद्यालय पनि एउटा सङ्गठित संस्थाका रूपमा सञ्चालन भएको छ । राज्य हुनका लागि निश्चित अनिवार्य तत्त्व चाहिए जस्तै तिम्रो विद्यालय राम्रोसँग सञ्चालन गर्न के कस्ता अनिवार्य तत्त्व चाहिन्छ ? कक्षामा छलफल गरी लेख ।

**अभ्यास**

**तलका प्रश्नको छोटो उत्तर लेख :**

(क) राज्य भनेको  के हो ?

(ख) राज्य हुनका लागि अनिवार्य तत्त्वहरू के के हुन् ?:

(ग) राज्य र सरकारमा के फरक छ ?

(घ) राज्यको प्रमुख तत्त्वका रूपमा किन भूमिलाई लिइएको हो ?

(ङ) 'असल नागरिक भएमा राज्य पनि असल हुन्छ ।' यस भनाइको पुष्टि गर ।

**सामुदायिक कार्य**

तिम्रो समुदाय के केबाट बनेको छ ? समुदायका आधारभूत तत्त्व के के हुन सक्लान्, आफूभन्दा जान्ने व्यक्तिसँग सोधपुछ गरी लेख र साथीलाई सुनाऊ ।



Curriculum Development Centre

# पाठ २ राज्यका आधारभूत तत्त्व : सरकार, सार्वभौमसत्ता र संविधान

हामीले अघिल्लो पाठमा राज्यका आधारभूत तत्त्वमध्ये भूमि र जनसङ्ख्याका बारेमा छलफल गऱ्यौँ । अब यस पाठमा सरकार, सार्वभौमसत्तार संविधानका बारेमा छलफल गर्ने छौँ ।




## सरकार

राज्यको तेस्रो अनिवार्य तत्त्व सरकार हो । भूमि र जनसङ्ख्याले मात्र राज्य बन्दैन । सरकार राज्य सञ्चालनको माध्यम वा साधन हो । सरकारबिनाको जनता वा जनसङ्ख्या असङ्गठित र अराजक हुन्छ । त्यसैले सरकारले जनतालाई सही रूपमा परिचालन गर्छ । सरकारले आफ्नो सिमाको सुरक्षा, कानुन निर्माण, शान्ति, सुरक्षा गर्छ । त्यस्तै राजस्व सङ्कलन, प्रशासन सञ्चालन गर्ने वैदेशिक सम्बन्ध कायम गर्ने लगायतका कार्य गर्छ । सरकारको कार्य गर्न कार्यपालिका, व्यवस्थापिका, न्यायपालिकालगायत अन्य संवैधानिक अङ्गको व्यवस्था गरिएको हुन्छ । वर्तमान समयमा लोकतान्त्रिक र जनताको इच्छाअनुसार चल्ने सरकार राम्रो मानिन्छ ।

## सार्वभौमसत्ता

सार्वभौमसत्ता एक प्रकारको विशेष शक्ति हो । यसलाई शासन सञ्चालनको अधिकार मानिन्छ । आफ्नो सिमा क्षेत्रभित्र राज्यलाई प्राप्त सत्ताको अधिकार सार्वभौमसत्ता हो । सार्वभौमसत्तालाई सम्प्रभुता पनि भनिन्छ । यो राज्यको अति महत्त्वपूर्ण र अनिवार्य तत्त्व हो । यसलाई राज्यको प्राण पनि भनिन्छ । यसको अभावमा राज्यले पूर्णता प्राप्त गर्न सक्दैन । यसले राज्यलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय महत्त्व र मान्यता प्रदान गर्छ । संविधान, कानुनमा सार्वभौमिकता कसमा रहने भन्ने कुराको स्पष्ट व्यवस्था गरिएको हुन्छ । नेपालको अन्तरिम संविधान २०६३ ले नेपालको सार्वभौमसत्ता नेपाली जनतामा रहने व्यवस्था गरेको छ ।

## संविधान

राज्यको अर्को महत्वपूर्ण तत्त्व संविधान पनि हो । यो देशको मूल कानुन हो । यसले राज्य सञ्चालनका तौरतरिका र जनताका अधिकार र हकहरूको सुनिश्चित गरेको हुन्छ ।

---

### *शिक्षण सुझाव*

*राज्यका आधारभूत तत्त्वका रूपमा सरकार र सार्वभौमसत्ता सम्बन्धी विषय वस्तुका लागि थप स्रोत सामग्रीको अध्ययन गरी शिक्षण गर्नुहोस् ।*

Curriculum Development Centre

यसरी एउटा सफल र सबल राज्य हुनका लागि विभिन्न तत्त्वको आवश्यकता पर्छ । राज्यले सरकारमार्फत जनतालाई विभिन्न सेवा सुविधा उपलब्ध गराउँछ । जनताको सुरक्षा गर्दै देशमा शान्ति कायम गर्नु राज्यको मुख्य दायित्व हो । जनताको इच्छाअनुसार लोकतान्त्रिक शासन पद्धति अपनाउनु हरेक राज्यको कर्तव्य हो ।

**क्रियाकलाप**

१. राज्यका आधारभूत तत्त्वको आपसमा कस्तो सम्बन्ध रहेको हुन्छ ? साथीहरूसँग छलफल गरी अन्तरसम्बन्ध केलाऊ ।

२. के तिम्रो घरपरिवार पनि केही निश्चित नियम आदर्शबाट सञ्चालित भएको छ ? घरपरिवारलाई राम्रोसँग सञ्चालन गर्न के कस्ता कुराहरू आवश्यक पर्छन् ? छलफल गरी सानो रिपोर्ट बनाऊ ।

**अभ्यास**

१. तलका प्रश्नहरूको छोटो उत्तर लेख :

(क) सरकार भनेको के हो ? राज्यका लागि यो किन आवश्यक हुन्छ ?

(ख) कस्तो सरकार राम्रो मानिन्छ ? असल सरकारका पाँच ओटा गुण लेख ।

(ग) सार्वभौमसत्तालाई किन राज्यको प्राण पनि भनिएको होला ?

(घ) संविधानलाई राज्यको एक आधारभूत तत्त्वको रूपमा मानिन्छ । किन ?

(ङ) राज्यका आधारभूत तत्त्वको सूची बनाई कुनै एकको छोटो व्याख्या गर ।

२. जोडा मिलाऊ :

| समूह 'क' | समूह 'ख' |
|---|---|
| भूमि | राज्यको प्रथम अनिवार्य तत्त्व |
| जनसङ्ख्या | राज्यको साधन |
| सरकार | राज्यको प्राण |
| सार्वभौमसत्ता | राज्यको शरीर |
| संविधान | राज्यको मापदण्ड |
| | राज्यको मूल कानून |

Curriculum Development Centre

पाठ : ३

# मौलिक हक



माघ १ गते, आज नेपालको अन्तरिम संविधान, २०६३ लागु भएको दिन । संविधान दिवस मनाउन 'शान्ति समाज' नाम गरेको युवाहरूको एक संस्थाले त्यस अवसरमा 'नेपालको संविधान र मौलिक हक' विषयमा प्रवचन कार्यक्रम आयोजना गरेको थियो । प्रवचनमा  अतिथि वक्ताका रूपमा राजन गुरुङ आएका थिए । राजन गुरुङको प्रवचन यस्तो थियो :

आदरणीय दाजुभाइ, दिदीबहिनीहरू !

सर्वप्रथम आज गणतान्त्रिक संविधान बनेको दिनको सम्झना गर्दै यहाँहरू सबैलाई बधाइ र शुभकामना दिन चाहन्छु । संविधान दिवसको उपलक्ष्यमा यो कार्यक्रम आयोजना गर्ने युवा भाइबहिनी पनि बधाइका पात्र भएका छन् । शान्ति समाजले मलाई वक्ताका रूपमा बोल्ने मौका दिएकोमा म आभारी छु ।

नेपालमा २००७ सालदेखि विभिन्न क्रान्ति, आन्दोलनहरूको परिणामस्वरूप हामीले देशलाई गणतन्त्र नेपाल बनाउन सफल भएका छौँ। गणतन्त्र नेपालको पहिलो संविधानले नेपाली नागरिकहरूलाई धेरै मौलिक हकको व्यवस्था गरेको छ। २०४७ सालको संविधानले धेरै मौलिक हक प्रदान गरेको थियो। वर्तमान संविधानले यसमा थप मौलिक हक समावेश गरी अझ व्यापक बनाएको छ ।

हुन त कतिपय व्यक्तिलाई मौलिक हक भनेको के हो भन्ने जानकारी नहुन सक्छ। मौलिक हक भनेको मानिसलाई नभई नहुने र प्राकृतिक अधिकारका रूपमा रहेका हक हुन् । नागरिक भएका नाताले प्रयोग गर्न पाउने अधिकारहरू मौलिक हक हुन् । मौलिक हकलाई नागरिक हक पनि भनिन्छ । राज्यको कानुनद्वारा मौलिक हकको व्यवस्था गरिएको हुन्छ । नेपालको संविधान देशको मूल कानुन हो र यसैमा मौलिक हकको व्यवस्था गरिएको छ । स्वतन्त्रतापूर्वक बाँच्न पाउने, विचार व्यक्त गर्न पाउने, हिँडडुल गर्ने, बोल्ने स्वतन्त्रता लगायतका हक मौलिक हक हुन् । सबै नागरिक कानुनका दृष्टिमा समान हुनु पनि मौलिक हक हो । नेपालको अन्तरिम संविधान, २०६३ ले नेपाली नागरिकलाई विभिन्न हक प्रदान गरेको छ । ती हकहरू म कविताका रूपमा तपाईंहरूसमक्ष राख्न चाहन्छु :

---

***शिक्षण सुझाव***

*नेपालको अन्तरिम संविधान, २०६३ कक्षामा ल्याएर त्यसमा रहेका व्यवस्थाका बारेमा कक्षामा छलफल गराउनुहोस् ।*



Curriculum Development Centre

स्वतन्त्रता, समानता, छुवाछुत तथा जातीय भेदभावविरुद्धको हक ।
प्रकाशन, प्रसारण तथा छापाखाना सम्बन्धी हक भोग गर्न नमान्नुस् है धक ॥
वातावरण तथा स्वास्थ्य एवम् अर्को हक हो, शिक्षा तथा संस्कृति ।
रोजगारी तथा सामाजिक सुरक्षा थप हक हो आर्जन गर्न पाउने सम्पत्ति ॥
महिला, बालबालिका, धर्म, सामाजिक न्याय सम्बन्धी पनि छन् है हक मौलिक ।
निवारक नजरबन्दविरुद्धको हक र यातनाविरुद्धको र सूचनाको हक ॥
गोपनियता, शोषणविरुद्धको हक तथा श्रम सम्बन्धी हक सबै ।
देश निकालाविरुद्ध र संवैधानिक उपचारको हक पनि हुँदैन नभै ॥

नेपालको अन्तरिम संविधान २०६३ ले धारा १२ देखि ३२ सम्म जम्मा २१ ओटा मौलिक हकको व्यवस्था गरेको छ । यी हकहरूको सहज र स्वतन्त्र रूपमा उपभोग गर्न पाउनु हाम्रो अधिकार हो । तर हामी नेपालीमा हकको मात्र खोजी गर्ने र कर्तव्य पुरा गर्ने तर्फ ध्यान पुगेको छैन । हामी सबैले आफ्नो हकको खोजी गर्दा अर्काको हकको हनन हुन दिनुहुँदैन । सबै राजनीतिक पार्टी, तिनका कार्यकर्ता सबैले आआफ्ना कर्तव्य निभाउनु आजको मुख्य आवश्यकता भएको छ । आजको संविधान दिवसको उपलक्ष्यमा सबै नेपालीले सर्वप्रथम कर्तव्य पुरा गरेर अनि हक खोज्ने प्रवृत्तिको विकास होस् भन्ने शुभकामना दिन चाहन्छु । अन्तमा नेपालमा शान्ति र सुशासन बढोस् भन्दै मेरा विचार यही टुङ्ग्याउँछु । धन्यवाद !

## क्रियाकलाप

नेपालको अन्तरिम संविधान २०६३ मा धारा १७ मा शिक्षा तथा संस्कृति सम्बन्धी निम्न लिखित हक रहेका छन् :

(१) प्रत्येक समुदायलाई कानुनमा व्यवस्था भएबमोजिम आफ्नो मातृभाषामा आधारभूत शिक्षा पाउने हक हुने छ ।

(२) प्रत्येक नागरिकलाई राज्यबाट कानुनमा व्यवस्था भएबमोजिम माध्यमिक तहसम्म नि:शुल्क शिक्षा पाउने हक हुने छ ।

(३) नेपालमा बसोबास गर्ने प्रत्येक समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र संवर्धन गर्ने हक हुने छ ।

तिम्रो कक्षाका साथीहरू दुई समूहमा विभाजन भई तिमीले शिक्षा सम्बन्धी पहिलो हक प्रयोग गर्न पाए नपाएको सम्बन्धमा छलफल गरी कक्षामा प्रस्तुत गर ।

## अभ्यास

तलका प्रश्नको उत्तर लेख :

(क) मौलिक हक भनेको के हो ?

(ख) 'मौलिक हक र कर्तव्य एक सिक्काका दुई पाटा हुन् ।' भाव स्पष्ट गर ।

(ग) नेपालको अन्तरिम संविधान, २०६३ मा उल्लिखित मौलिक हकको सूची बनाऊ ।

Curriculum Development Centre

**पाठ : ४**

# बाल अधिकार

बालबालिका देशको भावी नागरिक हुन् । त्यसैले सबै बालबालिकाले बाँच्न पाउनुपर्छ । आफ्नो विकास गर्ने अवसर पाउनुपर्छ । पढ्न र लेख्न पाउनुपर्छ । उचित स्वास्थ्य सेवाको अवसर र सुरक्षा पाउनुपर्छ । यसरी बालबालिकाका नभई नहुने विभिन्न आवश्यकतालाई बाल अधिकारका रूपमा लिइन्छ ।

**कक्षाकार्य १**

तिम्रो घरपरिवार र छरछिमेकमा बालबालिका छन् । उनीहरू आफ्ना अभिभावकसँग, "मैले भनेको कुरा सुनिदिनुहोस् । मलाई पढ्न पठाउनुहोस् । म सक्ने जति मात्र काम गर्छु है । मलाई राम्रा लुगा किनिदिनुहोस् । घुमफिर गर्न लैजानुहोस् ।" आदि माग राख्ने गर्छन् । यी मागले कतै बाल अधिकारलाई त चित्रण गर्न खोजिरहेको छैनन् ? छलफल गर ।

हो, तिमीहरूले बताएझैँ उचित हेरचाह, उपयुक्त शिक्षा, स्वास्थ्य र सूचना प्राप्त गर्ने अधिकार, विचारको सम्मान बाल अधिकारका क्षेत्रभित्र पर्छन् । साथै जोखिमबाट संरक्षण, मनोरञ्जन, शोषणको अन्त्य, समान व्यवहार, विभेदरहित व्यवहार आदि पनि बाल अधिकारका क्षेत्रभित्र पर्छन् । घर परिवार, विद्यालय, समाज र राज्यले यसतर्फ विशेष ध्यान दिई आआफ्नो कर्तव्य र दायित्व निर्वाह गर्नुपर्छ । यसर्थ हामीले बालबालिकाको चौतर्फी विकासलाई ध्यानमा राखी काम गर्नुपर्छ । सबै खाले भेदभावबाट बालबालिकालाई सुरक्षित राख्नुपर्छ । उनीहरूको विचार र भावना बुझी उचित कार्य गर्न प्रोत्साहन गर्नुपर्छ ।

**कक्षाकार्य २**

बालबालिकाका के कस्ता अधिकार हुन्छन् ? छलफल गरी निष्कर्ष निकाल ।

हो, तिमीले निकालेको निष्कर्ष जस्तै बाल अधिकारलाई चार चार ओटा प्रमुख पक्षमा बाँड्न सकिन्छ :

१. बाँच्न पाउने अधिकार : खाना, आवास, कपडा, उचित स्वास्थ्य र सुरक्षा प्राप्त गर्ने अधिकार

२. विकासको अधिकार : शिक्षा, खेलकुद, व्यायाम, मनोरञ्जन, सहयोग, पारिवारिक माया ममता प्राप्त गर्ने अधिकार

३. संरक्षणको अधिकार : भेदभाव, शोषण, अपहेलनाबाट संरक्षित हुने, जोखिमपूर्ण कार्यबाट संरक्षित हुने, श्रम शोषण सामाजिक विभेदबाट संरक्षित हुने, दण्ड, युद्ध तथा जोखिमपूर्ण कार्यबाट संरक्षित हुने अधिकार

---

***शिक्षण सुझाव***

*बाल अधिकार सम्बन्धी व्यावहारिक उदाहरण वा प्रसङ्ग दिँदै बाल अधिकार हनन भएका घटना आदिको अभिनय गर्न लगाउनुहोस् ।*



Curriculum Development Centre

४. सहभागिताको अधिकार : बाल विकासका विभिन्न क्रियाकलापमा सहभागी हुन पाउने, आफ्नो विचार व्यक्त गर्न पाउने, धार्मिक, सामाजिक तथा अन्य क्रियाकलापमा सहभागी हुन पाउने, आफ्नो जीवनसँग सम्बन्धित पक्षमा निर्णय हुँदा सहभागी हुन पाउने अधिकार आदि ।

**क्रियाकलाप**

१. यदि तिम्रो टोलछिमेकमा बाल अधिकारको हनन भइरहेको देख्यौ भने तिमी के गर्छौ ? कुनै घटनामा आधारित भएर आफ्नो विचार लेख ।

२. बाल अधिकार संरक्षणका लागि तिम्रो विद्यालयमा हालसम्म के कस्ता कार्य भएका छन् ? छलफल गर ।

३. तल केही घटनाहरू प्रस्तुत गरिएका छन् । ती घटनाका आधारमा बाल अधिकार हनन भएको छ कि छैन ? यकिन गर :

   (क) सुन्तलीको सानै उमेरमा विवाह भयो ।

   (ख) पल्लो गाउँका केही दलित विद्यार्थीलाई विद्यालयमा अरू विद्यार्थीसँगै बस्न दिइएको छैन ।

   (ग) कोहलपुरको एक बस्तीमा बालबालिकाले सकेको काममा आफ्ना आमाबुबालाई सहयोग गर्छन् ।

   (घ) गोरखापत्र दैनिक पत्रिकामा झाडापखाला लाग्दा उपचार नपाएर ती बालबालिकाको मृत्यु भएको समाचार प्रकाशित भएको छ ।

   (ङ) सडक बालबालिकाहरू खानेकुराको अभावमा भोकभोकै सुतिरहेका छन् ।

   माथि दिइए जस्तै गरी अरू घटनाका बारेमा छलफल गर र हामीले बाल अधिकारका लागि गर्नुपर्ने कामको सूची बनाऊ र कक्षामा प्रस्तुत गर ।

**अभ्यास**

तलका प्रश्नको उत्तर लेख :

(क) बाल अधिकार भनेको के हो ?

(ख) बाल अधिकारभित्र के के कुराहरू पर्छन् ? सूची बनाऊ ।

(ग) बाल अधिकार सम्बन्धी मुख्य चार पक्ष के के हुन् ?

(घ) बाल अधिकार संरक्षणमा परिवारको के कस्तो भूमिका रहन्छ ?

(ङ) बाल अधिकारको महत्त्व बताऊ ।

(च) बाल अधिकारको उपयोगमा विद्यालयको भूमिका उल्लेख गर ।

Curriculum Development Centre

पाठ : ५

# बाल अधिकार संरक्षणका प्रयास



हामीले अघिल्लो पाठमा बाल अधिकारको परिचय प्राप्त गरिसकेका छौँ । बालबालिका भनेको देशको भावी कर्णधार हुन् । त्यसैले उनीहरूको भविष्य सुनिश्चित भए मात्र देशको भविष्य उज्ज्वल हुन्छ। बाल अधिकारको समुचित रूपमा संरक्षण र संवर्धन गर्न सके मात्र राष्ट्र समुन्नत हुन्छ। यसै कारणले हरेक देशले बाल अधिकारको संरक्षणका लागि विभिन्न प्रयास गरेका छन् । नेपालमा बाल अधिकारका लागि भएका उल्लेखनीय कामलाई निम्नानुसार सूचीबद्ध गर्न सकिन्छ :

१. बाल अधिकारको संरक्षण र विकासका लागि सन् १९८९ मा संयुक्त राष्ट्र सङ्घबाट बाल अधिकार महासन्धि पारित भएको छ। उक्त महासन्धिलाई नेपालले पनि अनुमोदन गरेको छ।

२. सार्कले विभिन्न कार्यक्रमका साथ सन् १९९० लाई बालिका वर्ष, सन् १९९१ देखि सन् २००० सम्म बालिका दशक, सन् २००१-२०१० सम्म बाल अधिकार दशकका रूपमा मनाएको थियो ।

३. नेपाल सरकारले बाल अधिकार संरक्षण र संवर्धनका लागि बालबालिका सम्बन्धी ऐन, २०४८ र बालबालिका नियमावली, २०५६ लागु गरेको छ।

४. हाम्रो देशमा बाल अधिकार संरक्षणका लागि बाल कल्याण गृह, बाल सुधार गृह, बाल इजलास आदिको व्यवस्था गरिएको छ।

५. शिक्षा मन्त्रालय र महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयमार्फत विभिन्न कार्यक्रम सञ्चालन भइरहेका छन्। साथै बाल सङ्गठन, केन्द्रीय र जिल्ला बाल कल्याण समिति, सुस्त मनस्थिति केन्द्र आदि संस्थामार्फत पनि बालबालिकाका हकहितका काम भइरहेका छन्।

६. नेपालको अन्तरिम संविधान, २०६३ मा बालबालिकाको हकलाई मौलिक हकका रूपमा व्यवस्था गरिएको छ । त्यस्तै संविधानमा राज्यले बालबालिकाका हक संरक्षणका लागि विशेष व्यवस्था गर्न सक्ने व्यवस्था गरिएको छ ।

---

*शिक्षण सुझाव*

*स्थानीय स्तरमा बाल अधिकार संरक्षणका लागि भएका व्यावहारिक प्रयासका माध्यमबाट बाल अधिकार संरक्षणका बारेमा स्पष्ट पार्नुहोस् ।*



Curriculum Development Centre

**कक्षाकार्य**

बाल अधिकारका लागि भएका कार्यहरू के के होलान् ? अध्ययन र सोधखोज गरी बुँदा टिपोट गर ।

**क्रियाकलाप**

(क) बाल अधिकार संरक्षण र संवर्धनका लागि के के काम गर्न सकिन्छ ? साथीसँग छलफल गरी कामको सूची तयार पार ।

(ख) तिम्रो टोल वा छिमेकमा बालबालिकाको उन्नति प्रगति, गर्ने कार्यमा संलग्न व्यक्ति वा संस्थाले गरेको असल कार्यका बारेमा एउटा लेख तयार पार ।

(ग) बाल अधिकार संरक्षणमा के कस्ता समस्या देखेका छौ ? समस्या र समाधानका उपायसहितको तालिका बनाऊ र कक्षामा प्रस्तुत गर ।

| समस्या | समाधानका उपाय |
|---|---|
| | |

(घ) तिम्रो गाउँटोलमा तलकामध्ये कुन प्रकारको बालश्रम प्रयोग हुने गरेको छ ? छलफल गरी के कस्तो काममा बालश्रम प्रयोग गरिन्छ, छोटो रिपोर्ट बनाऊ :

> कृषि कार्य, निर्माण कार्य, घरेलु काम/घरायसी काम, पसल, कलकारखाना, उद्योगधन्दा, इँटा भट्टा, व्यवसाय, पर्यटन तथा पदयात्रा, यौन व्यवसाय, कमलरी, लागु औषध ओसार पसार,राजनीतिक कार्य, द्वन्द्व, दासदासी, कमरा कमारी, हलिया, गोठाला, कमैया, अपहरण तथा मानव अङ्ग बिक्री

**अभ्यास**

१. तलका वाक्य ठिक बेठिक छुट्याई बेठिक वाक्यलाई ठिक बनाई लेख :

(क) बालबालिकालाई मिठो खान र राम्रो लगाउन दिए पुग्छ, पढाउनु पर्दैन ।

(ख) छुवाछुत गर्नु सामाजिक अपराध हो ।

(ग) बालबालिकाको कुरा सुन्नु भनेको फुर्सदको समय कटाउनु मात्र हो ।

(घ) परिवारले भावी योजना बनाउँदा बालबालिकाको हितलाई ध्यान दिनुपर्छ ।

(ङ) संविधानले बाल अधिकारलाई मौलिक हकका रूपमा समावेश गर्न सकेको छैन ।

२. पाठका आधारमा उपयुक्त शब्द छानी खाली ठाउँ भर :

(क) कुनै देशको विधानअनुसार सामाजिक, राजनीतिक आदि अधिकार पाएको र तदनुसार निश्चित कर्तव्यमा रहनुपर्ने व्यक्तिलाई .......... भनिन्छ । (नागरिक, बालबालिका, प्रौढ)

(ख) १६ वर्षमुनिका बालबालिकालाई .......... भनिन्छ । (बालक, नाबालक, शिशु)

(ग) बालबालिकाको इच्छा, आकाङ्क्षा विपरीत गरिने कार्यलाई बाल अधिकार.......... भनिन्छ । (अपहेलना, हनन, संरक्षण)



Curriculum Development Centre

पाठ : ६

# लोकतान्त्रिक संस्कार

सिर्जना माध्यमिक विद्यालय, सिम्पालीका शिक्षक श्री टीकाराम श्रेष्ठलाई लोकतान्त्रिक व्यवहार पाठ शिक्षण गर्नुथियो । उनले विद्यार्थीबाटै कस्ता व्यवहार लोकतान्त्रिक हुन् र कस्ता व्यवहार लोकतान्त्रिक होइनन् भन्ने छुट्याउन लगाउने विचार गरे । उनले एक हप्ताका गोरखापत्र दैनिक पत्रिकाहरू तिन समूहमा हेर्न लगाए । पत्रिकामा भएका विभिन्न समाचारबाट लोकतान्त्रिक व्यवहार भए नभएका शीर्षक टिप्न लगाए र त्यसका बारेमा छलफल गराए । छलफलबाट लोकतान्त्रिक संस्कार भनेको यस्तो निष्कर्ष निस्कियो :

- मानिसले मानिसलाई समान व्यवहार गर्नुपर्छ ।
- मानिस सबै बराबर हुन् । उनीहरू सबैमा समान अधिकार हुन्छ ।
- मानिसले आफ्नो अधिकार खोज्दा अर्काको अधिकार हनन् गर्नु हुँदैन ।
- हत्या, हिंसा, अपराधजन्य कार्य मानवीय व्यवहार होइनन् ।
- सबैलाई समान कानुनी उपचारको हक हुन्छ ।
- कानुनको प्रयोगमा सबै समान हुन्छन् ।
- अर्काको इच्छा विपरीतका कार्य गर्नु हुँदैन ।
- महिला र पुरुष दुवैलाई समान व्यवहार गर्नुपर्छ ।
- हरेक व्यक्तिलाई बोल्ने, विचार राख्ने स्वतन्त्रता हुन्छ ।
- सहअस्तित्व, शान्ति, मेलमिलाप, स्वाभिमान आदि लोकतान्त्रिक संस्कारका मेरुदण्ड हुन् ।

उल्लिखित विचारअनुसार व्यवहार प्रदर्शन गर्नु लोकतान्त्रिक व्यवहार हो । तिम्रो विद्यालय, कक्षा कोठामा लोकतान्त्रिक संस्कारको स्थिति के छ, छलफल गर र गलत संस्कार भए सुधार्ने उपाय के के हुन्छन् ? खोजी गर । जस्तै : लोकतान्त्रिक संस्कार अपनाउन निम्न लिखित कुरामा ध्यान दिनुपर्छ :

- सबैलाई समान व्यवहार गर्ने
- लोभलालच नगर्ने
- व्यक्तिगत स्वार्थभन्दा सामाजिक स्वार्थलाई ध्यान दिने
- समयको पुरा सदुपयोग गर्ने
- अन्धविश्वास कुरीतिको विरोध गर्ने
- असल विचार राख्ने

---

***शिक्षण सुझाव***

*विद्यार्थीहरूलाई लोकतान्त्रिक संस्कारका बारेमा शिक्षण गर्नुपर्दा स्थानीय स्तरका उपयुक्त नमुना व्यवहार वा घटनाका उदाहरण दिएर स्पष्ट पार्नुहोस् ।*

Curriculum Development Centre

- अरूलाई सम्मान र श्रद्धा गर्ने
- सार्वजनिक सम्पत्तिको सदुपयोग गर्ने
- आफ्नो जिम्मेवारी पुरा गर्ने
- फजुल खर्च नगर्ने
- छुवाछुत प्रथाको अन्त्य गर्ने
- कानुनको सम्मान र पालना गर्ने
- हरेक मानिसलाई शिक्षाको अवसर दिने
- जाति, धर्म, लिङ्ग, वर्ण र क्षेत्रका आधारमा भेदभाव नगर्ने

हामीहरूले पनि आपसमा लोकतान्त्रिक व्यवहार प्रदर्शन गर्नुपर्छ । हरेक व्यक्तिले अनुशासित व्यवहार देखाउन सकेमा समाज र देश नमुना बन्न सक्छ ।

**क्रियाकलाप**

१. लोकतान्त्रिक संस्कार पालन गर्ने साथीको व्यवहारहरूको सूची तयार गर ।

२. पाठका आधारमा लोकतान्त्रिक संस्कारको चार्ट तालिका तयार पार । सबैभन्दा राम्रा तिन ओटा चार्ट तालिका कक्षामा टाँस ।

**अभ्यास**

१. तलका प्रश्नको उत्तर लेख :

(क) लोकतन्त्र भनेको के हो ?

(ख) लोकतान्त्रिक संस्कारका पाँच ओटा उदाहरण लेख ।

(ग) तिम्रो समाजका लोकतान्त्रिक संस्कार विरुद्ध भएका तिन घटना लेख ।

(घ) लोकतान्त्रिक संस्कार भए नभएको थाहा हुने पाँच ओटा आधारको सूची बनाऊ ।

२. तलका ठिक व्यवहार जस्ताको तस्तै र बेठिक व्यवहार सच्याएर कापीमा सार :

(क) हामीले साथीको सम्मान गर्दा साथीले पनि हाम्रो सम्मान गर्छ ।

(ख) अपाङ्गता भएका, कम र बढी जान्ने सबैलाई समान व्यवहार गर्न सकिँदैन ।

(ग) अर्काको विचारको कदर गर्दा आफ्नोपन रहँदैन ।

**सामुदायिक कार्य**

तिम्रो समुदायमा असल गुण भएका मानिसहरू पनि हुन सक्छन् । उनीहरूले गरेका कामहरू र उनीहरूका असल गुणहरू लोकतान्त्रिक संस्कारको विकासमा कसरी सहयोग पुऱ्याएको छ ? आफ्नो विचार लेखेर साथीहरूलाई सुनाऊ ।

Curriculum Development Centre

पाठ : ७

# समान व्यवहार

समाजमा एक व्यक्तिले अर्को व्यक्तिसँग कायम गर्ने सम्बन्ध, आचरण वा चालचलनलाई व्यवहार भनिन्छ । यस्ता व्यवहार विभिन्न हुन सक्छन् । गुण, आकार आदिका दृष्टिले उही र उस्तै वा बराबर रूपमा प्रदर्शन गरिने व्यवहारलाई समान व्यवहार भनिन्छ । कुनै व्यक्तिले सबै धर्म, वर्ण, लिङ्ग, जातजाति, भाषा भएका व्यक्तिलाई उही र उस्तै व्यवहार गर्छ भने त्यो समान व्यवहार हो ।

एउटा असल नागरिकले हरेक व्यक्तिलाई समान व्यवहार गर्छ । समाजमा समान व्यवहारको अभावमा झगडा र कलह सिर्जना हुन जान्छ । त्यसबाट समाजमा अशान्ति फैलन्छ । त्यसले व्यक्ति र समाजलाई अनुशासित र मर्यादित बनाउन हरेक नागरिकले समान व्यवहार गर्नु अनिवार्य हुन्छ । समाजमा समानता कायम गर्न नेपालको अन्तरिम संविधान, २०६३ ले नागरिकका मौलिक हकअन्तर्गत समानताको हकको व्यवस्था गरेको छ । यस हकमा भनिएको छ :

१. सबै नागरिक कानुनको दृष्टिमा समान हुने छन् ।

२. कुनै पनि नागरिकमाथि धर्म, वर्ण, लिङ्ग जातजाति, उत्पत्ति, भाषा वा वैचारिक आस्था आदिका आधारमा भेदभाव गरिने छैन ।

३. समान कामका लागि महिला र पुरुषका बिच पारिश्रमिक तथा सामाजिक सुरक्षामा भेदभाव गरिने छैन ।

माथिका व्यवस्थाले कसैले पनि अरूप्रति असमान व्यवहार गरेमा त्यो कानुन विपरीत हुन्छ भन्ने कुरा स्पष्ट गर्छ ।

हामीले पनि धनी, गरिब, जातिपाती जस्ता कुराका आधारमा भेदभाव गर्नु हुँदैन । मानिस ठुलो दिलले हुन्छ, जातले हुँदैन भने झैँ काम र व्यवहारबाट मानिस असल र खराब हुन्छ । त्यस्तै महिला र पुरुष, छोराछारीबिच पनि समान व्यवहार गर्नुपर्छ । घरपरिवार, छरछिमेक र विद्यालयमा सबैले एक अर्काप्रति सम्मान र विश्वास गर्नुपर्छ । कसैले समान व्यवहार नगरेमा उसलाई समान व्यवहार गर्न सहयोग र सल्लाह दिनुपर्छ । साथी साथी, घर परिवार, छरछिमेक र समुदायमा गर्नुपर्ने समान व्यवहारका केही उदाहरण यस प्रकार छन् :

---

***शिक्षण सुझाव***

*विभिन्न असल तथा समान व्यवहार र खराब व्यवहारअनुरूपका क्रियाकलाप सिर्जना गरी कक्षामा त्यसका बारेमा अभिनय गर्न लगाउनुहोस् ।*

Curriculum Development Centre

**समान व्यवहार**

| साथी साथीबिच | परिवारमा | छरछिमेकमा | समुदायमा |
|---|---|---|---|
| मिलेर बस्नु र खेल्नु, सरसल्लाह गर्नु, सहयोग लिनु र दिनु अर्काको पीरमर्का बुझ्नु र अशक्त तथा अपाङ्गता भएकालाई भेदभाव नगर्नु | सबै सदस्यको आदर, सम्मान, माया र सेवा गर्नु, एक अर्काको विचार र भावनाको कदर गर्नु, काममा सहयोग गर्नु, सबैसँग मिठो बोली वचन गर्नु | सुखदु:खमा सहयोग गर्नु, विचार र सल्लाह लिनु र दिनु, बाटो, पानी, पँधेरो आदिमा सहज प्रयोगका लागि पहल गर्नु, सामाजिकीकरणमा सहयोग गर्नु | धर्मका आधारमा भेदभाव नगर्नु, जातका आधारमा भेदभाव नगर्नु, भाषाका आधारमा भेदभाव नगर्नु, कामका आधारमा भेदभाव नगर्नु, छुवाछुतका आधारमा भेदभाव नगर्नु, धनी र गरिबबिच भेदभाव नगर्नु |

**क्रियाकलाप**

१. असमान व्यवहारबाट के कस्ता समस्या आउन सक्छन् ? त्यसको समाधानका उपायबारे कक्षामा समूह बनाई छलफल गर र पालैपालो प्रस्तुत गर ।

२. साथी साथीबिच हुने समान र असमान व्यवहारको सूची बनाऊ :

| समान व्यवहार | असमान व्यवहार |
|---|---|
| १. मिलेर बस्ने, खेल्ने आदि<br>......................... | १. सँगै बस्न मन नपराउने, खेल्दा कुनै साथीलाई हेप्ने, होच्याउने नखेलाउने आदि ।<br>............................. |

**अभ्यास**

**तलका प्रश्नको छोटो उत्तर देऊ :**

(क) समान व्यवहार भनेको के हो ?

(ख) असमान व्यवहारबाट समाजमा कस्तो असर पर्न सक्छ ? उल्लेख गर ।

(ग) नेपालको संविधानमा समानताको हकमा के के कुरा उल्लेख गरिएको छ ?

**सामुदायिक कार्य**

तिम्रो समुदायमा असमान व्यवहार भएका होलान् । ती घटनामध्ये कुनै एकबाट समाजमा पर्ने असर र त्यसको समाधानको लागि गर्नुपर्ने कुराहरूबारे गाउँका कुनै प्रबुद्ध व्यक्तिलाई भेटेर त्यसको समाधानको उपायहरू सोधी रिपोर्ट तयार गर ।

Curriculum Development Centre

पाठ : ८

# सामाजिक नियम



समाजलाई व्यवस्थित रूपमा सञ्चालन गर्न समाजद्वारा तयार गरी व्यवहारमा आएका नियम नै सामाजिक नियम हुन् । समाजलाई स्वीकार हुने परम्परागत नीति नियमलाई सामाजिक मूल्य मान्यता पनि भनिन्छ । यस्ता मूल्य मान्यतालाई सामाजिक नियमका रूपमा सबैले पालना गरेका हुन्छन् । मूल्य मान्यतालाई चालचलन पनि भन्ने गरिन्छ । समाजमा रहेका सबै चालचलन राम्रा मात्रै हुँदैनन् । समाजमा रहेका राम्रा चालचलनलाई अनुसरण गर्नुपर्छ । समाजमा विकृति ल्याउने चालचलनलाई हटाउन पहल गर्नुपर्छ । असल सामाजिक चालचलनले व्यक्ति र समाजलाई सही बाटोमा हिँडाउन सहयोग गर्छ ।

| कक्षाकार्य : तिमीले पालना गर्ने गरेका सामाजिक नियमहरूको सूची बनाऊ । |
|---|

तिम्रा छिमेकी विद्यालयका साथीहरूले हाम्रो समाजमा प्रचलनमा रहेका निम्नानुसारका सामाजिक नियम टिपोट तयार गरेका छन् । तिमीले बनाएका नियमसँग तुलना गरी अध्ययन गर :

– आफूभन्दा ठुलालाई आदर गर्ने र सानालाई माया गर्ने

– परिवारको जेष्ठ सदस्यले भनेको सबैले मान्ने

---

***शिक्षण सुझाव***

*विभिन्न असल सामाजिक नियम र खराब व्यवहारको उदाहरण, नमुना दिई सामाजिक नियम पालना गर्न उत्प्रेरित गर्नुहोस् ।*



Curriculum Development Centre

- चाडपर्वमा परिवारका सबै सदस्य जम्मा भई रमाइलो गर्ने
- विवाह, व्रतबन्ध, न्वारान, पास्नी जस्ता संस्कारमा समाजमा भएका सबै जम्मा भई शुभकामना आदानप्रदान गर्ने
- समुदायमा कुनै व्यक्तिको मृत्यु भएमा सबै जम्मा भई दाहसंस्कार र आवश्यक सहयोग गर्ने
- समुदायमा रहेका कुवा, धारा, इनार, कुलो, बाटो, धार्मिक स्थलको सरसफाइ तथा संरक्षण गर्ने । त्यस्ता ठाउँमा पालो पर्खने बानी बसाल्ने
- दु:खी, अशक्त, अपाङ्ग, असहाय, टुहुरा, वृद्ध वृद्धा आदिलाई सहयोग गर्ने
- सबैलाई मित्रवत् व्यवहार गर्ने
- पाहुना, गुरु, गुरुआमा, आमा र बुबालाई देवता समान मान्ने
- अरूलाई असजिलो पर्दा सक्दो सहयोग गर्ने
- व्यक्तिगतभन्दा सामूहिक हितलाई प्राथमिकता दिने
- आफ्नो परम्परागत चालचलन र संस्कार मान्ने
- मितव्ययिता प्रदर्शन गर्दै स्थानीय वस्तु तथा सेवाको प्रयोग गर्ने
- बाह्य संस्कृतिको नकारात्मक प्रभावबाट बच्ने र आफ्नो मौलिक कला संस्कृति तथा सार्वजनिक सम्पत्तिको संरक्षण र संवर्धन गर्ने
- प्राकृतिक र राष्ट्रिय सम्पदाको प्रयोग र संरक्षणलाई प्राथमिकता दिने आदि ।

तिमीले तयार पारेका र माथिका सामाजिक नियमबिच के अन्तर पायौ त ? मनन गर ।

कुनै पनि समाजको ऐना भनेकै त्यहाँको मानिसको चालचलन र व्यवहार हो । हामीले समाज अनुकूल शिष्ट, अनुशासित व्यवहार अपनायौँ भने समाज पनि त्यस्तै बन्छ । त्यसैले समाजलाई सभ्य र आदर्श बनाउन हरेक व्यक्तिले सामाजिक नियमको सही रूपमा पालना गर्नुपर्छ ।

### क्रियाकलाप

१. के तिम्रो समाजमा केही नराम्रा नियम वा प्रचलन पनि छन् ? छन् भने त्यस्ता नियम वा प्रचलनको सूची बनाऊ र ती नराम्रा नियमलाई सुधार गर्न के गर्नुपर्ला ? साथीसँग छलफल गरी उपायहरू लेख ।

२. तिम्रो कक्षा कोठालाई अनुशासित बनाउन नियम बनाई कक्षा कोठामा टाँस ।

### अभ्यास

**तलका प्रश्नको छोटो उत्तर लेख :**

(क) सामाजिक नियम भनेको के हो ?

(ख) सामाजिक नियम किन आवश्यक पर्छ ?

(ग) तिम्रो समाजमा प्रचलित पाँच ओटा मुख्य नियम लेख ।

Curriculum Development Centre

# पाठ : ९ सामाजिक नियम पालनाको प्रभाव

सामाजिक नियमको ज्ञान र प्रयोगले समाजलाई सही बाटोमा डोऱ्याउँछ । त्यसको सकारात्मक प्रभाव समाजका हरेक क्षेत्रमा पर्छ । हामीले पनि हाम्रा समाजमा प्रचलित सामाजिक नियमहरूको पालना गर्नुपर्छ । तिम्रो छिमेकी विद्यालयका साथीहरूले सामाजिक नियम पालनाको प्रभावको बारेमा समूह कार्य गरेका थिए । उनीहरूले तयार पारेको सूची यस प्रकार छ :

| सामाजिक नियम | पालना गर्दा हुने फाइदा |
|---|---|
| १. समुदायमा रहेका कुवा, धारा, इनार, कुलो, बाटो, धार्मिक स्थलको सरसफाइ तथा संरक्षण गर्ने । त्यस्ता कार्यको प्रयोग गर्दा पालो पर्खने बानी बसाल्ने | १. सार्वजनिक सम्पत्तिको संरक्षण र सदुपयोग हुन्छ ।<br>– अनुशासित भई काम गर्ने बानीको विकास हुन्छ ।<br>– सामाजिक कामप्रति चासो र उत्तरदायित्वको बोध हुन्छ । |
| २. आमा, बुबा र गुरुलाई आदर सम्मान गर्ने | २. आफूभन्दा ठुलाको आदर सत्कार गर्ने बानीको विकास गराउँछ, गुरुबाट थप ज्ञान लिन सहयोग पुऱ्याउँछ, आमाबुबाबाट व्यावहारिक कुरा सिक्न सहयोग पुऱ्याउँछ । |
| ३. अनुशासन र मर्यादाको पालना गर्ने | ३. सभ्य हुन सिकाउँछ, अनुशासन सिकाउँछ, सज्जन हुन सिकाउँछ, सामाजिक नियम सिकाउँछ । |
| ४. अतिथिको सत्कार गर्ने | ४. सेवाको भावना विकास हुन्छ, मानव सभ्यता सिकाउँछ । |
| ५. प्राकृतिक वस्तुको संरक्षण (प्रकृति पूजा) गर्ने | ५. वातावरण सन्तुलन राख्न सहयोग गर्छ, सृष्टि सञ्चालनमा सहयोग पुऱ्याउँछ । |
| ६. जन्मदेखि मृत्युसम्म गरिने विभिन्न संस्कार पालना गर्ने | ६. परिवार तथा समाजमा घुलमिल गराउन सहयोग पुऱ्याउँछ, व्यक्तिको योगदानको कदर गर्न सहयोग गर्छ । कर्तव्य पुरा गर्न सहयोग गर्छ । कुलपितृका सम्झना गर्न सिकाउँछ । |
| ७. परम्परागत मूल्य मान्यताको अनुसरण गर्ने | ७. अनुशासन सिकाउँछ, लोभलालचाबाट बचाउँछ, क्षणिक भौतिक सुख लिने प्रवृत्ति घटाउँछ, मानव सेवा गर्न सिकाउँछ, धार्मिक स्थल संरक्षण गर्न सिकाउँछ । |
| ८. विभिन्न चाडपर्व मान्ने | ८. संस्कृति हस्तान्तरण हुने, संस्कृतिको संरक्षण हुने । |

***शिक्षण सुझाव***

*सामाजिक नियम पालना सम्बन्धमा सबै विद्यार्थीलाई सहभागी गरी विभिन्न क्रियाकलाप गराई शिक्षण गर्नुहोस् ।*

Curriculum Development Centre



**क्रियाकलाप**

तिम्रो परिवार तथा समुदायमा मूल्य मान्यताका नाममा राम्रा र नराम्रा दुवै चलन रहेका हुन सक्छन् । त्यस्ता चलनहरू सोधखोज गरी उदाहरणमा दिइए जस्तै तिन समूहमा विभाजन गरी लेख ।

| जस्ताको जस्तै अनुसरण गर्नुपर्ने | सुधार गरेर अनुसरण गर्नुपर्ने | हटाउनुपर्ने |
|---|---|---|
| पाहुनाको सत्कार | सांस्कृतिक परम्परा | दाइजो लिने र दिने<br>छुवाछुत गर्ने |

**अभ्यास**

तलका प्रश्नको उत्तर लेख :

१. सामाजिक नियमको पालना किन आवश्यक हुन्छ ? छोटकरीमा लेख ।

२. तिम्रो परिवार वा समाजमा भएका थप सामाजिक नियम र त्यसबाट हुने फाइदा बुँदागत रूपमा लेख ।

३. सामाजिक नियमको महत्त्व शीर्षकमा एक अनुच्छेद लेख ।

४. सामाजिक नियम पालना गर्दा हुने फाइदाहरू सूचीबद्ध गर ।

Curriculum Develoopment Centre

## पुनरावलोकन अभ्यास

## सामुदायिक कार्य

(क) नेपालको अन्तरिम संविधान, २०६३ को धारा २२ मा बालबालिकाको हकको व्यवस्था छ । विद्यालय पुस्तकालय वा शिक्षकसँग भएको संविधानको पुस्तकबाट बालबालिका सम्बन्धी मौलिक हकहरूको सूची बनाऊ । उक्त हकहरू तिम्रो समुदायका बालबालिकामध्ये कतिले उपभोग गर्न पाएका छैनन् । विवरण बनाऊ । साथै तिनीहरूले ती हकको प्रयोग कसरी गर्न पाउलान् छलफल गरी निचोड निकाल ।

(ख) संविधान अध्ययन

संविधान अध्ययन गरेर तल लेखिएका बुँदाहरू नेपालको वर्तमान संविधानको मौलिक हकमा भए ठिक (√) र नभए बेठिक (X) लेख :

१. स्वतन्त्रताको हक ( )
२. हातहतियार सहित भेला हुने हक ( )
३. समानता हक ( )
४. बढी हुनेको खोसेर लिने हक ( )
५. महिलाको हक ( )
६. पुरुषको हक ( )
७. बालबालिकको हक ( )
८. प्रौढको हक ( )
९. धर्म सम्बन्धी हक ( )
१०. सूचनाको हक ( )
११. छुवाछुत तथा जातीय भेदभाव विरुद्धको हक ( )
१२. धर्मका आधारमा भेदभाव गर्न पाइने हक ( )
१३. प्रकाशन, प्रसारण तथा छापाखाना सम्बन्धी हक ( )
१४. वातावरण तथा स्वास्थ्य सम्बन्धी हक ( )
१५. शिक्षा तथा संस्कृति सम्बन्धी हक ( )

(ग) तिम्रो समुदायमा पुरानो दरबार, गढी, मन्दिर, चर्च, गुम्बा, मस्जिद कुनै धार्मिक स्थल, पाटीपौवा, चौतारो, सत्तल आदिमध्ये कुनै कुनै सम्पदा पक्कै होला । उक्त सम्पदा रहेको ठाउँ कस्तो अवस्थामा छ (राम्रो, बिग्रेको, भत्केको, सफा फोहोर आदि) त्यसको अवस्थाका बारेमा लेख । उक्त ठाउँको संरक्षणका लागि तिमी एक्लै वा समूह मिलेर के गर्न सक्छौ ? सकेको काम गर र के काम गर्‍यौ ? कक्षामा प्रस्तुत गर ।

## क्रियाकलाप

(क) आगामी बाल दिवस भव्य रूपमा मनाउनका लागि समुदायका मानिस र शिक्षकसँग सल्लाह गरी योजना बनाऊ ।

(ख) देश सन्तुलित रूपमा सञ्चालन गर्न कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाका बिच शक्ति सन्तुलन र नियन्त्रण किन हुनुपर्छ होला ? समूहमा छलफल गरी निष्कर्ष निकाल ।



Curriculum Development Centre

एकाइ ५

# हाम्रो पृथ्वी



Curriculum Development Centre

### सिकाइ उपलब्धि

- पृथ्वीको धरातललीय स्वरूपमा परिवर्तन ल्याउने बाह्य तत्त्वहरूको परिचय दिन
- जलवायु परिवर्तनको परिचय दिन
- विपत् व्यवस्थापन गर्ने उपायका खोजी गर्न
- विपत् व्यवस्थापन गर्ने उपायको अवलम्बन गर्न एवम् उद्धार कार्यमा संलग्न हुन
- नेपालको प्राकृतिक स्वरूपको परिचय दिन
- प्राकृतिक स्वरूपअनुसार हावापानी र जनजीवनको परिचय प्रस्तुत गर्न
- अक्षांश र देशान्तरको परिचय दिन
- ग्लोब र नक्सा प्रयोग गरी देशान्तर र अक्षांशको सहायताले कुनै स्थान कहाँ छ भनेर पत्ता लगाउन
- युरोप र अस्ट्रेलिया महादेशको नक्सा अध्ययन गरी त्यहाँको प्राकृतिक अवस्थालगायत विभिन्न पक्षको वर्णन गर्न
- युरोपको सामाजिक र सांस्कृतिक अवस्थाको वर्णन गर्न
- युरोप र अस्ट्रेलिया महादेशको विभिन्न क्षेत्रका मानिसहरूको जनजीवन र विकासको अवस्थाबाट प्रेरणा प्राप्त गर्न

Curriculum Development Centre

पाठ : १

# अक्षांश र देशान्तरको परिचय




हामी बसिरहेको पृथ्वी कस्तो आकारको छ, कति ठुलो छ भन्ने तिमीहरूले थाहा पाइसकेका छौ । पृथ्वीको कुनै एक भागमा बसेर अन्य स्थानका बारेमा जानकारी पाउन, त्यहाँको दुरी र अवस्थिति थाहा पाउन पृथ्वीमा विभिन्न अक्षांश र देशान्तरको सहयोग लिइन्छ । अक्षांश र देशान्तर रेखाका बारेमा तिमीले कक्षा छमा जानकारी प्राप्त गरिसकेका छौ । त्यसैले विद्‍यालयमा रहेको ग्लोब ल्याओ । ग्लोब हेरेर अक्षांश देशान्तरका बारेमा छलफल गर है त !

**अक्षांश**

१. भूमध्य रेखाको केन्द्रबिन्दुबाट उत्तर वा दक्षिणमध्ये कुनै ठाउँको कोणमा नापिएको अर्थात् कोणिक दुरीलाई अक्षांश भनिन्छ ।

२. कुनै ठाउँको अक्षांश भन्नाले भूमध्य रेखा र सो ठाउँबाट खिचेको रेखा मिलेर पृथ्वीको केन्द्रमा बनेको कोणलाई बुझाउँछ ।

३. भूमध्य रेखाको उत्तरतर्फ ९०° र दक्षिणतर्फ ९०° गरी १८०° अक्षांश हुन्छन् । ती अवस्थालाई देखाउन खिचिएको काल्पनिक रेखालाई अक्षांश रेखा भनिन्छ ।

४. अक्षांशको मद्दतबाट कुनै ठाउँ भूमध्य रेखादेखि उत्तर वा दक्षिणपट्टि कति टाढा पर्छ भन्ने कुरा थाहा हुन्छ ।

---

*शिक्षण सुझाव*

*नक्सामा अक्षांश र देशान्तर रेखाको सहायताबाट विभिन्न ठाउँको अवस्थिति पत्ता लगाउने अभ्यास गराउनुहोस् ।*

५. अक्षांशको मद्दतबाट कुनै ठाउँको हावापानीको अवस्था पत्ता लगाउन सकिन्छ ।

६. अक्षांशको मद्दतबाट कुनै बखत कुनै निश्चित ठाउँमा दिन र रातको लम्बाइ थाहा हुन्छ ।

७. अक्षांशबाट कुनै स्थानको वास्तविक दुरी निकाल्न सकिन्छ ।

**देशान्तर**

१. प्रधान मध्याह्न (ग्रिनविच मिनटाइम) रेखाको पूर्व वा पश्चिमको कुनै ठाउँको कोणमा नापिएको दुरीलाई देशान्तर भनिन्छ । प्रधान मध्याह्न रेखाको देशान्तर शून्य डिग्री हुन्छ । यही शून्य डिग्रीको प्रधान मध्याह्न रेखा र त्यसको पूर्व वा पश्चिमको कुनै ठाउँबाट खिचिएको रेखा मिलेर बन्ने कोण नै त्यस ठाउँको देशान्तर हो ।

२. देशान्तर प्रधान मध्याह्न रेखाको पूर्वमा १८० अंश र पश्चिममा १८० अंश गरी जम्मा ३६० अंश हुन्छन् । देशान्तर देखाउन खिचिएको काल्पनिक रेखालाई देशान्तर रेखा भनिन्छ ।

३. देशान्तरबाट कुनै स्थान मुख्य मध्याह्न रेखादेखि पूर्व वा पश्चिम कति टाढा छ भन्ने कुरा थाहा हुन्छ ।

४. देशान्तरको सहायताबाट विभिन्न स्थानको स्थानीय समय थाहा पाउन सकिन्छ ।

५. पृथ्वी हरेक चार मिनेटमा एक डिग्री देशान्तर घुम्छ । अर्थात् १५ डिग्री देशान्तर पश्चिमबाट पूर्वतर्फ घुम्न एक घण्टा लाग्छ । यसकारण प्रत्येक एक डिग्री पूर्वको ठाउँले पश्चिमको भन्दा चार मिनेट पहिले सूर्यको किरण प्राप्त गर्छ । यस कुराका आधारमा नै पृथ्वीको समय निर्धारण गरिएको हुन्छ ।

नेपालमा गौरीशङ्कर हिमाललाई आधार मानी समय निर्धारित गरिएको छ । यसरी अक्षांश र देशान्तरको सहायताले समग्र पृथ्वीको दुरी र स्थानका बारेमा जानकारी लिन सकिन्छ । त्यसैले अक्षांश र देशान्तरलाई भौगोलिक नियामक पनि भनिन्छ ।

**क्रियाकलाप**

१. ग्लोब वा नक्सा हेरेर अक्षांश रेखा र देशान्तर रेखा पहिचान गर ।

२. एटलास वा भित्ते नक्साहरूमा भएको राजनीतिक नक्सा हेरेर नेपाल र नेपालका छिमेकी मुलुकको अक्षांश र देशान्तर पत्ता लगाऊ ।

**अभ्यास**

तलको प्रश्नको उत्तर लेख :

१. अक्षांश भनेको के हो ?

२. देशान्तर भनेको के हो ?

३. अक्षांश र देशान्तरबिच फरक देखाऊ ।

४. अक्षांश र देशान्तर रेखाको उपयोगिता लेख ।



Curriculum Development Centre

पाठ : २

# धरातलीय स्वरूप



पृथ्वीमा कहीँ अग्लो, कहीँ होचो, कहीँ खाल्टो छ । त्यस्तै कहीँ ज्यादै अग्लो पहाड, कहीँ पठार (उच्च समस्थली), कहीँ मैदान आदि भाग छन् । पृथ्वीको यही असमान बाहिरी सतहलाई धरातल (topography) भनिन्छ । जमिनले कुनै न कुनै आकार लिई देखिने आकृतिलाई धरातलीय स्वरूप भनिन्छ । यी स्वरूपको निर्माण वा आकृति वा स्वरूप सधैँ एकनास नभई निरन्तर परिवर्तन भइरहन्छ । यस्ता स्वरूपको विकास एकै पटक नभएर विभिन्न चरणमा भएको हो । यसरी हुने परिवर्तन अनुभव गर्न सकिने हुन्छ ।

समय र फैलावटका आधारमा धरातलीय स्वरूपमा विविधता रहेको छ । पृथ्वीमा बाह्य आवरणमा महादेश र महासागर गरी दुई मुख्य स्वरूप रहेका छन् । यस्तो स्वरूप क्षणिक नभई दीर्घकालीन हुन्छन् । त्यसपछि महादेशअन्तर्गत विकास भएका प्रमुख स्वरूपहरू पर्वत, पहाड र मैदान हुन् । महासागरअन्तर्गतका स्वरूपहरूमा महाद्वीपीय किनारा, महासागरीय मैदान, महासागरीय डाँडा हुन् । यी स्वरूपको विकास र निर्माणमा बाह्य र आन्तरिक शक्तिको भूमिका रहेको हुन्छ । यस्ता स्वरूप स्थायी नभई अस्थायी हुन्छन् ।

### धरातलीय स्वरूप परिवर्तन गर्ने तत्वहरू

धरातलीय स्वरूपमा विभिन्न प्रक्रियाले परिवर्तन आउने गर्दछ । धरातलीय स्वरूप परिवर्तन गर्ने तत्वहरूलाई आन्तरिक र बाह्य गरी दुई भागमा बाँड्न सकिन्छ :

(क) **बाह्य तत्व :** बाह्य रूपमा धरातलको स्वरूपमा परिवर्तन ल्याउने नदी, वायु, ताप, हिमनदी, वर्षा, जीवजन्तु आदि बाह्य तत्वहरू हुन् । यस्ता तत्वले कुनै एक ठाउँमा खियाएको माटो ओसारेर, अन्यत्रै थुपारेर नयाँ आकृति बनाउँछ । जस्तै नेपालको पहाडी क्षेत्रबाट नदीले खियाएर लगेको माटो तराईमा थुपारी मैदान बनेका छन् । त्यसैले पोखरामा नदीले गहिरो गल्छी बनाएको छ ।

---

***शिक्षण सुझाव***

*धरातलीय स्वरूप स्पष्ट पार्ने ग्लोब, नक्सा वा एटलासको प्रयोग गरी अवधारणा स्पष्ट पार्नुहोस् ।*



Curriculum Development Centre

(ख) आन्तरिक तत्त्व : धरातलको स्वरूपलाई आन्तरिक रूपमा परिवर्तन गर्ने तत्त्व आन्तरिक तत्त्व भनिन्छ । भूकम्प र ज्वालामुखी जस्ता तत्त्वले पृथ्वीका सतहमा तुरुन्तै परिवर्तन ल्याउँछन् । भुकम्पको कारण जमिन माथि उठ्ने, तल भासिने, चिरा पर्ने र पहिरो जाने हुन्छ । ज्वालामुखी विष्फोट हुँदा पृथ्वी भित्रको तातो लाभा बाहिर निस्कन्छ र थुप्रिएर पहाड बन्छ । यसरी बाह्य र आन्तरिक दुवै तत्त्वले पृथ्वीको धरातलीय स्वरूपमा परिवर्तन ल्याउने गर्दछन् ।

### क्रियाकलाप

१. एटलास वा पृथ्वीको धरातलीय नक्सा अध्ययन गर र नक्साका आधारमा पहाड, समथर मैदान र समुद्र भएका तिन तिन ओटा स्थानका नाम छलफल गरी लेख ।

२. शिक्षकको साथमा गई आफ्नो विद्यालय नजिकको खोला किनारको अवलोकन गरी त्यहाँ खियाउने, ओसार्ने र थुपार्ने मध्ये कुन कुन काम भएको, त्यसले त्यहाँको धरातलमा के परिवर्तन ल्याएको छ ? पत्ता लगाउ र कक्षामा छलफल गर ।

३. तिमी रहेको धरातलीय स्वरूपमा परिवर्तन ल्याउने आन्तरिक र बाह्य तत्त्वहरू के के हुन् ? लेख ।

### अभ्यास

तलका प्रश्नको उत्तर लेख :

(क) धरातलीय स्वरूप भनेको के हो ?

(ख) पृथ्वीको धरातलीय स्वरूप कस्तो छ ?

(ग) धरातलीय स्वरूपमा प्रभाव पार्ने बाह्य तत्त्वहरू के के हुन् ?

(घ) धरातलीय स्वरूप परिवर्तन गर्ने आन्तरिक र बाह्य तत्त्व के के हुन् ? यिनले कसरी धरातलीय स्वरूपमा परिवर्तन ल्याउँछन् ।

(ङ) भूकम्प, ज्वालामुखीलाई किन धरातलीय स्वरूपमा परिवर्तन ल्याउने आन्तरिक तत्त्व भनिएको हो ?

### सामुदायिक कार्य

आआफ्नो विद्यालय वरिपरिको भूस्वरूप राम्ररी अवलोकन गर । त्यसको आकार प्रकार तथा अन्य विशेषता आफ्नो अभ्यास पुस्तिकामा लेख । ती स्वरूपहरू के कसरी बनेका होलान्, के ती सधैँ त्यस्तै रहलान् ? यदि परिवर्तन भएको भए केही सङ्केत पत्ता लगाई कक्षामा छलफल गर ।

Curriculum Development Centre

पाठ : ३

# नेपालको भौगोलिक अवस्था




| हिमाली प्रदेश | पहाडी प्रदेश | तराई प्रदेश |
|---|---|---|
| - नेपालमा कुल क्षेत्रफलको भौगोलिक विभाजनअनुसार करिब १५ प्रतिशत भूभागले ओगेटेको छ ।<br>- नेपालमा उत्तरी भागमा पर्ने हिमाली प्रदेश ३३०० मिटर देखि ८८४८ मिटरसम्मको उचाइमा रहेको छ ।<br>- ५००० मिटरभन्दा माथिका सबै पर्वत शृङ्खलाहरू हिउँले छोपिन्छन् ।<br>- हिमाली प्रदेशमा आधा जति वर्षा समय हिउँले ढाक्ने गर्दछ । त्यसैले यहाँ धेरै उब्जनी हुँदैन । यहाँ आलु, जौ, स्याउ जस्ता खाद्यान्न र फलफुल उत्पादन हुन्छन् । | - तराइदेखि उत्तर तथा हिमाली<br>प्रदेशको दक्षिणमा ६१० मिटरदेखि ३३०० मिटरसम्मको भूभागलाई पहाडी प्रदेश भनिन्छ ।<br>- ८० किलोमिटर देखि १२८ किलोमिटर चौडाइमा फैलिएको पहाडी प्रदेशले नेपालको कुल क्षेत्रफलको ६८ प्रतिशत भूभाग ओगटेको छ ।<br>- नेपालको दक्षिणमा अवस्थित पूर्वदेखि पश्चिमसम्म फैलिएको ६१० मिटर देखि १८७२ मिटरको उचाइसम्म भएको पर्वत मालालाई चुरे पर्वत मानिन्छ ।<br>- समुद्री सतहदेखि १५०० मिटरदेखि ३६६० मिटरसम्मको उचाइ भएको मोडदार पर्वतलाई महाभारत लेक भनिन्छ । | - तराई प्रदेशलाई मधेस प्रदेश पनि भन्ने गरिन्छ ।<br>- नेपालमा सबैभन्दा दक्षिणी भागमा पूर्व मेचीदेखि महाकालीसम्म समुद्री सतह लगभग ६० मिटरदेखि ६१० मिटरसम्मका उचाइको समथर भूभागलाई तराई प्रदेश भनिन्छ ।<br>- तराई प्रदेश पूर्वमा २५ कि.मि. र पश्चिममा ३२ कि.मि.सम्म फैलिएको छ ।<br>- चुरे र महाभारत पर्वत श्रेणीको बीचमा भित्री मधेस रहेको छ ।<br>- नेपालको कुल क्षेत्रफलको १७ प्रतिशत भूभाग तराई प्रदेशले ओगेटको छ । |

### *शिक्षण सुझाव*

*तुलनात्मक चार्ट वा तालिका बनाएर नेपालको भौगोलिक प्रदेशका बारेमा छलफल गराउनुहोस् ।*



Curriculum Development Centre

| हिमाली प्रदेश | पहाडी प्रदेश | तराई प्रदेश |
| --- | --- | --- |
| - हिमाली प्रदेशमा जनसङ्ख्याको चाप एकदमै कम छ । यो क्षेत्रमा भोटे, ह्योल्मो, शेर्पा, लेप्चा, थकाली, गुरुङ आदि जातिका मुख्य बसोबास छ ।<br>- हिमाली प्रदेशका मानिसहरूले पर्वतारोहण पर्यटन, पशुपालनलाई मुख्य पेसा बनाएको पाइन्छ । जडीबुटीका व्यापार पनि यस क्षेत्रको आम्दानीको स्रोत हो ।<br>- जलवायु परिवर्तनको असरले यो क्षेत्रमा बसोबास गर्ने मानिसहरूको | - महाभारत पर्वत र हिमालय पर्वतबिचमा ठुला ठुला पहाडका साथै ताल, बेँसी र उपत्यका पनि रहेका छन् ।<br>- पहाडी प्रदेशमा विभिन्न जाति, जनजातिका मानिसहरू बस्छन् ।<br>- पूर्वी नेपालमा राई, लिम्बुको बाहुल्य छ भने मध्य तथा पश्चिम नेपालमा बाहुन, क्षेत्री, नेवार, मगर, गुरुङ आदि जाति बस्छन् । त्यस्तै दलितहरूको सङ्ख्या पनि प्रशस्त पाइन्छ ।<br>- यो प्रदेशमा आलु, गहुँ, मकै, कोदो, धान, अलैँची, अदुवा, सुन्तला आदि उत्पादन हुन्छ । | - तराई प्रदेशको भूभाग समथर तथा उर्वर रहेको छ ।<br>- यस प्रदेशका मानिसका मुख्य पेसा खेतीपाती र पशुपालन हो भने यस क्षेत्रमा विभिन्न प्रकारका उद्योग पनि रहेका छन् ।<br>- यस क्षेत्रमा बाहुन, राजपुत, थारु, चमार, धिमाल, मुसलमान, मुसहर, यादव, झाँगड, पासवानलगायतका जाति बसोबास गर्छन् । |

**क्रियाकलाप**

१. नेपालको भौतिक नक्सा हेरेर तराई, पहाड र हिमाली भाग कहाँदेखि कहाँसम्म हो छुट्याऊ ।

२. नेपालको नक्सा बनाऊ । त्यसमा तराई पहाड र हिमाली क्षेत्र छुट्टा छुट्टै वा सङ्केत दिएर छुट्याऊ । त्यसमा रङ भर र कक्षामा प्रदर्शन गर ।

३. तिमी कुन भौगोलिक प्रदेशमा बस्छौ ? आफ्नो भौगोलिक प्रदेशको भौगोलिक विवरण उल्लेख गरी एउटा पत्र मित्रलाई चिठी लेख ।

**अभ्यास**

तलका प्रश्नको उत्तर लेख :

(क) हिमाल र पहाडी प्रदेशबिच फरक छुट्याऊ ।

(ख) तराई प्रदेशका मुख्य पाँच ओटा विशेषता लेख ।

Curriculum Development Centre

पाठ : ४

# विविधताको सङ्गम नेपाल

नेपाल सानो छ तर यो आफैँमा विविधताले भरिएको विशाल छ । नेपालको विविधतालाई निम्नानुसार हेर्न सकिन्छ :

| क. स. | क्षेत्र | विविधता |
|---|---|---|
| १. | भौगोलिक विविधता | - एउटै देशमा हिमाल, पहाड र तराई/मधेस रहेको/वन जङ्गल, नदीनाला, आदिमा विविधता |
| २. | प्राकृतिक विविधता | - वातावरणीय विविधता - हिमाली क्षेत्र, पहाडी र तराईमा विविध प्रकारको वातावरण रहेको (हावापानीमा विविधता)<br>- गर्मीदेखि अति जाडो हुने हावापानी<br>- जीवजन्तुमा विशिष्टता (तराई, पहाड, हिमालमा हुने जीवजन्तु, जनावरमा विविधता रहेको)<br>- जैविक विविधता (विभिन्न जीव, बिरुवा जडीबुटीमा विविधता) |
| ३. | कृषिजन्य विविधता | - हिमाल, पहाड, तराईमा पाइने कृषिजन्य वालीनालीमा विविधता रहेको |
| ४. | सांस्कृतिक विविधता | - राष्ट्रियता पहिचान गराउन विभिन्न विभूतिले योगदान गरेका । गौतम बुद्ध, भृकुटी, अरनिको, राजर्षि जनक आदिले विशिष्टता प्रदान गरेका |
| ५. | जातीय विविधता | - ५९ जनजाति देखि लिएर सयौँ थर गोत्रका जनजीवनमा जातीय विशिष्टता रहेको<br>- १०१ भन्दा बढी जाति रहेका |
| ६. | भाषिक विविधता | - नेपालमा करिब १२३ भाषा रहेका छन् । |
| ७. | धार्मिक विविधता | - नेपालमा हिन्दु, बौद्ध, किरात, मुस्लिम, क्रिस्चियन, जैन, शिख, बहाइ लगायत विभिन्न धर्मावलम्बी रहेका छन् |
| ८. | सामाजिक विविधता | - भाषा संस्कृतिमा भएको विविधताले सामाजिक विविधताको प्रतिनिधित्व गरेको<br>- विभिन्न जात जातिका आआफ्नै प्रकारका सामाजिक पहिचान रहेका |
| ९. | वर्गीय विविधता | - नेपालमा अति धनीदेखि अति गरिबसम्मको बसोबास रहेको । गरिब र धनीबिचको दुरी बढ्नु एक चुनौतीका रूपमा रहेको छ । |

***शिक्षण सुझाव***

*यो पाठ शिक्षण गर्दा स्थानीय परिवेशलाई पनि उदाहरणका रूपमा प्रस्तुत गरी छलफल गराउनुहोस् ।*



Curriculum Development Centre

नेपालको कुल क्षेत्रफल १,४७,१८१ वर्ग कि.मि. रहेको छ । सानो क्षेत्रफल भएर पनि नेपाल समुद्र सतहबाट करिब ६० मिटर उचाइदेखि विश्वको सर्वोच्च शिखर ८,८४८ मिटरसम्म फैलिएको छ । दक्षिणमा तराईदेखि उत्तरमा हिमालसम्म पुग्दा यहाँ विविध प्रकारका भूस्वरूप देखिन्छन् । त्यस्तै हावापानी, वनस्पतिमा पनि विविधता पाइन्छ । भौगोलिक विशिष्टता भएकै कारण नेपालका अनेक जाति, सांस्कृतिक स्वरूप, प्राकृतिक सम्पदा आदिमा विविधता मात्र नभएर विशिष्टता र मौलिकता पाइन्छ । नेपालको जलवायु अति ठण्डादेखि अति गर्मीसम्म छ भने अग्लो हिमालदेखि होचो मैदानसम्मको धरातल रहेको छ । भौगोलिक विविधताले सामाजिक, आर्थिक, सांस्कृतिक, प्रशासनिक र राजनीतिक रूपमा समेत विविधता ल्याएको छ । प्राकृतिक वातावरणको विविधिताले पशुपक्षी एवम् प्राकृतिक वनस्पति र जनजीवनमा व्यापकता भेटिन्छ । त्यसैले नेपाललाई विविधताको सङ्गम भनिएको हो ।

## क्रियाकलाप

१. 'विविधिताको सङ्गम नेपाल' विषयमा एक प्रवचन कार्यक्रमको आयोजना गर । लिखित वा मौखिक प्रवचन पालैपालो प्रस्तुत गर ।

२. तिमी बसेको क्षेत्रमा पाइने विविधता र विशिष्टता के के छन् । सोधखोज गरेर लेख ।

## अभ्यास

तलका प्रश्नको उत्तर देऊ :

(क) विविधता भनेको के हो ?

(ख) नेपाललाई संसारमा चिनाउने पाँच ओटा विशिष्ट गुण लेख ।

(ग) नेपालको धरातल र हावापानीमा भएका विविधताका तिन ओटा उदाहरण लेख ।

(घ) नेपालमा कस्तो समाजिक विविधता पाइन्छ ?

(ङ) 'नेपाल सानो छ तर संसार छ ।' यस भनाइको पुष्टि गर ।

## परियोजना कार्य

तिमी बसेको स्थानको भौगोलिक अवस्था, धरातल, हावापानी, वनस्पति, माटो र जनजीवन (सामाजिक, आर्थिक र सांस्कृतिक) पक्षका बारेमा अध्ययन गरेर एउटा प्रतिवेदन तयार गर । यस कार्यमा आवश्यकताअनुसार शिक्षक, समुदायमा जान्ने व्यक्ति वा दाजु दिदीको सहयोग लेऊ ।

Curriculum Development Centre

पाठ : ५

# नक्सा कार्य

भूसतहको क्षेत्रलाई कुनै नापका आधारमा प्रतिनिधित्व हुने गरी तयार गरिएको आकारलाई नक्सा भनिन्छ । व्यवहारमा इसापूर्व तेस्रो शताब्दीदेखि नक्साको प्रयोग हुँदै आएको हो । नक्साको प्रयोग गर्ने कार्य आज आएर अत्याधुनिक हुँदै आएको छ । एउटा कोठामा बसेर इन्टनेटको माध्यमले संसारभरको नक्सा हेर्ने प्रविधि आइसकेको छ । सामाजिक अध्ययनमा नक्साको प्रयोग अति महत्त्वपूर्ण हुन्छ । कुनै पनि स्थल, वस्तु वा निर्मित संरचनाको स्थिति देखाउन नक्साको प्रयोग गरिन्छ । नक्सा मुख्य रूपमा दुई प्रकारका हुन्छन् ।

(क) प्राकृतिक नक्सा :- प्राकृतिक वस्तुहरू देखाउन

(ख) सांस्कृतिक नक्सा :- मानव निर्मित वस्तुहरू देखाउन

यस बाहेक विशेष अवस्थाका आधारमा धरातलीय नक्सा, भौगोलिक नक्सा र आर्थिक नक्सा हुन्छन् । त्यस्तै यातायात सम्बन्धी नक्सा, हावापानी सम्बन्धी नक्सा, ऐतिहासिक नक्सा, वितरण देखाउने माटोको वर्गीकरण देखाउने नक्सा आदि विविध प्रकारका नक्सा पनि प्रयोग गरिन्छ ।

कुनै क्षेत्रको नक्सालाई विषयगत नक्सा (thematic map) भनिन्छ । यसको खास उद्देश्य नै त्यस क्षेत्रलाई दृश्यमान गराई अथवा आँखाले देखेको जस्तो गराई जानकारी प्रदान गर्नु हो । पृथ्वीको धरातलमा रहेका विभिन्न भौगोलिक वस्तुको स्थिति, वातावरणीय परिवर्तन तथा सामाजिक सांस्कृतिक स्थितिलाई उतार्न कठिन हुन्छ । तसर्थ त्यस्ता विषयको वस्तुस्थिति तथा त्यसको स्वरूपको विशेषता एवम् आकारका आधारमा विभिन्न साङ्केतिक चिन्हहरूको प्रयोग गरी नक्साद्वारा विवरण प्रस्तुत गरिन्छ । नक्सामा सङ्केतबाट देखाइने केही स्वरूपहरू यस प्रकार छन् :

| | |
|---|---|
| - मानव निर्मित स्वरूपहरू | - मन्दिर, सडक, घर, पुल आदि |
| - जल स्वरूपहरू | - नदी, ताल, समुद्र, नहर आदि |
| - स्थल स्वरूपहरू | - पहाड, भिर, चुचुरो, मैदान आदि |
| - वनस्पतिका स्वरूपहरू | - विभिन्न नक्सामा वन जङ्गल, कृषि उत्पादन आदि |

---

*शिक्षण सुझाव*

*एटलास वा नक्सा हेरेर नक्सा उतार्न, ट्रेस गर्न वा उतारेको नक्सा भर्न सङ्केतसहित अभ्यास गराउनुहोस् र आवश्यकतानुसार पृष्ठपोषण प्रदान गर्नुहोस् ।*



Curriculum Development Centre

यसरी नक्सामा स्थान र समाजसँग सम्बन्धित धरै जानकारीहरू प्रस्तुत गर्न सकिन्छ । नक्साबाट कुनै स्थान विशेषको जानकारी छिटो प्राप्त गर्न सकिन्छ । त्यसैले भनिन्छ, एउटा तस्बिर हजार शब्द बराबर महत्त्वपूर्ण हुन्छ । अब, यहाँ हामी नेपालको नक्सा बनाउने अभ्यास गरौँ :



१. १० से.मि. लम्बाइ र ६ से.मि. चौडाइको एउटा आयत खिच । ठुलो पृष्ठमा बनाउनु परे यसको नाप बढाएर लिन सक्छौ, जस्तै : २० से.मि. X १२ से.मि.को आयत ।
२. २ से. मि. को फरक पारी आयतको कुनाबाट रेखाहरू तान । बाकसको ठिक बिचबाट एउटा ठाडो रेखा पनि तान । यी रेखाहरूले हाम्रा देशको नक्साका कुनाहरू देखाउँछन् ।
३. १० से.मि. X ६ से.मि.को आयत भए १ से.मि. बराबर ८० कि.मि. हुन्छ तर २० से.मि. X १२ से.मि. भए १ से.मि. ले ४० कि.मि. देखाउँछ । यो स्केल पनि नक्साको एक छेउमा लेख ।
४. यो अभ्यास धेरै पटक दोहोऱ्याऊ ।

### क्रियाकलाप

१. माथि उल्लेख भएबाहेक अन्य तरिकाबाट आफ्नो कापीमा पानाभरिको नेपालको नक्सा तयार गर र पाँच विकास क्षेत्रमा बाँड ।
२. आफ्नो गाविस वा नगरपालिकामा आफ्नो घर कहाँ पर्छ ? देखाऊ ।

### अभ्यास

तलका प्रश्नको उत्तर लेख :

(क) नक्सा भनेको के हो ?

(ख) नक्सा किन आवश्यक छ ? यसको महत्त्व लेख ।

### सामुदायिक कार्य

गाविस वा नगरपालिकाको नक्सामा सिमाना पहाड, मुख्य नदी, कृषि भूमि, बसोबास भएको क्षेत्र, प्रमुख गाउँ वा ठाउँहरू धार्मिक तथा ऐतिहासिक केन्द्र, बाटोघाटोलाई उपयुक्त रङ वा सङ्केत चिह्न प्रयोग गरी देखाऊ ।

Curriculum Development Centre

पाठ : ६

# युरोप महादेशको भौतिक, आर्थिक र सामाजिक जनजीवन




युरोप महादेश पृथ्वीको उत्तरी गोलार्धमा रहेको छ । यसको दक्षिणी भागको भूमध्य सागरीय क्षेत्रमा हाम्रो हिमालयका पर्वत श्रेणीहरू जस्तै थुप्रै पर्वत श्रेणीहरू छन् । यसलाई आल्पस पर्वत शृङ्खला पनि भनिन्छ । उत्तरी खण्डमा ज्यादै पुराना कडा चट्टानले बनेको उच्चभूमि (high-land) छ । स्कटल्यान्ड र स्केन्डिनेभिया (Scandinevia) का क्षेत्रहरू यसमा पर्छन् । यो भूभाग पृथ्वीका अति पुराना भूभागमध्येको एक हो । यहाँको उच्च भूमि र दक्षिणी खण्डको पर्वत शृङ्खलाको बिचमा विस्तृत मैदानी भूभाग छ । भोल्गा र डेन्युब यहाँका मुख्य नदीहरू हुन् । यहाँ बग्ने नदीहरूमा भित्र भित्रसम्म पनि व्यापारिक डुङ्गाहरू चल्न सक्छन् । यसले गर्दा पनि युरोपको मैदानी भागमा बस्ती ज्यादै बाक्लो छ र यहाँ उद्योग व्यापार, यातायात आदि ज्यादै उच्च स्तरको छ । स्पेन, फ्रान्स, जर्मनी, नेदरल्यान्ड, रुमानिया, स्विट्जरल्यान्ड, इटाली बेलायत, नर्वे, स्विडेन, डेनमार्क, फिनल्यान्ड र रुस आदि यहाँका मुख्य देशहरू हुन् । यी सबै देशहरूको हावापानी पनि स्वास्थ्यको दृष्टिले उपयुक्त छ । उत्तरी भागमा बढी ठन्डा र दक्षिणी भागमा न्यानो हुन्छ । पश्चिमी खण्डमा वर्षैभरि पानी पर्छ तर दक्षिणतर्फ हिउँदमा मात्र पानी पर्छ । यस्तो हिउदे वर्षाको हावापानी फलफुल खेतीका निम्ति उपयुक्त हुने भएकाले, स्पेन, फ्रान्स, इटाली, ग्रिसमा अङ्गुरलगायतका विभिन्न फलफुलहरू उब्जाइन्छन् । यसैले ती देशलगायतका क्षेत्रलाई संसारको बगैँचा (Garden of World) भनिन्छ । युरोपेलीहरूको जीवनस्तर धेरै उच्च रहेको छ । यहाँ अङ्ग्रेजी, फ्रेन्च, स्पेनिस, डच, रसियन आदि भाषा बोल्छन् । जनजीवन ज्यादै व्यस्त भएकाले हाम्रो समाजमा जस्तै धेरै चाड पर्वहरू मनाइर हने फुर्सद उनीहरूमा छैन । तैपनि फ्रान्स जस्ता देशहरू सांस्कृतिक रूपले ज्यादै सबल छन् । अधिकांश मानिसहरू क्रिस्चियन हुनाले क्रिस्मस तथा इस्टर जस्ता चाड मनाउँछन् । युरोपेली देशमा एसियाली तथा अफ्रिकी मूलका मानिसहरू पनि स्थायी रूपमा बसोबास गरेको पाइन्छ ।

---

***शिक्षण सुझाव***

*विभिन्न सन्दर्भ सामग्रीको समेत सहयोग लिई युरोप महादेशको भौतिक, आर्थिक र सामाजिक जनजीवनका विभिन्न पक्षका बारेमा जानकारी गराउनुहोस् ।*

Curriculum Development Centre

उनीहरूको जीवनशैली पनि तिनै युरोपेलीको जस्तै छ । यो महादेश विकसित छ । युरोपका देशहरू मिलेर युरोपियन युनियन गठन गरेका छन् । उनीहरूले सबै देशका लागि साझा मुद्रा युरो प्रचलनमा ल्याएका छन् । यसले गर्दा उनीहरूको व्यापार, व्यवसाय र अन्य आर्थिक कारोबार गर्न ज्यादै सजिलो भएको छ ।

यो महादेशका अधिकांश देश धनी भएकाले शिक्षा र स्वास्थ्यको सुविधा ज्यादै नै राम्रो छ । कतिपय देशमा विद्यालय स्तरसम्मको शिक्षा र स्वास्थ्य सुविधाहरू निःशुल्क छन् । हाम्रो देश नेपालले युरोपका थुप्रै देशसँग दौत्य सम्बन्ध कायम गरेको छ र तिनबाट ठुलो सहयोग पनि प्राप्त गरिरहेको छ । हाम्रो देशमा आउने विदेशी पर्यटकहरूमध्ये धेरैजसो तिनै मुलुकबाट आउँछन् । यसबाट पनि नेपालले धेरै फाइदाहरू लिइरहेको छ ।

**क्रियाकलाप**

१. **युरोपको मानचित्र हेर र निम्न लिखित कुराहरू देखाऊ :**

आल्पस पर्वत शृङ्खला, स्केन्डिनेभिया उच्च भूमि, मध्यवर्ती मैदान, पेरिस, मस्को, उत्तरी आन्ध्र महासागर, भूमध्यसागर, सुमेरु महासागर, युराल पर्वत, राइन नदी, डेनमार्क, इटाली, ग्रिस, भोल्गा नदी, इङ्लिस च्यानल, डेन्युब नदी र अङ्ग्रेजी भाषा बोल्ने र लेख्ने एक देश ।

२. **माथि पाठ्य वस्तुमा उल्लिखित युरोपका देशहरू नक्सा हेरी पत्ता लगाऊ र नाम उल्लेख नभएका अरू देशहरू कुन कुन हुन्, लेख ।**

३. **नेपाललाई सहयोग गर्ने युरोपेली देशहरू कुन कुन हुन्, तिनले गरेका सहयोगका बारेमा पुस्तकालयका पुस्तक र पत्रपत्रिकाको सहयोग लिएर विवरण तयार गरी कक्षामा छलफल गर ।**

**अभ्यास**

**तलका प्रश्नको उत्तर देऊ :**

(क) युरोप महादेशको धरातलीय स्वरूपका बारेमा छोटकरीमा लेख ।

(ख) युरोप महादेशको आर्थिक र सामाजिक अवस्थाको चित्रण गर ।

(ग) हिउँदे वर्षा हुने युरोपियन देशहरूलाई किन संसारको बगैँचा भनिएको होला ?

(घ) युरोपलाई किन विकसित महादेश भनिएको हो ?

**सामुदायिक कार्य**

युरोपका कुनै मुलुकमा भ्रमण गरेका कसैलाई भेटी उहाँसँग कुराकानीद्वारा वा अन्य कुनै सञ्चार माध्यमद्वारा युरोप कस्तो रहेछ ? जानकारी लिई कक्षामा साथीहरूलाई सुनाऊ ।

Curriculum Development Centre

पाठ : ७

# अस्ट्रेलिया महादेशको भौतिक, आर्थिक र सामाजिक जनजीवन




अस्ट्रेलिया महादेश दक्षिणी गोलार्धमा रहेको छ । यस महादेशमा खासगरी एउटै देश अस्ट्रेलिया र न्युजिल्यान्ड मात्र पर्छन् भने पनि हुन्छ । अन्य ससाना राज्यहरू पनि यही महादेशमा छन् ।

अस्ट्रेलियाको पूर्व खण्डमा उत्तर दक्षिण फैलिएको पर्वत श्रेणी छ । यसलाई ग्रेट डिभाइडिङ रेन्ज (Great dividing range) भनिन्छ । यो युरोपको स्केन्डिनेभिया उच्च भूमिभन्दा नयाँ तर हिमालय र आल्पस पर्वत शृङ्खलाभन्दा पुरानो हो । अस्ट्रेलियाको पश्चिमी खण्ड ज्यादै पुरानो चट्टानले बनेको भाग हो । यो पठार उच्चभूमिले झन्डै अस्ट्रेलियाको आधा भाग ओगट्छ । बिचको खण्डमा समतल मैदान छ । यसको उत्तरतर्फ फ्लिन्डर्स (Flinders) नदी छ । यो नदी उत्तरतर्फ बगेर गल्फ अफ कार्पेन्टेरियामा खस्छ । मध्यखण्डबाट बगेर आएको अस्ट्रेलियाकै सबैभन्दा ठुलो नदी मरे-डार्लिङ दक्षिणतर्फको समुद्रमा आएर खस्छ । केही अन्य नदीहरू आएर तालमा खस्छन् । दक्षिणतर्फको मैदान दक्षिणतर्फ ढल्केको छ भने उत्तरी खण्डको धरातल उत्तरतिर क्रमशः होचो हुँदै गएको छ ।

अस्ट्रेलियाको हावापानी सबै ठाउँमा एकनास छैन । पश्चिमी भाग मरुभूमि हो । उत्तरमा ग्रीष्म याममा पानी पर्छ, दक्षिणी खण्डमा हिउँदमा र पूर्वी खण्डमा ग्रीष्ममा बढी पानी पर्छ । यहाँ ग्रीष्म हुँदा हामी कहाँ हिउँद र हामी कहाँ ग्रीष्म हुँदा यहाँ हिउँद हुन्छ । समुद्रको प्रभाव बढी पर्ने हुँदा तास्मानिया र न्युजिल्यान्डमा हावापानी मानिसका निम्ति अझै राम्रो छ ।

---

***शिक्षण सुझाव***

*अस्ट्रेलिया महादेशको प्राकृतिक  र साँस्कृतिक नक्साको सहयोग लिई यस महादेशका भौतिक, आर्थिक र सामाजिक पक्षका बारेमा शिक्षण गर्नुहोस् ।*

Curriculum Development Centre

अस्ट्रेलियामा विभिन्न प्रकारका जीवजन्तुहरू पाइन्छन् । संसारमा अन्त कतै नपाइने कङ्गारु अस्ट्रेलियामा पाइन्छ । यहाँको जनआवादी धेरै छैन तर वितरण भने ज्यादै असमान छ । पश्चिमी खण्डको मरुभूमिमा बस्ती छैन भने पनि हुन्छ । त्यहाँका दुई ओटा प्रसिद्ध सुनखानीहरू कालगुर्ली र कुलगार्डीमा भने मरुभूमि भए पनि बस्ती बाक्लो छ । दक्षिणी र दक्षिणीपूर्व खण्डमा ठुला सहरहरू छन् र आवादी ज्यादै बाक्लो छ । यो महाद्वीपमा सुनको अतिरिक्त कोइला र फलाम प्रशस्त पाइन्छन् । यहाँ युरोपेली मूलका गोरा जातका मानिसहरू र यहाँका आदिवासी पनि छन् । तिनै आदिबासीलाई एवोरोजिनिज भनिन्छ । यिनको जीवनस्तर ज्यादै पुरानो घुमन्ते प्रकारको छ ।

यो महादेश पनि उद्योग, व्यापार आदिको हिसाबले अगाडि छ । जीवनस्तर माथि छ । नेपालबाट थुप्रै विद्यार्थीहरू अध्ययनार्थ त्यहाँ जान्छन् । कतिपय त त्यही काम गरेर पनि बसेका छन् । यो महादेशका दुई देश अस्ट्रेलिया र न्युजिल्यान्डसँग नेपालको राम्रो सम्बन्ध छ । यिनले नेपालको विकासमा सहयोग पुऱ्याइरहेका छन् । खासगरी वन जङ्गल संरक्षण र उपयोगमा अस्ट्रेलियाको सहयोग सऱ्हानीय छ ।

**क्रियाकलाप**

१. एटलासमा भएको अस्ट्रेलियाको नक्सामा निम्न लिखित तथ्यहरू देखाऊ :

   ग्रेट डिभाइडिङ रेन्ज, अस्ट्रेलियन मरुभूमि, फ्लिन्डर्स नदी, आयर ताल, तस्मानिया टापु, कार्पेन्टेरियाको खाडी न्युजिल्यान्ड, प्रशान्त महासागर, हिन्द महासागर, मकर रेखा, सिडनी, मेलवर्न, एडिलेड र घना आवादीको एक क्षेत्र ।

२. अस्ट्रेलियाले जस्तै विकास गर्न नेपालले के के गर्नुपर्ला ? कक्षामा छलफल गरी एक सुझाव तयार पार ।

**अभ्यास**

**तलका प्रश्नको उत्तर देऊ :**

(क) अस्ट्रेलिया महादेशको भौतिक अवस्था कस्तो छ ?

(ख) अस्ट्रेलिया महादेशको आर्थिक अवस्था कस्तो छ ?

(ग) अस्ट्रेलियाको हावापानी कस्तो छ ?

(घ) अस्ट्रेलिया महादेशको सामाजिक जनजीवनको चित्रण गर ।

**सामुदायिक कार्य**

आफ्नो समुदायका अस्ट्रेलियासँग जानकार व्यक्तिहरूसँग भेटी उक्त महादेशका बारेमा भौगोलिक, आर्थिक र सामाजिक अवस्थाका बारेमा जानकारी लिई कक्षामा प्रस्तुत गर ।

Curriculum Development Centre

पाठ : ८

# जलवायु परिवर्तन

मुना मुस्ताङ जिल्लाको जनहित माध्यमिक विद्यालय जोमसोममा कक्षा सातमा पढ्छिन् । उनका बुबा त्यहाँको जिल्ला शिक्षा कार्यालयमा कर्मचारी हुनुहुन्छ । उनी बुबासँगै जोमसोममा बस्छिन् । उनी अहिले दसैँ बिदामा आफ्नो जन्म घर चितवन आएकी छन् । केही वर्षदेखि मुस्ताङमा भएको जलवायु परिवर्तनलाई पत्रपत्रिकाले समाचार बनाइरहेका छन् । सोका बारेमा उनले आफ्ना काका र दिदीसँग गरेको संवाद तल प्रस्तुत छ :

काका : मुना, कस्तो लाग्यो त तिमीलाई जोमसोम ?

मुना : काका ! मुस्ताङ त अचम्मकै जिल्ला रहेछ । त्यहाँबाट त हिमाल पनि उत्तर र दक्षिण दुवैतिर रहेछ । सधैँ चिसो हावापानी हुँदो रहेछ । तर अहिलेको जोमसोमको हावापानी पहिले पहिलेको जस्तो छैन रे काका !

दिदी : ए मुना ! के विभिन्न सञ्चार माध्यमले जलवायु परिवर्तन भएर हिमालमा हिउँ पनि जम्न छाड्यो भन्छन् । मुस्ताङमा पनि त्यस्तो असर परेकै हो ?

मुना : जोमसोममा पहिले पहिले पानी नै पर्दैनथ्यो रे ! यस वर्ष त पानी परेर घरहरू पनि भत्किए र तिन जनाको ज्यानै गयो । त्यस्तै हिउँ जम्न छाडेर हिउँ रहिरहने डाँडा पनि रित्तै देखिन थाले भन्छन् त्यहाँ त !

काका : मैले पनि रेडियोबाट जलवायु परिवर्तनले गर्दा स्याउ उत्पादनमा असर गर्‍यो, लामखुट्टे नपाउने ठाउँमा पनि अहिले देखिन थाले, अलि अलि मात्र पर्ने पानी यस वर्ष दर्केर परेकाले माटाको छाना भएका घर भत्किँदा धेरैको बिचल्ली छ भन्ने सुनेको थिएँ ।

मुना : हो काका ! त्यहाँ त्यस्तो घटना भएकै हो तर के कारणले त्यस्तो भएको होला ?

दिदी : जलवायु परिवर्तन र त्यसको प्रभावबारेमा तिमीलाई थाहा छैन ?

मुना : हुन त कक्षा छमा जलवायु परिवर्तनको परिचयका बारेमा त छलफल गरेका थियौँ तर त्यसका बारेमा त्यति धेरै जानकारी छैन मलाई त ! भन्नुहोस् न दिदी ! त्यसका बारेमा ।

दिदी : जलवायु परिवर्तन भनेको पृथ्वीको वायुमण्डलको तापक्रम वृद्धिले जल, वायु र वातावरणमा हुने नकारात्मक परिवर्तन हो । कोइला, पेट्रोलियम पदार्थ, दाउरा, प्राकृतिक ग्यास बढ्नाले वायुमण्डलमा नकारात्मक असर परेको छ । औद्योगिक विकासका कारण हरित गृह ग्यासहरू, जस्तै : कार्बनडाइअक्साइड, मिथेन, सल्फर डाइअक्साइड, क्लोरोफ्लोरो कार्बन आदि वृद्धि भएर वायुमण्डलमा तह बनाएर बसेका छन् ।

---

*शिक्षण सुझाव*

*जलवायु परिवर्तनको धारणा स्पष्ट पार्न विभिन्न व्यावहारिक उदाहरण दिँदै छलफल गराउनुहोस् ।*

Curriculum Development Centre

काका :  अरू कारण पनि बताइदेऊ न नानी !

दिदी  :  वैज्ञानिक प्रयोगशालाबाट निस्केको ग्यासले गर्दा हरित गृह ग्यासको मात्रा बढ्दै गएको छ । सूर्यबाट पृथ्वीमा पर्ने प्रकाश पृथ्वीमा ठोक्किएपछि केही किरण पृथ्वीले सोसेर बाँकी फर्कन्छ । त्यो किरणलाई हरित गृह ग्यासले पुनः पृथ्वीतिर फर्काइदिन्छ । यसले गर्दा पृथ्वीको तापक्रम बढ्छ, हिउँ पग्लन्छ र अनायसै पानी पर्छ । बाढी, पहिरो र भूःक्षय भई समुद्रको सतह बढ्छ ।

मुना :  हवस् त आज धेरै महत्त्वपूर्ण कुरामा छलफल भयो । भोलि फेरि जलवायु परिवर्तनको प्रभाव वा असरका बारेमा छलफल गर्ने छौँ ।

### क्रियाकलाप

१. जलवायु परिवर्तनका कारणका बारेमा छोटो निबन्ध लेखी कक्षामा छलफल गर ।

१. यदि तिमीहरू मुस्ताङबासी भएको भए जलवायु परिवर्तनका असरहरू कम गर्न के के काम गर्न सक्थ्यौ ? तलका बुँदाका अभिभावकसँग छलफल गरी कार्य योजना तयार पार :

(क) गरिने काम    (ख) कार्य प्रक्रिया    (ग) समय

### अभ्यास

१. तलका प्रश्नको उत्तर भन :

(क) कुन जिल्लाको दक्षिणमा हिमाल पर्छ ?

(ख) मुस्ताङमा घरका छाना केले बनाइएका रहेछन् ?

(ग) जलवायु परिवर्तन भनेको के हो ?

(घ) केका कारण वायुमण्डलका हानिकारक ग्यासले तह बनाइरहेका हुन्छन् ?

(ङ) जलवायु परिवर्तनका कारणहरूको सूची बनाऊ ।

२. पाठका आधारमा खाली ठाउँ भर :

(क) जलवायु परिवर्तन भएर हिमालमा ....... जम्न छाड्यो ।

(ख) जलवायु परिवर्तनले गर्दा ....... उत्पादनमा असर गऱ्यो ।

(ग) जलवायु परिवर्तनले बाढी, पहिरो र भूक्षय भई .......... सतह बढ्छ ।

(घ) जलवायु परिवर्तनले ................ समय तालिकामा परिवर्तन हुन्छ ।

Curriculum Development Centre

पाठ : ९

# जलवायु परिवर्तनको प्रभाव

भाइ बहिनीहरू, अघिल्लो पाठमा मुना, दिदी र काकाले गरेको संवाद अभिनय गरे झैँ यस पाठमा पनि अभिनय गर :



मुना : हामीले हिजो जलवायु परिवर्तनका बारेमा महत्त्वपूर्ण छलफल गर्‍यौँ । हिजैको सल्लाहअनुसार आज जलवायु परिवर्तनको प्रभावका बारेमा छलफल गरौँ न ।

दिदी : नेपालमा गएको ३० वर्षको मौसमको अध्ययन गर्दा (सन् १९७० देखि २००० सम्म) ०.६ डिग्रीका दरले तापक्रम बढेको थियो । जलवायु परिवर्तनले तापक्रम वृद्धि भएको, अतिवृष्टि र अनावृष्टि भएको, स्वास्थ्य क्षेत्रमा असर परेको र पृथ्वीको सौन्दर्य नास हुँदै गएको छ ।

मुना : काका ! जलवायु परिवर्तनले गरेका असरबारे सुन्नु भएको छ कि ? बताइदिनुहोस् न ।

काका : जलवायु परिवर्तनले विभिन्न असर पार्दछ । ल सुन केही उदाहरणहरू :

- समुद्रको सतह बढ्न गई टापु देशहरू र होचा स्थानमा भएका बस्ती डुब्न सक्छन्, जस्तै : माल्दिभ्स ।
- हिमालको हिउँ पग्लन गई हिमालहरू नाङ्गा डाँडामा परिणत हुन्छन् ।
- हिउँ पग्लेर बनेका हिमताल फुट्दा ठुलो क्षति हुन्छ ।
- तापक्रम बढ्नाले अन्न बाली उत्पादनमा कमी हुन्छ ।
- मौसमी फलफुलको समय तालिकामा परिवर्तन हुन्छ ।
- पृथ्वीको सौन्दर्य नास हुँदै बसोबासका लागि योग्य क्षेत्र कम हुन्छन् ।
- हिमालबाट बग्ने मूल तथा नदीहरू सुक्दै जान्छन् ।

---

*शिक्षण सुझाव*

*जलवायु परिवर्तनका प्रभाव र असरका व्यावहारिक उदाहरण दिएर छलफल वा अभिनय गराउनुहोस् ।*



Curriculum Development Centre

मुना : दिदी ! तपाईंलाई यसको असर कम गर्ने उपाय थाहा छ कि ?

दिदी : छ, ध्यान दिएर सुन है त :

- हरित गृहको प्रभाव घटाउन जल विद्युत् उत्पादन बढाई विद्युतीय उपकरणको प्रयोग गर्नुपर्छ ।
- कोइला, दाउरा र पेट्रोल जस्ता वस्तुको प्रयोग कम गर्नुपर्छ ।
- कारखानाबाट निस्कने प्रदूषण न्यून गर्नुपर्छ ।
- क्लोरोफ्लोरो कार्बन आदि हरित गृह ग्यास बढाउने वस्तुको उपयोग कम गर्नुपर्छ ।

काका : यसका लागि सामूहिक प्रयास पनि भइरहेका छन् । तिनीहरूमध्ये माल्दिभ्सले पानीमुनि गरेको मन्त्री परिषद्को बैठक सन् २००९, नेपालले सगरमाथाको आधारभूमि कालापत्थरमा गरेको मन्त्री परिषद्को बैठक सन् २००९, मेक्सिकोमा राष्ट्र सङ्घीय जलवायु परिवर्तन सम्बन्धी सम्मेलन सन् २०१० आदि प्रमुख छन् । यसले ग्रिन क्लाइमेट फन्ड स्थापना गरी सन् २020 सम्ममा प्रत्येक वर्ष एक अर्ब उठाउने निर्णय गरेको छ । यसबाट गरिब राष्ट्रलाई जलवायु असर रोक्न सहयोग गर्ने उद्देश्य लिइएको छ ।

मुना : अहो ! मलाई त हजुरआमाले बोलाउनुभएको थियो । अहिले जान्छु है, थप कुरा भरे गरौँला है ।

### क्रियाकलाप

१. विभिन्न पत्रपत्रिका, समाचारपत्र आदिमा जलवायु परिवर्तन र यसका असरहरूका बारेमा प्रकाशित लेख तथा समाचारहरू अध्ययन गरी कक्षामा छलफल गर र असर कम गर्ने उपायहरू टिपी विद्यालय व्यवस्थापन समितिलाई बुझाऊ ।

२. तिमी बस्ने आसपासका क्षेत्रमा भएको जलवायु परिवर्तनको प्रभाव स्थलगत अध्ययन गरी कुनै दैनिक पत्रिकाका लागि लेख तयार पार ।

### अभ्यास

तलका प्रश्नका उत्तर लेख :

(क) जलवायु परिवर्तनबाट पर्ने असरहरूको टिपोट गर ।

(ख) जलवायु परिवर्तनका असर कम गर्न अपनाउनुपर्ने उपायहरू लेख ।

(ग) जलवायु परिवर्तनका असर कम गर्ने के कस्ता प्रयास भइरहेका छन् ?

Curriculum Development Centre

पाठ : १०

# विपत् व्यवस्थापन

श्री बाराही मा.वि. का कक्षा सातका विद्यार्थीहरूले विपत् व्यवस्थापन सम्बन्धी विषयमा वक्तृत्व कला प्रस्तुत गरेका छन् । राजेश नकर्मीले व्यक्त गरेको विचार यस प्रकार छ :

प्यारा साथीहरू,

म विपत् व्यवस्थापनका बारेमा केही कुरा राख्न गइरेहेको छु । हुन त हामीले कक्षा छमा आगलागी, डढेलो, बाढीपहिरो जस्ता विपत् व्यवस्थापनका बारेमा केही ज्ञान, सिप प्राप्त गरिसकेका छौँ । त्यसैले हामीलाई त्यसबारेमा केही जानकारी भएकै छ ।

सर्वप्रथम त हामीले विपत् भनेको के हो भन्ने बारेमा नै स्पष्ट हुन जरुरी छ । विपत् भनेको कुनै प्राकृतिक वा मानवद्वारा सिर्जित वा निर्मित घटनाहरूबाट आउने अप्रिय परिणाम हो । यस्ता विपत्ले समुदाय, राष्ट्र वा समाजको व्यवस्थापन क्षमताभन्दा बढी क्षमताको माग गर्दछ । यसले सामान्य जीवनलाई छिन्नभिन्न पार्दछ । यसरी विपत् भनेको एउटा त्यस्तो परिस्थिति वा घटना हो जसले पीडा वा चिन्ता ल्याउँछ । यसले धनजनको क्षति वा विनाश गर्दछ । सामान्य जनजीवनमा खलल पार्दछ । मानिस वा जीव जनावरको मृत्यु हुने, घाइते हुने र अपाङ्ग हुने गर्दछ । भूकम्प, ज्वालामुखी, विस्फोट, पहिरो, बाढी, भूक्षय, आगलागी, महामारी, हैजा, दुर्घटना, आँधीबेहेरी, असिना, आतङ्कवादी क्रियाकलाप आदि विपत्का रूप हुन् । यहाँ हामी मूलतः महामारी हैजा, र दुर्घटनाबाट हुने विपत्का बारेमा केन्द्रित हुन गएका छौँ । गरिबी र जनचेतनाका कमीले पनि विपत् आइपर्ने गरेको छ । महामारी र हैजा भनेको स्वास्थ्यसँग सम्बन्धित विपत् हो । त्यस्तै दुर्घटना पनि असावधानीका कारण निम्तिन्छ ।

| महामारी हैजाका कारण | दुर्घटनाका कारण |
|---|---|
| १. स्वास्थ्य सेवाको कमी | १. असावधानीपूर्वक निर्माण कार्य गर्नु |
| २. जनचेतनाको अभाव | २. यातायातका साधन दुर्घटनामा पर्नु |
| ३. अस्वस्थ वातावरण र खानपान | ३. रूख, भिर र पहाडबाट लड्नु |
| ४. सरसफाइको कमी | ४. कमजोर पूर्वाधार |
| ५. खोप सुई आदि नियमित रूपमा नलगाउनु | ५. कुनै हतियार चलाउन नजान्नु |
| ६. अन्धविश्वास | ६. नदी र समुद्र पार गर्दा असावधानी हुनु |
| ७. अव्यवस्थित बसोबास | ७. जनचेतनाको कमी हुनु |
| ८. असावधानी | ८. बिजुली र आगलागीबाट हुने दुर्घटना |
| | ९. अन्य विपत्का कारणबाट हुने दुर्घटना |

*शिक्षण सुझाव*

*विपत्का विभिन्न घटनाहरू प्रस्तुत गर्दै त्यस्ता घटना हुनुपूर्व, घटना घटेको समय र यसपछि ध्यान दिनुपर्ने कुराका बारेमा छलफल गराउनुहोस् ।*



Curriculum Development Centre

यसरी विभिन्न कारणहरूले विपत् आइपर्छ । यस्ता विपत् आउन नदिन पूर्वसावधानी अपनाउनु पर्छ । पछि विपत् आइपरेमा त्यसको सही तरिकाले व्यवस्थापन गर्नुपर्छ । नत्र झन् विपत्माथि विपत् थपिन पुग्छ । साथीहरू पनि यस्ता विपत्का बारेमा सचेत रहने गर है त, धन्यवाद ।

## क्रियाकलाप

१. तिम्रो साथी विद्यालयको छत वा माथिल्लो तलाबाट खसेर दुर्घटनामा पऱ्यो भने के के गर्छौ ? छलफल गरी लेख ।

२. विपत् आउन नदिन कस्ता पूर्वसावधानी अपनाउनु पर्ला ? समूहमा छलफल गरी छोटो विवरण प्रस्तुत गर ।

३. असावधानीका कारण भएको दुर्घटनाको एक समाचारको नमुना बनाऊ र विद्यालयको भित्ते पत्रिकामा प्रस्तुत गर ।

## अभ्यास

१. **तलका प्रश्नको उत्तर देऊ :**

(क) विपत् भनेको के हो ?

(ख) विपत् आइपर्नाका कारण के के हुन् ?

(ग) महामारी र हैजा आउनुका कारणको सूची बनाऊ ।

(घ) दुर्घटना किन हुन्छ ? दुर्घटना हुनुका मुख्य कारणको सूची बनाऊ ।

२. **खाली ठाउँ भर :**

(क) विपत् भनेको ......... हो ।

(ख) ......... सामान्य जीवनलाई छिन्नभिन्न पार्दछ ।

(ग) ........... कमीले विपत् आइपर्छ ।

(घ) आगलागी ............. हो ।

Curriculum Development Centre

## पाठ : ११ विपत् व्यवस्थापनमा पूर्वसावधानीको महत्त्व



विपत् व्यवस्थापन र पूर्वसावधानीका बारेमा धर्मेन्द्र झाले प्रस्तुत गरेको विचार यस प्रकार छ :

साथीहरू,

अघिल्लो वक्ता (अघिल्लो पाठमा) राजेशजीले विपत्को परिचय, यसका कारण र प्रभावका बारेमा तपाईंहरूसँग आफ्ना विचार राख्नुभयो । म विपत् व्यवस्थापनका बारेमा केही भन्न चाहन्छु ।

विपत् व्यवस्थापन भन्नाले विपत् आउनु अगाडि र पछाडि सावधानीपूर्वक गरिने कार्यलाई बुझाउँछ । यसमा विपत् पर्नु अगाडि विपत् रोक्न वा त्यसको असर कम गर्न अपनाइने उपाय एउटा हो । त्यस्ते घटना वा विपत् परेपछि गरिने व्यवस्थापन यसको दोस्रो पक्ष हो । विपत् व्यवस्थापनअन्तर्गत सर्वप्रथम त हामीले विपत् आउनै दिनु हुँदैन । मानिसका कारण सिर्जित हुने विपत् हाम्रा आफ्नै असावधानी र कमी कमजोरीले हुने गर्दछ । त्यसैले महामारी, हैजा, दुर्घटना जस्ता विपत् आउन नदिन पूर्वसावधानी अपनाउन जरुरी हुन्छ । महामारी, हैजा जस्ता विपत् आउन नदिन आफ्नो वरपरको वातावरण स्वस्थ राख्नुपर्छ । सरसफाइ गर्ने, स्वस्थकर खाना खाने, नियमित रूपमा स्वास्थ्य परीक्षण गराउने, खोप सुई आदि नियमित रूपमा लिने गर्नुपर्छ । सरुवा रोग कसरी लाग्छ, कसरी सर्छ र कस्तो सावधानी अपनाउनुपर्छ भन्ने बारेमा स्वास्थ्य शिक्षा लिनुपर्छ । यसका लागि जनचेतना बढाउनुपर्छ । अन्धविश्वासमा लागेर धामी झाँक्री लगाउने, देवी देवतालाई भाकल गर्ने गर्नु हुँदैन । वातावरणको संरक्षण गर्नुपर्छ । व्यवस्थित बसोबास गर्नुपर्छ । रोग निम्त्याउने खालका गतिविधि र क्रियाकलाप गर्नु हुँदैन । त्यस्तै दुर्घटनाबाट बच्न हामीले पूर्वसावधानी अपनाउनुपर्छ । निर्माण कार्य

*शिक्षण सुझाव*

*विपत् व्यवस्थापनका बारेमा विद्यार्थीहरूलाई आफ्नो विचार व्यक्त गर्न लगाउनुहोस् ।*



Curriculum Development Centre

गर्दा, यातायातका साधन, चढ्दा, झर्दा, चलाउँदा विशेष ध्यान दिनुपर्छ । कुनै खतराजनक हातहतियार, विद्युत आदिको प्रयोग गर्दा विशेष सावधानी अपनाउनुपर्छ । आगलागी हुन नदिन सजकता अपनाउनुपर्छ । भिर तथा पहाड चढ्दा, खोलानाला तर्दा विशेष सजगता अपनाउनुपर्छ ।

यति गर्दा पनि कुनै कारणवश विपत् आइलागेमा आत्तिनु हुँदैन । धैर्य गरेर उद्धारका काम गर्नुपर्छ । महामारी हैजा लागेमा तुरुन्तै स्वास्थ्य केन्द्र, अस्पताल पुऱ्याउने वा डाक्टरको सेवा लिने व्यवस्था मिलाउनुपर्छ । जतिसक्दो चाँडो स्वास्थ्यकर्मीसमक्ष पुऱ्याउनुपर्छ । त्यस्तै महामारी हैजा रोक्न सरसफाइ गर्ने, सुई दिने, स्वास्थ्य शिविर चलाउने लगायतका कार्य गर्नुपर्छ । जथाभावी खाना र पानी प्रयोग गर्नु हुँदैन । जथाभावी दिसा तथा पिसाब गरेर फोहोर गर्न दिनु हुँदैन । स्वास्थ्य संस्था तथा सामाजिक सङ्घ संस्थामा सहयोगका लागि खबर गर्नुपर्छ । त्यस्तै कोही दुर्घटना परेमा तत्काल उद्धार गरी प्राथमिक उपचार गर्नुपर्छ । प्राथमिक उपचारपश्चात् स्वास्थ्य संस्थामा लैजाने प्रबन्ध गर्नुपर्छ । घाइतेलाई सुरक्षित ठाउँ वा शिविरमा लगी उपचार गराउनुपर्छ । थप विपत् आउन नदिन सतर्कता र सावधानी अपनाउनुपर्छ । यस्ता कुरा नै हाम्रो परिवेशमा उपयुक्त हो भन्ने मलाई लागेको छ । थप कुरा कक्षामै छलफल गरौँ । ल त मेरा भनाइ अन्त्य गर्दछु, धन्यवाद ।

### क्रियाकलाप

१. तिम्रो गाउँ वा टोलमा कुनै रोगको महामारी आउन नदिन के के कुरामा पूर्वसावधानी अपनाउनुपर्छ ? छलफल गरेर लेख ।

२. यदि तिम्रो गाउँ/टोलमा महामारी फैलिए कसले के के गर्नुपर्ला ? सामूहिक छलफल गरी लेख :

| तिमीले | विद्यालयले | समुदायले | स्वास्थ्य संस्थाले |
|---|---|---|---|
| | | | |

### अभ्यास

तलका प्रश्नको उत्तर देऊ :

(क) विपत् व्यवस्थापन भनेको के हो ?

(ख) दुर्घटना निम्तिनुका तिन कारण र यसबाट बच्ने उपायहरू लेख ।

(ग) 'विपत् आएपछि व्यवस्थापन गर्नुभन्दा विपत् आउनै नदिनु सबैभन्दा बुद्धिमानी हो ।' यस भनाइलाई पुष्टि गर ।

### परियोजना कार्य

तिम्रो विद्यालय भवन, कक्षा कोठाको पर्खाल, झ्याल, ढोका वा छत, झ्याल, विद्यालयको परिसर दुर्घटनाबाट सुरक्षित छ वा छैन ? अवलोकन गर । यसलाई अझ सुरक्षित बनाउन के के पूर्वसावधानी अपनाउनुपर्ला ? विवरण तयार गरी प्र. अ. लाई प्रतिवेदन देऊ ।

Curriculum Development Centre

## पुनरावलोकन अभ्यास

### सामुदायिक कार्य

१. तिम्रो गाविस वा आसपासका गाउँमा जलवायु परिवर्तनले पारेको असरको स्थलगत रूपमा अवलोकन भ्रमण गर्न साथी साथीको समूह बनाऊ । स्थानीय समुदायको सहयोगमा भ्रमण गरी त्यसलाई कम गर्ने उपायहरू समेटी प्रतिवेदन तयार पार :

(क) उद्देश्य (ख) विधि

(ग) वस्तुस्थिति (१० वर्ष पहिले, ५ वर्ष पहिले र अहिले) र कारणहरू

(घ) असर कम गर्ने उपायहरू (ङ) निष्कर्ष

२. युरोपको कुनै देशका एक विद्‍यार्थीहरूसँग पत्र मित्रता बढाउन के गर्न सक्छौ ? पत्र मित्र बनाउने कोसिस गर ।

### क्रियाकलाप

१. नेपाल र अस्ट्रेलियाका मानिसहरूबिच आपसी सम्बन्ध बढाउन के गर्नुपर्ला ? के सम्बन्ध बढाउँदा दुवै पक्षलाई फाइदा हुन्छ ? कक्षामा छलफल गरी आफ्नो राय उल्लेख गर ।

२. पुस्तकालय, पत्रपत्रिका तथा इन्टरनेटको प्रयोग गरी तिमीले बसोबास गरेभन्दा भिन्न धरातलीय स्वरूपका बारेमा विविध जानकारी सङ्कलन गरी साथीहरूलाई सुनाऊ ।

३. तलको नक्साका आधारमा युरोपको सिमाना र नक्सामा भएका देशहरूका नाम लेख :




### परियोजना कार्य

तिम्रो समुदायमा महामारी वा हैजा आउने सम्भावना छ कि छैन ? समुदायमा यदि महामारी वा हैजा आएमा त्यस विपत् व्यवस्थापन गर्नका लागि आवश्यक सेवा सुविधा के कस्ता छन्, अध्ययन गरेर आगामी दिनमा सुधार गर्नुपर्ने विवरण तयार गरी कक्षामा प्रस्तुत गर ।

Curriculum Development Centre

**एकाइ ६**

# हाम्रो विगत



Curriculum Development Centre

**सिकाइ उपलब्धि**

- मध्यकालीन नेपालको परिचय दिन,
- मध्यकालीन नेपालको राजनीतिक, सामाजिक, आर्थिक अवस्थासँग परिचित हुन,
- मध्यकालीन नेपालको कला र संस्कृतिको वर्णन गर्न,
- मानव सभ्यताका बारेमा जानकारी राख्न,
- ह्वाङ्हो नदी र मेसोपोटामिया सभ्यताको परिचय दिन,
- ह्वाङ्हो नदी र मेसोपोटामियाको सभ्यताले मानव जीवनमा पारेको प्रभाव बताउन ।

पाठ १

# मध्यकालीन नेपालको परिचय

हामीलाई शिक्षकले मध्यकालीन नेपालका बारेमा विभिन्न पुस्तक तथा पत्रिका पढेर यसबारेमा थप अध्ययन गर्न गृहकार्य दिनुभएको थियो । हामीले पनि विभिन्न साथीबिच कार्य विभाजन गर्‍यौँ । यस क्रममा विद्यालयको पुस्तकालय र समुदायको सामुदायिक अध्ययन केन्द्रमा रहेका पुस्तकहरूको अध्ययन गर्‍यौँ । उक्त अध्ययनबाट तयार भएको मध्यकालीन नेपालको परिचय सम्बन्धी जानकारी तल प्रस्तुत गरिएको छ :

**(क) मध्यकालको समयावधि**

नेपालको इतिहासमा वि. सं. ९३६ देखि मध्यकाल आरम्भ भएको मानिन्छ । नेपाल संवत् यसै वर्षदेखि आरम्भ भएकाले यसैलाई आधार मानी काल विभाजन गरिएको पाइन्छ । वि. सं. ९३६ देखि वि.सं. १८२५ मा पृथ्वीनारायण शाहले काठमाडौँ उपत्यका विजय नगरुन्जेलको ८८८ वर्षलाई नेपालको इतिहासको मध्यकाल मानिन्छ ।

**(ख) भौगोलिक विभाजन**

मध्यकालमा नेपालको विखण्डन भएको थियो । मध्यकालीन नेपाललाई मूलत: निम्न लिखित राज्यहरूमा बाँडेर हेर्ने गरिएको छ :

**(अ) काठमाडौँ उपत्यका**

मध्यकालीन नेपालको काठमाडौँ उपत्यकामा तिन राज्यहरू कान्तिपुर, ललितपुर र भक्तपुर थिए । यी राज्यहरू प्राचीन तथा मध्यकालदेखि नै अस्तित्वमा रहँदै आधुनिक नेपालको एकीकरणसम्म कायमै थिए । मध्यकालमा मूलत: लिच्छवि र मल्ल वंशका राजाहरूले शासन गरेका थिए ।

**(आ) सिम्रौनगढ (मिथिला) राज्य**

नान्यदेवले वि.सं ११५४ मा यस राज्यको स्थापना गरेका थिए । यस राज्यलाई तिरहुत वा डोय राज्य पनि भन्ने गरेको पाइन्छ । यस राज्यको राजधानी सिम्रौनगढमा थियो । हाल यो बारा जिल्लामा पर्छ । यो राज्य उत्तरी विहार र नेपालको तराई भेगमा फैलिएको भए तापनि यसको सिमाना किटानीसाथ उल्लेख भएको पाइँदैन ।

---

***शिक्षण सुझाव***

*यस पाठलाई कथाकथन विधि प्रयोग गरी शिक्षण गर्नुहोस् । साथै विभिन्न समय रेखाका माध्यमले क्रमबद्ध घटना वर्णन गर्नुहोस् ।*

Curriculum Development Centre

(इ) **सेन राज्य**

सोरौँ शताब्दीको मध्यतिर नेपालको पूर्वी तथा मध्यभागमा सेन वंशको शासन स्थापना भएको थियो । रुद्र सेन यस वंशका प्रथम प्रामाणिक राजा मानिन्छन् । सेन राज्यमा मूलतः मकवानपुर, विजयपुर र चौदण्डी पर्दथे । नेपालको एकीकरणपूर्व पश्चिममा पाल्पा, बुटवल, राजपुर, पैयुँ र तनहुँ तथा पूर्वमा मकवानपुर, चौडण्डी एवम् विजयपुर सेनवंशी राज्यअन्तर्गत पर्थे ।

(ई) **बाइसी र चौबिसी राज्य**

बाइसी र चौबिसी राज्य स्थापना हुनुपूर्व पश्चिम नेपालमा विशाल खस राज्य रहेको थियो । प्राचीन कालमा कर्णाली क्षेत्रमा खस राज्य निकै शक्तिशाली थियो । त्यस बेला यसको सिमाना पूर्वमा त्रिशूली नदी, पश्चिममा कुमाउ गढवाल र उत्तरमा मानसरोवर तथा दक्षिणमा बोधगया लगायतका तराईसम्म फैलिएको थियो । तर इ.सं. १४५० सम्म आइपुग्दा यो राज्य विघटन भइसकेको पाइन्छ । खस राज्य विघटन भएपछि क्रमशः बाइसी र चौबिसी राज्यहरूको उदय भयो । यसपछि कर्णाली क्षेत्रमा बाइस राज्यलाई संयुक्त रूपमा बाइसी राज्य भनियो । त्यसैगरी गण्डकी क्षेत्रका चौबिस राज्यलाई चौबिसी राज्य भनियो । समय क्रममा यी राज्यहरूको सङ्ख्या बढ्दै गए पनि पछिसम्म पनि बाइसी र चौबिसी राज्य नै भन्ने गरियो । त्यसैले बाइसी र चौबिसी राज्यको नाम र सङ्ख्यामा विविधता पाइन्छ । यसरी मध्यकालीन नेपालमा विभिन्न राज्यहरू रहेको पाइन्छ । यी राज्यको राजनीतिक, आर्थिक, सामाजिक आदि पक्षमा पछिल्ला पाठहरूमा अध्ययन गर्ने छौँ ।

## क्रियाकलाप

१. विभिन्न पुस्तक, पत्रपत्रिका अध्ययन वा सोधखोज गरेर मध्यकालीन समयका बाइसी र चौबिसी राज्यहरूको नाम लेख ।

२. वर्तमान समयमा नेपाललाई सङ्घीय राज्य बनाउने प्रयास भइरहेको छ । सङ्घीय राज्य बनाउँदा नेपालको राष्ट्रिय एकतामा आघात नपार्न के के गर्नुपर्ला ? साथीहरूबिच छलफल गरी लेख ।

३. नेपालीलाई भावनात्मक रूपमा एक बनाई सबल, सक्षम र एकीकृत नेपाल बनाउन तिमी कस्तो सुझाव दिन्छौ ? बुँदागत रूपमा लेख ।

४. स्थानीय ऐतिहासिक स्थलको अध्ययन भ्रमण गरी प्रतिवेदन तयार पार ।

## अभ्यास

तलका प्रश्नको उत्तर लेख :

(क) नेपालको इतिहासको मध्यकाल भन्नाले कुन समयावधिलाई जनाउँछ ?

(ख) मध्यकालीन नेपालका प्रमुख राज्यहरूको सूची बनाऊ ।

Curriculum Development Centre

**पाठ : २** 

# मध्यकालीन नेपालको राजनीतिक अवस्था

मध्यकाल राजतन्त्रात्मक शासन पद्धतिको काल हो । मध्यकाललाई पूर्व मध्यकाल र उत्तर मध्यकाल गरी दुई भागमा विभाजन गरिएको छ । यस कालमा नेपाल उपत्यकाभित्र र बाहिर राजतन्त्रात्मक व्यवस्थाअन्तर्गत अनेक प्रसिद्ध राजाहरूले राज्य गरेका थिए ।

एघारौँ शताब्दीको अन्त्यसम्ममा नेपाल टुक्रिएर तिन राज्यमा परिणत भयो । फलस्वरूप पश्चिम र काठमाडौँ उपत्यकामा मल्ल राज्य कायम भए भने दक्षिणको सिम्रौनगढमा तिरहुत राज्य कायम भयो । पश्चिम नेपालको कर्नाली प्रदेशमा चल्ल तथा मल्ल थर भएका ठकुरी खस राजाहरूले राज्य गरेका थिए । चल्ल थरका राजाहरूले पनि मल्ल लेखेको इतिहास पाइन्छ । अशोक मल्लपछिका राजाहरूले आफूलाई मल्ल लेख्न थाले । यी राजाहरूमध्ये पृथ्वी मल्ल अत्यन्त प्रतापी राजा थिए । नेपालको दक्षिणी भागको सिम्रौनगढ (सिमरावनगढ) मा नान्यदेवद्वारा स्थापित तिरहुत राज्य थियो । त्यसैगरी पाल्पा क्षेत्रमा रुद्रसेनले सेनवंशी राज्यको स्थापना गरे । यिनको छोरा मुकुन्दसेन प्रथम मुनि मुकुन्द सेनको नामबाट प्रसिद्ध थिए । यिनका छोराहरूले विशाल पाल्पाली राज्यलाई टुक्र्याएर शासन गर्न थाले ।

काठमाडौँ उपत्यकामा देव तथा मल्ल थरका राजाहरूले राज्य गरेका थिए । यिनका राज्यलाई नेपाल मण्डल पनि भनिन्थ्यो । यस समयमा अनेक प्रसिद्ध राजाहरूले राज्य गरेका थिए । राजा गुणकामदेवले कान्तिपुर सहर बसाले । त्यसलाई अन्य मल्ल राजाहरूले विस्तार गर्दै लगे । अरि मल्ल नेपाल मण्डलका प्रथम मल्ल थरधारी राजा थिए । यी राजाहरूमध्ये जयस्थिति मल्ल, यक्ष मल्ल, जितामित्र मल्ल, भूपतीन्द्र मल्ल, रणजित मल्ल, सिद्धिनरसिंह मल्ल, रत्न मल्ल, महेन्द्र मल्ल, प्रताप मल्ल, जयप्रकाश मल्ल इत्यादिले भक्तपुर, कान्तिपुर र पाटनलाई विकसित सुन्दर सहर बनाउन उल्लेखनीय योगदान गरेका थिए । यसैगरी गोरखाका राजा रामशाहले सुधारका नयाँ परम्पराको थालनी गरेका थिए । यस समयमा निम्नानुसारका सुधारहरू भएको पाइन्छ :

**(क) शासन प्रणालीलाई व्यवस्थित गर्ने प्रयास**

यस कालमा राजा सर्वेसर्वा हुन्थे । न्याय, सेना तथा प्रशासन प्रमुख राजा नै हुन्थे । यिनीहरूले आफ्नो राजकाजमा सहयोग गर्न केन्द्रमा मन्त्री परिषद् बनाउँथे । मन्त्री परिषद्मा प्रायः गरी पाँच मन्त्री हुन्थे । तीमध्ये एक जना चौतारा (मुख्य मन्त्री) हुन्थे । स्थानीय प्रशासन चलाउन परमान (बडा हाकिम) नियुक्त गरिन्थ्यो । ससाना वस्तीको प्रशासन चलाउन भने 'द्वारे' नियुक्त गरिन्थे ।

---

***शिक्षण सुझाव***

*विभिन्न स्रोत सामग्री अध्ययन गरी आफू स्पष्ट भएर यस पाठको विषय वस्तु शिक्षण गर्नुहोस् । यसका लागि आवश्यकतानुसार विविध विधिको प्रयोग गर्न सकिन्छ ।*



Curriculum Development Centre

स्थानीय प्रशासन कार्यलाई सहयोगका साथै पाटी पौवा, बाटोघाटो, मन्दिर, पुल, फड्के आदि निर्माण गर्ने र धर्म तथा संस्कृति सम्बन्धी काम गर्न पञ्चायतको व्यवस्था गरिएको थियो । त्यस समयमा पञ्चायतलाई पञ्च कचहरी, पाञ्चाली वा पञ्च समुच्चय भनिन्थ्यो । त्यस कालमा मुख्य सहरलाई प्रशासकीय दृष्टिकोणले विभिन्न टोलमा विभाजित गरिएको हुन्थ्यो । त्यस बेला भक्तपुर, ललितपुरलगायतका चौबिस टोल थिए । टोलको रेखदेख गर्न 'प्रधान' नियुक्त गरिएका थिए ।

(ख) न्यायिक सुधार

नेपालको तत्कालीन राजनीतिक परिपाटी व्यवस्थित हुन नसके पनि न्याय प्रणालीमा सुधार गर्न खोजेका थिए । उक्त कालमा धार्मिक परम्परा, रीतिरिवाज आदिका आधारमा न्याय दिने गरिन्थ्यो ।

(ग) धर्म, संस्कृति, भाषा र साहित्यको विकास

त्यस बेला हिन्दु धर्मको प्रमुख स्थान थियो । हिन्दु धर्मशास्त्रका आधारमा आफ्नो धर्म तथा संस्कृतिको संरक्षण हुने गर्दथ्यो । संस्कृत भाषा, नेपाली भाषा र नेपाल भाषा साहित्यको उत्थान गर्न तत्कालीन राजनीतिक नेतृत्व अग्रसर भएको देखिन्छ । त्यस बेला निर्माण भएका मठ मन्दिरमा कलाकृतिको पनि धेरै प्रयोग भएको पाइन्छ ।

मध्यकालको अन्त्यतिर पृथ्वीनारायण शाहको नेतृत्वमा नेपाल एकीकरणको थालनी भएको थियो । मध्यकालीन नेपालको इतिहासको निर्माणमा नेपाली नारीहरूले पनि उल्लेखनीय योगदान गरेका थिए । यीमध्ये महारानी देवलदेवी (देवलक्ष्मीदेवी) र पृथ्वीनारायण शाहकी जेष्ठमाता चन्द्रप्रभावती देवी र रानी राजेन्द्रलक्ष्मीको भूमिका अत्यन्त महत्त्वपूर्ण रहेको थियो ।

**क्रियाकलाप**

१. मध्यकालीन राजनीतिक अवस्था सम्बन्धी प्रवचनका निम्ति मुख्य बुँदाहरू बनाऊ ।
२. मध्यकालीन राजनीतिक अवस्थाबाट सिक्न सकिने तथा सुधार गर्नु पर्ने पक्ष पहिचान गरी कक्षामा प्रस्तुत गर ।

**अभ्यास**

तलका प्रश्नको उत्तर देऊ :

(क) मध्यकालीन नेपालको राजनीतिक अवस्थालाई चित्रण गर्दै तिन वाक्य लेख ।
(ख) काठमाडौँ उपत्यकाबाट राजनीतिक व्यवस्था परिवर्तन हुनाका कारणहरू लेख ।
(ग) मध्यकालमा कुन कुन भाषा र साहित्य विकास भएका थिए ?

**सामुदायिक कार्य**

१. मध्यकालको सती प्रथा तथा दास प्रथा राजनीतिक प्रगतिका निम्ति समस्याका रूपमा थियो । त्यस्तो समस्या पत्ता लगाउन समाज सुधारक तथा राजनेतालाई सोध्ने प्रश्न बनाऊ ।
२. बनाइएका प्रश्नहरूलाई परिमार्जन तथा सुधार गर्न साथीहरूसँग छलफल गर ।
३. समुदायबाट प्राप्त जवाफका आधारमा भाषण तयार गरी कक्षामा सुनाऊ ।

Curriculum Development Centre

पाठ : ३

# मध्यकालीन नेपालको सामाजिक अवस्था

देशमा विद्यमान राजनीतिक अवस्थाले सामाजिक संरचनामा प्रभाव पारेको हुन्छ । मध्यकालमा नेपालमा संयुक्त शासन चल्थ्यो । यस्तो संयुक्त शासन बाबुछोरा, दाजुभाइ तथा काकाभतिजाका बिचमा पनि चलेको थियो । यसैको सेरोफेरोमा संयुक्त परिवार प्रथा, वर्ण व्यवस्था, नामको पछाडि थर राख्ने चलन, वंशको नामकरण, डोलाजी प्रथा, विधवा तथा पुनः विवाह, रीतिथिति, चाडपर्व, नारीको स्थान आदि सामाजिक संरचनाका मूल आधारहरू प्रचलनमा रहेको पाइन्छ ।

### संयुक्त परिवार

पछिल्लो (नयाँ जन्म लिएको) पुस्तादेखि बुबा, हजुरबुबा, फुपू, दिदी, बहिनी, काकाकाकी, भाइ भतिजा, आदि सबै जीवित सदस्यहरू एकै ठाउँ वा घरमा बसेर समान सुविधा भोग गर्ने परिवारलाई संयुक्त परिवार प्रथा भनिन्छ । राजनीतिक रूपमा पनि संयुक्त शासन प्रथा रहेकाले मध्यकालमा संयुक्त परिवारको प्रचलन अनिवार्य जस्तै मानिन्थ्यो । साथै सामाजिक, धार्मिक तथा आर्थिक कारणहरूले गर्दा मध्यकालमा मानिसहरू संयुक्त परिवारमा बस्ने गर्थे । उनीहरूले आफ्नो गाउँ वा वस्तीको घनत्व बढी नै गर्ने गरेको पाइन्छ ।

### वर्ण व्यवस्था

वर्ण व्यवस्था लिच्छवि कालबाट सुरु भएको हो । यस कालमा समाजलाई चार जात तथा अठार वर्णमा विभाजित गरिएको थियो । यसैको निरन्तरता स्वरूप मध्यकालमा पनि चार जात तथा छत्तीस वर्णमा विभाजित गरियो ।

### वंशको नामकरण

मध्यकालमा डोटी र काठमाडौँ उपत्यकाका मल्ल राजाहरूले आफूलाई 'सूर्यवंशी' भनी परिचित गराए । साथै उपत्यका बाहिरका शाह राजाहरूले 'चन्द्रवंशी' भन्न थाले । यसरी सूर्यवंशी र चन्द्रवंशीका नामले वंश परम्परा सामाजिक संरचनामा स्थापित भएको पाइन्छ ।

### थरको उत्पत्ति

मध्यकालीन नेपालमा ऋषि, गोत्र, स्थान आदिका आधारमा थर राख्ने चलन थियो । तर काम (व्यवसाय) का आधारमा पनि अनेक थरहरूको उत्पत्ति भएको पाइन्छ । उदाहरणका रूपमा मध्यपूर्वकालमा कर्नाली प्रदेशमा कामका आधारमा मानिसलाई वैद्य, खड्का (खडगाडा), भण्डारी, जोशी इत्यादि राखी सुरु गरिएको प्रचलनलाई लिन सकिन्छ । काठमाडौँ उपत्यकामा भने राजा जयस्थिति मल्लको राज्यकालमा मन्त्रीलाई 'मुल्मी,' भारदारलाई 'शिष्ट वा श्रेष्ठ' र प्रधान मन्त्रीलाई 'महाथ' भन्ने चलन थियो । त्यसैगरी काठमाडौँका नेवार समुदायमा आचार्य, वैद्य, श्रेष्ठ र दैवज्ञ चार थरीको वर्चस्व रह्यो ।

---

***शिक्षण सुझाव***

*बालबालिकालाई ऐतिहासिक तथ्य वा विवरण घोकाउनुभन्दा त्यसबाट शिक्षा लिई वर्तमानमा त्यसको उपयोग गर्ने ज्ञान, सिप, विकासमा जोड दिनुहोस् ।*



Curriculum Development Centre

### डोलाजी प्रथा

मध्यकालमा दुलहालाई दुलहीको घरमै वा दुलहीलाई दुलाहाको घर वा आसपासको क्षेत्रमा झिकाई विवाह गर्ने प्रथालाई डोलाजी प्रथा भनिन्थ्यो । यस प्रथाद्वारा विवाह गर्ने दुलहाले दुलहीको थर ग्रहण गर्नुपर्थ्यो । यसैअनुसार कुमार जयस्थितिले राजकुमारी राजल्लदेवीसँग विवाह गरेपछि मल्ल थर ग्रहण गरे । त्यसैगरी कर्नाली प्रदेशकी राजकुमारी शकुन मालासँग विवाह गरेपछि पालवंशका पुण्य पाल पुण्य मल्ल भए ।

### विधवा प्रथा तथा पुन: विवाह

मध्यकालमा विधवा प्रथा तथा पुन: विवाह कायम थियो । मध्यकालको सुरुआतमा मल्ल राजाहरूले शासन गरे । यिनीहरूको परिवार निकै ठुलो देखिन्छ । उनीहरूका धेरै रानीहरू थिए । यसै कारण आफ्नो वंश परम्परा कायम गर्न र शक्ति मजबुत बनाइराख्न महिलालाई विधवाका रूपमा राख्ने चलनको सुरुआत भयो । भक्तपुरका राजा रुद्रमल्लकी छोरी नायकदेवीको पहिलो विवाह कासीका राजकुमार हरिश्चन्द्रसँग र दोस्रो तिरहुतका राजकुमार जगत्सिंह कुम्हरसँग भएको थियो । यो पुन: विवाहको उदाहरण हो ।

### रीतिथिति तथा चाडपर्व

मध्यकालमा आशोच तथा सूतक बार्ने जस्ता रीतिथिति कायम थिए । प्राचीन हिन्दु धार्मिक मान्यताअनुसार जन्म, मृत्यु र अन्य सामाजिक संस्कारका आधारमा रीतिथीति चलेको पाइन्छ । यसबाहेक समाजमा दसैँ, तिहार, गाईजात्रा, इन्द्रजात्रा, घण्टाकर्ण (गठेमङ्गल) जस्ता चाडपर्व प्रचलनमा थिए ।

### नारीको स्थान

मध्यकालमा नारीलाई सम्मानपूर्वक व्यवहार गरिन्थ्यो । सिम्रौनगढका राजा हरिसिंहदेवकी रानी देवलदेवी काठमाडौँमा आई आफ्नो प्रभुत्व जमाउन सफल भएकी थिइन् । यसबाट के थाहा हुन्छ भने मध्यकालमा आफ्नो घर, गाउँ र राज्यमा मात्र नभई अन्यत्र पनि नारीको स्थान मर्यादित थियो ।

**क्रियाकलाप**

१. तिम्रो समुदायमा रहेका थरको उत्पत्तिबारे अभिभावकसँग सोधी कक्षामा प्रस्तुत गर ।
२. तिम्रो समुदायमा विधवा प्रथा र पुन: विवाहलाई कसरी लिइन्छ ? टोल छिमेकमा छलफलको आयोजना गरी सुधार गर्नुपर्ने उपायहरूको खोजी गर ।

**अभ्यास**

तलका प्रश्नको उत्तर लेख :

(क) मध्यकालीन सामाजिक अवस्थामा के के कुरा पर्छन् ?
(ख) डोलाजी प्रथाबारे एक अनुच्छेद लेख ।
(ग) मध्यकालमा नारीलाई कसरी हेरिन्थ्यो ? उदाहरणसहित लेख ।

**सामुदायिक कार्य**

मध्यकालीन नेपालमा भएका धेरैजसो कुराहरू हालसम्म पनि तिम्रो समुदायमा हुन सक्छन् । तिनलाई थाहा पाउन समुदायका मानिससँग सोध्ने प्रश्नहरूको नमुना बनाऊ ।

Curriculum Development Centre

पाठ : ४

# मध्यकालीन नेपालको आर्थिक अवस्था

प्राचीन समयदेखि नै नेपालको व्यापार तिब्बत, चिन र भारतसँग अटुट रूपमा रहेको पाइन्छ। यसलाई मध्यकालीन शासकले विशेष ध्यान दिएका थिए। त्यसकारण उद्योग, वाणिज्य र व्यवसायको विकासले गर्दा मध्यकालको आर्थिक क्रियाकलापमा तीव्रता आएको थियो। जयस्थिति मल्लले परम्परागत व्यापारलाई विस्तार गरेका थिए। यिनले आन्तरिक व्यापारमा पनि सुधार गरेका थिए। बेग्लाबेग्लै नाप भएका माना, पाथी, ढक तराजुमा पनि एउटै नाप बनाएर सुधार गरेका थिए। नेपाली व्यापारीहरू आफ्ना उद्योगमा उत्पादित वस्तुहरू विदेशमा बेचेर विदेशी मुद्रा आर्जन गर्दथे। 'भोजको युक्तिकल्प तरू' भन्ने पुस्तकमा नेपालमा बनेको तरबार भारतको बजारमा निकै लोकप्रिय रहेको कुरा लेखिएको छ। त्यसैगरी 'रसरत्नसमुच्चय' नामको मध्यकालीन पुस्तकमा नेपालबाट भारतमा निर्यात गरिने तामाको बयान गरिएको छ।

**मल्लकालीन बजार भाउ : ने. सं. ८५० (१७८६ वि. सं)**

| वस्तु | परिमाण | मूल्य |
|---|---|---|
| चामल | १७ पाथी | १ मोहर |
| नुन | १ पाथी | १ मोहर |
| तेल | १ पाथी | १ मोहर |
| कपास | ५ पल | १ मोहर |

*स्रोत : धनबज्र बज्राचार्य, नेपाल परिचय*

जयस्थिति मल्लले भूमि सम्बन्धी व्यवस्था मिलाउन विशेष ध्यान दिएका थिए। उनले जग्गाको उब्जनीका आधारमा भूमिलाई अब्बल, दोयम, सिम र चाहार गरी चार भागमा वर्गीकरण गरे। साथै, मालपोत उठाउन र आर्थिक स्तर मिलाउन सबै जमिनको क्षेत्रफल परिवर्तन गरियो। यसअनुसार अब्बल जग्गा एक वर्गमा ९५ हातको घेरा, दोयममा १०३ हात, सिममा ११२ हात र चाहारमा १२५ हातको घेराको नाप मानियो। त्यस बेला जग्गा जमिन नाप्नेलाई क्षेत्रकार भनिन्थ्यो। जग्गा नाप्नलाई हातको नाप निर्धारण गरियो। बुढी औँलाको चौबिस अङ्गुल बराबर एक हात मानियो। कान्तिपुरका राजा महेन्द्र मल्लले व्यापारलाई सरल बनाउन चाँदीको मुद्रा प्रचलनमा ल्याए जसलाई महेन्द्रमल्ली भनिन्छ। "पृथ्वीनारायण शाहले गर्न खोजेका सुधारहरू उनले दिएको दिव्य उपदेशमा पाइन्छ। काम गर्दा राज्य राज्यमा गुप्तचर भई नौला किसिमका कामहरू सिकी आउनु, काम सिक्न जाँदा थाहा पाई कैद गर्‍यो भन्या आफ्ना मुलुकको गुह्य कसैलाई नभन्नु, मारे मर्नु, आफ्ना रुढिबुडी बुढापाका कुलले गर्‍या राखेका धर्म नगुमाई चोखो कामहरू सिकी ल्याउनु वा गर्नु।" आदि पृथ्वीनारायण शाहका उपदेश थिए।

---

***शिक्षण सुझाव***

*तत्कालीन अवस्थाको आर्थिक अवस्थालाई वर्तमानसँग तुलना गर्दै आर्थिक विकासमा मध्यकालको भूमिकाका बारेमा स्पष्ट पार्नुहोस्।*



Curriculum Development Centre

गोरखाका राजा राम शाहले पनि विभिन्न किसिमका आर्थिक सुधारहरू गरेका थिए। यिनले व्यापारमा सुधार गर्न माना, पाथी, ढक, तराजुको नयाँ व्यवस्था गरे। यिनले नापका निम्ति १० मुठीको एक माना, आठ मानाको एक पाथी र तौलका निम्ति १० लालको एक मासा, १० मासाको एक तोला, २७ तोलाको एक बोडी, चार बोडीको एक बिसौली र दुई बिसौलीको एक धार्नी निर्धारण गरे। यिनले धातुका मानापाथी, ढक तराजु इत्यादिमा सरकारी छाप लगाउनुपर्ने नियम बसालेका थिए। राम शाहले ब्याज सम्बन्धमा चलाएको नियमअनुसार नगद ऋणको कारोबारमा १० प्रतिशतभन्दा बढी र जिन्सीमा २५ प्रतिशतभन्दा बढी ब्याज लिन नपाउने नियम बनाए।



महेन्द्र मल्लकालीन मुद्राहरू

राम शाहले भाइभारदारको सिफारिसबिना बिर्ता नदिनु, बिर्ता दिँदा जमिनको क्षेत्रफल चार किल्ला सबै खुलाएर स्थानीय भद्रभलादमी राखी साँध सिमानासमेत छुट्याइदिनु भन्ने निर्देशन दिएका थिए। यिनकै समयदेखि हालसम्म पनि जग्गा धनीलाई तल्सिङ र खनजोत गरी कमाइ गर्नेलाई मोही भन्ने चलन चल्दै आएको छ। कान्तिपुरका राजा प्रताप मल्लको शासन कालमा तिब्बतसँग भएको वाणिज्य सन्धिबाट नेपाललाई निकै आर्थिक लाभ भएको थियो।

### क्रियाकलाप

१. दैनिक व्यवहारमा मुद्राको महत्त्व विषयमा वक्तृत्व कला आयोजना गर।

२. मध्यकालमा भएका आर्थिक क्रियाकलापबाट कुन कुन समस्याहरू समाधान भए ? समाचारका रूपमा कक्षामा प्रस्तुत गर।

### अभ्यास

तलका प्रश्नको उत्तर लेख :

(क) आफ्नो कापीको पानामा मल्लकालको मुद्राको चित्र बनाऊ।

(ख) आफूसँग भएको मुद्रालाई मल्लकालको मुद्रासँग तुलना गर्ने तालिका बनाई कक्षामा प्रस्तुत गर।

(ग) मध्यकालीन आर्थिक अवस्था र वर्तमान आर्थिक अवस्थाबिच पाँच बुँदामा तुलना गर।

### सामुदायिक कार्य

१. मध्यकालमा भएका कुन कुन राम्रा आर्थिक क्रियाकलापहरू हाल छैनन् र हाल भएका कुन कुन राम्रा आर्थिक गतिविधिहरू मध्यकालमा थिएनन् भनी शिक्षक वा जानकार व्यक्तिलाई प्रश्न सोधेर प्राप्त जवाफका आधारमा प्रतिवेदन तयार गर।

२. मध्यकालको बजार भाउ र हालको बजार भाउ झल्कने तुलनात्मक तालिका बनाऊ।

Curriculum Development Centre

पाठ : ५

# मध्यकालीन नेपालको कला र संस्कृति

पद्मोदय मा. वि.,
रामशाह पथ, काठमाडौँ
२०७०/०५/२५

प्यारो साथी शान्तराज, नमस्कार !

तिमीले जुम्ला उपत्यकाको कला र संस्कृतिका बारेमा लेखेर पठाएको पत्र प्राप्त भयो । म हाल काठमाडौँमा रहने भएकाले तिमीले मलाई मध्यकालीन नेपालको कला संस्कृतिका बारेमा लेखेर पठाउन भनेका रहेछौ । तिम्रो अनुरोध अनुसार मैले मध्यकालीन नेपालको कला संस्कृतिका बारेमा धेरै सोधपुछ गरेँ । त्यस बेलादेखि रहेका कला र पुरातत्त्वका सम्पदाहरूको प्रत्यक्ष अवलोकन पनि गरेँ । त्यसका आधारमा मैले तिमीलाई यो पत्र लेखेको हुँ ।

कला र संस्कृति मानव जीवनको परिचायक हो । मानिसको मूल्य, मान्यता, आस्था, शिल्प आदिको प्रतिनिधित्व कला र संस्कृतिले गरेको हुन्छ । यसले सामाजिक जनजीवनको प्रतिनिधित्व गर्दछ । नेपाल कला र संस्कृतिका दृष्टिले धनी मानिन्छ । नेपालीहरूसँग मौलिक कला र संस्कृतिको खानी रहेको छ । नेपाली जीवन शैलीको निर्माणमा कला र संस्कृतिले महत्त्वपूर्ण भूमिका खेलेको छ । सामूहिक आस्था, विश्वास, परम्परा एवम् मूल्यहरू कला तथा संस्कृतिका रूपमा विकसित भएका छन् ।

प्राचीन नेपालको कला र संस्कृतिका बारेमा तिमीले कक्षा ६ मा पढिसकेको छौ । म यहाँ मध्यकालीन नेपालको कला र संस्कृतिका बारेमा लेख्न गइरहेको छु । वि. सं. ९३६ देखि वि.सं. १८२५ सम्मको समयलाई मध्यकालीन समय भनिन्छ । मध्यकालीन नेपाल कला र संस्कृतिका दृष्टिले निकै महत्त्वपूर्ण मानिन्छ । यस युगमा धेरै मन्दिर र देवीदेवताका मूर्ति स्थापित भएका छन् । त्यसैले यस बेलालाई घरभन्दा धेरै मन्दिर र मान्छेभन्दा धेरै देवता भएको समय पनि मानिन्छ । यी मन्दिर र देवतासम्बद्ध धेरै चाडपर्व पनि विकसित भए । फलस्वरूप मध्यकालमा धेरै जात्रा र पर्वहरू प्रचलित थिए । कतिपय जात्रा र पर्वहरू अहिलेसम्म कायमै छन् ।



मध्यकालमा विभिन्न दरबार र मन्दिरमा सुन्दर कलाकृति निर्माण भएका थिए । त्यस्तै धारा, पाटी, पौवा, चौतारा, डबली जस्ता सांस्कृतिक पक्षमा पनि कला प्रदर्शित थियो । काष्ठकला, प्रस्तरकला र वास्तुकलाका दृष्टिले पनि विकसित थियो । गुम्बज तथा शिखर शैलीमा मठ, मन्दिर, चैत्य, विहार आदि बनेका थिए । दरबार, घर, मन्दिरका झ्याल, ढोका तथा छाना बनाउँदा कलात्मक रूपमा बनाइन्थ्यो,

***शिक्षण सुझाव***

*यस पाठमा मध्यकालीन नेपालका कला र संस्कृति सम्बन्धी छोटा जानकारी मात्र प्रस्तुत गरिएका छन् । अत: विषय वस्तुसम्बद्ध विभिन्न स्रोत सामग्री अध्ययन गरी विषय वस्तुमा आफू स्पष्ट भई शिक्षण गर्नुहोस् ।*

Curriculum Development Centre

जस्तै : भक्तपुरको पचपन्न झ्याले दरबार । मध्यकाल लुगा, खाद्ध परिकार र शिष्टाचारका लागि प्रसिद्ध छ । यसरी मध्यकालीन नेपाल साहित्य, कला तथा संस्कृतिका दृष्टिले उर्वर मानिन्छ । यस्ता कला र संस्कृतिका नमुना अझै पनि काठमाडौँ उपत्यका र देशका अन्य ठाउँहरूमा प्रशस्त छन् । यो सानो पत्रमा यी सबैको विस्तार चर्चा गर्न सकिएन । अर्को पटक विस्तारमा थप चर्चा गरौँला, अहिलेलाई बिदा चाहन्छु ।

उही तिम्रो साथी
रामकृष्ण महर्जन

## क्रियाकलाप

(क) तिम्रो समुदायमा कला र संस्कृति झल्काउने कुनै सम्पदा हुन सक्छन् । त्यसका बारेमा निम्न लिखित विवरण तयार पार :

- स्थापना/निर्माण मिति/समय
- निर्माण कर्ता
- सम्पदाका विशेषता
- सम्पदाको वर्तमान अवस्था
- सम्पदाको संरक्षण संवर्धनका लागि गर्नुपर्ने कार्य

(ख) तिम्रो क्षेत्रमा भएका कुनै कलात्मक भवन, मन्दिर, गुम्बा, विहार, चैत्य, मस्जिद, चर्च, माङखिम, मूर्तिमध्ये कुनै एकका बारेमा आफूभन्दा जान्ने व्यक्तिसँग सोधपुछ गरी प्रत्यक्ष अवलोकन गरेर कलात्मक विशेषताका बारेमा छोटो प्रतिवेदन तयार पार ।

(ग) कला र संस्कृति किन आवश्यक परेको होला, कक्षामा छलफल गर ।

## अभ्यास

तलका प्रश्नको छोटो उत्तर लेख :

(क) कला र संस्कृति भनेको के हो ?

(ख) 'कला र संस्कृतिले सामाजिक जनजीवनको प्रतिनिधित्व गर्छ' पुष्टि गर ।

(ग) मध्यकालीन नेपालको कला र संस्कृति कस्तो थियो ?

(घ) मध्यकालीन कला र संस्कृतिका मुख्य क्षेत्रहरू के के हुन् ?

(ङ) मध्यकालीन कला र संस्कृतिको पाँच ओटा विशेषता लेख ।

Curriculum Development Centre

पाठ : ६

# ह्वाङ्हो उपत्यकाको सभ्यता



भाइबहिनीहरू ! नक्सामा दिइएको कुन देश हो ? नक्सा अध्ययन गर त । यो चिनको नक्सा हो । यसमा चिनको प्रसिद्ध ह्वाङ्हो नदीको नक्सा पनि छ । यो नदीले चिनको ऐतिहासिक महत्त्व बोकेको छ । हाम्रो देशको उत्तरतिर जनगणतन्त्र चिन पर्छ । जनगणतन्त्र चिनको पहिलो सभ्यताको विकास ह्वाङ्हो नदीको उपत्यकामा भएको थियो । ह्वाङ्हो चिनको दोस्रो सबैभन्दा ठुलो नदी हो । यसलाई पहेँलो नदी (Yellow Rever) पनि भनिन्छ । ह्वाङ्हो नदी किनारमा रहेका ठुला ठुला सहरमध्ये लानचओ, पाओचओ, चङचओ र चिनान प्रमुख चार सहर हुन् । चिनमा रहेका प्रमुख नदी निम्नानुसार छन् :

**चिनका मुख्य तिन ठुला नदीहरू**

| **नाम** | **लम्बाइ (किमिमा)** |
|---|---|
| छाङयाङ (Changeang) | ६,३०० |
| ह्वाङ्हो (Huanghe) | ५,४६५ |
| हेइलुङस्याङ (Heilungciang) | २,९६५ |

*स्रोत : चिनको भूगोल*

ह्वाङ्हो नदी पायानहार पर्वतको उत्तरबाट बगेर पूर्वको बोहाय (Bohai) सागरमा मिसिन्छ । यो नदी एक दर्जनभन्दा बढी उपत्यका भएर बग्छ । त्यस क्षेत्रमा १६ औँ शताब्दी इ. पू. मा नै कोदो, मकै, धान, गहुँ, रेसम इत्यादिको उत्पादन गरिन्थ्यो । प्राचीन कालमा चिनियाँ सभ्यता र संस्कृतिको सुरक्षाका निम्ति चिनको उत्तरतर्फ ठुलो पर्खाल बनाइएको थियो । यो पर्खाल हालसम्म पनि रहेको छ । यस पर्खाललाई युनेस्कोको विश्व सम्पदा सूचीमा राखिएको छ । अन्तरिक्षबाट देख्न सकिने मानव निर्मित संसारको एकमात्र वस्तु चिनको ठुलो पर्खाल नै हो । यो पर्खाल चिनको उत्तरतर्फ पूर्व पश्चिम भएर बोहाय सागरसँग जोडिएको छ ।

चिनियाँहरूले यस पर्खाललाई दस हजार लि पर्खाल (ten thousand li wall) भनी नामकरण गरेका छन् । तर वास्तविक रूपमा यसको लम्बाइ १२ हजार लि (छ हजार किलोमिटर) रहेको छ । यो पर्खाल छिन (Chin) वंशका सम्राट् हङचङको समयमा पुरा भयो ।

---

***शिक्षण सुझाव***

*ह्वाङ्हो उपत्यकाको सभ्यता झल्कने चित्र, कथा, संवाद आदि तयार गरी विद्यार्थी केन्द्रित शिक्षण विधिको प्रयोग गर्नुहोस् ।*



Curriculum Development Centre

छिन वंशका यिनै सम्राट्ले छ ओटा राज्यलाई जितेर विशाल चिनको निर्माण गरे । यसै वंशका नामबाट त्यस ठुलो पर्खालको प्रत्येक १०० मिटरमा दुई तले हेर्ने घर (watch tower) बनाइएको छ । यो घरको माथिको तलाबाट वरिपरिको टाढाको दृश्य देख्न सकिन्छ । त्यस बखत यो घर दुश्मनको गतिविधिलाई हेर्न बनाइएको थियो ।



इङचङले पछि हाङती (सम्राट्) को उपाधि धारण गरे । यिनी नै चिनका प्रथम सम्राट् थिए ।

चिनको राजधानी बेइजिङ (Beijing) बाट ८४ किलोमिटर उत्तरमा बडालिङ (Badaling) भन्ने ठाउँमा रहेको पर्खाल हेर्न धेरैजसो पर्यटकहरू जाने गर्दछन् । यस ठाउँमा रहेको पर्खालको भाग ८.५ मिटर अग्लो र ५.७ मिटर चौडा छ ।

**क्रियाकलाप**

१. तिमी बसेको इलाकामा प्राचीन कालमा बनेका किल्ला, पर्खाल, भग्नावशेष आदि स्थान वा वस्तुहरू छन् भने तिनको सूची बनाई कक्षामा प्रस्तुत गर ।

२. एसियाको नक्सामा चिन र चिनको पर्खाल देखाऊ ।

**अभ्यास**

१. तलका प्रश्नको उत्तर लेख :

(क) पाठका आधारमा चिनको ह्वाङ्हो उपत्यकाको सभ्यताको परिचय देऊ ।

(ख) ह्वाङ्हो नदी र चिनियाँ सभ्यताबिचको सम्बन्ध केलाऊ ।

(ग) चिनको नामकरण कसरी रहन गयो ? लेख ।

२. खाली ठाउँ भर :

(क) हाम्रो देशको उत्तरी छिमकी ........... हो ।

(ख) चिनको सबैभन्दा ठुलो नदीको नाम .......... हो ।

(ग) ह्वाङ्हो नदी ............. सागरमा मिसिन्छ ।

(घ) ........... चिनका प्रथम सम्राट् हुन् ।

(ङ) चिनको राजधानी ........... हो ।

Curriculum Development Centre

पाठ : ७

# मेसोपोटामियाको सभ्यता




मेसोपोटामियाको सभ्यताबारे शिक्षक दोर्जे लामा र विद्यार्थी केदार शर्माका बिच भएको कुराकानी यस प्रकार छ :

केदार : मेसोपोटामियाको सभ्यता भनेको के हो ?

दोर्जे : लौ सुन, वर्तमान समयमा मध्यपूर्वमा पर्ने राष्ट्र इराक (Iraq) अन्तर्गत पर्ने टिग्रिस (tigris) र युफ्रेटस (euphrates) नदीको बिचको भागलाई मेसोपोटामिया भनिन्छ । प्राचीन कालमा यसै ठाउँमा विकसित भएको सभ्यतालाई नै मेसोपोटामियाको सभ्यता भनिन्छ ।

केदार : मेसोपोटामिया मेसो (meso) र पोटामोस (potamos) शब्द मिलेर बनेको हो भन्ने सुनेको थिएँ । यी दुई शब्दको अर्थ पनि बताइदिनुहोस् न ।

दोर्जे : युनानी (greek) भाषामा मेसोको अर्थ 'माझ' र पोटामोसको अर्थ 'नदीहरू' भन्ने बुझिन्छ । दुई नदीको माझमा रहेको ठाउँ भएको हुनाले यस ठाउँलाई मेसोपोटामिया नामकरण गरिएको हो ।

केदार : मेसोपोटामियाको सभ्यताको निर्माण कुन कुन सभ्यताहरू मिलेर भएको हो ?

दार्जे : सुमेरिया (Sumeria), बेबिलोनिया (Babilonia), असिरिया (Assyria) र चाल्डियन (Chaldean) सभ्यताहरू मिली मेसोपोटामियाको सभ्यताको निर्माण भएको हो ।

केदार : सुमेरियाको सभ्यता कहिलेदेखि कहिलेसम्म रह्यो ?

दोर्जे : सुमेरियाको सभ्यता चार हजार इ. पू. देखि दुई हजार इ. पू. सम्म कायम रह्यो ।

केदार : सुमेरियनहरूमा पुजारी नै राजा हुन्थे । त्यसैले यिनीहरूलाई पुजारी राजा भनिन्थ्यो होला, हैन त । यी पुजारी राजाहरूले के के काम गर्थे होलान् ?

दोर्जे : पुजारी राजाले कुलीनहरूको सहयोग लिएर भूराजस्व सङ्कलन गर्ने, सिँचाइको व्यवस्था गर्ने, सार्वजनिक भवन तथा तलैतला भएको अग्लो मन्दिर जिगुरात (ziggurat) को निर्माण गर्थे ।

---

*शिक्षण सुझाव*

*विभिन्न पुस्तक, पत्रिका र इन्टरनेट आदिका माध्यमबाट मानव सभ्यता सम्बन्धी जानकारी सङ्कलन गर्न लगाउनुहोस् । साथै तत्कालीन सभ्यता र वर्तमान सभ्यताबिच तुलना गराउनुहोस् ।*

Curriculum Development Centre

केदार : जिगुरातभित्र के के हुन्थे ? जिगुरातको वास्तविक अर्थ के हो ?



दोर्जे : जिगुरातभित्र न्यायालय, पाठशाला, बजार, बैङ्क, कलकारखाना, अन्नको भण्डार इत्यादि हुन्थे । जिगुरातको वास्तविक अर्थ चौकोट परेको र खण्ड खण्ड भएको मन्दिरबाट घेरिएको प्राचीन मेसोपोटामियाको घर भन्ने बुझिन्छ ।

केदार : संसारका सात आश्चर्यका वस्तुहरूमध्ये बेबिलोनका चाल्डियन वंशका सम्राट् नेवुचेन्दनेजर (Nebuchandnezar) ले बनाएको आकाशमा झुल्ने बगैँचा (Hanging Garden) कस्तो थियो ?

दोर्जे : सम्राट् नेवुचेन्दनेजरले आफ्नी रानीलाई खुसी पार्न दरबारको छानोमाथि खण्ड खण्ड पारेर सुन्दर बगैँचा बनाए । यस बगैँचाका फुलहरूमा सिँचाइ गर्न नहर बनाएका थिए । यो बगैँचा यस्तो देखिन्थ्यो । मानौँ, आकाशमा झुलिरहेको होस् तर दु:खको कुरा बेबिलोनको यो झुल्ने बगैँचा आज छैन ।

केदार : मेसोपोटामियाको सभ्यता कहिले विकास भएको हो नि ?

दोर्जे : मेसोपोटामियाको सभ्यताको विकास पाँच हजार इसापूर्वमा भएको हो ।

## क्रियाकलाप

१. कक्षाका कुनै दुई जनाले पाठमा दिइएका संवादलाई सबैले सुन्ने गरी पढ । दुई जना साथीले संवाद पढिरहँदा अन्य स्रोताहरूले त्यसका मुख्य मुख्य बुँदाहरू टिपी कक्षामा प्रस्तुत गर ।
२. मेसोपोटामियाको नक्सा तथा चित्र बनाएर कक्षामा टाँस ।

## अभ्यास

१. तलका प्रश्नको उत्तर देऊ :
   (क) मसोपोटामिया सभ्यताबारे एक अनुच्छेदमा वर्णन गर ।
   (ख) मेसोपोटामिया सभ्यतामा जिगुरातको के कस्तो स्थान छ ?
   (ग) नेवुचेन्दनेजरले बनाएको बगैँचाका कुनै दुई विशेषता लेख ।

२. ठिक र बेठिक छुट्याऊ :
   (क) युनानी भाषामा मेसोको अर्थ नदीहरू भन्ने बुझिन्छ ।
   (ख) सुमेरियनमा राजाले पुजारी हुनुपर्थ्यो ।
   (ग) बेबिलोनको बगैँचा आजसम्म पनि छ ।
   (घ) मेसोपोटामिया टिग्रिस र युफ्रेटस नदीको किनारमा पर्छ ।

## सामुदायिक कार्य

मेसोपोटामियाको सभ्यता जस्तै नेपालमा कुनै प्राचीन सभ्यता वा इतिहासका बारेमा आफूभन्दा जान्ने व्यक्तिसँग सोधपुछ गर । प्राप्त जानकारी कक्षामा प्रस्तुत गर ।

Curriculum Development Centre

## पुनरावलोकन अभ्यास

१. खाली ठाउँ भर :

(क) मध्यकाल .............. शासन पद्धतिको काल हो ।

(ख) .......... ले सेनवंशी राज्यको स्थापना गरे ।

(ग) राम शाह ......... का राजा थिए ।

(घ) मध्यकालीन मन्त्रिपरिषद्मा ........... जना मन्त्री हुन्थे ।

(ङ) किल्लाको रक्षकलाई ............ भनिन्थ्यो ।

२. जोडा मिलाऊ :

| | |
|---|---|
| संयुक्त परिवार | वि. सं. ९३६ |
| डोलाजी प्रथा | जुठो सुतक बार्ने चलन |
| रीतिथिति | चन्द्रवंशी |
| शाह राजा | सबै सदस्य एकै घरमा बस्ने परिवार |
| मध्यकालको सुरुवात | दुलाहा झिकाई गर्ने विवाह |

३. ठिक र बेठिक छुट्याऊ :

(क) प्राचीन कालमा तिब्बतसँग नेपालको व्यापारिक सम्बन्ध थिएन ।

(ख) मल्लकालीन बजारमा १७ पाथीलाई एक मोहर पर्थ्यो ।

(ग) मध्यकालमा जमिन नाप्नेलाई क्षेत्रफल भनिन्थ्यो ।

(घ) तिन बिसौलीको एक धार्नी हुन्छ ।

(ङ) जग्गा धनीलाई मोही भनिन्छ ।

### क्रियाकलाप

१. नेपाललाई एकीकृत बनाई राख्न के के गर्नुपर्ला ? सूची बनाएर कक्षामा प्रस्तुत गर ।

२. राष्ट्रको उन्नतिका निम्ति भविष्यमा तिमीले पुऱ्याउने योगदानको योजना बनाऊ ।

३. मध्यकालीन शासन प्रणालीको तुलनात्मक अध्ययन विश्लेषण गरी हालको शासन प्रणालीका ग्रहणीय पक्ष बताऊ ।

४. तिमीले पनि बेबिलोनियाको जस्तै आफ्नो वा आफ्ना छिमेकीको घर वा बगैँचामा राम्रा राम्रा फुलहरू देखेका हौला । आफुले देखेको बगैँचाको चित्र बनाई कक्षामा प्रदर्शन गर । आफ्नो घरमा पनि फुल रोपी बगैँचा बनाऊ ।

### सामुदायिक कार्य

१. आफ्नो समुदायमा वा सहरको नदीको किनारमा रहेको आफूलाई मन परेको पुरानो घर वा बगैँचा वा अरू कुनै एक वस्तुको चित्र बनाऊ ।

२. चिनको पर्खाल जस्तै तिम्रो समुदायमा रहेको महत्त्वपूर्ण वस्तुहरूको खोजी गरी चित्र बनाऊ ।



Curriculum Development Centre

एकाइ ७

# हाम्रो आर्थिक क्रियाकलाप



## सिकाइ उपलब्धि

- नेपालका प्राकृतिक स्रोत साधन (भूमि, जल, वन र खनिज) को वर्तमान अवस्था बताउन
- नेपालका प्राकृतिक साधनको सदुपयोग गर्न
- नेपालमा उद्योगको वर्तमान अवस्था बताउन
- नेपालमा उद्योगको महत्त्व बोध गर्न
- कृषि र उद्योग बिचको सम्बन्ध स्पष्ट गर्न
- नेपालमा उद्योगको विकासमा देखिएको समस्या र समस्या समाधानका उपाय उल्लेख गर्न
- नेपालमा व्यापारको वर्तमान अवस्था बताउन
- नेपालमा व्यापारको महत्त्व उल्लेख गर्न
- व्यापारको विकास र प्रवर्धनमा देखिएका समस्या र समाधानका उपाय उल्लेख गर्न

Curriculum Development Centre

पाठ : १

# नेपालका प्राकृतिक स्रोत साधन र तिनको उपयोग



प्रकृतिमा नि:शुल्क रूपमा पाइने सम्पदालाई प्राकृतिक सम्पदा भनिन्छ । प्रकृतिमा पाइने यस्ता वस्तुहरूलाई प्राकृतिक स्रोत र साधन पनि भनिन्छ । यस्ता स्रोत साधनहरूमा भूमि (जमिन), जल (पानी) वन र खनिज मुख्य हुन् । यस्ता साधन स्रोतहरूले मानिसको जीवनमा ठुलो प्रभाव पार्छन् । जहाँ यस्ता वस्तुहरूको सही उपयोग हुन्छ, त्यहाँको जनजीवन सहज र विकसित हुन्छ । जहाँ यस्ता वस्तुहरू कम हुन्छन्, त्यहाँ विकास नभई जनजीवन कठिन हुन्छ । त्यसैले प्राकृतिक सम्पदाका आधारमा पनि देशहरू धनी र गरिब हुन्छन् ।

नेपाल पनि प्राकृतिक दृष्टिले धनी देश मानिन्छ । नेपालको प्राकृतिक साधनमा विविधता पाइन्छ । नेपालका प्राकृतिक साधनका बारेमा तल छोटो चर्चा गरिएको छ :

(क) **जमिन** : नेपालको भौगोलिक बनावटअनुसार भूमिको अवस्थामा विविधिता रहेको छ । नेपालको तराई क्षेत्रमा पाँगो माटो पाइन्छ । यहाँको माटो कृषिका लागि निकै उब्जाउ रहेको छ । त्यस्तै भित्री मधेस र चुरे पहाडको दुवै मोहडामा बलौटे पत्थरिलो माटो पाइन्छ । महाभारतका पहाडका ठाडा भिरहरूमा रातो फुस्रो माटो पाइन्छ । उपत्यकामा तलैया माटो रहेको छ । हिमाली भेगमा कम उब्जनी हुने माटो रहेको छ ।

(ख) **जल** : जल भनेको पानी हो । प्राकृतिक रूपमा वहने नदी, खोला नाला, ताल, तलैया तथा जमिनमुनिको पानी आदि जल सम्पदाका स्रोत हुन् । त्यस्तै हिमालबाट हिउँ पग्लेर पनि नदीहरू बग्ने गर्दछन् । प्राकृतिक सम्पदामध्ये जलसम्पदा पनि महतत्वपूर्ण सम्पदा हो । जल सम्पदामा विश्वमा नेपाल ब्राजिलपछि दोस्रो धनी देश हो । जल सम्पदाबाट खानेपानी, सिँचाइ, जलविद्युत्का साथै जल यातायातको व्यवस्था गर्न सकिन्छ ।

---

*शिक्षण सुझाव*

***स्थानीय परिवेशको प्राकृतिक साधन र स्रोतहरूको पनि परिचय गराउँदै तिनको सही सदुपयोग गर्ने बारेमा छलफल गराउनुहोस् ।***

Curriculum Development Centre

नेपालमा बारै महिना अटुट रूपमा पानी बहने नदीहरू रहेका छन् । यस्ता नदीहरूमा कोसी, गण्डकी र कर्नाली हुन् । यी नदीहरू हिमालको हिउँ पग्लेर बग्ने हुनाले हिउँदमा पनि पानीको मात्रा घट्दैन । त्यसैले यस्ता नदीहरूबाट विद्युत् खानेपानी र सिँचाइ सुविधा पुऱ्याउन सकिन्छ । त्यस्तै जल यातायातको माध्यमबाट पर्यटनको विकास गर्न सकिन्छ । नेपालमा महाभारत पर्वत शृङ्खलाबाट पनि नदीहरू उत्पत्ति भएका छन् । तर यी नदीमा हिउँदमा पानी ज्यादै कम र वर्षातमा निकै बढी हुने गर्दछ । चुरे पर्वतबाट पनि वर्षामा मूल फुटी नदीहरूमा पानी बग्ने हुनाले त्यसको प्रयोग गर्न सकिन्छ ।

### क्रियाकलाप

तिमी बसेको ठाउँमा के कस्ता प्राकृतिक साधनहरू रहेका छन् ? साथीहरूबिच छलफल गर ।

### अभ्यास

१. **तलका प्रश्नको उत्तर लेख :**

(क) प्राकृतिक स्रोत साधन भनेको के हो ?

(ख) नेपालका प्रमुख प्राकृतिक साधनहरू के के हुन् ?

(ग) नेपालको जल सम्पदाको महत्त्व छोटकरीमा लेख ।

(घ) नेपालको जमिनको अवस्था कस्तो छ ?

२. **जोडा मिलाऊ :**

| | | | |
|---|---|---|---|
| १. | तराई | (क) | बलौटे पत्थरिलो माटो |
| २. | महाभारत पहाड | (ख) | तलैया माटो |
| ३. | भित्री मधेस र चुरे पहाड | (ग) | पाँगो माटो |
| ४. | उपत्यका | (घ) | कम उब्जनी हुने माटो |
| ५. | हिमाली भेग | (ङ) | रातो फुस्रो माटो |
| | | (च) | दलदले माटो |

### परियोजना कार्य

नेपालमा अपार जलस्रोत रहेको छ तर जलस्रोतको उचित प्रयोग गर्न नसक्दा विद्युत्को अभावमा मानिस अँध्यारोमा बस्न बाध्य छन् । सीमित क्षेत्रमा भएको विद्युत् पनि हिउँदमा लोडसेडिङ हुन्छ । विद्युत् नभई उद्योगधन्दा कलकारखानालगायत मेसिनरी वस्तु सञ्चालन हुँदैनन् । यसले देशको उत्पादनमा प्रत्यक्ष प्रभाव परेको छ । यस्तो अवस्थामा कसरी जल विद्युत्को उचित प्रयोग गर्न सकिएला ? आफूभन्दा जान्ने मानिसको सहयोग लिई जलस्रोतको उच्चतम प्रयोग गर्ने उपाय लेख ।

Curriculum Development Centre

पाठ : २

# प्राकृतिक स्रोत साधनका रूपमा वन र खनिज



**वन** : नेपालको भूधरातलमा विविधता छ । यस विविधताले गर्दा नेपालको वन जङ्गलमा पनि विविधता पाइन्छ । नेपालमा सदावहार, मौसमी, पतझर, कोणधारी, लेकाली र टुन्ड्रा वनस्पति पाइन्छन् । तराई क्षेत्रमा सदावहार खालको वन पाइन्छ । तराईका वनमा साल, सिसौ जस्ता महत्त्वपूर्ण रूखहरू पाइन्छ । हिमाली क्षेत्रमा जडीबुटी पाइन्छ । त्यस्तै पहाडी क्षेत्रमा मौसमी पतझर जङ्गल रहेको छ । यस्ता जङ्गलबाट काठ, दाउरा, जडीबुटी पाइन्छ । त्यस्तै गाई, भैँसी आदिलाई स्याउला, घाँस, सोत्तर आदि प्रयोग गर्न सकिन्छ । काठबाट विभिन्न प्रकारको फर्निचर तयार गर्न, घर बनाउन सकिन्छ । वन उद्योग, व्यवसाय र घरेलु आवश्यकता परिपूर्तिको मूल्यवान् साधन हो । वातावरणलाई स्वच्छ हराभरा राख्न पनि वन सम्पदाले महत्त्वपूर्ण भूमिका खेल्छ । बाढी पहिरो जस्ता भू:क्षय रोक्न पनि वनले सहयोग पुऱ्याउँछ । वनले विभिन्न प्रकारका वन्यजन्तु पशुपन्छीका लागि वासस्थान प्रदान गर्दछ । वनले पर्यटन व्यवसायलाई प्रवर्धन गर्न सहयोग पुऱ्याउँछ । यसरी वनबाट हामीले धेरै फाइदा हुने भएकाले 'हरियो वन नेपालको धन' पनि भन्ने गरिएको छ । त्यसैले वनको सही सदुपयोग गर्दै यसको संरक्षण गर्नु हामी सबैको कर्तव्य पनि हो ।

**खनिज** : खनिज पनि प्राकृतिक साधन र स्रोतका रूपमा पाइने एक महत्त्वपूर्ण सम्पदा हो । नेपालमा पनि विभिन्न प्रकारका खनिजहरू पाइन्छन् । फलाम, तामा, अभ्रक, कोइला, चुन ढुङ्गा, सिसा, पेट्रोलियम, प्राकृतिक ग्यास आदि प्राकृतिक खनिजहरू नेपालमा पाइन्छन् । यस्ता खजिनमध्ये केहीको अध्ययन गरिएको छ । तर नेपालमा पर्याप्त मात्रामा खनिज पदार्थको प्रयोग गर्न सकिएको छैन । खनिज सम्पदाको सदुपयोग गर्न सकेमा विभिन्न उद्योग सञ्चालन गर्न सकिन्छ । त्यस्ता उद्योगले रोजगारी सिर्जना गर्नुका साथै उत्पादित वस्तु विदेशमा पठाएर विदेशी मुद्रा आर्जन गर्न सकिन्छ ।

---

*शिक्षण सुझाव*

*प्राकृतिक स्रोत साधनका रूपमा वन र खनिज पदार्थको महत्त्वलाई स्थानीय वन र खनिज पदार्थ समेतसँग तुलना गर्दै स्पष्ट पार्नुहोस् ।*

Curriculum Development Centre

नेपालमा प्राकृतिक साधनको पर्याप्त भण्डार रहेर पनि यिनको समुचित प्रयोग गर्न नसक्दा त्यसले उन्नति गर्न सकेको छैन । प्राकृतिक साधनको सही सदुपयोग गर्न सकिएमा रोजगारी सिर्जना हुने, काम खोज्न विदेश जानु नपर्ने, वैदेशिक मुद्रा आर्जन हुन्छ । तसर्थ योजनाबद्ध र व्यवस्थित रूपमा खनिज साधनको समुचित प्रयोग गर्नु आजको आवश्यकता हो ।



## क्रियाकलाप

१. वन फडानी तीव्र भइरहेको छ । यसले गर्दा वातावरणमा प्रत्यक्ष प्रभाव पर्न गएको छ । कतिपय ठाउँमा बाढी पहिरो गएको छ । यसले गर्दा मानिसको जनजीवन लगायत प्रकृतिमै असन्तुलन आएको छ । यस्तो समस्या समाधान गर्न के गर्नुपर्ला, छलफल गरी उपाय निकाल ।

२. तिम्रो बसोबास वरिपरि रहेका मुख्य प्राकृतिक वस्तुहरूको खोजी गरी तिनको सूची बनाऊ । आफूभन्दा जान्ने व्यक्तिहरूसँग सोधेर तिनको सही सदुपयोग गर्ने उपायहरू लेख ।

## अभ्यास

१. तलका प्रश्नको उत्तर लेख :

(क) 'हरियो वन नेपालको धन' भनेको के हो ?

(ख) नेपालमा भएको खनिज पदार्थको किन प्रयोग गर्न नसक्नुको कारण के हो ?

(ग) वन संरक्षण गर्नुपर्नाका कुनै तिन कारण लेख ।

(घ) नेपालमा पाइने प्राकृतिक खनिजहरूको सूची बनाऊ ।

२. खाली ठाउँ भर :

(क) नेपालको भूधरातलमा ......... पाइन्छ ।

(ख) वातावरणलाई स्वच्छ राख्न ........ गर्नुपर्छ ।

(ग) ........... मा सदावहार वन पाइन्छ ।

(घ) तामा ........... पदार्थ हो ।

## सामुदायिक कार्य

तिम्रो समुदायमा भएका प्राकृतिक स्रोतको सही रूपमा सदुपयोग भएको छ वा छैन, पत्ता लगाऊ । यदि सही रूपमा प्रयोग नभएको भए सही सदुपयोग गर्न के गर्नुपर्ला ? साथीहरूसँग छलफल गरी कक्षामा प्रस्तुत गर ।

Curriculum Development Centre

पाठ : ३

# औद्योगिक क्रियाकलाप

जनहित माध्यमिक विद्यालय मुस्ताङका विद्यार्थीहरू नेपालको औद्योगिक विकासका बारेमा स्थलगत अध्ययन गर्न शैक्षिक भ्रमण गएका थिए । उनीहरूले गरेको शैक्षिक भ्रमणको प्रतिवेदन यस प्रकार छ :

**जनहित मा. वि., जोमसोम, मुस्ताङ**

**शैक्षिक भ्रमणको प्रतिवेदन**

१. भ्रमण गर्नुको उद्देश्य : नेपालको औद्योगिक क्रियाकलापको अवलोकन

२. भ्रमणमा सहभागी विद्यार्थी सङ्ख्या : २५ जना

३. भ्रमण गरिएका स्थानहरू: पोखरा, हेटौँडा, वीरगन्ज विराटनगर, सुनसरी, काठमाडौँ

४. भ्रमण गरएका स्थानमा रहेका उद्योगहरूको अवलोकन र अवलोकनबाट प्राप्त अनुभवको विवरण

| क्र. स. | स्थान | अवलोकन गरिएको उद्योग | उत्पादित वस्तु |
|---|---|---|---|
| १. | पोखरा | पोखरा औद्योगिक क्षेत्रअन्तर्गतका बिस्कुट उद्योग, दुग्ध उद्योग, सलाई उद्योग, कपडा उद्योग | चाउचाउ, बिस्कुट, दुग्धजन्य पदार्थ, सलाई, ढाका कपडा |
| २. | गोरखा | गोरखकाली रबर उद्योग | टायर |
| ३. | हेटौँडा | नेपाल टोबाको कम्पनी, हेटौँडा सिमेन्ट कारखाना, हेटौँडा कपडा उद्योग | चुरोट, सिमेन्ट, कपडा |
| ४. | वीरगन्ज | जुद्ध म्याच फ्याक्ट्री, वीरगन्ज सुगर फ्याक्ट्री | सलाई, चिनी |
| ५. | विराटनगर | विराटनगर जुट मिल, ज्योति म्याच फ्याक्ट्री, मोरङ सुगर मिल्स, रघुपति जुट मिल | जुट, सलाई, चिनी |
| ६. | सुनसरी | चिनी उद्योग, खाद्य उद्योग, साबुन उद्योग, जुट उद्योग | चिनी, खाद्यान्न, साबुन, जुट |
| ७. | काठमाडौँ | गलैँचा उद्योग, इटा टायल उद्योग, तयारी पोसाक उद्योग, जुस उद्योग, औषधी उद्योग | गलैँचा, टायल, इँटा, तयारी पोसाक, जुत्ता, जुस |

### *शिक्षण सुझाव*

*आफ्नो गाउँ, छरछिमेक वा जिल्लाको औद्योगिक क्रियाकलापमा आधारित भएर पाठमा जस्तै शैक्षिक भ्रमणको प्रतिवेदन तयार गर्न लगाउनुहोस् ।*



Curriculum Development Centre

## ५. प्राप्त अनुभव

(अ) नेपाल परम्परागत कृषि प्रणालीमा आधारित मुलुक हो । यहाँ केही उद्योग सञ्चालन भए तापनि ती उद्योगहरू कृषि प्रणालीमा आबद्ध रहेको पाइयो । केही उद्योगहरू विदेशबाट कच्चा पदार्थ आयात गरी सञ्चालनमा रहेका छन् । उद्योगले रोजगारीको राम्रो व्यवस्था गर्दो रहेछ । तर पनि नेपालको परिवेशमा कृषिको आधुनिकीकरण नभएसम्म उद्योग फस्टाउन नसक्ने पाइयो ।

(आ) उत्पादनको प्रकृति र सेवाका आधारमा नेपालका उद्योगहरूको विभाजन :

(क) उत्पादनमूलक उद्योग (ख) निकासीमूलक उद्योग (ग) ऊर्जामूलक उद्योग (घ) खानीजन्य उद्योग (ङ) पर्यटन उद्योग (च) निर्माण उद्योग (छ) सेवा उद्योग (ज) सूचना तथा सञ्चार प्रविधि उद्योग (झ) कृषि तथा वन पैदावार उद्योग

(इ) लगानी र पुँजीका आधारमा नेपालका उद्योगको वर्गीकरण

(क) लघु उद्योग (ख) परम्परागत तथा अन्य घरेलु उद्योग (ग) साना उद्योग (रु. ५ करोडसम्म स्थिर पुँजी भएका उद्योग) (घ) मझौला उद्योग (रु. ५ करोडभन्दा बढी र १५ करोडसम्म पुँजी भएका औद्योगिक व्यवसायहरू) (ङ) ठूला उद्योग (रु. १५ करोडभन्दा बढी स्थिर पुँजी भएका उद्योग)

## ६. निष्कर्ष

मुलुकको आर्थिक विकासको दिगो र भरपर्दो आधार र स्तम्भका रूपमा औद्योगिक विकास रहेको हुन्छ । हामीले कृषि क्षेत्रको निर्भरतालाई कम गर्दै लैजानुपर्छ । वर्तमान बेरोजगारी, अर्ध बेरोजारी तथा गरिबी कम गर्न औद्योगिकीकरणको महत्त्वपूर्ण भूमिका रहने देखिन्छ । औद्योगिक क्षेत्रमा लगानी बढाउने, उद्योगको सुरक्षा दिने, मजदुर हड्ताल रोक्ने र स्वदेशी उद्योगलाई बढावा दिनु आजको मुख्य आवश्यकता देखिन्छ ।

### अभ्यास

तलका प्रश्नको उत्तर लेख

(क) शैक्षिक भ्रमणको मुख्य उद्देश्य के हो ?

(ख) औद्योगिक क्रियाकलापको भ्रमण गर्नाले के कस्तो फाइदा हुन्छ ?

(ग) नेपालमा प्रमुख उद्योगहरू केमा निर्भर छन् ? किन ?

(घ) उद्योगबाट हुने फाइदाहरू के के हुन् ?

(ङ) नेपालको उद्योगको विकास गर्न मुख्य के कुरामा ध्यान दिनुपर्छ ?

Curriculum Development Centre

पाठ : ४

# कृषि र उद्योगबिच सम्बन्ध

कृषि र उद्योगबिचको सम्बन्धका बारेमा पूर्व अध्ययन गरी कक्षामा सक्रिय सहभागिता जनाउन सोनाम र लाक्पाले सल्लाह गरे । उनीहरूले आफ्ना काकासँग गरेको छलफल यस प्रकार छ :

सोनाम : काका हामी तपाईँसँग केही छलफल गर्न आएका थियौँ, हजुरसँग समय कत्तिको छ कुन्नि !

पासाङ : के बारेमा छलफल गर्न खोजेका हौ त ? गरौँला नि !

लाक्पा : हामीले आज औद्योगिक क्रियाकलापका बारेमा कक्षामा छलफल गर्‍यौँ । नेपालका उद्योग कृषिमा आधारित रहेछन् भन्ने कुरा त थाहा भयो । तापनि कृषि र उद्योगबिचको सम्बन्धका सबै कुरा जानेर गयो भने भोलि कक्षामा राम्रो प्रस्तुति गर्न सकिन्छ भनी छलफल गर्न आएका ।

पासाङ : नेपाल मूलतः कृषि प्रधान देश भएको कुरा त तिमीहरूलाई थाहै छ । यहाँका करिब ७४ प्रतिशत मानिसको जीवन निर्वाह गर्ने मुख्य पेसा कृषि हो । कृषिले राष्ट्रिय अर्थतन्त्रमा करिब ३२.५ प्रतिशत योगदान पुर्‍याएको छ । त्यस्तै यहाँका उद्योगहरू मूलतः कृषिमा आधारित छन् । किनभने औद्योगिकीकरणका लागि मुख्यतः उद्योगको कच्चा पदार्थको आवश्यकता पर्छ । नेपालमा कच्चा पदार्थका रूपमा कृषि उत्पादन नै प्रमुख हो । कृषि र उद्योगबिच सोझो सम्बन्ध रहेको छ ।

सोनाम : नेपालका कुन कुन उद्योगमा के कस्ता कृषिजन्य कच्चा पदार्थ प्रयोग हुन्छन् त काका ?

पासाङ : म तिमीहरूलाई निम्नानुसार कापीमा लेखेर देखाइदिन्छु :

| क्र. स. | उद्योगको विवरण | प्रयोग हुने कच्चा पदार्थ |
|---|---|---|
| १. | चिनी उद्योग | उखु |
| २. | बिस्कुट, चाउचाउ उद्योग | मैदा (गहुँ, मकै) |
| ३. | जुट उद्योग | जुट |
| ४. | जुस उद्योग | विभिन्न फलफुलहरू |
| ५. | चुरोट उद्योग | सूर्ती |
| ६. | जडीबुटी प्रशोधन उद्योग | विभिन्न जडीबुटी र कृषिजन्य पदार्थ |
| ७. | घिउ, तेल उद्योग | पशुको दुध र तेलहन |
| ८. | विभिन्न खाद्यान्न उद्योग, जस्तै : चामल, गहुँ, चोकर, ढुटो | विभिन्न खाद्यान्न |
| ९. | छाला जुत्ता उद्योग | पशुहरूको छाला |
| १०. | चिया उद्योग | चियाको मुना |

***शिक्षण सुझाव***

*स्थानीय रूपमा रहेका कृषि उत्पादनहरू के कसरी प्रयोग भएका छन्, तिनलाई उद्योगमा प्रयोग गर्न के गर्नुपर्ला भन्ने सम्बन्धमा छलफल गराउनुहोस् ।*



Curriculum Development Centre

लाक्पा : हो त नेपालमा सञ्चालित प्रमुख उद्योगका कच्चा पदार्थ त कृषि व्यवसायसँग सम्बन्धित रहेछन् । खाद्यान्न, नगदेबाली, पशुपालन, जडीबुटी खेती आदिबाट त्यस्ता उद्योग सञ्चालन हुने रहेछन् । कृषिबाट कच्चा पदार्थ उपलब्ध हुने हो भने त कि उद्योग बन्द हुने कि त बाहिरी देशबाट खरिद गर्नुपर्ने पो रहेछ ।

सोनाम :नेपालकै कच्चा पदार्थ प्रयोग हुने भएकाले त्यस्ता उद्योग चलेका रहेछन् । यीबाहेक फलाम, तामा, जस्ता आदि खनिजबाट सञ्चालन हुने उद्योग त बाह्य देशबाट कच्चा पदार्थ ल्याउनु पर्नाले महँगो पर्ने रहेछन् हैन त ?

पासाङ : हो, नेपाल आफैँमा कृषि प्रधान देश भएकाले यसैमा आधारित उद्योग फस्टाउनु राम्रो हो । कृषिमा आधुनिकीकरण गर्न सकेमा त्यसको प्रभाव उद्योगमा पनि पर्ने थियो । कृषि उत्पादन धेरै भएमा त्यस्ता उद्योगबाट उत्पादित वस्तु विदेश निर्यात गरेर विदेशी मुद्रा पनि कमाउन सकिने थियो ।

लाक्पा : हो त कृषिमा राम्रो विकास गर्न सके उद्योग पनि फस्टाउने र दिगो रूपमा चल्ने रहेछन् । फेरि कच्चा पदार्थ अरू देशबाट ल्याउनु पनि नपर्ने । एकातिर किसानले गरेको उत्पादन बिक्री हुनाले कृषकले पनि उचित मूल्य पाउने र उद्योगले पनि कच्चा पदार्थ पाउने हुँदा दोहोरो फाइदा हुने रहेछ ।

पासाङ : हो त, त्यसैले हामीले उद्योगको विकास गर्न पनि सर्वप्रथम कृषिको विकास गर्न जरुरी छ ।

सोनाम :ल त काका आज हामीले वास्तविक कुरा बुझ्यौँ, यो कुरा भोलि कक्षामा पनि राख्छौँ । छलफल गर्न हजुरले समय उपलब्ध गराई अमूल्य ज्ञान दिनुभएकोमा आभारी छौँ ।

## क्रियाकलाप

१. तिमीले प्रयोग गरेका कुनै पाँच ओटा वस्तुको नाम लेख र ती के केबाट बनेका छन् ? तिनको उत्पादन गर्न के के कच्चा पदार्थ चाहिने रहेछ, छलफल गरी सूची बनाऊ ।

२. तिम्रो क्षेत्रको कृषि उत्पादनलाई कृषि उद्योगका रूपमा प्रयोग गर्न के के गर्नुपर्ला ? जान्ने व्यक्तिसँग समेत सोधपुछ गरी एउटा सानो रिपोर्ट बनाऊ ।

## अभ्यास

**तलका प्रश्नको उत्तर देऊ :**

(क) माथिको संवादको मुख्य सार के हो ?

(ख) नेपालको कृषि र उद्योगबिच सम्बन्ध देखाउने तिन बुँदा लेख ।

(ग) नेपालका उद्योग फस्टाउन किन कृषिमै आधुनिकीकरण र व्यावसायीकरण गर्नुपरेको हो ?

(घ) कृषिमा आधुनिकीकरण र व्यावसायीकरण गर्न के के गर्नुपर्ला ?

Curriculum Development Centre

पाठ : ५

# व्यापारिक क्रियाकलाप

सुपरमार्केट, काठमाडौँ

मिति : २०७०/१०/०५

प्यारो भतिज, रेशम

शुभ आशीर्वाद !

तिमीले टेलिफोनमा मसँग कुराकानी गर्दा नेपालको व्यापारका बारेमा लेखेर पठाउन अनुरोध गरेका थियौ । म एक व्यापारिक प्रतिष्ठानमा काम गर्ने नाताले मैले व्यापारिक अनुभव सँगालेको छु । त्यसैले नेपालको व्यापारिक क्रियाकलापका बारेमा केही लेखेर तिम्रो जिज्ञासा मेटाउने प्रयास गरेको हुँ ।

देशको आर्थिक विकासमा व्यापारको ठुलो महत्त्व हुन्छ । लाभको भावनाले प्रेरित भई वस्तु तथा सेवा विनिमय गर्ने कार्यलाई व्यापार भनिन्छ । कुनै पनि देशले आफ्नो देशमा उत्पादन नभएका वस्तु बाहिरी देशबाट आयात गरी ल्याउँछ । त्यस्तै आफ्नो देशको आवश्यकता पुरा भएर बाँकी रहेका वस्तु बाहिरी देशमा निर्यात गर्दछ । एउटै देशसँग मात्र व्यापार नगरी विभिन्न मुलुकसँग विभिन्न वस्तुको व्यापार गर्ने कार्यलाई व्यापार विविधीकरण पनि भनिन्छ । त्यस्तै देशभित्रै पनि एक ठाउँमा नहुने वस्तु अर्को स्थानबाट ल्याइन्छ । आफ्नो ठाउँमा बढी भएका वस्तु तथा सामान अर्को क्षेत्रमा लगेर बेचिन्छ । यसरी देशभित्र तथा देशबाहिर वस्तु तथा सेवाको आदान प्रदान गर्ने क्रियाकलाप नै व्यापारिक क्रियाकलाप हो ।

नेपालमा विभिन्न किसिमका औजारहरू, पेट्रोलियम पदार्थहरू, विभिन्न उद्योगका कच्चा पदार्थहरू नेपालमा उत्पादन नहुने वस्तुहरू विदेशबाट ल्याइन्छ । त्यस्तै नेपालमा तयारी भएका गलैँचा, तयारी पोसाक, जडीबुटी, दलहन, वनस्पति घिउ आदि विदेश पठाइन्छ । त्यसै गरी नेपालभित्र पनि एक ठाउँमा उत्पादन भएका वस्तुहरू देशभर लाने ल्याउने गरिन्छ । नेपालबाट बाहिरी देशमा पठाउने समानभन्दा विदेशबाट ल्याउने सामान बढी हुने गरेको छ । यसले गर्दा विदेशसँगको व्यापारमा नेपाल घाटामा छ ।

नेपालका उद्योगमा विगत केही वर्षदेखि देखापरेको असहज वातावरणले उद्योगहरू बन्द हुँदै गइरहेका छन् । यसले गर्दा अरू देशबाट ल्याउने सामान दिन दिनै बढिरहेको छ । असुरक्षित वातावरण, विद्युत् आपूर्तिमा समस्या, व्यवसायी तथा कामदारबिच उत्पन्न विवाद आदि कारणले नेपालको उत्पादन घट्दै गएको छ । यसको प्रभाव व्यापारमा पनि प्रत्यक्ष पर्न गएको छ ।

---

***शिक्षण सुझाव***

*स्थानीय तहमा हुने व्यापारिक क्रियाकलापका बारेमा पोस्टर, चार्ट, तालिका वा चिठी तयार गर्न लगाएर छलफल गर्न लगाउनुहोस् ।*



Curriculum Development Centre

नेपालको भौगोलिक व्यवस्थाले गर्दा हिमाली भेगमा पशुपालन जडीबुटी, फलफुल र सानोतिनो खेतीबाहेक अरू वस्तु उत्पादन हुँदैन । त्यसैले त्यहाँ तराई तथा पहाडी क्षेत्रबाट अन्नलगायत अन्य आवश्यक वस्तु लगिन्छ । पहाडी क्षेत्रमा पनि नपुग हुने खाद्यान्न लत्ता कपडालगायतका वस्तु लगिन्छ । तराईमा खाद्यान्न पुग्ने भए पनि लत्ता कपडा तथा अन्य वस्तुहरू खरिद गरिन्छ । एउटै गाउँ वा ठाउँमा पनि धेरै हुनेले बेच्ने र थोरै हुनेले किन्ने कार्य नियमित रूपमै हुने गर्दछ । यी सबै गतिविधि व्यापारिक क्रियाकलाप नै हुन् ।

ल त भतिज, म आफ्नो नोकरीमा जाने बेला भयो । थप कुरा शिक्षक र साथीहरूसँग छलफल गरेर जाने नै छौ । सबैलाई मेरो नमस्कार भनिदिनु !

उही तिम्रो काका
सन्तोष मगर

### क्रियाकलाप

व्यापार विविधीकरण भन्नाले के बुझाउँछ ? यसबाट के के फाइदा हुन्छ ? साथीहरूसँग छलफल गरी उत्तर तयार गर ।

### अभ्यास

तलका प्रश्नको उत्तर देऊ :

(क) व्यापार भनेको के हो ? व्यापारिक गतिविधि भन्नाले के बुझिन्छ ?

(ख) नेपालले कस्ता वस्तु बाहिरी देशबाट ल्याउँछ ? कस्ता वस्तु नेपालबाहिर पठाइन्छ ?

(ग) नेपालको व्यापारको स्थिति कस्तो पाउँछौ ?

### सामुदायिक कार्य

तिम्रो समुदायमा रहेको एउटा पसलमा जाऊ । त्यहाँ भएका मुख्य मुख्य वस्तुको नाम लेख र ती वस्तुहरू कुन कुन स्वदेशी र कुन कुन विदेशी रहेछन्, त्यसको विवरण तयार पार ।

Curriculum Development Centre

## पुनरावलोकन अभ्यास

### बहुवैकल्पिक प्रश्न

(क) गोरखकाली रबर उद्योग कुन ठाउँमा रहेको छ ?

(अ) तनहुँको डुम्रे (आ) गोरखाको आबुँखैरेनी

(इ) गोरखाको गोरखा बजार (ई) धादिङको नौबिसे

(ख) पाँच करोडसम्म स्थिर पुँजी भएका उद्योगलाई कस्तो उद्योग भनिन्छ ?

(अ) लुघु उद्योग (आ) साना उद्योग

(इ) मझौला उद्योग (ई) ठुला उद्योग

(ग) ठुला उद्योग हुनका लागि कति रकमभन्दा बढी स्थिर पुँजी आवश्यक हुन्छ ?

(अ) ५ करोड (आ) १० करोड

(इ) १५ करोड (ई) २० करोड

(घ) नेपालमा उद्योगको विकास गर्न कुन कुरामा जोड दिनुपर्ला ?

(अ) लगानी बढाउने (आ) उद्योगको सुरक्षा दिने

(इ) स्वदेशी उद्योगलाई बढावा दिने (ई) माथिका सबै

**क्षेत्र भ्रमण**

१. तिम्रो गाउँ/सहरमा सञ्चालित उद्योगमध्ये कुनै एक उद्योगमा गई निम्न लिखित विवरण टिपेर ल्याऊ र कक्षामा प्रस्तुत गर :

(क) उद्योगको पूँजी रकम (ख) उद्योगबाट उत्पादिन वस्तु

(ग) उद्योगमा कार्यरत जनशक्ति (घ) उद्योगका लागि आवश्यक पर्ने कच्चा पदार्थ

(ङ) उद्योगका मुख्य समस्या

२. विद्यालयसँग अनुरोध गरी समय मिलाएर शैक्षिक भ्रमण जाऊ र छोटो प्रतिवेदन तयार गर ।

### सामुदायिक कार्य

तिम्रो समुदायमा उत्पादन हुने कृषिजन्य वस्तुहरू के के छन् ? तिनको सूची बनाऊ । ती वस्तुको प्रयोग गरी के कस्ता उद्योग सञ्चालन गर्न सकिन्छ ? छलफल गरी कक्षामा प्रस्तुत गर ।

Curriculum Development Centre

एकाइ ८

# हाम्रो अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोग




Curriculum Development Centre

**सिकाइ उपलब्धि**

- सार्कमा नेपालको भूमिका उल्लेख गर्न
- सार्क गतिविधिहरू खोजी गरी बताउन
- भूपरिवेष्टित देशहरूको परिचय दिन
- भूपरिवेष्टित देशका समस्या बताउन
- भूपरिवेष्टित राष्ट्रका समस्या न्यूनीकरणका उपाय उल्लेख गर्न
- सामाजिक अध्ययनका विषय वस्तुसँग सम्बन्धित विश्वका समसामयिक गतिविधिहरू बताउन

पाठ : १

# सार्क गतिविधि

सार्क गतिविधि : एक झलक

१. नाम : South Asian Association For Regional Co-operation - SAARC अर्थात् दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क)

२. स्थापना : सन् १९८५ डिसेम्बर ८ मा बङ्गलादेशको ढाकामा भएको प्रथम शिखर सम्मेलनबाट भएको

३. सचिवालय : सार्क सचिवालय नेपालको काठमाडौँमा रहेको छ ।

४. सदस्यहरू : सुरुमा सार्कका सदस्यका रूपमा नेपाल, भारत, पाकिस्तान, बङ्गलादेश, श्रीलङ्का, मालिदभ्स र भुटान गरी ७ राष्ट्र थिए । सन् २००५ मा बङ्गलादेशको ढाकामा भएको १३ औँ शिखर सम्मेलनले अफगानिस्तानलाई पनि सदस्यता प्रदान गरी ८ सदस्य भएका छन् ।

५. सार्कको बडापत्र (charter) १० ओटा धारामा व्यवस्थित गरिएको छ ।

६. सार्कका अङ्गहरू :

(क) राष्ट्र/सरकार प्रमुखहरूको बैठक/शिखर सम्मेलन

(ख) मन्त्रिपरिषद्

(ग) स्थायी समिति

(घ) प्राविधिक समिति

(ङ) सार्क सचिवालय

७. हालसम्म १७ ओटा शिखर सम्मेलन सम्पन्न भएको छ । पहिलो बङ्गलादेशको ढाकामा भएको थियो भने पछिल्लो सत्रौँ सम्मेलन माल्दिभ्सको अड्डु एटोलमा भएको हो । सन् २०१४ मा नेपालमा अठारौँ शिखर सम्मेलन गर्ने निर्णय भएको छ ।

८. सार्क सत्रौँ शिखर सम्मेलन सम्बन्धी जानकारी

- सत्रौँ शिखर सम्मेलन माल्दिभ्सको अड्डु एटोल टापुमा सन् २०११ नोभेम्वर १०-११ (तदनुसार २०६८ कार्तिक २४-२५) मा सम्पन्न ।

---

*शिक्षण सुझाव*

*सार्कका गतिविधिको सूची बनाउन लगाएर समूहगत रूपमा छलफल गराउँदै सार्कबाट नेपाललाई भएका फाइदाका बारेमा चर्चा गर्न लगाउनुहोस् । हालसम्म कति ओटा शिखर सम्मेलन भइसकेका छन् । तिनका बारेमा जानकारी दिनुहोस् ।*

Curriculum Development Centre

- नेपालको तर्फबाट तत्कालीन प्रधान मन्त्री डा. बाबुराम भट्टराईले नेतृत्व गर्नुभएको
- तत्कालीन सार्क महासचिव माल्दिभ्सको फतिमाथ धियना सैयदले राजीनामा दिनुभएपछि उनको राजीनामापश्चात् २०६८ फागुन २९ देखि लागु हुने गरी माल्दिभ्सका अहमद सलिम नियुक्त हुनुभएको छ ।
- यसपछि नेपालको तर्फबाट सार्क महासचिव अर्जुन व. थापा रहने ।

सार्कको सत्रौँ सम्मेलनले २० बुँदे घोषणापत्र जारी गरेको थियो । तीमध्ये केही मुख्य कुराहरू यस प्रकार छन् :

- सार्क खाद्य बैङ्क प्रभावकारी बनाउने
- सार्क मिडिया दिवस तोक्न क्षेत्रीय सम्मेलन गर्ने
- सार्क आतङ्कवादका विषयमा साझा अवधारणा तयार गर्ने
- सत्रौँ सम्मेलनको मूल नारा 'बिल्डिङ ब्रिजेज' सार्थक तुल्याउने
- ऊर्जा सहयोग आदान प्रदान गर्ने
- सार्क महिला तथा बालबालिका बेचबिखनविरुद्ध अभियान चलाउने
- सम्मेलनमा हस्ताक्षर भएका चार ओटा नयाँ सहमति :
    - (अ) प्राकृतिक प्रकोपका लागि तत्काल उद्धार गर्ने
    - (आ) औद्योगिक उत्पादनमा एकरूपता ल्याउने
    - (इ) सार्क बीज बैङ्क स्थापना
    - (ई) क्षेत्रीय मानक कार्यान्वयन

### क्रियाकलाप

१. सार्क स्थापनाले नेपाललाई भएका फाइदाहरू के के होलान् ? सोधखोज गरेर विवरण बनाऊ ।

२. विभिन्न देश मिलेर विभिन्न प्रकारका संस्था बनाए जस्तै तिम्रो समुदायमा विभिन्न व्यक्ति वा संस्था मिलेर बनाएका सङ्घ संस्था खोज । तिनको स्थापनाको उद्देश्य लेख र तिनले गरेका राम्रा कामहरूको सूची बनाऊ ।

### अभ्यास

**तलका प्रश्नको उत्तर लेख :**

(क) सार्कको स्थापना कहिले र कहाँ भएको हो ? सार्कको पुरा नाम लेख ।

(ख) सार्कका मुख्य अङ्गहरू के के हुन् ?

(ग) हालसम्म कति ओटा सार्क शिखर सम्मेलन भए ? अब कहाँ हुँदै छ ?

(घ) सार्कको सत्रौँ सम्मेलनले गरेका मुख्य तिन महत्त्वपूर्ण निर्णय सोधखोज गरेर लेख ।



Curriculum Development Centre

पाठ : २

# सार्कमा नेपालको भूमिका

राजुका दाजु सार्क सचिवालयमा काम गर्नुहुन्छ । दाजु घरमा आएको समयमा राजु र दाजुबिच भएको वार्तालाप यहाँ प्रस्तुत गरिएको छ :

राजु : दाजु, हजुर त सार्क सचिवालयमा काम गर्नुहुन्छ । हाम्रो सामाजिक अध्ययन विषयमा सार्कका बारेमा पढ्नुपर्छ । त्यसमा पनि आज मलाई सार्कमा नेपालले खेलेको भूमिकाका बारेमा बताइदिनुहुन्छ कि ?

दाजु : नेपालले अथाह जलस्रोतको उपयोग गर्न क्षेत्रीय सहयोगका लागि आह्वान गरेको थियो । तत्कालीन राजा वीरेन्द्रले सन् १९७७ मा काठमाडौँमा बसेको कोलम्बो योजनाको परामर्श दातृ समितिको बैठकमा उक्त प्रस्ताव राखेका थिए । यही सिलसिलामा सन् १९८० मा बङ्गलादेशका राष्ट्रपति जियाउल रहमानले सार्कको अवधारणा अगाडि सारेका थिए । यिनै विचारहरूको परिणामस्वरूप सार्कको स्थापना भएको हो । त्यसैले सार्क स्थापना गर्ने बेलादेखि नै नेपालको चासो रहँदै आएको छ ।

राजु : सार्कको स्थापना कहिले भयो र नेपालबाट कसले भाग लिएको थियो नि !

दाजु : सार्कको स्थापना सन् १९८५ डिसेम्बर ८ मा सम्पन्न ढाका सम्मेलनबाट भएको हो । यसको बडापत्रमा नेपालको तर्फबाट तत्कालीन राजा स्व. वीरेन्द्रले हस्ताक्षर गरेका थिए ।

राजु : सार्कमा नेपालले कस्तो भूमिका निर्वाह गर्दै आएको छ त दाजु !

दाजु : नेपाल सार्कको संस्थापक सदस्य हो । यसले स्थापना कालदेखि नै सार्कको संवर्धनमा महत्त्वपूर्ण भूमिका खेलेको छ । यस क्षेत्रको शान्ति, स्थायित्व र समृद्धिप्रतिको नेपालको परिकल्पना, सार्कसँग मिल्दाजुल्दो छ । नेपालले सन् १९८५ देखि परराष्ट्र मामिला सम्बन्धी विशेष प्रतिनिधि, परराष्ट्र मन्त्री र सरकार प्रमुखका तहमा सार्कलाई विभिन्न समितिहरूमा बसेर सक्रिय भूमिका निर्वाह गर्दै आएको छ ।

राजु : दाजु, सार्कमा नेपालका अन्य भूमिका के के छन्, बुँदागत रूपमा बताइदिनुहुन्छ कि !

Curriculum Development Centre

---

*शिक्षण सुझाव*

*एसिया महादेशको नक्सामा सार्क देशहरू कहाँ कहाँ छन् ? खोज्न लगाई नक्सामा सार्क देश देखिने गरी रङ भर्न लगाउनुहोस् ।*

दाजु : नेपालले सार्कमा पुऱ्याएको भूमिकालाई यस प्रकार प्रस्तुत गर्न सकिन्छ :

- सार्कको सचिवालय काठमाडौँमा स्थापना भएको
- नेपालको भक्तपुरको ठिमीमा सार्क क्षयरोग केन्द्रको स्थापना गरिएको
- सार्क सूचना केन्द्रको सचिवालय पनि काठमाडौँमा रहेको
- तेस्रो र एघारौँ सार्क शिखर सम्मेलन नेपालमा भएको
- कृषि, स्वास्थ्य, परिवार नियोजन, यातायात, हुलाक, जलवायु जस्ता विविध पक्षमा पारस्परिक सहयोग बढाएको
- नारी, बाल विकास, चेलीबेटी बेचविखन नियन्त्रण, लागु पदार्थको ओसार पसारमा रोकथाम, आतङ्कवादविरुद्धको सहयोग र सार्क खाद्य सुरक्षा भण्डारको स्थापनामा सहयोगका हात अगाडि बढाएको
- गरिबी निवारण, गुणस्तर निर्धारण, अपराध नियन्त्रणलगायतका कार्यमा नेपालले पनि सहमति जनाएको
- सार्कको प्रतीक चिह्न (लोगो) नेपालका शैलेन्द्र महर्जनद्वारा तयार भई स्वीकृत भएको
- विभिन्न सार्क स्तरीय खेलकुद सञ्चालन गरेको
- विभिन्न सार्क स्तरीय दिवस र कार्यक्रम कार्यान्वयनमा सक्रियता देखाएको
- सार्कको कुल खर्चमा ११.३५ प्रतिशत खर्च नेपालले बेहोर्दै आएको
- १८ औँ सार्क शिखर सम्मेलन नेपालमा आयोजना हुने

यसरी सार्कका विभिन्न क्षेत्रमा नेपालले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ ।

राजु : अहो, दाजु सार्कमा नेपालको भूमिकाका बारेमा ज्यादै विस्तृत जानकारी दिनुभयो । मैले धेरै जानकारी पाएँ । यी कुरा म कक्षामा साथीहरूसँग बाँड्ने छु ।

### क्रियाकलाप

१. यदि तिमी सार्कको महासचिव पदमा छानियौ भने के के काम गर्छौ । पाँच ओटा बुँदा लेख ।

२. सार्कले नेपालमा के कस्तो सहयोग पुऱ्याएको छ ? विभिन्न पुस्तक तथा पत्रिका वा इन्टरनेटबाट खोजेर सूची बनाऊ ।

### अभ्यास

तलका प्रश्नको उत्तर देऊ :

(क) सार्कको स्थापनामा नेपालले कस्तो अग्रसरता देखाएको थियो ?

(ख) सार्क स्थापना गर्दा नेपालको तर्फबाट कसले भाग लिएका थिए ?

(ग) नेपालले सार्कको कार्यालय स्थापना गर्ने सन्दर्भमा कस्तो सहयोग गरेको छ ?

(घ) सार्कमा नेपालले पुऱ्याएको पाँच ओटा योगदानका बुँदा लेख ।

Curriculum Development Centre

पाठ : ३

# भूपरिवेष्टित देशको परिचय

पृथ्वीको तिन भागमा दुई भाग पानी र एक भाग जमिन रहेको छ । यति धेरै पानी भएर पनि संसारमा कतिपय देशहरूमा मरुभूमिको भाग धेरै छन् । कतिपय देशहरू भूपरिवेष्टित छन् । भूपरिवेष्टित शब्दको शाब्दिक अर्थ 'भू' भनेको जमिन र 'परिवेष्टित' भनेको वरिपरि जमिनले घेरिएको भन्ने हुन्छ । यसरी भूपरिवेष्टित देश भनेको आफ्नो देशको सिमा वरिपरि जमिनले घेरिएको देश भन्ने बुझिन्छ । भूपरिवेष्टित देशहरूको सिमाना समुद्रसँग जोडिएको हुँदैन । सामुद्रिक इलाकासँग सिमाना जोडिएको र जल मार्गको पहुँच पनि नभएको देश भूपरिवेष्टित हो । संसारका केही भूपरिवेष्टित देशमध्ये नेपाल पनि हो । नेपालको उत्तरतर्फ चिनको सिमाना पर्छ । त्यस्तै पूर्व, पश्चिम र दक्षिणतर्फ भारतको सिमाना पर्छ । सार्कमा नेपाल, भुटान र अफगानिस्तान भूपरिवेष्टित राष्ट्रहरू हुन् । विश्वमा नेपाल जस्तै भूपरिवेष्टित देशको विवरण यस प्रकार छ :

| क्र. स. | महादेश | भूपरिवेष्टित देशको सङ्ख्या | देशको नाम |
|---|---|---|---|
| १. | एसिया | १० | नेपाल, लाओस, भुटान, अफगानिस्तान, मङ्गोलिया, काजकिस्तान, उज्वेकिस्तान, ताजकिस्तान, किर्गिस्तान, तुर्किमेनिस्तान |
| २. | युरोप | १९ | अस्ट्रिया, हङ्गेरी, स्विट्जरल्यान्ड, बेलारुस, लक्जम्बर्ग, अन्डोरा, माल्दोभा लिएचस्टेन्टाइन, मोनाको, सानमारिनो भ्याटिकन सिटी, स्लोभाकिया, आर्मेनिया, अजरवैजान, मेसोडोनिया, चेक गणतन्त्र, सर्विया, कोसोभो |
| .३ | अफ्रिका | १६ | माली, युगान्डा, मध्य अफ्रिकी गणतन्त्र, दक्षिण सुडान, चाड, वोत्स्वाना, बुरुन्डी, रुवान्डा, स्वाजिल्यान्ड, जाम्बिया, मलावी, नाइजर, बुर्किना फासो, लेसेथो, जिम्बावे, इथियोपिया |
| ४ | दक्षिण अमेरिका | २ | बोलिभिया, पाराग्वे |

***शिक्षण सुझाव***

*विश्वको नक्सा हेरेर समुद्रसँग नजोडिएका देशहरू छुट्याउन लगाई भूपरिवेष्टित देशहरूको पहिचान गराउनुहोस् ।*



Curriculum Development Centre

## क्रियाकलाप

१. फारुक खाँको बासस्थान समुद्रदेखि नजिक छ । उसलाई कुन कुन काम गर्न सजिलो होला ? सामूहिक रूपमा छलफल गरी छोटो प्रस्तुति तयार गर ।

२. हर्क तामाङको घर पहाडमा छ । त्यहाँ अत्यावश्यक वस्तु वा सामग्री कसरी लैजान सकिन्छ ? साथीहरूसँग छलफल गरी लेख ।

३. तिमी बसेको ठाउँ कुनै नदी, ताल वा खोलासँग जोडिएको छ वा आफ्नो बस्ती नजिकै नदी, ताल वा खोला छ भने त्यसबाट हुने फाइदा र समस्याहरू के के हुन सक्छन्, छलफल गरी लेख ।

## अभ्यास

१. तलका प्रश्नको सङ्क्षिप्त उत्तर देऊ :

(क) भूपरिवेष्टित शब्दको अर्थ र विशेषता लेख ।

(ख) एसिया महादेशमा कति ओटा देश भूपरिवेष्टित छन् ?

(ग) युरोप, अफ्रिका र दक्षिण अमेरिकामा कति कति ओटा देशहरू भूपरिवेष्टित छन् ?

२. एसियाको नक्सा हेरी भूपरिवेष्टित देश छुट्याऊ :




३. जोडा मिलाऊ :

| | |
|---|---|
| श्रीलङ्का | एसियाको ठुलो देश |
| पाराग्वे | एसिया महादेशमा रहेको देश |
| हङ्गेरी | अफ्रिका महादेशमा रहेको देश |
| भुटान | दक्षिण अमेरिका महादेशमा रहेको देश |
| माली | युरोप महादेशमा रहेको देश |
| | वरिपरि समुद्रले घेरिएको देश |

४. तलका देशहरूमध्ये कुन देश भूपरिवेष्टित हुन् र कुन होइनन् छुट्याऊ :

भारत, बङ्गलादेश, भुटान, अफगानिस्तान, अस्ट्रेलिया, अमेरिका, चिन, म्यान्मार, थाइल्यान्ड, पाराग्वे, जर्मनी, रुस, मङ्गोलिया, लाओस, हङ्गेरी, क्यानडा, डेनमार्क, नर्वे, स्वीडेन, स्विट्जरल्यान्ड, बेल्जियम, आर्मेनिया, कतार, साउदी अरब, दक्षिण कोरिया, जापान, श्रीलङ्का ।

Curriculum Development Centre

पाठ : ४

# भूपरिवेष्टित देशका समस्या तथा समाधानका उपाय

कतार, दोहा
२०७०/११/०५ गते

प्यारो भाइ अहमद,
शुभ आशीर्वाद !

त्यहाँ परिवारमा सबै सदस्य सन्चै भएको थाहा पाउँदा खुसी लागेको छ । राम्रोसँग पढ्न नपाउनाले म त समुद्रपार जानुपर्‍यो । तिमीले राम्ररी पढ्नू र आफ्नै देशमा रोजगारी गर्नू । समुद्रसँग जोडिने देश र नजोडिने देशको विकासमा धेरै फरक पर्दो रहेछ । भाइ ! समुद्रसँग जोडिएको देशमा सामान ल्याउन र पठाउन ज्यादै सजिलो एवम् सस्तो हुने रहेछ । जलमार्गमा ढुवानी भाडा सस्तो पर्दो रहेछ । हाम्रो त्यहाँ त स्थल मार्ग भएकाले सामानको मूल्यभन्दा ढुवानी बढी लाग्छ । हुम्ला, डोल्पा, मनाङ जस्ता जिल्लामा सामान पुर्‍याउँदा सामानको मूल्यभन्दा २/३ गुणा बढी खर्च लाग्ने गर्दछ । गरौँ र बढी वजन भएको वस्तुको ढुवानी भाडा त अझ त्योभन्दा पनि बढी लाग्छ । तर जलमार्ग हुने ठाउँमा ज्यादै थोरै र सहज रूपमा ढुवानी हुने रहेछ ।

भूपरिवेष्टित भएकै कारण पनि नेपालमा विकास गर्न कठिनाइ भएको छ । यसका अनेकौँ समस्या छन् । समुद्रसँग नजोडिएका देशमा धेरै समस्या रहेछन् । मुख्य समस्या यस प्रकार छन् :

१. सधैँ छिमेकी राष्ट्रको भर पर्नुपर्ने

२. सीमा सुरक्षा ज्यादै खर्चिलो हुने

३. विकास र निर्माणका काममा बढी खर्च लाग्ने

४. सामान ढुवानी गर्न निकै कठिनाइ हुने

५. सामुद्रिक स्रोतको उपयोग गर्न नपाउने

६. अन्तर्राष्ट्रिय व्यापार फस्टाउन नसक्ने

७. सस्तो जल यातायातको सुविधाबाट वञ्चित रहनुपर्ने

८. छिमेकी राष्ट्रहरूसँग खिचातानी, वैमनस्य हुन गएमा नाकाबन्दी हुन सक्ने

९. बढी मात्रामा व्यापारमा छिमेकी मुलुकसँग भर पर्नुपर्ने

भूपरिवेष्टित देशले धेरै कठिनाइ भोग्नुपर्ने रहेछ । हाम्रो देश पनि यस समस्याबाट पीडित छ ।

---

*शिक्षण सुझाव*

*भूपरिवेष्टित देशका समस्याहरूका बारेमा व्यावहारिक रूपमा छलफल गराई त्यस्ता देशका समस्या न्यून गर्ने उपायको सूची तयार पार्न लगाउनुहोस् ।*



Curriculum Development Centre

प्रकृतिले जे जस्तो अवस्था दियो, त्यो सहनै पर्ने रहेछ । त्यसैले प्राकृतिक रूपमा भएकै अवस्थालाई राम्रोसँग प्रयोग गर्नुपर्दछ । भूपरिवेष्टित देश भएका कारणबाट सिर्जित समस्याको प्रभाव कम गर्नेतर्फ कदम चाल्नुपर्दछ । छिमेकी देशसँग मित्रताको वातावरण सिर्जना गरी आफ्नो देशमा नभएका सामग्री आपूर्ति गर्नुपर्दछ । छिमेकी देशसँग स्वस्थ र सन्तुलित सम्बन्ध कायम गर्नुपर्दछ । नेपालको सन्दर्भमा छिमेकी देशबाट समुद्रमा प्रवेश गर्न भारतसँग मात्र सजिलो विकल्प छ । भारततर्फ वीरगन्ज, नेपालगन्ज, विराटनगर, भैरहवा, राजविराज, धनगढी, महेन्द्रनगर आदि प्रमुख नाकाहरू रहेका छन् । यी नाकालाई व्यवस्थित बनाउनुपर्छ । आवश्यक अन्य नाका खोल्न अनुरोध गर्नुपर्छ । त्यस्तै चिनतर्फका नाकाहरूमा ओलाङचुङ गोला, किमाथान्का, कोदारी, रसुवा, मुस्ताङ आदि भए पनि त्यहाँबाट समुद्रको दुरी धेरै टाढा छ । भारत र तिब्बतसँग व्यापार वृद्धि गर्न रेलमार्ग जस्ता सस्तो र सुलभ मार्गको विकास गर्नुपर्दछ । भूपरिवेष्टित देश भएको आएका कारणले समस्या न्यून गर्दै जानुपर्छ ।

भूपरिवेष्टित भएकै कारण पनि म विदेसिनु परेको हो कि भन्ने मलाई लागेको छ । तसर्थ भाइ, तिमीले त्यहींको परिवेशअनुसार रोजगारी पाउने गरी पढ्नू । विदेशमा सिप नभएको मानिसले राम्रो काम नपाउने रहेछ । तसर्थ कामका लागि बिक्ने शिक्षा लिँदै गर्नू । पैसाको खाँचो भए मलाई फोन गर्नू ल ! पछि फेरि भेटौँला ।

उही तिमीलाई माया गर्ने दाजु

फारुक

## क्रियाकलाप

१. भूपरिवेष्टित राष्ट्रका समस्याहरूमा माथि चिठीमा लेखिए बाहेक अरू पनि धेरै समस्या हुन सक्छन्, साथीहरूबिच छलफल गरी सूचीकृत गर ।

२. नेपाल जस्तै भूपरिवेष्टित देश संसारमा धेरै छन् । ती देशमध्ये केही देश ज्यादै सम्पन्न र विकसित छन् । ती देश के कारणले, कसरी सम्पन्न भए होलान् । हाम्रो देश किन त्यस्तो हुन सकेन, प्रश्नावली तयार गरी अन्य विषयका शिक्षकलाई सोधेर कक्षामा प्रस्तुत गर ।

## अभ्यास

१. **तलका प्रश्नको उत्तर लेख :**

(क) नेपालको आर्थिक विकास हुन नसक्नाका पाँच कारण लेख ।

(ख) नेपालको अवस्थितिको कारणबाट विकासमा आइपरेका समस्याको सूची बनाऊ ।

(ग) समुद्र र जमिनबाट सामान ढुवानी गर्दा हुने फरकहरू लेख ।

(घ) नेपालको आर्थिक विकास हुन नसक्नुमा भूपरिवेष्टित पनि एक कारण हो, पुष्टि गर ।

(ङ) भूपरिवेष्टित राष्ट्र भएका कारण आइपर्ने समस्याहरू कसरी न्यून गर्न सकिएला ?



Curriculum Development Centre

पाठ : ५

# विश्वका समसामयिक गतिविधि

दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) को सत्रौँ शिखर सम्मेलन माल्दिभ्सको अड्डु एटोल टापुमा सन् २०११ नोभेम्वर १० र ११ (वि.सं. २०६८ कार्तिक २४ र २५) मा सम्पन्न भयो । यस सम्मेलनमा नेपालको तर्फबाट तत्कालीन प्रधान मन्त्री डा. बाबुराम भट्टराईले नेतृत्व गर्नुभएको थियो । यस सम्मेलनको अध्यक्षता माल्दिभ्सका राष्ट्रपति मोहम्मद नसिदले गरेका थिए । सम्मेलनमा पर्यवेक्षकका रूपमा अस्ट्रेलिया, म्यानमार, चिन, अमेरिका, इरान, मोरिसस, दक्षिण कोरिया, जापान र युरोपेली युनियनका प्रतिनिधिहरूले भाग लिएका थिए । पहिलो पटक पर्यवेक्षकलाई सम्मेलनमा बोल्न दिइएको थियो । २० बुँदे घोषणा पत्र जारी गरी समापन भएको सो सम्मेलनमा गरेका केही प्रमुख निर्णय यस प्रकार छन् :

- सार्कको आगामी १८ औँ शिखर सम्मेलन सन् २०१४ मा नेपालमा गर्ने
- सार्क स्वतन्त्र व्यापार क्षेत्र (साफ्टा) को प्रतिबद्धता कार्यान्वयनमा लैजाने
- सन् २०१२ मा माल्दिभ्समा सार्क स्तरीय टुरिजम मेला आयोजना गर्ने
- सार्क खाद्य बैङ्कलाई प्रभावकारी बनाउने
- महिला तथा बालबालिका बेचविखनविरुद्ध क्षेत्रीय अभियान चलाउने
- सार्क मिडिया दिवस तोक्न क्षेत्रीय सम्मेलन गर्ने
- क्षेत्रीय आतङ्कवादका विषयमा साझा अवधारणा तयार गर्ने
- क्षेत्रीय ऊर्जा आदान प्रदान अवधारणालाई टुङ्गोमा पुऱ्याउने
- प्राकृतिक प्रकोपका लागि तत्काल उद्धार गर्ने सहमति गरिएको
- सार्क बीज बैङ्क स्थापना गर्ने निर्णय भएको
- 'बिल्डिङ ब्रिजेज' मूल नाराबाट स्वागत गर्दै घोषणा पत्रमा प्रभावकारी सम्पर्क सञ्जाल प्रवर्धन गर्न आपसी समझदारी बढाउने प्रतिबद्धता व्यक्त गरिएको ।

---

*शिक्षण सुझाव*

*पत्रपत्रिका, समाचार आदिको सहयोग लिएर विश्वमा भइरहेका नयाँ गतिविधिबारे विद्यार्थीहरूलाई जानकारी दिनुहोस् ।*



Curriculum Development Centre

**विश्वमा घटेका अन्य घटनाहरू**

- ३१ अक्टोबर २०११ मा विश्वको जनसङ्ख्या सात अर्ब पुगेको । सन् १९९९ को अक्टोबरको अन्त्यमा विश्वको जनसङ्ख्या छ अर्ब रहेकामा १२ वर्षपछि एक अर्ब वृद्धि भएको
- संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रम (UNDP) ले सन् २०१३ मा सार्वजनिक गरेको मानव विकास प्रतिवेदनमा नेपाल १५७ औँ स्थानमा परेको । सन् २०१० मा १३८ औँ स्थानमा रहेको
- सन् २०११ मे २ मा अमेरिकी सैनिक आक्रमणमा ओसामा बिन लादेनको मृत्यु भएको
- अगस्ट २५, २०१२ मा चन्द्रमामा प्रथम पाइला राख्ने अन्तरिक्ष यात्री निल आर्मस्ट्रङ्गको मृत्यु
- सन् २०१२ मा बेलायतको लण्डनमा ओलम्पिक खेलकुद सम्पन्न, ४६ स्वर्ण, २९ रजत र २९ कास्यसहित अमेरिका अग्रस्थानमा, चिन दोस्रो र बेलायत तेस्रो स्थानमा

**क्रियाकलाप**

१. अठारौँ सार्क शिखर सम्मेलन नेपालमा हुने भएको छ । यस प्रकारका बैठकमा नेपालको हित हुने के कुरा उठाउन उपयुक्त देख्छौ, साथीसँग सल्लाह गरी कक्षामा प्रस्तुत गर ।

२. हालसम्म सार्क शिखर सम्मेलनमा नेपालका तर्फबाट नेतृत्व गरेर भाग लिन गएका राष्ट्र प्रमुख/सरकार प्रमुखको सूची खोजेर लेख ।

३. विश्वमा हालै घटेका तिन प्रमुख घटना पत्रपत्रिका वा सञ्चार माध्यमबाट खोजेर लेख ।

**अभ्यास**

तलका प्रश्नको उत्तर लेख :

१. सार्कको सत्रौँ शिखर सम्मेलनका प्रमुख दुई विशेषता लेख ।

२. सत्रौँ सार्क शिखर सम्मेलनबाट पारित भएका दुई निर्णय लेख ।

३. सत्रौँ सार्क शिखर सम्मेलनद्वारा पारित घोषणा पत्रका पाँच मुख्य बुँदा लेख ।

४. सार्कको हालसम्म कति ओटा शिखर सम्मेलन भइसकेका छन् ? अब हुने शिखर सम्मेलन कुन देशमा हुने भएको छ ?

Curriculum Development Centre

## पुनरावलोकन अभ्यास

१. नेपालमा रहेका सार्कका कार्यालयहरू निम्नानुसार छन् । ती कहाँ कहाँ छन्, सोधखोज गरेर लेख :

(क) सार्क सचिवालय

(ख) सार्क क्षयरोग तथा एचआईभी एड्स केन्द्र

(ग) सार्क आर्थिक सङ्घको कार्यालय

(घ) सार्क औलो रोग उन्मूलन केन्द्र

(ङ) सार्क सभामुख तथा संसद् सङ्घको कार्यालय

२. सार्क किन आवश्यक परेको होला ? सार्क स्थापनाले नेपालीलाई के फाइदा भएको होला ?

३. जोडा मिलाऊ :

| खण्ड (क) | खण्ड (ख) |
|---|---|
| सार्क सूचना केन्द्र | पाकिस्तान |
| सार्क क्षयरोग केन्द्र | भुटान |
| सार्क अभिलेख केन्द्र | श्रीलङ्का |
| सार्क कृषि सूचना केन्द्र | नेपाल |
| सार्क ऊर्जा केन्द्र | भारत |
| सार्क वन केन्द्र | बङ्गलादेश |
| सार्क सांस्कृतिक केन्द्र | माल्दिभ्स |

४. तल सार्कका हालसम्मका महासचिवहरूका नामको सूची दिइएको छ । ती महासचिवहरू कुन कुन देशका हुन् सोधखोज गरेर लेख :

पहिलो - अबुल अहसन

दोस्रो - कान्तकिशोर भार्गव

तेस्रो - इब्राहिम हुसेन जाकी

चौथो - यादवकान्त सिलवाल

पाँचौँ - नइमयुद्दिन हसन

छैटौँ - निहाल रोद्रिगो

सातौँ - क्वाजी महन्मद अल्ताफ रहिम

आठौँ - चेन क्याप दोर्जे

नवौँ - श्री सिलकान्त शर्मा

दसौँ - फतिमाथ धियना सैयद

एघारौँ - अहमद सलिम (२०६८ फागुन २९ बाट)

बाह्रौ – अर्जुन ब. थापा

५. भूपरिवेष्टित देश भएको कारणबाट विकास तथा निर्माणका काममा नेपालले भोग्नुपरेका समस्या र अन्य भूपरिवेष्टित राष्ट्रले भोग्नुपरेका समस्याहरूमा के के समानता एवम् के के भिन्नता पाइन्छन् ? समानता र भिन्नताको सूची बनाऊ ।

Curriculum Development Centre

एकाइ ९

# जनसङ्ख्याको परिचय र जनसाङ्ख्यिकीय अवस्था



Curriculum Development Centre

## सिकाइ उपलब्धि

- जनसङ्ख्या शिक्षाको परिचय र महत्त्व बताउन
- जनसङ्ख्या शिक्षाका क्षेत्रहरू र विकास क्रम उल्लेख गर्न
- जनसङ्ख्या तथ्याङ्क सङ्कलनका प्रक्रिया उल्लेख गर्न
- जनसङ्ख्या सम्बन्धी तथ्याङ्कका स्रोतहरू प्रयोग गर्न
- नेपालको जनसङ्ख्या वृद्धि दरको प्रवृत्ति बताउन
- नेपालको जनसङ्ख्याको बनोट वितरणसँग परिचित हुन

पाठ : १

# जनसङ्ख्या शिक्षाको परिचय



कुनै निश्चित भौगोलिक एकाइभित्र बसोबास गर्ने सम्पूर्ण मानिसको समूहलाई जनसङ्ख्या भनिन्छ । निश्चित स्थान, समुदाय, देश आदिमा बसोबास गर्ने सम्पूर्ण मानिस नै त्यस स्थान, जाति, समुदाय र देशको जनसङ्ख्या हो । जनसङ्ख्याको ज्ञानले त्यहाँको जनसङ्ख्या कति छ ? उनीहरू कसरी वितरित छन् ? उनीहरूको संरचना के हो ? जनसङ्ख्या परिवर्तन कसरी भइरहेको छ भन्ने कुराको जानकारी गराउँछ । साथै यसले जनसङ्ख्याका तत्त्व, प्रक्रिया र मापन सम्बन्धी गणितीय र तथ्याङ्कीय विषय क्षेत्रको बोध गराउँछ । युनेस्को (१९७०) का अनुसार जनसङ्ख्या शिक्षा यस्तो शैक्षिक कार्यक्रम हो जसले परिवार, समाज, राष्ट्र र विश्वमा जनसङ्ख्या स्थितिको बोध गराई उक्त स्थितिप्रति विवेकपूर्ण तथा उत्तरदायी प्रवृत्ति र व्यवहार विकास गर्न सहयोग गर्दछ ।

जनसङ्ख्या शिक्षालाई शैक्षिक क्रियाकलापका रूपमा पनि लिइन्छ । यो गतिशील घटना क्रम पनि हो । यसअन्तर्गत जनसङ्ख्याको आकार, वितरण, बनोट र परिवर्तन जस्ता जनसङ्ख्याका मुख्य क्षेत्रहरू पर्दछन् । यसले व्यक्ति, समुदाय, समाज र राष्ट्रलाई जनसङ्ख्याप्रति कस्तो धारणा लिने वा कस्तो व्यवहार अपनाउने भन्ने कुरा तय गर्न सहयोग गर्छ । मानिसको सङ्ख्या बढ्दै जाँदा आवश्यकता पनि बढ्दै जान्छ । बढ्दो जनसङ्ख्याको आवश्यकताहरू पुरा गर्न बढी स्रोत र साधन प्रयोग गर्नुपर्दछ । जनसङ्ख्याको परिवर्तनबाट व्यक्ति, परिवार, समाज वा देशमा पर्ने आर्थिक, सांस्कृतिक, सामाजिक तथा वातावरणीय समस्या उत्पन्न हुन सक्छ । यसअन्तर्गत उक्त समस्या र तिनका समाधानका उपायबारे व्यक्ति एवम् समाजलाई जानकारी गराउन जनसङ्ख्या शिक्षाले मुख्य भूमिका खेलेको हुन्छ ।

जनसङ्ख्या शिक्षाले जनसङ्ख्या घट्न गएमा वा वृद्धि भएमा परिवार, समाज र राष्ट्रले भोगिरहेका र आइपर्ने समस्याको जानकारी दिन्छ । यसका असरबारे बताउँछ र असरलाई न्यूनीकरण गर्नुपर्ने उपायहरू सिकाउँछ । सम्बद्ध सरोकारवालाहरूमा चेतना जगाउँछ र उनीहरूमा समझदारीको वृद्धि गर्न सहयोग गर्छ । प्रत्येक व्यक्तिलाई जनसङ्ख्या सम्बन्धी समस्या अवगत गराई उसको व्यवहारमा अनुकूल परिवर्तन ल्याउन सहयोग गर्छ ।

---

***शिक्षण सुझाव***

*विभिन्न उदाहरण, तालिका तथा चित्र देखाउँदै जनसङ्ख्या शिक्षाको परिचय दिनुहोस् ।*



Curriculum Development Centre

फाइदा

१. निश्चित स्थानमा बसोबास गर्ने मानिसको जाति, लिङ्ग, धर्म र उमेरका आधारमा जनसङ्ख्याको जानकारी लिन र दिन

२. जन्म, मृत्यु र बसाइँ सराइबाट त्यस क्षेत्रमा भएको जनसङ्ख्या परिवर्तनको अवस्था बताउन

३. विवाह, सन्तानको सङ्ख्या र जन्मान्तरका लागि धारणा विकास गर्न

४. समग्र जनसङ्ख्याको उन्नति र विकासका लागि योजना तयार गर्न

महत्त्व

नेपालको सन्दर्भमा जन्म, मृत्यु घटना दर्ता प्रणालीमा स्थायित्व प्राप्त गर्न नसकेको वर्तमान अवस्थामा जनसाङ्ख्यिक तथ्याङ्क एक मात्र भरपर्दो स्रोतका रूपमा रहेको छ । यसको निम्नानुसारका महत्त्व रहेका छन् :

**राजनीतिक महत्त्व :** निर्वाचन क्षेत्रको सङ्ख्या, सभासद्को सङ्ख्या आदि निर्धारण गर्न सहयोग पुऱ्याउने ।

**सामाजिक तथा आर्थिक महत्त्व :** जिल्ला, गाविस, नपा आदिलाई उपलब्ध गराइने विकास अनुदानको निर्धारणका आधारका रूपमा प्रयोग हुने ।

**तथ्याङ्कीय महत्त्व :** सर्वेक्षणहरू, जस्तै : नेपालको जीवन स्तर सर्वेक्षण, नेपाल जनसाङ्ख्यिकी स्वास्थ्य सर्वेक्षण, नेपाल श्रम शक्ति सर्वेक्षण, बहु सूचकाङ्क सर्वेक्षण आदिका लागि नमुना उपलब्ध गराउने ।

**क्रियाकलाप**

१. बझाङ जिल्लाको जोधपुर गाउँमा २०५८ सालमा १०० घरमा सालाखाला सात सात जनाका परिवार बस्थे । अहिले ११५ घरहरू छन् । अहिले प्रत्येक घरमा पाँच जना सदस्य छन् । यहाँ कति घर सङ्ख्या र कति मानिस भए ? यहाँको जनसङ्ख्या घट्यो कि बढ्यो ? साथीसँग छलफल गरी लेख ।

२. तिम्रो कक्षाका साथीहरूका पारिवारिक जानकारी लेखी कक्षामा टाँस :

| क्र. स. | साथीको नाम | जात/थर | परिवारमा व्यक्तिको सङ्ख्या | | | पेसा |
|---|---|---|---|---|---|---|
| | | | ०-१४ वर्ष | १४-५९ वर्ष | ६० देखि माथि | |
| | | | | | | |

**अभ्यास**

१. तलका प्रश्नको छोटो उत्तर लेख :

(क) जनसङ्ख्या भनेको के हो ?

(ख) जनसङ्ख्या शिक्षाको छोटो परिचय देऊ ।

(ग) जनसङ्ख्या शिक्षाका कुनै तिन ओटा फाइदा लेख ।

(घ) जनसङ्ख्या शिक्षाका कुनै तिन ओटा महत्त्व लेख ।

Curriculum Development Centre

पाठ : २

# जनसङ्ख्या शिक्षाको क्षेत्र

जनसङ्ख्या शिक्षा बहु पक्षीय विषय हो । यसर्थ यसका विषयवस्तुहरू पनि व्यापक र विस्तृत छन् । यसका क्षेत्रहरू देश, परिस्थिति र आवश्यकताअनुसार फरक फरक हुन सक्छन् । जनसङ्ख्या शिक्षाले व्यक्तिको धारणा र व्यवहारमा परिवर्तन ल्याउन मद्दत गर्छ । यसले सुखी र समृद्ध समाज सिर्जना गर्नका लागि सोचाइमा परिवर्तन ल्याउँछ । यसले उनीहरूको जीवनमा गुणात्मक सुधार ल्याउन सहयोग गर्छ । जनसङ्ख्या शिक्षाका क्षेत्रहरूलाई निम्न लिखित पाँच क्षेत्रमा विभाजन गर्न सकिन्छ :

**जनसाङ्ख्यिकी :** जनसङ्ख्याको आकार, बनोट, भौगोलिक वितरणको गणितीय अध्ययनलाई जनसाङ्ख्यिकी भनिन्छ । यसलाई जनसङ्ख्याको मेरुदण्ड पनि भनिन्छ । यसअन्तर्गत जनसङ्ख्याको आकार, वितरण, बनोट र परिवर्तनबारे अध्ययन गरिन्छ । जनसङ्ख्याको आकार भनेको जम्मा सङ्ख्या हो । वितरण भनेको भौगोलिक क्षेत्रका आधारमा हुने जनसङ्ख्याको बाँडफाँड हो । बनोट भनेको उमेर, लिङ्ग, जाति, धर्म, सम्प्रदाय, क्षेत्र आदिका आधारमा भएको विभाजन हो भने परिवर्तन भनेको सङ्ख्यात्मक रूपमा भएको घटबढ हुनु हो । जन्म, मृत्यु र बसाइँ सराइ जनसङ्ख्या परिवर्तनका कारक तत्त्वहरू हुन् ।

**जनसङ्ख्या परिवर्तनका निर्धारक तत्त्व :** जन्म, मृत्यु र बसाइँ सराइले जनसङ्ख्या थपघट भइरहन्छ । यसमा उच्च शिशु जन्मदर, अशिक्षा, परिवारको आर्थिक स्थिति, सामाजिक तथा सांस्कृतिक रीतिरिवाज र परम्परा, परम्परागत धार्मिक मूल्य र मान्यता, चलनचल्ती, संस्कृति, विश्वास आदि कारक तत्त्वहरूले प्रमुख भूमिका खेल्छ । कुपोषण, स्वास्थ्य सेवाको कमी, गरिबी, आदिले पनि जनसङ्ख्या परिवर्तनमा प्रत्यक्ष असर पुऱ्याइरहेका हुन्छन् ।

**जनसङ्ख्या वृद्धिबाट पर्ने असर :** जनसङ्ख्या वृद्धिले गर्दा खाद्यान्न, आवास, रोजगारी जस्ता अत्यावश्यकीय वस्तुको माग बढ्छ । यसले शिक्षा, स्वास्थ्यको पनि माग बढ्छ । तर सीमित स्रोत र साधनले सबैका माग पुरा हुन सक्दैन । फलस्वरूप धैरै परिवारको आर्थिक स्थिति खस्कँदै जान्छ र गृहकलह, बेरोजगारी, भोकमरी, असुरक्षा आदि समस्या देखा पर्छन् । प्राकृतिक स्रोत र साधनहरू रित्तिँदै जान्छन् । साथै वातावरणीय सन्तुलन खलबलिन सक्छ ।

**जनसङ्ख्या घट्दा पर्ने असर :** जनसङ्ख्या घट्दा देशलाई आवश्यक पर्ने उत्पादनशील जनशक्तिको अभाव हुन्छ । त्यसको असर समग्र देश विकासमा पर्दछ । विकास निर्माण कार्यमा आवश्यक जनशक्ति अन्य देशबाट सहयोग लिनुपर्छ । यसको प्रभाव देशको सामाजिक, सांस्कृतिक र राजनीतिक क्षेत्रमा पनि पर्न जान्छ ।

---

***शिक्षण सुझाव***

*विभिन्न तालिका, डायग्राम, वृत्तचित्र आदिका माध्यमबाट जनसङ्ख्या शिक्षाका क्षेत्रका बारेमा छलफल गराउनुहोस् ।*



Curriculum Development Centre

**मानव यौन र प्रजनन प्रणाली :** यौन व्यवहार, विकास र समस्या तथा प्रजनन प्रणाली र सन्तान उत्पादन जस्ता क्षेत्रहरू जनसङ्ख्या शिक्षाका महत्त्वपूर्ण क्षेत्र हुन् । त्यस्तै स्त्री र पुरुषको शारीरिक संरचनाको भिन्नता, स्त्री र पुरुषको भूमिका तथा विशेषताले पनि जनसङ्ख्या परिवर्तनमा प्रत्यक्ष असर गर्दछ । यी विषय वस्तुले प्रजनन व्यवहारलाई संयमित र नियन्त्रित गर्ने उपायबारे बताउँछ ।

**भविष्यका लागि योजना :** उपयुक्त उमेरमा विवाह, गर्भधारण, जन्मान्तर, परिवारको योजना आदि विषयवस्तु यस क्षेत्रअन्तर्गत पर्दछन् । यसले व्यक्तिगत एवम् पारिवारिक रूपमा सुख तथा समृद्धि हुन्छ । आफ्नो धारणा र व्यवहारमा परिवर्तन ल्याउन सहयोग गर्छ ।

## क्रियाकलाप

घना बस्ती र कम बस्ती भएको गाउँबिच तुलना गर । त्यहाँ कस्ता समस्या छन् ? पत्रपत्रिकाको अध्ययन गरी कक्षाका साथीहरूबिच छलफल गरी टिपोट तयार गर ।

## अभ्यास

१. **तलका प्रश्नहरूको छोटो उत्तर लेख :**

(क) जनसाङ्ख्यिकी भनेको के हो ?

(ख) जनसङ्ख्या परिवर्तनका निर्धारक तत्वहरू लेख ।

(ग) तिम्रो समुदायमा जनसङ्ख्या वृद्धिबाट परेका कुनै तिन ओटा असरहरू लेख ।

(घ) जनसङ्ख्या शिक्षाका क्षेत्रहरू उल्लेख गर ।

## सामुदायिक कार्य

आफ्नो टोल तथा छिमेकका पाँच घरको सर्वेक्षण गरी विगत एक वर्षभित्रको जन्म, मृत्यु, विवाह, बसाइँ सराइ आदि कारणबाट जनसङ्ख्यामा आएको परिवर्तन सम्बन्धी विवरण तयार पारी कक्षामा प्रस्तुत गर ।

Curriculum Development Centre

पाठ : ३

# जनसङ्ख्या शिक्षाको विकास क्रम

समग्र शिक्षा प्रणालीको एक अभिन्न अङ्गका रूपमा जनसङ्ख्या शिक्षालाई लिइएको छ । सन् १९३५ बाट जनसङ्ख्या शिक्षा सम्बद्ध विषय क्षेत्रको अध्ययन सुरुवात भएको हो । कोलम्बो विश्व विद्यालयका प्राध्यापक एस. आर. ओएल्यान्डले उक्त कार्यको थालनी गरेका थिए । यसले पछि गएर विषयको स्वरूप लिएको पाइन्छ । त्यसैले ओएल्यान्ड (Wayland) नै जनसङ्ख्या शिक्षाका जन्मदाताका रूपमा चिनिन्छन् । जनसङ्ख्या शिक्षा विषयको औपचारिक शिक्षाका रूपमा अध्ययनका क्रम निम्नानुसार रहेको छ :

१. सन् १९३५ मा स्वीडेनबाट
२. सन् १९३७ मा अमेरिकाबाट
३. सन् १९७० मा विश्वका अधिकांश देशबाट

यसपछि जनसङ्ख्या शिक्षा सम्बन्धी विश्वव्यापी रूपमा चेतना फैलाई अवधारणा तय गर्न निम्नानुसारका कार्यशाला गोष्ठी भएको पाइन्छ :

१. सन् १९७० मा युनेस्कोको सक्रियतामा एसियाको बैङ्ककमा भएको जनसङ्ख्या सम्बन्धी पहिलो कार्यशाला गोष्ठी भएको
२. सन् १९७१ मा मलेसियाको क्वालालम्पुरमा, सन् १९७३ मा टर्कीको इस्तान्वुलमा एवम् सन् १९७४ मा चिलीको स्यान्टियागोमा भएको कार्यशाला गोष्ठीले जनसङ्ख्या शिक्षाको महत्त्व र आवश्यकता बोध गराएको ।

तीव्र जनसङ्ख्या वृद्धिले नकारात्मक असरबारे सूचना प्रवाह र समाधानका लागि संयुक्त पहल गर्ने अभियानस्वरूप विश्वव्यापी रूपमा सम्मेलन पनि भएका छन्, जसअनुसार निम्न लिखित सम्मेलनलाई प्रमुख रूपमा लिइन्छ :

१. सन् १९७४ मा रोमानियाको बुखारेस्टमा भएको पहिलो अन्तर्राष्ट्रिय विश्व जनसङ्ख्या सम्मेलन
२. सन् १९८४ मा मेक्सिकोमा भएको विश्व जनसङ्ख्या सम्मेलन
३. सन् १९९४ मा इजिप्टमा भएको विश्व जनसङ्ख्या सम्मेलन

नेपालको सन्दर्भमा वि.सं. २०३७ सालमा नेपाल सरकार र युनेस्कोको संयुक्त पहलमा जनसङ्ख्या शिक्षा विषयलाई पाठ्यक्रममा समावेश गर्ने कार्यको थालनी भएको हो । यसको पृष्ठभूमिमा वि.सं. २०३२ सालमा जनसङ्ख्या समितिको गठन र वि.सं. २०३५ सालमा राष्ट्रिय जनसङ्ख्या आयोगको गठन भई त्यसले काम गरेको थियो । त्यसपछि वि.सं. २०३८ सालमा राष्ट्रिय जनसङ्ख्या आयोग स्थापना र एकीकृत रूपमा जनसङ्ख्या शिक्षालाई विद्यालय र विश्व विद्यालयको पाठ्यक्रममा समावेश गरिएको पाइन्छ । वि.सं. २०५२ सालमा जनसङ्ख्या तथा वातावरण मन्त्रालयको स्थापना भएबाट जनसङ्ख्या शिक्षा विषयले अझ महत्त्व पाउन थालेको थियो ।

---

*शिक्षण सुझाव*

*समय रेखा र विकास क्रम देखिने डायग्राम तयार गरी शिक्षण गर्नुहोस् ।*

Curriculum Development Centre

विश्व विद्यालयतर्फ त्रिभुवन विश्व विद्यालय शिक्षाशास्त्र सङ्कायमा वि.सं. २०३८ सालदेखि जनसङ्ख्या शिक्षा कार्यक्रम सञ्चालन भएको हो । एम.एड. तहमा वि.सं. २०४१ देखि र बी.एड. तहमा वि.सं. २०४६ देखि ऐच्छिक विषयका रूपमा अध्यापन कार्य भइरहेको छ । वि.सं. २०४२ सालदेखि मानविकी सङ्कायले जनसङ्ख्या विषयमा स्नातक तहको कार्यक्रम सञ्चालन गरी वि.सं. २०४७ खालदेखि स्नातकोत्तर तहमा पठनपाठन सुरु भयो । शैक्षिक सत्र वि.सं. २०५२ र ०५३ देखि क्रमश: निमावि तहको कक्षा छदेखि आठसम्म अनिवार्य विषयका रूपमा जनसङ्ख्या तथा वातावरण विषय शिक्षण गर्ने व्यवस्था भयो । यसै क्रममा उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग, २०५५ को प्रतिवेदनअनुसार माध्यमिक तहमा स्वास्थ्य, जनसङ्ख्या र वातावरण शिक्षालाई एकीकृत गरी सिङ्गो विषयका रूपमा कार्यान्वयनमा लगिएको छ । त्यस्तै माध्यमिक विद्यालय तहमा जनसङ्ख्या शिक्षा विषय ऐच्छिक विषयका रूपमा पठनपाठन गरिन्छ । साथै निमावि तहको पाठ्यक्रम, २०५८ ले कक्षा छ देखि आठमा जनसङ्ख्या र वातावरण शिक्षा विषय कार्यान्वयनमा ल्याएको थियो । आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६-८), २०६९ ले कक्षा छदेखि आठमा सामाजिक अध्ययन र जनसङ्ख्या शिक्षा विषयका रूपमा पाठ्यक्रम तथा पाठ्य पुस्तक विकास गरी कार्यान्वयन गरिरहेको छ ।

जनसङ्ख्या र वातावरण शिक्षाको विकास सम्बन्धी विभिन्न कार्यक्रमहरूमा विभिन्न स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय निकायहरूले कार्य गर्दै आएका छन् । त्यस्तै विभिन्न गैरसरकारी संस्थाले पनि विभिन्न कार्यक्रम गर्दै आएका छन् ।

**क्रियाकलाप**

पुस्तकालयमा भएका पुस्तक र पत्रिका अध्ययन गर । त्यसबाट नेपालको जनसङ्ख्या कार्यक्रमलाई कुन आवधिक पञ्च वर्षीय योजनाबाट जोड दिइयो र तत्पश्चात् गरिएका योजनाबद्ध कार्यक्रमको सूची बनाऊ ।

**अभ्यास**

१. जोडा मिलाऊ :

| | |
|---|---|
| नेपालमा सर्वप्रथम जनसङ्ख्या शिक्षा पढाउन सुरु | वि.सं.२०३२ |
| जनसङ्ख्या सम्बद्ध पहिलो गोष्ठी | वि.सं. २०६८ |
| पहिलो अन्तर्राष्ट्रिय विश्व जनसङ्ख्या सम्मेलन | सन् १९३७ |
| सामाजिक अध्ययन र जनसङ्ख्या विषयको व्यवस्था | सन् १९७० |
| जनसङ्ख्या समितिको गठन | सन् १९७४ |

३. छोटो उत्तर लेख :

(क) जनसङ्ख्या विषयका जन्मदाताको नाम लेखी यसलाई अनिवार्य विषय क्षेत्र मानिनुको कारण पनि लेख ।

(ख) जनसङ्ख्या सम्बन्धी कार्यशाला गोष्ठी कहाँ कहाँ र कहिले कहिले भए ?

(ग) नेपालमा जनसङ्ख्या शिक्षाको विकास क्रम लेख ।

Curriculum Development Centre

पाठ : ४

# जनसङ्ख्या तथ्याङ्कका स्रोत

जनसङ्ख्या सम्बन्धी तथ्याङ्कका स्रोतअन्तर्गत जनगणना, पञ्जीकरण, प्रशासनिक लगत, नमुना सर्वेक्षण आदि पर्छन् । यसरी सङ्कलित तथ्याङ्कबाट जनसङ्ख्याको थपघटबारे जानकारी पाइन्छ । यस्ता तथ्याङ्कहरूमध्ये यस पाठमा जनगणनाका बारेमा छलफल गर्ने छौँ ।

**जनगणना**

प्रत्येक घरमा को को, कति कति उमेरका, कुन धर्म मान्ने, कुन भाषा बोल्ने, के कति पढेका सदस्यहरू छन् ? विगत दस वर्षयता जन्मेका बालबालिका कति छन् ? कस कसको मृत्यु भएको छ ? कति जनाको विवाह भएको छ भनी परिवारको तथ्याङ्क लिने कार्यलाई पारिवारिक तथ्याङ्क गणना भनिन्छ । यसरी परिवार, समुदाय, समाज हुँदै देशका समग्र जनताको तथ्याङ्क लिने कार्यलाई जनगणना भनिन्छ । सामान्यतया प्रत्येक दस वर्षको अन्तरालमा देशको जनगणना गरिन्छ । हाम्रो देशमा जनगणनाको सुरुवात वि. सं. १९६८ बाट गरिएको हो । वि. सं. २०६८ को जनगणना एघारौँ हो । यस्तो गणना स्रोत साधन, भौगोलिक अवस्था र अन्य विविध कारणले गर्दा हरेक वर्ष लिन सकिँदैन । नेपालमा बसोबासका आधारमा जनगणना गरिन्छ ।

उमेर, लिङ्ग, शैक्षिक अवस्था, जाति, धर्म, भाषा, पेसा, क्षेत्र आदिलाई आधार मानी जनसङ्ख्याका सूचनाहरू सङ्कलन गरिन्छ । सूचनालाई आवश्यक आधारमा वर्गीकरण गरिन्छ । जनसङ्ख्याको यही वस्तुस्थिति र आवश्यकतालाई प्रारम्भिक स्रोत मानी देश विकासका लागि भावी योजना, कार्यक्रम, नीति र रणनीतिहरू तय गरिन्छ । जनसङ्ख्याका लागि सूचना तथा तथ्याङ्क सङ्कलन गर्दा घर घरबाट लिइएका तथ्याङ्क वा सूचनालाई प्राथमिक स्रोत भनिन्छ । अन्य व्यक्तिले भिन्न प्रयोजनका लागि लिएको तथ्याङ्क वा सूचनालाई द्वितीय स्रोत भनिन्छ ।

**जनगणनाको उद्देश्य**

१. नेपालको जनसङ्ख्याको आकार, बनावट, परिवर्तन र वितरण सम्बन्धी समष्टिगत तथ्याङ्क सङ्कलन गर्ने

२. सामाजिक तथा आर्थिक विकासका योजना तर्जुमा र अन्य कार्यका लागि आधारभूत तथ्याङ्क (benchmark data) उपलब्ध गराउने

३. परिवारले प्रयोग गरेका सुविधाहरूका साथै अन्य पारिवारिक विवरण प्राप्त गर्ने

---

***शिक्षण सुझाव***

*विभिन्न चार्ट, तालिका, वृत्तचित्र आदिका माध्यमबाट स्रोतबारे स्पष्ट पार्नुहोस् । यसका लागि स्थानीय परिवेशका उदाहरण प्रस्तुत गर्नुहोस् ।*



Curriculum Development Centre

४. नमुना सर्वेक्षणहरूको भरपर्दो आधार (frames) प्रदान गर्ने

५. देशको तल्लो प्रशासनिक एकाइहरूको समेत तथ्याङ्क उपलब्ध गराउने

**नेपालको जनसङ्ख्या विवरण**

| जनगणना वर्ष | पुरुष | महिला | कुल |
|---|---|---|---|
| २०२८ | ५८,१७,२०३ | ५७,३८,७८० | १,१५,५५,९८३ |
| २०३८ | ७६,९५,३३६ | ७३,२७,५०३ | १,५०,२२,८३९ |
| २०४८ | ९२,२०,९७४ | ९२,७०,१२३ | १,८४,९१,०९७ |
| २०५८ | १,१५,६३,९२१ | १,१५,८७,५०२ | २,३१,५१,४२३ |
| २०६८ | १,२८,४९,०४१ | १,३६,४५,४६३ | २,६४,९४,५०४ |

*स्रोत : राष्ट्रिय जनगणना २०६८ र सोभन्दा अगाडिका जनगणना*

**क्रियाकलाप**

तिम्रो कक्षाका साथीहरू तथा घर परिवारको तल दिइएको तालिकाका आधारमा तथ्याङ्क सङ्कलन गरी छोटो प्रतिवेदन तयार पार :

| सङ्ख्या | जात | लिङ्ग | उमेर | धर्म | भाषा | पेसा |
|---|---|---|---|---|---|---|
| | | | | | | |

**अभ्यास**

१. **तलका प्रश्नको उत्तर लेख :**

(क) तथ्याङ्क भनेको के हो ?

(ख) तथ्याङ्क र जनगणनाबिच के सम्बन्ध हुन्छ ?

(ग) जनगणना भनेको के हो ?

(घ) जनगणना किन आवश्यक हुन्छ ?

(ङ) तथ्याङ्कको प्राथमिक र द्वितीय स्रोतबिच के फरक छ ?

२. राष्ट्रिय जनगणना गर्नुका मुख्य उद्देश्यहरूको सूची बनाऊ ।

Curriculum Development Centre

## पाठ : ५ जनसङ्ख्या तथ्याङ्कका स्रोतका रूपमा पञ्जीकरण




जन्म, विवाह, सम्बन्ध विच्छेद, बसाइँ सराइ तथा मृत्यु जस्ता व्यक्तिगत घटना दर्ता गर्ने र अभिलेख राख्ने तथा अद्यावधिक गर्ने कार्यलाई पञ्जीकरण भनिन्छ । यसलाई व्यक्तिगत घटना दर्ता पनि भनिन्छ । यस्तो कार्य गर्ने कार्यालयलाई पञ्जीकाधिकारीको कार्यालय भनिन्छ । हाम्रो देशमा जन्म, मृत्यु, बसाइँ सराइ र विवाहको काम मात्र स्थानीय पञ्जिकाधिकारीको कार्यालयबाट हुने गरेका छन् । सम्बन्ध विच्छेदको कार्य अदालतबाट गरिन्छ ।

पञ्जिकाधिकारीको कार्यालय पनि गाविस र नगरपालिका कार्यालयसँगै एकीकृत रूपमा व्यवस्थित गरिएको छ । यी निकायहरू स्थानीय विकास मन्त्रालयअन्तर्गत रहेका छन् । नेपालमा वि.सं. २०३४ साल वैशाख १ गतेबाट पञ्जीकरण गर्ने व्यवस्था सुरु भएको हो ।

जनगणना प्रत्येक दस वर्षमा मात्र हुन्छ । तसर्थ जनगणना भएपछिको नौ वर्षसम्म कति मानिस जन्मे, कति मरे, कतिले बिहे गरे, कति बसाइँ सरी गए, कति आए भन्ने कुराको सूचना राख्न पञ्जीकरण गरिन्छ ।

पञ्जीकरणबाट कानुनी वैधता प्राप्त गर्न सकिन्छ । यसले नागरिकता प्राप्त गर्न र सम्पत्ति हस्तान्तरण गर्न सहयोग गर्छ । यसले निश्चित समुदायको वास्तविक जनसङ्ख्याको तथ्याङ्क वा सूचना प्रदान गर्छ । विभिन्न निकायबाट हुने नीति निर्माणमा सहयोग गर्छ ।

| आधार | २०४८ साल | २०५८ साल |
|---|---|---|
| जन्म दर | ३८ प्रति हजारमा | ३२.५ प्रति हजारमा |
| मृत्यु दर | १३.३ प्रति हजारमा | ९.३ प्रति हजारमा |
| बसाइँ सराइँ | ६,५८,३७७ | ७,६२,१८१ (देशबाट बाहिर गएका) |
| बसाइँ सराइँ | ४३,९४४ | ६,०८,०९२ (देशभित्र अन्य देशबाट आएका) |

**शिक्षण सुझाव**

*विद्यालय नजिकै पञ्जीकरण गर्ने वा नगरपालिका कार्यालय भए त्यहाँ लगेर पञ्जीकरणका बारेमा सोधपुछ गर्न लगाउनुहोस् ।*

Curriculum Development Centre

## क्रियाकलाप

१. तिम्रो घर परिवार तथा टोल छिमेकमा सम्बद्ध घटनाहरूको पञ्जीकरण किन गर्नुपरेको होला ? यसबाट देशलाई कस्ता फाइदा हुन्छन् ? साथीभाइ, आमाबाबु, शिक्षक आदिसँग छलफल गरी कक्षामा प्रस्तुत गर ।

२. तिम्रो जन्म दर्ता प्रमाण पत्र हेरेर जन्म दर्ता प्रमाण पत्रको नमुना तयार गर ।

३. पञ्जीकरण गर्न जनचेतना जगाउने पोस्टर, पर्चा, पम्प्लेट, प्ले कार्डमध्ये कुनै एक बनाऊ र कक्षामा प्रदर्शन गर ।

४. के तिम्रो जन्म दर्ता प्रमाण पत्र छ ? आफ्नो अभिभावकसँग मागेर हेरर त्यसमा भएका विवरण कक्षामा प्रस्तुत गर । छैन भने तत्काल बनाइदिन अनुरोध गर ।

## अभ्यास

१. तलका प्रश्नको छोटो उत्तर देऊ :

(क) पञ्जीकरण भन्नाले के बुझिन्छ ?

(ख) पञ्जीकरणमा कुन कुन घटना दर्ता गरिन्छ ?

(ग) पञ्जीकरणबाट हुने कुनै दुई ओटा फाइदा उल्लेख गर ।

२. खाली ठाउँ भर :

(क) नेपालमा प्रत्येक ............ वर्षमा जनगणना गरिन्छ ।

(ख) घर घरबाट लिइएका तथ्याङ्कलाई .......... भनिन्छ ।

(ग) जनगणना २०६८ अनुसार महिलाको कुल जनसङ्ख्या ......... छ ।

(घ) हाम्रो देशमा सम्बन्ध विच्छेद .......... बाट गरिन्छ ।

(ङ) पञ्जीकरणले .......... प्रदान गर्न सहयोग गर्छ ।

## सामुदायिक कार्य

तिम्रो समुदायमा गई कसले जन्म दर्ता तथा विवाह दर्ता गरेका छन्, कसले गरेका छैनन् ? खोजी गर । कसैको दर्ता गर्न छुट भएमा घरमुलीका लागि पञ्जीकरण गर्नुपर्नाका कारणसहित दर्ता गर्न जान अनुरोध गरेको एउटा पत्र तयार गर ।

Curriculum Development Centre

पाठ : ६

# नेपालको जनसङ्ख्या वृद्धिको प्रवृत्ति

जनसङ्ख्या सधैँ परिवर्तन भइरहन्छ । यो प्रक्रिया निरन्तर रूपमा चलिरहन्छ । यसर्थ जनसङ्ख्याको आकार निश्चित गर्न कठिन हुन्छ । तर निश्चित ठाउँ र समय तोकेमा त्यहाँको वास्तविक जनसङ्ख्या पत्ता लगाउन सकिन्छ । जनसङ्ख्याको घट्ने दर र वृद्धि दर पत्ता लगाउन फरक फरक समयमा गरिएको तुलनात्मक अध्ययन गर्न जरुरी छ । यही आवश्यकतालाई मनन गरी नेपालमा  प्रत्येक दस दस वर्षमा जनगणना गरी कुल जनसङ्ख्या निकाल्ने गरिन्छ ।

**नेपालको जनसङ्ख्या, जनसङ्ख्या वृद्धि र वार्षिक वृद्धि दर**

| वर्ष (वि. सं.) | जनसङ्ख्या (०००) | पुरुष–स्त्रीको अनुपात | वृद्धि दर (प्रतिशतमा) | जनघनत्व–जनसङ्ख्या प्रतिवर्ग किलोमिटर) |
|---|---|---|---|---|
| १९६८ | ५,६३९ | ......... | ......... | ३८ |
| १९७७ | ५,५७४ | ......... | -०.१२ | ३८ |
| १९८७ | ५,५३३ | ......... | -०.०७ | ३८ |
| १९९८ | ६,२८४ | ......... | १.२७ | ४३ |
| २००९-११ | ८,२५७ | ९६.८ | २.७३ | ५६ |
| २०१८ | ९,४१३ | ९७.० | १.३१ | ६४ |
| २०२८ | ११,५५६ | १०१.४ | २.०५ | ७९ |
| २०३८ | १५,०२३ | १०५.० | २.६२ | १०२ |
| २०४८ | १८,४९१ | ९९.५ | २.०८ | १२६ |
| २०५८ | २३,१५१ | ९९.८ | २.२५ | १५७ |
| २०६८ | २६,४९४ | ९४.१६ | १.३५ | १८० |

वि. सं. १९६८ को जनगणनाअनुसार नेपालको कुल जनसङ्ख्या ५६,३८,७४९ थियो । त्यसको ३० वर्षपछि वि. सं. १९९८ मा यो सङ्ख्या करिब ६३ लाख भएको देखिन्छ । यो वृद्धि दर कायम भएको भए नेपालको जनसङ्ख्या दोब्बर हुन लगभग २०० वर्ष लाग्ने अनुमान थियो ।

***शिक्षण सुझाव***

*पाठमा दिइएका तथ्याङ्कलाई बारग्राफ वा स्तम्भ चित्रबाट देखाई जनसङ्ख्या वृद्धि दरको प्रवृत्ति स्पष्ट गर्नुहोस् ।*

Curriculum Development Centre

तर १९९८ सालपछि नेपालको जनसङ्ख्या तीव्र रूपमा बढेको देखिन्छ । यस कारण वि.सं १९६८ देखि वि.सं. २०६८ सम्मको १०० वर्षमा नेपालको जनसङ्ख्या झन्डै चार गुणाले बढेको देखिन्छ ।

वि.सं. २०४८ - २०५८ को दसकमा वार्षिक जनसङ्ख्या वृद्धि दर २.२५ प्रतिशत भएको पाइन्छ ।

तर वि.सं. २०५८-२०६८ को दसकमा वार्षिक जनसङ्ख्या वृद्धि दर १.३५ प्रतिशत भएको देखिन्छ । यही दरमा जनसङ्ख्या वृद्धि भएमा करिब ५२ वर्षमा जनसङ्ख्या दोब्बर हुन्छ । यसले जनसङ्ख्याको वृद्धि दर केही हदसम्म नियन्त्रण हुन पुगेको देखिन्छ ।

### क्रियाकलाप

तिम्रो विद्यालयको विगत दस वर्षको विद्यार्थी सङ्ख्या सङ्कलन गर । विद्यार्थी सङ्ख्या धेरै वा थोरै के भयो ? चार्ट बनाई कक्षामा प्रस्तुत गर ।

### अभ्यास

१. तलका प्रश्नको उत्तर लेख :

  (क) जनसङ्ख्याको तुलनात्मक अध्ययन किन जरुरी छ ?

  (ख) नेपालको जनसङ्ख्या वृद्धि दरलाई तालिकामा प्रस्तुत गर ।

  (ग) नेपालको जनसङ्ख्या आकारको वृद्धि दरको प्रवृत्ति कस्तो रहेको छ ?

२. तलका प्रश्नमा एक क्षण सोच र छलफल गर :

  (क) मानिस जन्मन छाडे भने के होला ?

  (ख) मानिस एक ठाउँबाट अर्को ठाउँमा बसाइँ सरेनन् भने के होला ?

  (ग) एकै पटक धेरै मानिसको मृत्यु भए के होला ?

  (घ) सबै मानिस १०० वर्षसम्म बाँचे भने के होला ?

### सामुदायिक कार्य

नगरपालिका वा गाविसको तथ्याङ्कबाट तिम्रो वडा वा टोलमा भएको जनसङ्ख्या थपघटलाई तालिकामा प्रस्तुत गर र घर परिवार एवम् छिमेकीलाई देखाऊ । जनसङ्ख्या धेरै वा न्यून हुनाका कारण खोज ।

Curriculum Development Centre

## पाठ : ७ नेपालको जनसङ्ख्याको बनोट (उमेर, लिङ्ग र धर्मअनुसार)

जनसङ्ख्या उमेर, लिङ्ग, जाति, धर्म, पेसा, भाषा आदि तत्त्वका आधारमा लिन सकिन्छ । उल्लिखित तत्त्वहरूले जनसङ्ख्याको बनोटलाई जनाउँछ । जनसङ्ख्याको बनोटले समाज र समुदायको यथार्थ वस्तुस्थितिको चित्रण गर्दछ । यसले राष्ट्रको विकासका गतिविधिहरूमा प्रभाव पारेको हुन्छ । जनसङ्ख्याको अध्ययनमा उमेर, लिङ्ग र धर्मका आधारमा तथ्याङ्क सङ्कलन गर्न जरुरी छ ।

**उमेरका आधारमा जनसङ्ख्याको बनोट :** उमेरका आधारमा मानिसलाई शिशु, बालक, युवा, प्रौढ, वृद्ध गरी बाँड्ने प्रचलन छ । तर नेपालमा पनि जनगणना गर्ने क्रममा जनसङ्ख्यालाई ०-१४, १५-५९ र ६० र सोभन्दा बढी गरी तिन उमेर समूहमा विभाजन गरिएको छ । उमेरका आधारमा पेसागत क्षमतालाई सम्बोधन गरिन्छ । उमेरअनुसार नेपालको जनसङ्ख्या बनोट २०६८ अनुसार तलको तालिकामा दिइएको छ :

| उमेर समूह | जनसङ्ख्या | प्रतिशत |
|---|---|---|
| ० देखि १४ वर्ष | ९२,४६,९४६ | ३६.३१ |
| १५ देखि ५९ वर्ष | १,५०,९१,८४८ | ५२.०९ |
| ६० भन्दा माथि | २१,५४,७१० | ११.६० |
| जम्मा | २,६४,९४,५०४ | १०० |

**लिङ्गअनुसार जनसङ्ख्याको बनोट :** लिङ्गमा महिला, पुरुष र तेस्रो लिङ्गी पर्दछन् । लिङ्गका आधारमा जनसङ्ख्या लिनाले लैङ्गिक असमानता हटाउने कार्यक्रम तथा योजना ल्याउन आधार बन्छ । वि.सं. २०५८ र वि.सं. २०६८ सालको नेपालको जनगणनाअनुसार जनसङ्ख्याको लैङ्गिक बनोटको विभाजन तलको तालिकामा दिइएको छ :

| गणना वर्ष | जम्मा | पुरुष | महिला | लैङ्गिक अनुपात |
|---|---|---|---|---|
| २०५८ | २,३१,५१,४२३ | १,१५,६३,९२१ | १,१५,८७,५०२ | ९९.८ |
| २०६८ | २,६४,९४,५०४ | १,२८,४९,०४१ | १,३६,४५,४६३ | ९४.१६ |
| परिवर्तन | ३३,४३,०८१ | १२,८५,१२० | २०,५७,९६१ | |

---

***शिक्षण सुझाव***

*स्थानीय तथ्याङ्कको प्रयोग गर्दै विभिन्न समयको जनसङ्ख्या बनोटको तुलना गर्दै जनसङ्ख्या बनोटको प्रवृत्तिका बारेमा छलफल गराउनुहोस् ।*



Curriculum Development Centre

**धर्मअनुसार जनसङ्ख्याको बनोट :** नेपालको जनसङ्ख्यालाई धर्मअनुसार विभिन्न समूहमा वर्गीकरण गरिएको छ । यो नै धर्मअनुसार जनसङ्ख्याको बनोट हो । हाम्रो देशमा हिन्दु, बौद्ध, मुस्लिम आदि धर्म मान्ने मानिसहरू छन् । हाम्रो देशको धर्मअनुसार जनसङ्ख्याको बनोट २०६८ अनुसार तलको तालिकामा दिइएको छ :

| धर्म | जनसङ्ख्या | प्रतिशत | धर्म | जनसङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| हिन्दु | २,१५,५१,४९२ | ८१.३ | बौद्ध | २३,९६,०९९ | ९.०% |
| इस्लाम | ११,६२,३७० | ४.४ | किरात | ८,०७,१६९ | ३.१% |
| क्रिस्चियन | ३,७५,६९९ | १.४ | प्राकृत | १,२१,९८२ | ०.५% |
| | | | अन्य | ७९,६९३ | ०.३% |

**क्रियाकलाप**

१. तिम्रो घरमा भएका पुरुष र महिलाको सङ्ख्या टिपेर कक्षामा ल्याऊ । अन्य साथीहरूको घरमा भएका पुरुष र महिलाको सङ्ख्या पनि तिम्रो परिवार (पुरुष र महिला) सँग जोड र त्यसलाई रेखाचित्रमा देखाऊ ।

२. तिम्रो समुदायमा विभिन्न धर्म मान्ने मानिस हुन सक्छन् । स्थानीय समुदायमा गई कुन कुन धर्म मान्ने मानिसहरू छन् । तिनको सूची बनाई कक्षामा प्रस्तुत गर ।

**अभ्यास**

१. खाली ठाउँ भर :

(क) जनगणना २०६८ मा ०-१४ उमेर समूहमा ......... प्रतिशत जनसङ्ख्या रहेको देखिन्छ ।

(ख) .......... अनुसार कुल जनसङ्ख्याको ४८.५० प्रतिशत पुरुष रहेको पाइन्छ ।

(ग) हाम्रो देशमा ........... प्रतिशत मानिस हिन्दु धर्म मान्छन् ।

२. तलका प्रश्नको उत्तर देऊ :

(क) जनसङ्ख्याको बनोट भनेको के हो ?

(ख) उमेरअनुसार नेपालको जनसङ्ख्या बनोट कस्तो रहेको छ ?

(ग) लैङ्गिक बनोट भनेको के हो ? लिङ्गअनुसारको जनसङ्ख्याको आवश्यकता किन पर्छ ?

Curriculum Development Centre

पाठ : ८

# नेपालको जनसङ्ख्याको बनोट (भाषा र जातजाति अनुसार)

वि.सं. २०६८ सालको नेपालको जनगणनामा मातृभाषाअनुसारको जनसङ्ख्या बनोट तल दिइएको छ :

| मातृभाषा | जनसङ्ख्या | प्रतिशतमा | मातृभाषा | जनसङ्ख्या | प्रतिशतमा |
|---|---|---|---|---|---|
| नेपाली | १,१८,२६,९५३ | ४४.६ | मैथिली | ३,०९,५८० | ११.७ |
| भोजपुरी | १५,८४,९५८ | ६ | थारु | १५,२९,८७५ | ५.८ |
| तामाङ | १३,५३,३११ | ५.१ | नेवारी | ८,४६,४५७ | ३.२ |
| मगर | ७,८८,५३० | ३.० | डोटेली | ७,८७,८२७ | ३.० |
| उर्दु | ६,९१,५४६ | २.६ | बज्जिका | ७,९३,४१८ | ३.० |
| अन्य | ३१,९९,०४९ | १२ | | | |
| जम्मा | २,६४,९४५०४ | | | | १००.०० |

माथि तालिकामा नेपाली भाषी सबैभन्दा बढी र दोस्रो नम्बरमा मैथिली भाषी देखिन्छ भने डोटेली, बज्जिका र उर्दु बोल्नेहरुको सङ्ख्या थपिएको देखिन्छ ।

**जातजातिअनुसार जनसङ्ख्याको बनोट**

२०६८ सालको जनगणनाअनुसार जातजातिअनुसार नेपालको जनसङ्ख्या बनोटको विवरण तलको तालिकामा दिइएको छ :

| जाति समूह | जनसङ्ख्या (प्रतिशतमा) | जाति समूह | जनसङ्ख्या (प्रतिशतमा) |
|---|---|---|---|
| क्षेत्री | १६.६ | यादव | ४.० |
| बाहुन | १२.२ | मुसलमान | ४.४ |
| मगर | ७.१ | राई | २.३ |
| थारु | ६.६ | गुरुङ | २.३९ |
| नेवार | ५.० | दमाई | १.७२ |
| तामाङ | ५.८ | लिम्बु | १.५८ |
| कामी | ४.८ | सार्की | १.४० |
| अन्य | २४.४२ | जम्मा | १०० |

***शिक्षण सुझाव***

*पाठमा प्रस्तुत तथ्याङ्कलाई विभिन्न चार्ट, बारग्राफ वा स्तम्भ चित्र बनाई तुलनात्मक अध्ययन गर्न लगाउनुहोस् ।*



Curriculum Development Centre

जातिगत जनसङ्ख्यामा सबैभन्दा धेरै क्षेत्री १६.६ प्रतिशत र दोस्रोमा ब्राह्मण १२.२ प्रतिशत देखिन्छ । जनसङ्ख्यामा तेस्रो, चौथो र पाँचौ नम्बरमा पर्ने जातहरूमा क्रमश: मगर, थारु र तामाङ रहेका छन् ।

**अभ्यास**

१. **ठिक वा बेठिक छुट्याऊ :**

   (क) मातृभाषाअनुसारको जनसङ्ख्याको बनोट २०६८ मा दिइएअनुसार नेपाली मातृभाषी ४४.६ प्रतिशत छन् ।

   (ख) जातिअनुसार जनसङ्ख्या बनोट २०६८ मा दिइएअनुसार यादव ४.०० प्रतिशत रहेका छन् ।

   (ग) पेसाअनुसार जनसङ्ख्या बनोट २०५८ मा दिइएअनुसार ४ प्रतिशत जनसङ्ख्या व्यापारमा लागेको पाइन्छ ।

२. **तलका प्रश्नको उत्तर लेख :**

   (क) तिम्रो समुदायमा प्रचलनमा रहेका भाषाभाषीको सूची बनाऊ ।

   (ख) मातृभाषाअनुसारको जनसङ्ख्या बनोट २०६८ लाई तालिकामा प्रस्तुत गर ।

   (ग) नेपालमा रहेका जातिअनुसारको जनङ्ख्याको बनोट २०६८ अनुसार वर्णन गर ।

**सामुदायिक कार्य**

१. तिम्रो समुदायमा कुन कुन जातजातिहरू बसोबास गर्छन्, छिमेकमा सोधपुछ गरी त्यसको विवरण तयार पारी कक्षामा प्रस्तुत गर ।

२. तिम्रो समुदायमा भएका मानिसहरू कुन कुन पेसामा लागेका छन् ? त्यसको विवरण तयार पारी कक्षामा प्रस्तुत गर ।

Curriculum Development Centre

पाठ : ९

# भौगोलिक क्षेत्रअनुसार नेपालको जनसङ्ख्या वितरण

हाम्रो देशलाई भौगोलिक क्षेत्रअनुसार हिमाली, पहाडी र तराई मधेस गरी तिन क्षेत्रमा विभाजन गरिएको छ । ती भौगोलिक क्षेत्रहरूको बनोट, हावापानी र बसोबासमा भिन्नता पाइन्छ । ती क्षेत्रका गाउँ तथा सहरमा जनसङ्ख्याको वितरण फरक फरक छ । ती क्षेत्रका सुविधायुक्त ठाउँमा जनघनत्व धेरै छ । कतिपय सुविधा नपुगेका ठाउँमा जनघनत्व कम छ । मानिस कामको खोजी, अध्ययन र अन्य सुविधाका लागि गाउँबाट सहर जान्छन् । त्यस्तै केही दसकयता पहाडबाट तराई क्षेत्रमा बसोबास गर्न जाने प्रवृत्ति देखिन्छ । त्यसैले भौगोलिक क्षेत्रअनुसार जनसङ्ख्या वितरणमा पनि फरक पाइन्छ । हिमाल, पहाड र तराई मधेसको जनसङ्ख्याको वितरण तलको तालिकामा दिइएको छ :

**भौगोलिक क्षेत्रअनुसार जनसङ्ख्याको वितरण, २०५८**

| क्षेत्र | जनसङ्ख्या | प्रतिशत |
|---|---|---|
| हिमाल | १,६८,७८५९ | ७.३ |
| पहाड | १०,२५,१,१११ | ४४.३ |
| तराई/मधेस | १,१३,९४,००७ | ४८.४ |
| जम्मा | १,१२,१२,४५३ | १००.०० |

**भौगोलिक क्षेत्रअनुसार जनसङ्ख्याको वितरण, २०६८**

| क्षेत्र | जनसङ्ख्या | प्रतिशत |
|---|---|---|
| हिमाल | १७,८१,७९२ | ६.७३ |
| पहाड | १,१३,९४,००७ | ४३.०१ |
| तराई/मधेस | १,३३,१८,७०५ | ५०.२७ |
| जम्मा | २,६४,९४,५०४ | १००.०० |

***शिक्षण सुझाव***

*वृत्तचित्र वा स्तम्भ चित्रसमेतको प्रयोग गरी भौगोलिक क्षेत्रअनुसारको जनसङ्ख्याको विवरण स्पष्ट पार्नुहोस् ।*

Curriculum Development Centre

उल्लिखित भौगोलिक क्षेत्रअनुसार जनसङ्ख्याको वितरणमा तराई क्षेत्रको अंश विगत २०५८ सालको तुलनामा २०६८ मा वृद्धि भएको देखिएको छ । विगत २०५८ सालको जनगणनामा तराई मधेसमा कुल जनसङ्ख्याको ४८.४ प्रतिशत हिस्सा रहेकोमा २०६८ मा वृद्धि भई ५०.२७ प्रतिशत पुगेको छ ।

हिमाली क्षेत्रमा कुल जनसङ्ख्याको ७.३ प्रतिशत अंश रहेकामा २०६८ मा केही कम भई ६.७३ प्रतिशत रहेको देखिन्छ । त्यसैगरी पहाडी क्षेत्रमा २०५८ मा ४४.३ प्रतिशत रहेकामा हाल (२०६८ मा) ४३.०१ प्रतिशत रहेको छ । लैङ्गिक आधारमा समेत हिमाली र पहाडी क्षेत्रमा जनसङ्ख्या घटेको र तराई क्षेत्रमा बढेको देखिन्छ ।

लैङ्गिक अनुपात विगत जनगणनामा जस्तै २०६८ मा पनि पहाडी क्षेत्रमा कम र तराई क्षेत्रमा बढी रहेको देखिन्छ । गत २०५८ सालको जनगणनाको तुलनामा हाल सबै भौगोलिक क्षेत्रहरूमा सो अनुपात घटेको पाइन्छ । विगतको जनगणनामा हिमाल, पहाड र तराई मधेसमा क्रमशः ९८, ९६ र १०४ रहेकामा २०६८ सालको जनगणनासम्म आइपुग्दा क्रमशः ९४, ९२ र ९७ कायम हुन पुगेको छ ।

**क्रियाकलाप**

१. भौगोलिक रूपमा जनसङ्ख्याको वितरण किन आवश्यक पर्छ ? कक्षामा छलफल गरी निष्कर्ष शिक्षकलाई सुनाऊ ।

२. नेपालको भौगोलिक जनसङ्ख्याको वितरण प्रवृत्ति कस्तो छ ? तथ्याङ्कसहित लेख ।

**अभ्यास :**

१. तलका प्रश्नको उत्तर देऊ :

(क) जनसङ्ख्या वितरण भनेको के हो ? उल्लेख गर ।

(ख) भौगोलिक क्षेत्रअनुसार जनसङ्ख्याको वितरण २०५८ को वर्णन गर ।

(ग) हिमाली क्षेत्रमा जनघनत्व कम हुनाका कुनै चार कारण लेख ।

(घ) जनसङ्ख्याको वितरण २०६८ अनुसार भौगोलिक क्षेत्रअनुसार जनसङ्ख्या वितरण झल्कने तालिका बनाऊ ।

२. खाली ठाउँ भर :

(क) वि. सं. २०५८ भन्दा वि. सं. २०६८ मा ......... जनसङ्ख्या बढी भएको पाइन्छ ।

(ख) वि. सं. २०६८ को जनगणनाअनुसार तराईको जनसङ्ख्या ........ प्रतिशत रहेको छ ।

(ग) जनगणना २०६८ अनुसार हिमाली क्षेत्रमा ........ प्रतिशत जनसङ्ख्या रहेको छ ।

(घ) भौगोलिक क्षेत्रअनुसार बनोट, हावापानी र ....... भिन्नता पाइन्छ ।



Curriculum Development Centre

## पुनरावलोकन अभ्यास

१. खाली ठाउँ भर :

(क) जनसङ्ख्या शिक्षाले व्यक्तिको ............. परिवर्तन ल्याउन मद्दत गर्छ ।

(ख) जनसङ्ख्या शिक्षाका क्षेत्रहरूलाई ........... क्षेत्रमा विभाजन गर्न सकिन्छ ।

(ग) निश्चित भूभागभित्र बसोबास गर्ने मानिसहरूको सङ्ख्यालाई ...... भनिन्छ ।

(घ) ............. ले गर्दा वातावरणीय सन्तुलन खलबलिन सक्छ ।

(ङ) मानव सभ्यता विकासका लागि ........... आधारभूत तत्त्वहरू हुन् ।

२. जोडा मिलाऊ :

| | |
|---|---|
| जनसाङ्ख्यिकी | उमेर, जाति, धर्म, लिङ्ग आदि |
| जनसङ्ख्या निर्धारक तत्त्वहरू | जनसङ्ख्याको भौगोलिक वितरण |
| जनसङ्ख्याको भौगोलिक बाँडफाँड | धार्मिक मूल्य मान्यता, संस्कृति आदि |
| जनसङ्ख्याका वृद्धिका असरहरू | जनसङ्ख्या सम्बन्धी गणितीय अध्ययन |
| जनसङ्ख्या बनोटका आधारहरू | बेरोजगारी, भोकमरी असुरक्षा आदि |
| | जन्म, मृत्यु र बसाइँ सराइ |

३. ठिक वा बेठिक छुट्याऊ :

(क) जनसङ्ख्याले समग्र प्राणीको सङ्ख्यालाई बुझाउँछ ।

(ख) जनसङ्ख्या शिक्षाले जनसङख्या सम्बन्धी ज्ञान, सिप, समझदारी तथा अभिवृत्ति विकास गरी मानिसको व्यवहारमा सकारात्मक परिवर्तन ल्याउँछ ।

(ग) जनसङ्ख्या शिक्षाले सुखी जीवनयापन गर्न सहयोग पुऱ्याउँछ ।

(घ) जनसङ्ख्या धेरै घटेमा समाज र राष्ट्रलाई फाइदा हुन्छ ।

(ङ) जनसङ्ख्या शिक्षाले चेतना फैलाउन सक्दैन ।

## क्रियाकलाप

१. कक्षाका सबै साथीहरूको चार समूह बनाई पारिवारिक जीवन शिक्षाको परिचय, महत्त्व र आवश्यकता झल्कने पोस्टर, तालिका वा समाचार बनाई टोल छिमेकमा टाँस ।

२. नजिकैको वडा कार्यालय वा गाविसमा गई आफ्नो बसोबास क्षेत्रको जनसङ्ख्याबारे जानकारी ल्याऊ र खानेपानी वितरणका लागि योजना बनाऊ ।

Curriculum Development Centre

एकाइ १०

# जनसङ्ख्या वृद्धि र व्यवस्थापन





Curriculum Development Centre

## सिकाइ उपलब्धि

- नेपालमा जनसङ्ख्या वृद्धिको अवस्था बताउन
- तीव्र जनसङ्ख्या वृद्धिका कारण र असरहरू उल्लेख गर्न
- जनसङ्ख्या व्यवस्थापनको परिचय दिई जनसङ्ख्या व्यवस्थापनका उपायहरू अवलम्बन गर्न
- गुणस्तरीय जीवनका बारेमा बताई गुणस्तरीय जीवनको अभ्यास गर्न
- जनसङ्ख्या व्यवस्थापनमा संलग्न राष्ट्रिय सङ्घ संस्थाको भूमिका उल्लेख गर्न

पाठ १

# नेपालमा जनसङ्ख्या वृद्धिको अवस्था

कुनै निश्चित ठाउँ र समयमा जनसङ्ख्याको आकारमा आउने थपघटले जनसङ्ख्याको परिवर्तनलाई जनाउँछ । शिशुहरूको जन्म धेरै हुँदा जनसङ्ख्यामा वृद्धि हुन्छ । मानिसहरूको मृत्यु हुँदा पनि जनसङ्ख्यामा परिवर्तन आउँछ । कुनै ठाउँ वा देशबाट बसाइँ सरेर आउने जनसङ्ख्याले जनसङ्ख्या बढ्छ । यसरी जनसङ्ख्यामा वृद्धि हुने दरलाई जनसङ्ख्या वृद्धि दर भनिन्छ । छिटो छिटो वृद्धि हुने दरलाई भने तीव्र जनसङ्ख्या वृद्धि दर भनिन्छ ।

नेपालमा जनगणनाको प्रचलन वि.सं. १९६८ बाट सुरु भएको हो । यसपछिका ३० वर्षसम्म जनसङ्ख्या क्रमश: घटिरहेको देखिन्छ । यस्तो हुनुमा निम्नानुसारका कारण दिने गरिन्छ :

(क) वैज्ञानिक तरिकाको जनगणना नहुनु

(ख) महामारी र एन्फ्लुएन्जा जस्ता रोगको प्रकोप फैलिनु

(ग) प्रथम विश्व युद्धमा धेरै नेपालीहरू गोरखा सैनिकमा भर्ती भई विदेसिनु

वि.सं १९९८ को जनगणनापछि नेपालमा तीव्र जनसङ्ख्या वृद्धि दर पाइन्छ । यसरी जनसङ्ख्यामा वृद्धि हुनुमा गोर्खाली सैनिकमा भर्ना भएका नेपालीहरू दोस्रो विश्व युद्धपछि स्वदेश फर्किनु पनि एक कारण मानिन्छ । उनीहरूसँगै प्रवासी नेपालीहरू पनि घर फर्किएको तथ्याङ्क पाइन्छ ।

**नेपालको जनसङ्ख्या वृद्धिको अवस्था**

| वर्ष | वृद्धि दर | वर्ष | वृद्धि दर |
|---|---|---|---|
| वि. सं. १९९८ | १.१६ | वि. सं. २००९–११ | २.३३ |
| वि. सं. २०१८ | १.६४ | वि. सं. २०२८ | २.०७ |
| वि. सं. २०३८ | २.६६ | वि. सं. २०४८ | २.१ |
| वि. सं. २०५८ | २.२४ | वि. सं २०६८ | १.३५ |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

जनसङ्ख्यामा वृद्धि भइरहनुका कारणहरूमध्ये प्रमुख कारण जन्म दर उच्च रही मृत्यु दरमा कमी आउनु हो । हाम्रो देशको पछिल्लो जनगणना २०६८ लाई विश्लेषण गर्दा जनसङ्ख्या वृद्धि दर तीव्र भन्न नमिल्ने देखिएको छ । २०२८ सालदेखि २०५८ सालसम्म तीव्र रूपमा जनसङ्ख्या वृद्धि भइरहेकामा २०६८ सालमा वृद्धि दर घट्न गएको देखिन्छ । यसरी घट्नुमा विदेश जाने नेपालीको सङ्ख्या बढ्दै जानु, जनचेतनामा वृद्धि हुनु, प्रजनन दर घट्नु र स्वास्थ्य सेवामा सुधार हुनु प्रमुख कारणहरू हुन् ।

***शिक्षण सुझाव***

*स्थानीय वडा वा गाविस वा नगरपालिकाको जनसङ्ख्याको विवरण लिई जनसङ्ख्या वृद्धिको अवस्थाका बारेमा थप छलफल गराउनुहोस् ।*

Curriculum Development Centre

तीव्र जनसङ्ख्या वृद्धि हुनुमा प्रजनन दरले प्रमुख भूमिका खेल्छ । प्रजनन भन्नाले कुनै पनि महिलाले जीवित रूपमा जन्माएको शिशु सङ्ख्यालाई जनाउँछ । जनसङ्ख्याको तीव्र रूपमा वृद्धि हुनुको अर्को कारण बसाइँ सराइलाई पनि लिइन्छ । कुनै स्थानबाट अर्को स्थानमा बसाइँ सरी जानुलाई बसाइँ सराइ भनिन्छ । समग्र देशको जनसङ्ख्या थपघट हुनुमा आप्रवास र उत्प्रवासले विशेष भूमिका खेल्छ । कुनै देशमा विदेशबाट बसाइँ सरी आउनुलाई आप्रवास भनिन्छ । स्वदेशबाट बसाइँ सरी विदेश जानुलाई उत्प्रवास भनिन्छ ।

## क्रियाकलाप

१. जनसङ्ख्या घटी र बढी हुँदा पर्ने प्रभावको सूची बनाऊ ।

२. नेपालको जनसङ्ख्या वृद्धि दरलाई तालिकामा प्रस्तुत गर ।

## अभ्यास

तलका प्रश्नको छोटो उत्तर लेख :

(क) तीव्र जनसङ्ख्या वृद्धि दर केलाई भनिन्छ ?

(ख) वि.सं. १९६८ देखि १९९८ सम्मको तथ्याङ्कमा नेपालको जनसङ्ख्या घट्नुका कारण के के हुन् ?

(ग) हाल नेपालमा आप्रवासी नेपालीको कत्तिको चाप छ ? शिक्षकलाई सोधी लेख ।

## सामुदायिक कार्य

तिम्रो समुदायका मानिसहरूको कुनै एक वर्षको तथ्याङ्क सङ्कलन गरी तलको तालिका भर :

| घर सङ्ख्या | जीवित शिशु सङ्ख्या | जम्मा मानिसको सङ्ख्या | बसाइँ सरी आउनेको सङ्ख्या | बसाइँ सरेर जानेको सङ्ख्या |
|---|---|---|---|---|
| | | | | |

Curriculum Development Centre

पाठ : २

# तीव्र जनसङ्ख्या वृद्धिका कारण र असर

मनकामना माध्यमिक विद्यालय
मनकामना, गोरखा
२०७०/१०/०७

श्री सभापतिज्यू,
जिविस कार्यालय, चितवन

हामी शैक्षिक भ्रमणको सिलसिलामा तपाईंको जिल्ला चितवन आएका थियौँ । हामी मूलतः जनसङ्ख्या शिक्षाका बारेमा अध्ययन भ्रमण गर्न त्यस जिल्लामा आएका थियौँ । चितवन जिल्लाको भ्रमण गर्दा त्यहाँको जनसङ्ख्या वृद्धि दरको अवस्थाका बारेमा अध्ययन गऱ्यौँ । यसका लागि तपाईँको कार्यालयमा रहेको जिल्ला परिचय पुस्तिका (District profile) को पनि सहयोग लिएका थियौँ । नेपालका कतिपय जिल्लामा जनसङ्ख्या घट्दै गएको पाइन्छ । तर तपाईँको जिल्लामा तीव्रतर रूपमा जनसङ्ख्या बढ्दै गएको रहेछ । यसरी जनसङ्ख्या वृद्धि हुनुका कारणहरू खोजी गर्दा निम्न लिखित कारणहरू पाइए :

१. **उच्च बसाइँ सराइ दर :** चितवन जिल्लामा देशका विभिन्न जिल्लाबाट बसाइँ सराइ गरेर आउनेको तीव्र चाप रहेछ । बसाइँ सरेर आउनेको सङ्ख्या हरेक वर्ष बढ्दै गएको पाइयो ।

२. **चेतनाको कमी :** कतिपय ग्रामीण र सहरदेखि टाढाका वस्तीमा चेतनाको कमीले बढी सन्तान जन्माउने प्रचलन रहेछ । अशिक्षित व्यक्तिको परिवारको आकार ठुलो रहेछ ।

३. **अन्धविश्वास र कुरीति :** कतिपय गाउँका मानिसहरू सन्तान प्राप्तिलाई भगवान्को आशीर्वाद ठान्दा रहेछन् । उनीहरू परिवार नियोजनका साधनको प्रयोग नगर्ने तथा स्वास्थ्य सल्लाह नलिने गर्दा रहेछन् । त्यसैले पनि जनसङ्ख्या बढ्न गएको रहेछ ।

४. **कमजोर आर्थिक स्थिति :** आर्थिक स्थिति कमजोर भएकाले आय आर्जनका लागि सन्तान आवश्यक ठान्ने प्रवृत्ति पनि अझै रहेछ । बुढेसकालको सहारा ठानेर पनि सन्तान जन्माउने चलन रहेछ ।

५. **सामाजिक तथा धार्मिक मूल्य मान्यता :** तपाईंको जिल्लामा छोरीलाई सानैमा विवाह गरिदिए पुण्य मिल्छ भनेर सानै उमेरमा विवाह गर्ने प्रचलन अझै हराएको रहेनछ । यसले गर्दा धेरै बच्चा जन्माउने गरेको पाइयो । त्यस्तै जन्म नियन्त्रण गर्नु तथा परिवार नियोजन गर्नु आदि कार्य धर्मविरुद्ध ठान्ने प्रवृत्ति पनि रहेछ । त्यसले पनि जनसङ्ख्या बढाउन सहयोग पुऱ्याएको रहेछ ।

६. **गरिबी र पछौटेपन :** ग्रामीण तथा सहरी क्षेत्रमा गरिबी एवम् पछौटेपनले गर्दा पनि जनसङ्ख्या व्यवस्थापन गर्न नसकिएको पाइयो ।



Curriculum Development Centre

७. **विकासको प्रतिफलको असन्तुलित वितरण :** जिल्लाको समग्र विकास योजनाबद्ध नहुनु र विकासको प्रतिफल सबै जनतामा समुचित रूपमा वितरण हुन नसकेको रहेछ । यसले गर्दा गरिबी र पछौटेपन बढ्न गएको रहेछ । यसको प्रभाव जनसङ्ख्या वृद्धिमा पर्न गएको पाइयो ।

यसरी तपाईंको जिल्लामा जनसङ्ख्या तीव्र रूपमा बढ्दै गएको अवस्था रहेछ । समयमै सही रूपमा जनसङ्ख्या वृद्धिलाई व्यवस्थापन गर्न नसक्दा चितवन जिल्लामा जनसङ्ख्या तीव्र वृद्धिबाट पर्ने असरबारे जानकारी दिई सचेत गराउन चाहन्छौँ :

१. खेतीयोग्य जमिन जति सबै वस्तीमा परिणत हुने छ । यसले गर्दा खाद्यान्नको अभाव हुने छ ।

२. वातावरण प्रदूषण भई विभिन्न प्रकारका रोगव्याधिले प्राकृतिक प्रकोप आउने छन् ।

३. वन, पानीका स्रोत, जमिनको अवस्था जस्ता प्राकृतिक सम्पदाको विनाश हुने छ । वनमा आगलागी हुने, काठ दाउरा चोरी हुने, अतिक्रमण हुने र वन्यजन्तुको अवैध सिकार हुने छ ।

४. प्रदूषण र फोहोर बढ्ने छ । यसले गर्दा मानवको स्वास्थ्यमा प्रत्यक्ष असर पर्ने छ ।

५. रोगव्याधि तथा महामारी जस्ता समस्या बढ्ने छन् ।

६. खाद्यान्नको अभाव, रोजगारीको अभाव भई चोरी, डकैती, लुटपाट जस्ता घटना बढ्ने छन् ।

७. त्यस जिल्लाको प्रभाव छिमेकी जिल्ला र देशको अन्य भागमा पनि पर्न जाने छ ।

८. विकासका कार्यमा यसको प्रत्यक्ष प्रभाव पर्ने छ । यसले गरिबी र पछौटेपन बढ्दै जाने छ । गरिब र धनीबिचको दुरी झन् झन् बढ्ने छ ।

यस्ता प्रभावले तपाईंको जिल्लामा व्यापक असन्तोष फैलन जान्छ । तसर्थ यस समस्यालाई समयमै समाधान गर्न गहन अध्ययन गरी योजनाबद्ध ढङ्गले जनसङ्ख्या व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

कक्षा सातका सम्पूर्ण विद्यार्थी

### क्रियाकलाप

पाठमा उल्लेख गरे झैँ तिमी बसेको गाउँ वा टोलमा जनसङ्ख्याको वृद्धिको अवस्था कस्तो छ ? अध्ययन गर र प्राप्त अवस्था टिपोट गरी कक्षामा प्रस्तुत गर ।

### अभ्यास

**तलका प्रश्नको छोटो उत्तर देऊ :**

(क) तीव्र जनसङ्ख्या वृद्धिका कारणहरू लेख ।

(ख) अशिक्षाले जनसङ्ख्या बढाउन कसरी मद्दत गर्दछ ? कारण स्पष्ट गर ।

(ग) धार्मिक मूल्य मान्यताले जनसङ्ख्या बढाउन सहयोग गरिरहेको छ । पुष्टि गर ।

(घ) गरिबी र पछौटेपन पनि जनसङ्ख्या वृद्धिको कारण हो ? आफ्नो विचार देऊ ।

Curriculum Development Centre

## पाठ : ३ जनसङ्ख्या व्यवस्थापन र गुणस्तरीय जीवन



बढ्दो जनसङ्ख्याले प्राकृतिक स्रोत, वातावरण र अन्य प्राणीबिचको सन्तुलन बिगार्छ । यसले हाम्रो जीवनका विभिन्न आवश्यकताहरूमा प्रत्यक्ष प्रभाव पार्दछ । जनसङ्ख्या बढ्दै जाँदा स्रोत तथा साधनहरूको आवश्यकता पनि बढ्दै जान्छ । स्रोत तथा साधनहरूको अभावमा हाम्रो जीवनलाई चाहिने आवश्यकताहरू पुरा हुन सक्दैनन् । मानिसहरूले खाद्यान्न, लत्ताकपडा, आवास, स्वास्थ्य, शिक्षा जस्ता आधारभूत आवश्यकताहरूको सर्वसुलभ किसिमले उपभोग गर्न पाउँदैनन् । फलस्वरूप जीवनको गुणस्तरमा ह्रास आउँछ ।

### जनसङ्ख्या व्यवस्थापन

जनसङ्ख्या व्यवस्थापन भन्नाले प्राकृतिक स्रोतअनुसार जनसङ्ख्यालाई सही रूपले वितरण गर्ने कार्यलाई बुझाउँछ । जनसङ्ख्या परिवर्तनशील हुन्छ । त्यसैले आवश्यक साधन स्रोतको संरक्षण, संवर्धन तथा बाँडफाँड गर्दा जनसङ्ख्या स्थितिलाई ध्यान दिनुपर्ने हुन्छ । यदि कुनै ठाउँमा उपलब्ध साधन स्रोतले धान्न नसक्ने किसिमले जनसङ्ख्या वृद्धि भएको छ भने त्यहाँ अभाव र समस्या सिर्जना

---

*शिक्षण सुझाव*

*जनसङ्ख्याको व्यवस्थापन र गुणस्तरीय जीवनबिचको अन्तरसम्बन्ध देखाउन स्थानीय समुदाय वा विद्यार्थीका घर परिवारको वास्तविक उदाहरणको पनि प्रयोग गर्नुहोस् ।*

Curriculum Development Centre

हुन्छ । त्यहाँ कलह, हिंसा, भोकमरी जस्ता समस्याहरू खडा हुन्छन् । त्यस्तो अवस्था सिर्जना हुन नपाओस् र भएको साधन स्रोतको समुचित प्रयोगका लागि समयमै जनसङ्ख्या व्यवस्थापन गर्नुपर्दछ । त्यस्तै कुनै कुनै अवस्थामा उपलब्ध साधन र स्रोत परिचालन गर्न पर्याप्त जनशक्ति उपलब्ध भएन भने त्यस्तो अवस्थामा जनसङ्ख्या वृद्धि गर्नु पनि जनसङ्ख्या व्यवस्थापनअन्तर्गत आउँछ । यसरी देशको साधन स्रोत र जनसङ्ख्याबिच अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ ।

### गुणस्तरीय जीवन

गुणस्तरलाई ठाउँ, परिवेश, देश, समयअनुसार परिभाषित गर्न सकिन्छ । मानिसको जीवन गुणस्तरयुक्त छ वा छैन भन्ने कुरा उसले प्रयोग गरेका वस्तुहरूको गुण, परिमाण र जीवन शैलीले निर्धारण गर्दछ । व्यक्तिको आम्दानी वृद्धि हुँदा उसको आर्थिक जीवन स्तर माथि उठ्छ । तर आर्थिक स्तर मात्र माथि उठ्दैमा जीवनको गुणस्तर वृद्धि भयो भन्न सकिँदैन । मानिसले जीवन बिताउनका लागि उसलाई प्राप्त हुने आवश्यक सेवा तथा सुविधाहरूको गुण र परिमाणका आधारमा जीवनको गुणस्तर निर्धारण गरिन्छ ।

पोसिलो खानेकुरा, स्वस्थकर आवास, मौसम अनुकूल लत्ता कपडा, स्तरयुक्त शिक्षा, सुलभ स्वास्थ्य सेवा, स्वच्छ पिउने पानी आदि गुणस्तर निर्धारणका मुख्य आधार हुन् । त्यस्तै नियमित विद्युत् तथा सञ्चार सेवा, सुरक्षा, आयस्रोत र मनोरञ्जनको प्रयोगले पनि मानव जीवन गुणस्तरीय बनाउँछ । वास्तवमा व्यक्तिले प्राप्त गरिरहेका सेवाहरू बढाउन सकिएन र जनसङ्ख्याको वृद्धि दर तीव्र हुँदै गयो भने मानिसले प्रयोग गर्दै आएका सेवा तथा सुविधाहरूको गुण एवम् परिमाणमा कमी हुँदै जान्छ । यसबाट मानिसले आवश्यकताअनुसार खानेकुरा, आवास, लत्ता कपडा, स्वास्थ्य सेवा, शिक्षा, सुविधा आदि सजिलैसँग प्रयोग गर्न पाउँदैनन् । यसरी मानिसले आफ्नो आवश्यकता सर्वसुलभ किसिमले उपभोग गर्न नपाउँदा जीवनको गुणस्तरमा कमी वा ह्रास आउँछ ।

### क्रियाकलाप

१. तिम्रो समुदायमा रहेका प्राकृतिक स्रोत र साधनको सूची बनाऊ । प्राकृतिक स्रोत र साधन अनुसार तिम्रो वस्तीको जनसङ्ख्या कस्तो हुनुपर्ला ? आफ्नो धारणा कक्षामा सुनाऊ ।

२. तिम्रो टोल छिमेकमा रहेका मानिसको पेसा, व्यवसाय आदिका बारेमा टिपोट गरी तिनीहरूको जीवन गुणस्तरीय छ कि छैन ? अभिभावकसँग छलफल गर ।

### अभ्यास

तलका प्रश्नको छोटो उत्तर देऊ :

(क) जनसङ्ख्या व्यवस्थापन भनेको के हो ?

(ख) विकासका लागि जनसङ्ख्या व्यवस्थापन हुन जरुरी छ, यस भनाइलाई पुष्टि गर ।

(ग) जीवनको गुणस्तर केलाई भनिन्छ ?

(घ) जीवनको गुणस्तरमा कसरी ह्रास आउँछ ?

Curriculum Development Centre

## पाठ ४ जनसङ्ख्या व्यवस्थापनका उपाय

नेपालको सन्दर्भमा जनसङ्ख्या वृद्धि दर नियन्त्रण गर्नु नै जनसङ्ख्या व्यवस्थापनको पहिलो काम हो । साथै बसाइँ सराइलाई उचित ढङ्गले व्यवस्थित गर्ने योजनाहरू तर्जुमा गर्नु जनसङ्ख्या व्यवस्थापनअन्तर्गत पर्दछ । यसका लागि आवश्यक प्रमुख उपायहरूको वर्णन निम्नानुसार गरिन्छ :

### जन्मान्तर राख्नु

दुई बच्चा जन्मिने बिचको अवधिलाई जन्मान्तर भनिन्छ । हाम्रो देशमा जन्मान्तर भन्नाले ४/५ वर्षको फरक पारी बच्चा जन्माउनुपर्छ भन्ने चलन छ । जन्मान्तर राख्दा बच्चा जन्मने अवधि ढिलो हुन गई जनसङ्ख्या व्यवस्थापनमा मद्दत मिल्छ ।

### उपयुक्त उमेरमा विवाह र गर्भधारण गर्नु

विवाह गर्ने उपयुक्त उमेर भन्नाले शारीरिक, मानसिक, सामाजिक र आर्थिक रूपमा सबल भएपछि मात्र विवाह गर्नु भन्ने बुझिन्छ । प्रजनन स्वास्थ्यका दृष्टिकोणले महिलाका लागि विवाहको सही उमेर २० वर्ष र पुरुषका लागि २५ वर्ष मानिन्छ । महिलाका लागि स्वस्थ प्रजनन उमेर २० देखि ३० वर्ष मानिन्छ । पुरुषहरूको हकमा २५ वर्षसम्म शारीरिक वृद्धि हुन्छ । त्यसैले महिलाको उमेर २० वर्ष र पुरुषको उमेर २५ वर्ष पुगेपछि विवाह गर्नु उत्तम मानिन्छ । तर मुलुकी ऐनले अभिभावकको अनुमति भए दुवैको १८ वर्षको उमेरमा र अभिभावकको मन्जुरी नभए २० वर्षमा विवाह गर्न उपयुक्त मानेको छ । उपयुक्त उमेरमा प्रथम गर्भधारण गर्नाले निम्नानुसारका फाइदाहरू पुग्छन् :

(क) शारीरिक एवम् मानसिक रूपले स्वस्थ र हृष्टपुष्ट शिशु जन्मिन्छ ।

(ख) गर्भ तुहिने सम्भावना कम हुन्छ र आमाको स्वास्थ्यमा प्रतिकूल असर पर्ने स्थिति हुँदैन ।

(ग) बच्चा जन्मिँदा आमालाई कम खतरा हुन्छ ।

उपयुक्त उमेरमा विवाह गर्नाले आमाबाबुले आफ्नो र बच्चाको स्वास्थ्य राम्रो राख्न शिक्षा तथा आयआर्जन गर्ने सिप सिक्ने मौका पाउँछन् । यसरी रोजगार पाई वा व्यवसाय गरी आम्दानी बढाउन सकिन्छ र भावी सन्तानको शिक्षादीक्षाका लागि पैसा बचत गर्न सकिन्छ । उपयुक्त उमेरमा विवाह र गर्भधारण गर्नाले जनसङ्ख्या व्यवस्थापनमा सहयोग पुग्छ ।

### महिलालाई शिक्षाको अवसर दिनु

जनगणना २०६८ अनुसार नेपालमा आधाभन्दा बढी जनसङ्ख्या महिलाहरूको छ । तर पनि शैक्षिक, राजनीतिक अवसरको उपयोग तथा स्वास्थ्य सेवा उपभोगमा नेपाली महिलाहरू पछाडि छन् ।

---

***शिक्षण सुझाव***

*जनसङ्ख्या व्यवस्थापनका उपायका सूची वा अन्य चित्र, पोस्टर आदिको प्रयोग गर्दै छलफल गराउनुहोस् ।*

Curriculum Development Centre

नेपाली महिलाको साक्षरता प्रतिशत कम छ । बाल विवाह, बहु विवाह, अशिक्षा, धार्मिक तथा सामाजिक बन्धन जस्ता समस्याबाट अझै पनि धेरै जसो महिलाहरू पीडित छन् । अत: महिलाको शैक्षिक स्तर उकास्न जरुरी छ । महिला शिक्षित भएमा उनीहरूको प्रजनन स्वास्थ्य, सामाजिक क्रियाकलाप, राजनीतिक क्रियाकलाप तथा अन्य कुनै कार्यको निर्णय गर्ने कुरामा त्यसको प्रभाव पर्छ ।

**लैङ्गिक समानता कायम गर्नु**

महिला र पुरुषबिच समान हक तथा अधिकार हुन्छ । दुवै लिङ्गप्रति समान धारणा राख्नु र व्यवहार गर्नु नै लैङ्गिक समानता हो । घर परिवारमा पति र पत्नीबिच आपसी समन्वयबाट मात्र सुखी परिवारको स्थापना हुन्छ । नेपालको सन्दर्भमा प्रत्येक क्षेत्रमा लैङ्गिक भेदभाव गर्ने चलन आजसम्म पनि यथावत् छ । यसर्थ लैङ्गिक समानतामा जोड दिन सक्यौ भने बच्चा जन्माउने कुरामा पनि लोग्ने तथा स्वास्नीबिच राम्ररी छलफल भई समझदारीमा निर्णय लिने वातावरण सिर्जना हुन्छ । यसले गर्दा परिवारको आकार सानो र सुखी बनाउने कार्यमा पति तथा पत्नीबिचको पारस्परिक समानताले महत्त्वपूर्ण स्थान पाउँछ ।

**क्रियाकलाप**

१. तिमीलाई थाहा भएका जनसङ्ख्या व्यवस्थापनका उपायहरूका बारेमा साथीसँग छलफल गर र उपायहरू सङ्कलन गरी कक्षामा सुनाऊ ।

२. तिम्रो कक्षाका साथीहरूसँग छलफल गरी महिलालाई सशक्तीकरण गर्न के के गर्नुपर्ला ? बुँदा टिपोट गरी शिक्षकलाई सुनाऊ ।

**अभ्यास**

१. **तलका प्रश्नको उत्तर देऊ :**

(क) जन्मान्तरले जनसङ्ख्या व्यवस्थापनलाई कसरी सहयोग पुऱ्याउँछ ?

(ख) उपयुक्त उमेरमा विवाह नगर्दा जनसङ्ख्यामा कस्तो असर पर्छ ?

(ग) उपयुक्त उमेरमा प्रथम गर्भधारण गर्दा हुने फाइदाहरू लेख ।

(घ) 'लैङ्गिक समानताले जनसङ्ख्या व्यवस्थापन गर्छ' । यो भनाइलाई पुष्टि गर ।

२. **ठिक वा बेठिक छुट्याऊ :**

(क) प्रजजन स्वास्थ्यका दृष्टिकोणले विवाहका लागि महिलाको उपयुक्त उमेर २० वर्ष हो ।

(ख) कम उमेरमा बच्चा जन्माउँदा आमालाई कम खतरा हुन्छ ।

(ग) नेपालमा महिला र पुरुषको जनसङ्ख्या बराबर रहेको छ ।

(घ) महिलालाई दाइजोभन्दा शिक्षा दिनुपर्छ ।

Curriculum Development Centre

पाठ : ५

# गुणस्तरीय जीवनका उपाय

जीवन गुणस्तरीय बनाउन स्वस्थ शरीर, लामो आयु, शिक्षाको अवसर तथा रोजगारीको अवसर हुनु जरुरी छ । साथै गुणस्तरीय जीवनका लागि जीवन धान्न पुग्ने आम्दानी, मानव अधिकारको उपभोग, दैवी प्रकोपबाट सुरक्षा, रमणीय वातावरण र शान्ति जस्ता पक्षहरूको आवश्यकता पर्दछ । गुणस्तरीय जीवनका लागि आवश्यक पर्ने विभिन्न तत्त्वमध्ये केही मुख्य तत्त्वहरू तल दिइएका छन् :

(क) स्वास्थ्य

स्वास्थ्य सेवा मानिसको पहिलो आवश्यकता हो । हरेक व्यक्तिले आफ्नो जीवन सुखमय बनाउन पहिले ऊ आफैँ स्वस्थ हुनुपर्दछ । साथै परिवारका सबै सदस्यहरू स्वस्थ हुन जरुरी छ । समाज र देश विकासमा स्वस्थ व्यक्तिहरूले आवश्यक योगदान पुऱ्याउन सक्छन् । गुणस्तरीय जीवनका लागि स्वास्थ्यलाई एक महत्त्वपूर्ण तत्त्व मानिन्छ । त्यसैले परिवारका सदस्यको सुस्वास्थ्यका लागि निम्न लिखित कुरामा ध्यान पुऱ्याउनुपर्छ :

- स्वास्थ्य सम्बन्धी आवश्यक ज्ञान
- व्यक्ति तथा परिवारको सरसफाइ
- घर वरपरको सरसफाइ
- सफा र सुरक्षित खानेपानीको व्यवस्था
- सानो परिवार
- रोगविरुद्ध सुई तथा खोप र
- नियमित स्वास्थ्य परीक्षण तथा आवश्यक उपचार

(ख) शिक्षा

शिक्षा ज्ञान र विज्ञानको स्रोत हो । शिक्षाले नै मानिसमा चेतना बढाउँछ । यसले जीवनलाई गुणस्तरीय बनाउन सहयोग गर्दछ । यसले मानिसको पारिवारिक जीवनको स्तरमा समेत सुधार ल्याउँछ । स्तरीय शिक्षा हासिल गरेका व्यक्तिहरूले सजिलोसँग रोजगारी प्राप्त गर्छन् र आम्दानी बढ्छ । यसबाट परिवारका आधारभूत आवश्यकता र चाहना पुरा गर्न सजिलो हुन्छ ।

(ग) पोषण

गुणस्तरीय जीवनका आवश्यक तत्त्वमध्ये पोषण पनि एक हो । पोसिलो खानाले मानिसको शारीरिक, मानसिक तथा बौद्धिक विकासमा सहयोग पुऱ्याउँछ । शरीरको आवश्यकताअनुसार शक्ति दिने, विकास गर्ने र रक्षा गर्ने खानाको कमीले मानिसहरू कुपोषित हुन्छन् । प्रत्येक व्यक्तिले गुणस्तरीय जीवन बिताउन पोसिलो र सन्तुलित खानेकुरा खानुपर्छ ।

---

***शिक्षण सुझाव***

*स्थानीय परिवेशअनुसार गुणस्तरीय जीवन बिताउने उपायका बारेमा विद्यार्थीबिच छलफल गराउनुहोस् ।*



Curriculum Development Centre

(घ) **रोजगारी**

परिवारको जीवन स्तर उकास्न आम्दानी राम्रो हुनुपर्दछ । यसका लागि परिवारका सदस्यहरूले विभिन्न काम गरी आम्दानी गर्न सक्नुपर्दछ । परिवारका सदस्यहरूको रोजगारीले जीवन सुखी र सन्तोषप्रद बन्छ ।

(ङ) **सानो आकारको परिवार**

सानो परिवारको जीवन ठुलो परिवारको दाँजोमा बढी गुणस्तरीय हुन्छ । प्रत्येक परिवारले परिवारको आकार सानो बनाउने प्रयास गर्नाले जनसङ्ख्या व्यवस्थापनका साथै जीवनको गुणस्तर सुधार्नसमेत सहयोग पुग्छ ।

(च) **प्रजनन तथा यौन शिक्षा**

प्रजनन तथा यौन शिक्षाको ज्ञानले प्रजनन तथा यौन रोग सम्बन्धी विभिन्न समस्याहरू पहिचान गर्न, जीवनलाई खुसी तथा सुखी तुल्याउन, मानसिक र संवेगात्मक तनाव कम गर्न मद्दत गर्दछ । साथै असल पारिवारिक जीवन पद्धतिका लागि आवश्यक अन्य ज्ञान तथा सिप पनि दिने हुँदा मानिसको जीवनमा गुणस्तर उकास्न सघाउ पुऱ्याउँछ ।

उल्लिखित तत्त्वहरूका आधारमा गुणस्तरीय जीवनका उपायहरूलाई निम्नानुसार बुँदागत रूपमा प्रस्तुत गर्न सकिन्छ :

१. स्वास्थ्य सेवाको सर्वसुलभता र उपयोग गर्नु
२. स्तरीय शिक्षा हासिल गर्नु
३. सन्तुलित भोजनको प्रचुरता र नियमित प्रयोग गर्नु
४. आवास, सञ्चार लगायतका सुविधाको व्यवस्था गर्नु
५. फोहोरमैलाको उचित व्यवस्थापन गर्नु
६. रोजगारी सिर्जना गर्नु
७. वातावरणीय सन्तुलन तथा स्वच्छता कायम गर्नु
८. सिपमूलक र आयमूलक कार्यक्रमको व्यवस्था गर्नु
९. प्रजनन तथा यौन रोग सम्बन्धी विभिन्न समस्याहरू पहिचान गरी समाधान गर्नु ।

### क्रियाकलाप

तिम्रो टोलछिमेकमा रहेका मानिसहरूको जीवन गुणस्तरीय बनाउन के के गर्नुपर्ला ? साथीहरूसँग छलफल गर र छलफलको निष्कर्ष अभिभावकलाई सुनाऊ ।

### अभ्यास

**तलका प्रश्नको उत्तर लेख :**

(क) गुणस्तरीय जीवनका आधारभूत तत्त्वहरू के के हुन् ?

(ख) शिक्षाले जीवनलाई गुणस्तरीय बनाउन कस्तो भूमिका खेल्छ ?

(ग) पौष्टिक तत्त्वको अभावले गुणस्तरीय जीवनमा कस्तो असर गर्छ ?



Curriculum Development Centre

पाठ : ६

# पारिवारिक जीवन शिक्षा

**सुन्दरपुर गाउँ पहिले र अहिले**

| पहिले | अहिले |
|---|---|
| सुन्दरपुर गाउँका मानिसहरू सानै उमेरमा विवाह गर्थे । यस कारण उनीहरूको बालबच्चा पनि सानै उमेरमा जन्मिन्थे । उनीहरू सन्तानलाई ईश्वरका वरदान सम्झन्थे । सबैले धरै सन्तानको चाहना राख्दथे । धेरै मानिसहरू अशिक्षित थिए । उनीहरूलाई प्रजनन स्वास्थ्य, गर्भ निरोध, सुत्केरी अवस्था र शिशुको हेरचाह सम्बन्धी जानकारी थिएन । उनीहरू जन्म निरोधका साधनहरू प्रयोग गर्दैनथे । दुई बच्चाको जन्मान्तर कम थियो । गर्भवती र सुत्केरी महिलाको हेरचाह राम्रोसँग हुँदैनथ्यो । गरिबीले गर्दा दु:ख, कष्ट र कलह बढ्दै गएको थियो । बाल मृत्यु दर दिनप्रतिदिन बढिरहेको थियो । | सुन्दरपुर गाउँका बासिन्दाहरूको धारणा र व्यवहार परिवर्तन भएको छ । उनीहरूको रहनसहन बदलिएको छ । त्यहाँका मानिसको प्रजनन व्यवहारमा पनि धेरै परिवर्तन आएको छ । विवाह गर्ने उमेर बढ्दै गएको छ । विवाहपश्चात् पारिवारिक योजना बनाएपछि मात्र बच्चा जन्माउन सुरु गर्छन् । आवश्यकताअनुसार स्थायी र अस्थायी परिवार नियोजनका उपाय अपनाउँछन् । सूचना तथा सञ्चारका विभिन्न साधनहरूबाट प्रजनन सम्बन्धी सूचना र जानकारी प्रसारण हुने गरेका छन् । उनीहरूको आर्थिक अवस्थामा सुधार हुँदै गएको छ । सबै घर परिवारमा सुख तथा शान्ति छाएको छ । |

प्रत्येक दम्पती तथा व्यक्तिलाई कति सङ्ख्यामा बच्चा जन्माउने, कति जन्मान्तरमा पाउने, कुन समयमा पाउने भन्ने कुराको निर्णय गर्ने अधिकार हुन्छ । ती निर्णय लिन आवश्यक जानकारी दिने सञ्चारलगायतका माध्यमबारे प्रशिक्षित हुने अधिकार सबैलाई हुन्छ । यौन तथा प्रजनन आदिमा पनि पूर्ण स्वस्थता प्राप्त गर्ने अधिकार सबैको हुन्छ । यी विषय क्षेत्र समेटिएको शिक्षालाई पारिवारिक जीवन शिक्षा भनिन्छ । पारिवारिक जीवन शिक्षाभित्र परिवार योजना, सुरक्षित मातृत्व, नवजात शिशु तथा बाल स्वास्थ्य हेरचाह जस्ता क्षेत्रहरू पर्दछन् । यसका लागि परिवारको आम्दानी तथा अन्य स्रोतहरूको व्यवस्थापन र परिचालन हुन जरुरी छ । यसरी गरिएको व्यवस्थापनबाट परिवारका सदस्यहरूलाई सुखी जीवनयापन गर्न सहयोग पुग्छ ।

---

***शिक्षण सुझाव***

*स्थानीय परिवेशअनुसारको उपयुक्त पारिवारिक जीवन बिताउने उदाहरण दिई पारिवारिक जीवनको महत्व स्पष्ट पार्नुहोस् ।*



Curriculum Development Centre

प्राय: सबै व्यक्ति भविष्यमा बुबाआमा बन्छन् । अत: कुन समयमा विवाह गर्दा वा आमाबुबा बन्दा शारीरिक, मानसिक, सामाजिक र आर्थिक अवस्था उपयुक्त हुन्छ भनी निर्णय सबैले गर्नुपर्छ । हरेक व्यक्तिले बालकदेखि वृद्ध अवस्थासम्म पार गर्छन् । विभिन्न समयमा उनीहरूमा शारीरिक र मानसिक परिवर्तनहरू देखा पर्न थाल्छन् । यस अवस्थामा परिवारको सल्लाह र सहयोग आवश्यकता पर्दछ । यसले उनीहरूको धारणा र व्यवहारमा परिवर्तन ल्याउँछ । समग्र परिवारको आर्थिक र सामाजिक विकास गराउँछ । साथै पारिवारिक सुख शान्तिले स्थायित्व पाउँछ ।

समाजको विकाससँगै जनसङ्ख्याको वृद्धि तीव्र रूपले भइरहेको छ । त्यसकारण आफ्ना सन्तानको शिक्षा, स्वास्थ्य, मनोरञ्जन र अन्य आवश्यकता पुरा गर्न धेरै खर्च गर्नुपर्ने हुन्छ । यसले गर्दा धेरै सन्तानलाई अभिभावकत्व प्रदान गर्न कठिन हुन्छ । धेरै सन्तान जन्माउनाले आमा र बच्चा दुवैको स्वास्थ्यमा नकारात्मक असर पर्न सक्छ । यसर्थ सबैले पारिवारिक जीवन शिक्षाबारे जानकारी लिन आवश्यक छ । यसले बाल मृत्यु दर घट्छ । जन्मान्तर राख्ने दम्पतीको सङ्ख्या बढ्छ । साथै दुई सन्तान भएपछि स्थायी बन्ध्याकरण गर्नेहरूको सङ्ख्या बढ्छ । मानिसको जीवन स्तरमा सुधार हुन्छ ।

### क्रियाकलाप

१. उल्लिखित घटना क्रम अध्ययन गरी पारिवारिक जीवन शिक्षाबारे छलफल गर ।

२. पारिवारिक जीवन शिक्षाको महत्त्वबारे साथीसँग अन्तरक्रिया गर ।

३. कक्षाका सबै साथीहरूको चार समूह बनाई पारिवारिक जीवन शिक्षाको परिचय, महत्त्व र आवश्यकता झल्कने पोस्टर, तालिका वा समाचार बनाई विद्यालय र टोल छिमेकमा टाँस ।

४. तिम्रो गाउँको पहिले र अहिलेको पारिवारिक जीवन अवस्थाका बारेमा ज्येष्ठ नागरिकसँग सोधी पारिवारिक जीवन निर्माणमा आएका सुधार क्रमको सूची बनाऊ ।

### अभ्यास

**तलका प्रश्नको उत्तर देऊ :**

(क) सुन्दरपुर गाउँमा पहिले र अहिलेमा के भिन्नता पाइन्छ ?

(ख) पारिवारिक जीवन शिक्षा भनेको के हो ?

(ग) पारिवारिक जीवन शिक्षाभित्र के कस्ता क्षेत्रहरू पर्दछन् ?

(घ) पारिवारिक जीवन शिक्षाको महत्त्व बताऊ ।

(ङ) सुन्दरपुर गाउँको घटना क्रमबाट तिमीले के शिक्षा पायौ ?

### सामुदायिक कार्य

तिम्रो समुदायका मानिसमध्ये धेरै सन्तानको चाहना गर्ने र थोरै सन्तानको चाहना गर्नेको सङ्ख्या कति छ ? टिपोट गर । उनीहरूले धेरै वा थोरै सङ्ख्यामा सन्तान जन्माउने चाहना राख्नुका कारणहरू तल उल्लेख गरी कक्षामा प्रस्तुत गर ।

| धेरै सन्तानको चाहना राख्नुका कारण | थोरै सन्तानको चाहना राख्नुका कारण |
|---|---|
| | |

Curriculum Development Centre

पाठ : ७

# जनसङ्ख्या व्यवस्थापनमा संलग्न विभिन्न निकायको भूमिका

जनसङ्ख्या व्यवस्थापनमा राष्ट्रिय स्तरका निकायको ठुलो भूमिका रहन्छ । यस किसिमका निकायबाट देशका सबै ठाउँमा कार्यक्रम सञ्चालन गर्न सकिन्छ । धेरै मानिसले यसबाट सहयोग पाउँछन् । शिक्षा मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, स्काउट, रेडक्रस, अस्पताल तथा स्वास्थ्य क्लिनिक जस्ता संस्थाहरूबाट जनसङ्ख्या व्यवस्थापनमा महत्त्वपूर्ण कार्य हुँदै आएको छ । ती संस्थाहरूमध्ये प्रमुख संस्थाले गरेका कार्य निम्नानुसार छन् :



रेडक्रसको प्रतीक चिह्न

### स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

स्वास्थ्य तथा जनसङ्ख्या सम्बन्धी कार्य गर्नका लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको गठन गरिएको छ । यसले मूलतः स्वास्थ्य तथा जनसङ्ख्यासँग सम्बन्धित विषयमा नीति निर्माण गरी कार्यक्रम सञ्चालन गर्छ । यस्तै, जनसङ्ख्या व्यवस्थापन सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने निकायहरूबिच समन्वय तथा अनुगमन गरी मूल्याङ्कन पनि गर्दछ ।

### जनसङ्ख्या शिक्षा कार्यक्रम

जनसङ्ख्या शिक्षाले बढ्दो जनसङ्ख्या व्यवस्थापन गर्न सहयोग पुऱ्याउँछ । यसबाट जनसङ्ख्याबारे जनचेतना जगाउन सकिन्छ । जनसङ्ख्या शिक्षा कार्यक्रम औपचारिक र अनौपचारिक गरी दुई प्रकारले कार्यान्वयन भएको छ ।

### जनसङ्ख्या शिक्षा परियोजना

शिक्षा मन्त्रालयबाट यू.एन्.एफ.पी.ए.को आर्थिक सहयोग र युनेस्कोको प्राविधिक सहयोगमा सन् १९८० देखि जनसङ्ख्या शिक्षा कार्यक्रम सञ्चालन भइरहेको छ । जनसङ्ख्या शिक्षा कार्यक्रमलाई प्रभावकारी बनाउन र समन्वय गर्नका लागि शिक्षा मन्त्रालयमा जनसङ्ख्या शिक्षा समन्वयकर्ताको कार्यालयबाट जनसङ्ख्या व्यवस्थापन सम्बन्धमा दातृ संस्था तथा नेपाल सरकारसँग समन्वय गरी कार्यक्रम तर्जुमा गर्ने, अनुगमन तथा मूल्याङ्कन एवम् अन्य विविध कार्य हुँदै आएको छ ।

---

*शिक्षण सुझाव*

*विभिन्न निकाय तथा सङ्घ संस्थाले गरेका कार्यहरूको सूची बनाई छलफल गराउनुहोस् ।*

Curriculum Development Centre

### अनौपचारिक जनसङ्ख्या शिक्षा कार्यक्रम

अनौपचारिक जनसङ्ख्या शिक्षा कार्यक्रमअन्तर्गत प्रौढ, युवा, मजदुर तथा महिलाहरूलाई जनसङ्ख्या सम्बन्धी चेतना जगाइन्छ । सानो परिवार सुखी परिवारको भावना जगाउने उद्देश्यले जनसङ्ख्या शिक्षाका कार्यक्रम सञ्चालन गरिन्छन् ।

वि.सं. २०३८ सालदेखि जनसङ्ख्या शिक्षालाई विभिन्न अनौपचारिक कार्यक्रममा एकीकृत गरेको छ । यस कार्यक्रमले विद्यालय नगएका युवा तथा प्रौढलाई जनसङ्ख्याको स्थितिबारे सिकाउँछ । बढ्दो जनसङ्ख्याबाट जीवन स्तरमा पार्ने असरबारे उनीहरूमा चेतना जगाउँछ । यसले उनीहरूलाई जनसङ्ख्या सम्बन्धी समस्याहरूको ज्ञान गराउँछ । उनीहरूको आफ्नो धारणा र व्यवहारमा परिवर्तन ल्याउन यसबाट मद्दत पुग्छ । साथै श्रम विभाग, सहकारी विभाग, घरेलु तथा साना उद्योग विभाग, स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, नेपाल परिवार नियोजन सङ्घ, नेपाल स्काउट, रेडक्रस जस्ता संस्था तथा निकायले पनि आआफ्ना कार्यक्रम सँगसँगै जनसङ्ख्या व्यवस्थापन सम्बन्धी कार्यक्रमलाई एकीकृत रूपमा सञ्चालन गरेको पाइन्छ ।

#### क्रियाकलाप

१. आफ्नो क्षेत्र र इलाकाको जनसङ्ख्या व्यवस्थापनमा भएका कार्यको खोजी गर र कक्षामा प्रस्तुत गर ।

२. जनसङ्ख्या वृद्धिका कारण आफ्नो टोल तथा छरछिमेकमा उत्पन्न हुने समस्या समाधानका लागि तिमी कसरी सहयोग पुऱ्याउँछौ ?

#### अभ्यास

तलका प्रश्नको उत्तर लेख :

(क) जनसङ्ख्या व्यवस्थापन सम्बन्धी नीति निर्माण, अनुगमन, मूल्याङ्कन कसले गर्दछ ?

(ख) जनसङ्ख्या व्यवस्थापनमा जनसङ्ख्या शिक्षा परियोजनाको भूमिका कस्तो रहेको छ ?

(ग) पाठ्यक्रम विकास केन्द्रले जनसङ्ख्या व्यवस्थापनमा पुऱ्याएको योगदान तिन बुँदामा लेख ।

(घ) जनसङ्ख्या व्यवस्थापनमा संलग्न राष्ट्रिय निकाय तथा सङ्घ संस्थाको सूची बनाऊ ।

#### सामुदायिक कार्य

विश्वका कतिपय देशमा जनसङ्ख्या घट्दै गएकाले देशको विकासमा प्रत्यक्ष प्रभाव परी अन्य देशबाट जनशक्ति लगेको पाइन्छ । हाम्रो देशबाट विदेशमा धेरै मानिस गएका छन् । हाम्रो देशको जनशक्ति नेपालमै नबसी किन बिदेसिएको होला ? कारण खोजी कक्षामा छलफल गर ।

Curriculum Development Centre

## पुनरावलोकन अभ्यास

१. ठिक वा बेठिक छुट्याऊ :

(क) सुस्त गतिमा भएको जनसङ्ख्याको वृद्धि तीव्र जनसङ्ख्या वृद्धि हो ।

(ख) वैज्ञानिक तरिकाको जनगणना भएन भने सही जनसङ्ख्या थाहा नहुन सक्छ ।

(ग) वि.सं. १९९८ मा प्रवासी नेपालीहरू स्वदेश फर्किए ।

(घ) नेपालबाट अन्य देशमा बसाइँ सर्ने प्रक्रिया उत्प्रवास हो ।

(ङ) २०६८ सालको जनगणनाले जनसङ्ख्याको तीव्र वृद्धि दर देखाउँछ ।

२. जोडा मिलाऊ :

| समस्या | समाधानका उपाय |
|---|---|
| चेतनाको कमी | विकासका सुविधा बढाउने |
| कुरीति र अन्धविश्वास | शिक्षाको व्यवस्था गर्ने |
| गरिबी र पछौटेपन | आय आर्जन क्षमता बढाउने |
| उच्च बसाइँ सराइ | चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने |
| कमजोर आर्थिक स्थिति | विकासको प्रतिफल वितरणमा समानता |

३. क्रियाकलाप

(क) तिम्रो समुदायमा खाद्यान्न, आवास र स्वास्थ्य सुविधाको अवस्था कस्तो छ ? मौजुदा अवस्था, सुधार गर्नुपर्ने पक्ष, त्यसका कारण, चुनौती र उपाय समेटी प्रतिवेदन तयार गर ।

(ख) तिमी कहिलेदेखि विवाह योग्य हुन्छौ ? तिमीले आफ्नो जीवन सुखी बनाउन विवाह गर्ने, सन्तान जन्माउने, जागिर वा पेसा गर्ने बारेमा कस्तो योजना बनाएका छौ ? साथीहरूबिच आआफ्नो भावी जीवनको योजनाका बारेमा खुला रूपमा छलफल गर ।

Curriculum Development Centre